# ललिजन रावलको
# जीवनी, व्यक्तित्व र कृतित्व

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय,
नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो
वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत

शोधपत्र

शोधार्थी
नारायणी शर्मा
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६६

# मन्तव्य

**ललिजन रावलको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको प्रस्तुत शोधपत्र नारायणी शर्माले मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६६ चैत .......

....................

**डा.कृष्णहरि बराल**
सहप्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय
# मानविकी तथा सामाजिक शास्त्र सङ्काय
# नेपाली केन्द्रीय विभाग
# कीर्तिपुर

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा नारायणी शर्माले स्नातकोत्तर तह दोस्रो वर्षको दशौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **ललिजन रावलको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.स. | नाम | हस्ताक्षर |
|---|---|---|
| १ | प्रा. राजेन्द्र सुवेदी<br>विभागीय प्रमूख | .............................. |
| २. | डा.कृष्णहरि बराल<br>शोधनिर्देशक | .............................. |
| ३. | ........................<br>बाह्य परीक्षक | .............................. |

मिति : २०६६ चैत......

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु डा.कृष्णहरि बरालज्यूको कुशल निर्देशनमा तयार पारेकी हुँ । उहाँले आफ्ना विविध व्यस्तताका बीच आफ्नो अमूल्य समय दिई मलाई प्रेरणा, सल्लाह, समुचित सुझाव र निर्देशन दिनुभएको हुनाले नै यो शोधपत्र यस रूपमा तयार हुन सकेको हो । यस अविस्मरणीय कार्यका लागि श्रद्धेय गुरुज्यूप्रति हार्दिक आभार एवम् कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा सहयोग गर्दै शीघ्रताका निम्ति प्रेरणा दिनुहुने नेपाली केन्द्रीय विभागका गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यस्तै आवश्यक सामग्री उपलब्ध गराई आफ्नो जीवनका विविध पक्षको लिखित तथा मौखिक जानकारी दिएर सहयोग, सल्लाह र मार्गनिर्देशन समेत गर्ने शोधनायक श्री ललिजन रावलज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यस शोधपत्रको लेखन आरम्भदेखि अन्त्यसम्म प्रेरणा, प्रोत्साहन र सहयोग प्रदान गर्ने राजेश रेग्मी, लुनी रेग्मी, भेषराज पौडेल, सुनिता पौडेल दीपेन्द्र पौडेल र गणेश पौडेलप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यस कार्यमा उचित सल्लाह र सुझाव दिने माया आचार्य लगायतका सम्पूर्ण साथीहरू र शोधपत्रको यथासम्भव शुद्ध एवम् स्तरीय टङ्कन गरिदिने कमल पौडेललाई पनि धन्यवाद दिन चाहन्छु । शोधपत्र तयार गर्ने क्रममा आवश्यक शोधपत्र, पुस्तक र पत्रपत्रिकाहरू उपलब्ध गराई अध्ययन र सामग्रीसङ्कलनमा सुविधा मिलाइदिने त्रि. वि. केन्द्रीय पुस्तकालयप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०६६ चैत.........

..........................

**नारायणी शर्मा**
**स्नातकोत्तर तह दोस्रो वर्ष**
**नेपाली केन्द्रीय विभाग**
**त्रि. वि., कीर्तिपुर**

# सङ्क्षेपीकृत शब्दसूची

| | | |
|---|---|---|
| आई.ए. | - | इन्टरमिडियट अफ आर्टस् |
| आई. एस्-सी. | - | इन्टरमिडियट अफ साइन्स |
| एम. ए. | - | मास्टर अफ आर्टस् |
| एस्.एल्.सी. | - | स्कुल लिभिङ्ग सर्टिफिकेट |
| क्र. स. | - | क्रम सङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| डा. | - | डाक्टर |
| न. | - | नम्बर |
| प्रा. वि. | - | प्राथमिक विद्यालय |
| प्रा.लि. | - | प्राइभेट लिमिटेड |
| पृ. | - | पृष्ठ |
| बि.ए | - | व्याचलर अफ आर्टस् |
| मा.वि. | - | माध्यामिक विद्यालय |
| वि.सं. | - | विक्रम संवत् |
| त्रि.वि. | | त्रिभुवन विश्वविद्यालय |

# विषयसूची


| | पेज नं. |
|---|---|
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१-३** |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ विषयपरिचय | १ |
| १.४ समस्याकथन | १ |
| १.५ शोधकार्यको उद्देश्य | १ |
| १.६ पूर्वकार्यको समीक्षा | १ |
| १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता | २ |
| १.८ शोधकार्यको सीमाङ्कन | २ |
| १.९ शोधविधि | ३ |
| १.१० शोधपत्रको रूपरेखा | ३ |
| **दोस्रो परिच्छेद : ललिजन रावलको जीवनीको अध्ययन** | **४-१२** |
| २.१ वंशपरम्परा | ४ |
| २.२ जन्म र जन्मस्थान | ५ |
| २.३ नामकरण | ५ |
| २.४ बाल्यकाल | ५ |
| २.५ पारिवारिक अवस्था | ५ |
| २.६ उपनयन संस्कार | ६ |
| २.७ शिक्षादीक्षा | ६ |
| २.८ बसोबासनययम | ८ |
| २.९ विवाह, सन्तान र दाम्पत्य जीवन | ८ |
| २.१० पेशा | ८ |
| २.११ सिर्जनाका निम्ति प्रेरणा र प्रभाव | ९ |
| २.१२ रुचि | ९ |
| २.१३ साहित्य लेखन र प्रकाशनको थालनी | १० |
| २.१४ मान-सम्मान तथा अभिनन्दन र पुरस्कार | ११ |
| २.१५ जीवनका केही स्मरणीय क्षणहरू | ११ |
| २.१६ निष्कर्ष | १२ |
| **तेस्रो परिच्छेद : ललिजन रावलको व्यक्तित्वको अध्ययन** | **१३-१८** |
| ३.१ पृष्ठभूमि | १३ |
| ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू | १३ |
| ३.२.१ बाह्य व्यक्तित्व | १३ |
| ३.२.२ आन्तरिक व्यक्तित्व | १३ |
| ३.२.२.१ साहित्यिक व्यक्तित्व | १३ |
| ३.२.२.१.१ कवि व्यक्तित्व | १४ |
| ३.२.२.१.२ कथाकार व्यक्तित्व | १४ |
| ३.२.२.१.३ गजलकार व्यक्तित्व | १४ |
| ३.२.२.१.४ सम्पादक तथा प्रकाशक व्यक्तित्व | १५ |

३.२.२.१.५ भूमिका तथा लेख लेखक व्यक्तित्व १६
३.२.२.१.६ अनुवादक व्यक्तित्व १६
३.२.२.२ साहित्येतर व्यक्तित्व १६
३.२.२.२.१ जागिरे व्यक्तित्व १७
३.२.२.२.२ बहुभाषी व्यक्तित्व १७
३.२.२.२.३ राजनीतिक व्यक्तित्व १७
३.२.२.२.४ जीवनी व्यक्तित्व र लेखनका बीच अन्तः सम्बन्ध १७
३.३ निष्कर्ष १८

**चौथो परिच्छेद : ललिजन रावलको कृतित्वको अध्ययन १९-१५६**
४.१ पृष्ठभूमि १९
४.२ **यस पटक पनि** कवितासङ्ग्रहको अध्ययन १९
४.२.१ लेखन तथा प्रकाशन १९
४.२.२ सङ्ग्रहको नामकरण १९
४.२.३ संरचना १०
४.२.४ विषयवस्तु २२
४.२.५ लय ३५
४.२.६ भाषाशैली ३७
४.२.७ अलङकार ३८
४.२.८ बिम्ब तथा प्रतीक ३८
४.२.९ निष्कर्ष ३९
४.३ **मरुभूमिमाथि** कवितासङ्ग्रहको अध्ययन ४०
४.३.१ लेखन तथा प्रकाशन ४०
४.३.२ सङ्ग्रहको नामकरण ४०
४.३.३ संरचना ४०
४.३.४ विषयवस्तु ४२
४.३.५ लय ५५
४.३.६ भाषाशैली ५८
४.३.७ अलङ्कार ५९
४.३.८ बिम्ब तथा प्रतीक ५९
४.३.९ निष्कर्ष ६०
४.४ **सिरानीमा आँसु** सङ्ग्रहभित्रका कविताको अध्ययन ६१
४.४.१ लेखन तथा प्रकाशन ६१
४.४.२ सङ्ग्रहको नामकरण ६१
४.४.३ संरचना ६१
४.४.४ विषयवस्तु ६३
४.४.५ लय ७३
४.४.६ भाषाशैली ७५
४.४.७ अलङ्कार ७६
४.४.८ बिम्ब तथा प्रतीक ७७
४.४.९ निष्कर्ष ७८
४.५ **केही गजलहरू** गजलसङ्ग्रहको विश्लेषण ७८
४.५.१ सङ्ग्रहको परिचय ७८

४.५.२ संरचना ७८
४.५.३ विषयवस्तु तथा भाव ८१
४.५.४ सङ्गीत ९५
४.५.५ अलङ्कार ९९
४.५.६ बिम्ब तथा प्रतीक १००
४.५.७ भाषा १०२
४.५.८ निष्कर्ष १०३
४.६ **बिरानो यो ठाउँमा** गजलसङ्ग्रहको विश्लेषण १०३
४.६.१ सङ्ग्रहको परिचय १०३
४.६.२ संरचना १०३
४.६.३ विषयवस्तु तथा भाव १०६
४.६.४ सङ्गीत ११५
४.६.५ अलङ्कार ११९
४.६.६ बिम्ब तथा प्रतीक १२०
४.६.७ भाषा १२२
४.६.८ निष्कर्ष १२२
४.७ **सिरानीमा आँसु** भित्रका गजलहरूको विश्लेषण १२३
४.७.१ सङ्ग्रहको परिचय १२३
४.७.२ संरचना १२३
४.७.३ विषयवस्तु तथा भाव १२६
४.७.४ सङ्गीत १३७
४.७.५ अलङ्कार १४३
४.७.६ बिम्ब तथा प्रतीक १४४
४.७.७ भाषा १४६
४.७.८ निष्कर्ष १४६
४.८ **एउटा बन्द खाम** सङ्ग्रहको परिचय १४६
४.९. ललिजन रावलका फुटकर गजलहरूको विवेचना १४८
४.९.१ परिचय १४८
४.९.२ संरचना १४९
४.९.३ विषयवस्तु १५०
४.९.४ सङ्गीत १५२
४.९.५ बिम्ब तथा प्रतीक १५५
४.९.६ अलङकार १५५
४.९.७ भाषाप्रयोग १५६
४.९.८ निष्कर्ष १५६
**पाँचौं परिच्छेद : उपसंहार तथा निष्कर्ष १५७-१५९**
**सन्दर्भस्रोत १६०-१६१**

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक **ललिजन रावलको जीवनी, व्यक्तित्व र कृतित्व** रहेको छ ।

## १.२ शोध कार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागद्वारा निर्धारित स्नातकोत्तर तह द्वितीय वर्षको दशौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ विषयपरिचय

वि.सं. २०२१ साल पौष २८ गते सुदुरपश्चिमाञ्चलअन्तर्गत पर्ने सेती अञ्चलको अछाम जिल्लाको कालिका गा.वि.स. वडा नं. २ मा कवि तथा गजलकार ललिजन रावलको जन्म भएको हो । २०३७ साल चैत्र महिनाको **मातृभूमि** साप्ताहिकमा प्रकाशित 'सङघर्ष' शीर्षकको कविता नै उनको प्रथम प्रकाशित रचना हो । आधुनिक नेपाली गजल परम्परामा आफ्नो छुट्टै अस्तित्व बनाउन सफल स्रष्टा ललिजनले गजल, कविता, निबन्ध, कथा आदि साहित्यका विविध विधामा कलम चलाए पनि साहित्यिक सिद्धि भने गजल विधाबाट नै प्राप्त गरेका छन् । हालसम्म प्रकाशित भएका उनका कृतिहरू निम्न अनुसार रहेका छन् - (१) **यस पटक पनि** ( कवितासङ्ग्रह २०४०), (२) **केही गजलहरू** (गजलसङ्ग्रह २०४२), (३) **बिरानो यो ठाउँमा** ( गजलसङ्ग्रह २०४६), (४) **मरुभूमिमाथि** (कवितासङ्ग्रह २०४८), (५) **सिरानीमा आँसु** (गजल र कविताको संयुक्त सङ्ग्रह २०५९) (६) **एउटा बन्द खाम** (गजलसङ्ग्रह २०६६) । यस्ता विभिन्न कृतिहरूको रचना र प्रकाशन गरिसकेपछि पनि उनी निरन्तर साहित्यको साधनामा तल्लीन रहेका छन् ।

## १.४ समस्याकथन

ललिजन रावल नेपाली कविता र गजलका क्षेत्रमा निरन्तर लागिपरेका स्रष्टा हुन् । हालसम्म उनका कतिहरूको फाट्टफुट्ट अध्ययन भए तापनि सम्पूर्ण कृति र उनको जीवनी र व्यक्तित्वलाई समेटिएको पूर्ण अध्ययन भने हुन सकेको छैन । प्रस्तुत शोधपत्र तल लेखिएका समस्याको अध्ययन र विश्लेषणमा केन्द्रित रहेको छ -

क) ललिजन रावलको जीवनी के-कस्तो रहेको छ ?

ख) ललिजन रावलको व्यक्तित्व के कस्तो रहेको छ ?

ग) उनको लेखनयात्रा के-कस्तो रहेको छ र उनका कृतिहरूमा पाइने विशेषता के - कस्ता छन् ?

यिनै समस्याहरूको केन्द्रीयतामा रहेर प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.५ शोधकार्यको उद्देश्य

ललिजन रावलको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु मुख्य उद्देश्य रहेको प्रश्तावित शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन्-

(क) ललिजन रावलको जीवनीको अध्ययन गर्नु ।

(ख) ललिजन रावलको व्यक्तित्वका विभिन्न पाटाहरू केलाउनु ।

(ग) ललिजन रावलको लेखनयात्रा र उनका कृतिहरूको विश्लेषण गर्नु ।

उपर्युक्त उद्देश्यहरू परिपूर्ति गर्नमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

ललिजन रावल र उनका कृतिमाथि विभिन्न व्यक्तिहरूले अध्ययन र विश्लेषण गरेका छन् । उनको समग्र जीवनी, व्यक्तित्व र कृतिहरूको बारेमा अध्ययन नभए तापनि उनको

बारेमा उनका कृतिहरूको भूमिकामा र विभिन्न पत्रपत्रिकाहरूमा समेत चर्चा र लेखहरूको प्रकाशन भइसकेका छन् । तिनै भूमिका, समीक्षात्मक लेख र चर्चाहरूलाई नै यहाँ पूर्वकार्यको रूपमा प्रस्तुत गरिएको छ ।

(क) ललिजन रावलको **यस पटक पनि** (२०४०) को भूमिकामा समालोचक गोविन्द भट्टले कवि रावललाई क्रान्तिकारी देशभक्तिका भावनालाई लिएर प्रगतिशील साहित्यको सिर्जनामा प्रतिबद्ध लेखकको रूपमा चिनाएका छन् ।

(ख) ललिजन रावलको **केही गजलहरू** (२०४२) को भूमिकामा साहित्यकार पारिजातले रावलका गजलहरूमा मिठाससँगै स्पष्ट भएर आएको आधुनिकता र युगबोधबाट आफू प्रभावित भएको उल्लेख गरेकी छिन् ।

(ग) ललिजन रावलको **बिरानो यो ठाउँमा** (२०४६) को भूमिकामा महेशविक्रम शाहले **यस पटक पनि** (२०४०) कवितासङ्ग्रहको प्रकाशनअघि रावल प्रगतिशील पक्षबाट आफ्नो दृष्टिकोण सहज रूपमा व्यक्त गर्न सक्ने र यस कवितासङ्ग्रहको प्रकाशनपछि अथवा २०४० पछि गएर प्रगतिवादी कविका रूपमा स्थापित हुन सफल व्यक्तित्वका रूपमा चिनाएका छन् ।

(घ) महेशविक्रम शाहद्वारा सम्पादित **अनुराग** (वर्ष १, २०४६ असार) पत्रिकामा रामहरि पौडेलले 'कवि रावलका केही गजलभित्रका सामाजिक पक्षहरू' शीर्षकको लेखमा रावलका केही गजलको  सामाजिक पक्षको अध्ययन गरेका छन् ।

(ङ) ललिजन रावलको **मरुभूमिमाथि** (२०४८) कवितासङ्ग्रहको भूमिकामा समालोचक आनन्ददेव भट्टले कवि रावल एउटा सजग, सचेत सुनियोजित व्यापक लक्ष्यको तारो ताकी हिँड्ने समाजसेवी भएको र उनका गजलहरू कविता र गीतको संयुक्त संस्करण भएकाले उनी कवि कोमलताको प्रतीक बनेका हुन् भनी चर्चा गरेका छन् ।

(च) समालोचक विजय सुब्बाले 'सिरानीमा आँसुमा बगेका ललिजन रावल' (२०६२) भन्ने लेखमा ललिजन रावलका गजलको विश्लेषण गर्दै पुनर्जागरण कालका गजलकारहरूमा रावल प्रमुख गजलकारका रूपमा रहेका छन् भनी उल्लेख गरेका छन् ।

(छ) चन्द्रकला श्रेष्ठले 'उपेन्द्रबहादुर जिगरको गजलकारिता' (२०६५) मा ललिजन रावल नेपाली गजल साहित्यको दोस्रो चरणमा देखापरेका सशक्त गजलकार भएको र दोस्रो चरणका गजललाई समुन्नत बनाउन लागिपरेका प्रमुख गजलकार भएको भनी चर्चा गरेकी छन् ।

## १.७ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

नेपाली गजल साहित्यको दोस्रो चरणका विशिष्ट प्रतिभा ललिजन रावल र उनका रचनाहरूको बारेमा विविध पत्रपत्रिका, लेख, रचना र शोधकार्यहरूमा छिटफुट रूपमा चर्चा भएको पाइन्छ । नेपाली कविता तथा विशेषगरी गजल साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल कवि तथा गजलकार रावलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन र विश्लेषण हुन सकेको छैन । यही अभावको पूर्ति गर्नु नै प्रस्तुत शोधकार्यको औचित्य रहेको छ । उनले गरेका कार्यका आधारमा विभिन्न कोणबाट ललिजन रावललाई चिनाइने प्रस्तुत शोधकार्यबाट रावलको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा जान्न चाहने जो कोही पनि लाभान्वित हुने भएकाले यसको महत्त्व स्पष्ट छ । यसैगरी रावलको जीवनीका साथै उनका विभिन्न कृतिका बारेमा जिज्ञासा राख्ने व्यक्ति, सङ्घ, संस्थाका लागि प्रस्तुत शोधकार्य उपयोगी देखिन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यमा ललिजन रावलको जीवनी र व्यक्तित्वका साथै उनका हालसम्म प्रकाशित कृतिहरूको सूक्ष्म अध्ययन गरिएको छ । रावलको जीवनी, व्यक्तित्व र कृतित्व पक्षकै अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिनु नै यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रको तयारी गर्नका लागि आवश्यक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय अध्ययन विधिका आधारमा गरिएको छ । यसका साथै सम्बन्धित विषयका पुस्तकहरू र पत्रपत्रिकाहरूद्वारा विविध सूचना र सामग्रीहरूको सङ्कलन पनि गरिएको छ । यसक्रममा आवश्यकताअनुसार स्वयम् शोधनायकसँग सम्पर्क गरी लिखित् एवम् मौखिक अन्तर्वार्ताद्वारा सामग्री लिइएको छ । यसैगरी शोधनायकका प्रकाशित कृतिमा लेखिएका भूमिका, मन्तव्य र उनीसँग परिचित विशिष्ट, प्राज्ञिक, राजनीतिक, साहित्यिक व्यक्तित्वहरूका विचारहरूलाई समेत सहायक सामग्रीका रूपमा लिइएको छ । यसरी प्राप्त भएका तथ्य र सूचनाहरूलाई वस्तुपरक तथा विश्लेषणात्मक विधि अपनाएर प्रस्तुत गरिएको छ । जीवनी र व्यक्तित्वका विवेचनाका क्रममा आवश्यकताअनुसार जीवनीपरक, प्रभावपरक, समालोचना प्रणाली तथा कविताको विवेचनाका क्रममा विधा सिद्धान्तलाई आधार मानी वर्णनात्मक, विश्लेषणात्मक तथा विवरणात्मक अध्ययन पद्धति अपनाइएको छ । त्यसैगरी गजलको विवेचनाका क्रममा पूर्वीय साहित्यशास्त्रमा प्रचलित अलङ्कारवाद र पाश्चात्य साहित्यशास्त्रका विविध सिद्धान्तलाई आधार बनाउनुका साथै अरबी, फारसी साहित्य सिद्धान्तलाई  पनि अबलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तावित शोधपत्रलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ -


(क) पहिलो परिच्छेद- शोधपरिचय
(ख) दोस्रो परिच्छेद- ललिजन रावलको जीवनीको अध्ययन
(ग) तेस्रो परिच्छेद- ललिजन रावलको व्यक्तित्वको अध्ययन
(घ) चौथो परिच्छेद- ललिजन रावलका कृतिहरूको अध्ययन
(ङ) पाँचौं परिच्छेद- उपसंहार तथा निष्कर्ष

यसरी प्रस्तुत शोधपत्रलाई पाँच परिच्छेदमा विभाजन गरिएको छ । उपर्युक्त परिच्छेदहरूलाई पनि आवश्यकता अनुसार विविध शीर्षक र उपशीर्षकहरूमा समेत विभाजन गरिएको छ ।

# परिच्छेद-२
# ललिजन रावलको जीवनीको अध्ययन

## २.१ वंशपरम्परा

सृष्टिचक्रको परम्परालाई हेर्दा नेपालमा विभिन्न गोत्रबाट उत्पन्न भएका विभिन्न जातिहरूको बसोबास भएको पाइन्छ । यिनै विभिन्न जातिहरूमध्ये रावल जाति पनि एक हो । विशेषतः सुदुरपश्चिमाञ्चल क्षेत्रअन्तर्गत कर्णाली र सेती अञ्चलका विभिन्न भू-भागमा रावलहरूको बसोबास भएको पाइन्छ । प्राचीन खस क्षेत्रीबाट विकसित भएका रावलहरू पनि पाँच/छ गोत्रमा विभाजित छन् । ललिजन अत्रि गोत्रअन्तर्गतका रावल हुन् ।[1] ललिजल रावलको वंशपरम्परालाई बृक्षारेखमा यसरी देखाउन सकिन्छ-




ललिजन रावल लालसिंह रावलका नाति, धनसिंह रावल र पवित्रा रावलका जेठा छोरा हुन् । २०२७-२८ सालतिर अछामका प्राय: घरबाट रोजीरोटीका लागि मुम्बई जाने एक प्रकारको परम्परा जस्तै थियो त्यही चलनलाई निरन्तरता दिँदै धनसिंह रावलले पनि आफ्नो कर्मथलोको रूपमा मुम्बईलाई रोजेका थिए । धनसिंह रावलका दुई छोरा छन् - ललिजन रावल र हिरण्य रावल । उनका चार छोरी छन् र ती क्रमशः नन्दा रावल, गङ्गा रावल, वैजन्ती रावल र सुस्मिता रावल हुन् । धनसिंह रावलका ६ सन्तानमध्ये जेठी छोरी नन्दा रावलको निधन भइसकेको छ । ललिजन रावल रेडियो नेपालमा कार्यरत छन् । हिरण्य रावल काठमाडौँमा शिक्षण पेशामा आबद्ध छन् । छोरीहरू पनि बिहे गरी आ-आफ्नो गृहस्थी चलाउनमा व्यस्त छन् ।[2]

---

[1] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

[2] ऐजन ।

यसप्रकार धनसिंह रावलका छ जना छोराछोरी भए तापनि हाल पाँचजना भएको देखिन्छ । यसरी अगाडि बढेको पारिवारिक पुर्ख्यौलीमा ललिजन रावलका श्रीमती कमला रावल, छोरा अङ्कित रावल र छोरी अनु रावल गरी चारजनाको परिवार देखिन्छ । ललिजन रावल श्रीमती र छोराछोरीको साथमा काठमाडौँको बुद्धनगरमा बसोबास गरेका छन् भने पिता धनसिंह रावल र माता पवित्रा रावल टीकापुर-१० कैलालीमा बसेका छन् । भाई हिरण्य रावल काठमाडौँमा बस्दै आएका छन् ।

## २.२ जन्म र जन्मस्थान

ललिजन रावलको जन्म सुदुरपश्चिमाञ्चल विकासक्षेत्रअन्तर्गत पर्ने सेती अञ्चलको अछाम जिल्लाको कालिका गा.वि.स. वडा नं. २ सुँगाली बाँदेगढीमा वि.सं. २०२१ साल पौष २८ गते सोमबारका दिन पिता धनसिंह रावल र माता पवित्रा रावलका जेठा छोराका रूपमा भएको हो ।[३]

## २.३ नामकरण

ललिजनको जन्म वि.सं. २०२१ साल पौष २८ गते सोमबारका दिन नवमी तिथिमा भएको हो । उक्त दिन भरणी नक्षत्र परेको र भरणी नक्षत्रअनुसार उनको नाम ललिजन राखिएको हो । [४]

## २.४ बाल्यकाल

लजिलन रावलको बाल्यकाल निम्नमध्यमवर्गीय परिवारमा सहज ढङ्गबाट बितेको पाइन्छ । वि.सं. २०२१ देखि २०३० साल अथवा नौ वर्षसम्मको समय ललिजन रावलले आफ्नो जन्मथलो अछामको बाँदेगढीमा एक सामान्य ग्रामीण नेपालीले गर्ने सम्पूर्ण काम गर्दै त्यहीँका पाखा पखेरासँग रमाउँदै, गाइवस्तु चराउँदै बिताएका थिए । आफ्नो बाल्यकालीन समयको नौदेखि तेह्र वर्षसम्मको उमेर उनले आफ्ना पिता धनसिंह रावलसँग भारतको मुम्बईमा गएर बिताएका थिए । नौदेखि तेह्र वर्षसम्मको भारत बसाइपछि ललिजन रावल काठमाडौँ आएका थिए । काठमाडौँ आएपछि उनी आफ्ना माइला बुबाका छोरा कृष्णबहादुर रावलसँगै बसेर आफ्नो बाल्यकालीन समयलाई बिताएका थिए ।[५]

यसरी ललिजन रावलले आफ्नो जीवनको बाल्यकाल विभिन्न तीन ठाउँमा बिताएको देखिन्छ । प्रारम्भमा अछामको बाँदेगढीमा नौ वर्षसम्म, त्यसपछि भारतको मुम्बईमा तेह्र वर्षसम्म र काठमाडौँमा पन्ध्र वर्षसम्म । आफ्नो पढाइलाई निरन्तरता दिनका लागि ललिजन रावलले नेपाल र नेपाल बाहिरको भू-भागमा गएर आफ्नो बाल्यकालीन समय बिताएको देखिन्छ ।

## २.५ पारिवारिक अवस्था

ललिजन रावल निम्नमध्यमवर्गीय परिवारमा जन्मेका व्यक्तित्व हुन् । क्षेत्री परिवारमा जन्मेका रावलको परिवारको आर्थिक अवस्था भने निम्नमध्यम स्तरको देखिन्छ । खेतीपाती र पशुपालन अथवा कृषि पेसालाई नै आफ्नो जीवनको अभिन्न अङ्गको रूपमा लिएका रावल परिवारमा नगद कमाइ गर्ने एकमात्र व्यक्ति उनका पिता धनसिंह रावल देखिन्छन् । खेतीपाती, घाँसदाउरा, वनपाखा र गाइवस्तुको हेरचाहमा नै यिनीहरूको धेरै समय खर्च हुन्थ्यो । ग्रामीण परिवेशमा जन्मे पनि ललिजन रावललाई उनका पिताले कुनै किसिमको गाह्रो र अभावको अनुभूति हुन दिएनन् । आजसम्म पनि आफ्ना बाबुको अभिभावकत्वका कारण कवि रावललाई परिवारबाट कुनै किसिमको चिन्ता व्यहोर्नु परेको छैन । बाबुको अनुमति र माइला बुबा

---

[३] ऐजन ।

[४] ऐजन ।

[५] कृष्णबहादुर रावलबाट प्राप्त जानकारीअनुसार ।

टेकबहादुर रावलका छोराहरू दानबहादुर रावल, कृष्णबहादुर रावल र भिनाजु झपटबहादुर रावलको सल्लाह र सहयोगबाट रावल आफ्नो जीवनपथमा आइपरेका विभिन्न समस्याको समाधान भएको ठान्दछन् ।[६]

ललिजन रावलको परिवारको शैक्षिक स्थितिलाई हेर्दा उनका आमा बाबुले अनौपचारिक शिक्षा मात्र ग्रहण गरेका थिए । उनका दिदी बहिनीले पनि पढ्दा-पढ्दै बिहे भएको र घरगृहस्थी सम्हाल्नु परेकाले पढाइलाई उँचाइमा पुऱ्याउन सकेनन् । ललिजन रावलका भाई हिरण्य रावल बि.ए.सम्मको पढाइ पूरा गरेर शिक्षण पेशामा आबद्ध छन् । रावलकी श्रीमती कमला बाह्र सम्मको अध्ययनलाई पूरा गरेर घर व्यवहारमा नै व्यस्त छिन् । रावलका छोरा र छोरी क्रमशः नौ र तीन कक्षामा अध्ययनरत छन् ।[७]

यसप्रकार ललिजन रावलको पारिवारिक स्थिति आर्थिक दृष्टिकोणले निम्नमध्यम स्तरको, धार्मिक दृष्टिकोणले सनातन हिन्दू धर्म मान्दै आएको र शैक्षिक दृष्टिकोणले मध्यम स्तरको देखिन्छ ।

## २.६ उपनयन संस्कार

मानव जीवनका विभिन्न संस्कारहरूमध्ये उपनयन संस्कार पनि महत्त्वपूर्ण संस्कार हो । ब्राह्मण परिवारमा जस्तो कलिलो उमेरमा उपनयन संस्कार गर्ने प्रचलन खस, क्षेत्रीहरूको समाजमा पाइँदैन । रावल संस्कारअनुसार अछाममा उपनयन संस्कार बिहे गर्नुभन्दा केही दिन अगाडि मात्रै गर्ने चलन रहेको छ, जुन चलन अद्यापि पनि कायमै छ । यही परम्परा वा चलनअनुसार नै कवि रावलको उपनयन संस्कार उनको बिहे हुने समय (२०५३ बैशाख १५) भन्दा दुई महिना अगाडि (२०५३ चैत्र) मा सेती नदीको किनारमा अवस्थित पवित्र धार्मिक स्थल भागेश्वरमा सामान्य तरिकाबाट सम्पन्न भएको थियो ।[८]

## २.७ शिक्षादीक्षा

ललिजन रावलले पाँच वर्षको उमेरमा अछामको सुँगाली बाँदेगढीस्थित नन्दा मा. वि. बाट अक्षरारम्भ गरेका हुन् । गाउँले परिवेशमा जन्मेका र हुर्केका रावलको बाल्यकालीन पढाइ सुरुमा त्यति व्यवस्थित थिएन । गाउँघरको सानोतिनो काम, गाइगोठाला जाने साथीभाईको सङ्गतले गर्दा उनले पढाइलाई त्यति समय नदिएको कुरालाई ध्यानमा राख्दै उनका पिताले आफूले कर्मथलोको रूपमा रोजेको भारतको मुम्बईमा आफूसँगै राखेर ललिजनलाई पढाउने निर्णय गरे । त्यतिबेला रावल नौ वर्षको उमेरका र कक्षा चार मा अध्ययनरत थिए । मुम्बईमा सम्पूर्ण बन्दोबस्त मिलाएपछि उनले आफ्नो भिनाजु (ललिजनका फूपाजु) का साथमा ललिजनलाई मुम्बई बोलाए । अछामबाट पाँच दिन पैदल र तीन दिनको रेलयात्रालाई पूरा गरेर नौ वर्षका ललिजनका पाइला आफ्नो जन्मभूमि छोडेर सुनौलो भविष्यको निर्माणका निम्ति आफ्नो पढाइलाई निरन्तरता दिन भारतको मुम्बई पुगे । २०३० सालमा मुम्बई पुगेपछि ललिजन मुम्बईस्थित ग्लोबमिल म्युनिसिपल सेकेण्डरी हाई स्कुलमा कक्षा चारमा भर्ना भए । नेपाली भाषा राम्ररी बोल्न समेत नजानेका ललिजनलाई हिन्दी भाषाका माध्यमबाट पढाइ हुने स्कुलमा भर्ना भएपछि निकै अप्ठ्यारो परेको थियो । सानो उमेर, नजान्ने भाषा भए तापनि आफ्ना बाबुको कुशल अविभावकत्व र उनी स्वयम्को लगनशील र धैर्यवान् स्वभावका कारण उनी केही समयमै हिन्दी भाषा बुझ्न सक्षम भए । उनले यही स्कुलमा पढ्ने क्रममा हिन्दी भाषासँगै मराठी भाषा पनि सिक्ने मौका पाए ।[९]

---

[६] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

[७] कृष्णबहादुर रावलबाट प्राप्त जानकारीअनुसार ।

[८] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

[९] धनसिंह रावलबाट प्राप्त जानकारीअनुसार ।

वि.सं. २०३४ (सन् १९७८) मा भारतको मुम्बईमा भएको शिक्षक हड्तालका कारण लामो समयसम्म त्यहाँका विद्यालयहरूमा पठनपाठन बन्द भयो । जसले गर्दा धनसिंह रावल छोराको पढाइलाई कसरी निरन्तरता दिने भन्ने कुरामा चिन्तित भए । मुम्बईमा हड्ताल चलिरहेकै समयमा धनसिंह रावलले ललिजनलाई पढाइ पूरा गर्नका लागि काठमाडौँ पठाउने सोच बनाए । त्यसै समयमा उनका माइला दाजु टेकबहादुर रावलका माइला छोरा कृष्णबहादुर रावलसँग सल्लाह गरी आठ कक्षामा पढ्दै गरेका ललिजन रावललाई २०३४ माघमा काठमाडौँ पठाए ।[१०] काठमाडौँ आएपछि ललिजन रावल २०३४ सालकै फागुन महिनादेखि डिल्लीबजारस्थित बिजय मेमोरियल मा.वि.मा कक्षा आठमा भर्ना भए । अंग्रेजी र हिन्दी भाषाका माध्यमबाट निर्मित पाठयपुस्तकको अध्ययन गरेका ललिजनलाई नेपाली भाषाको माध्यमबाट निर्मित पाठ्यपुस्तकको अध्ययन गर्न केही कठिन भएको थियो । भाषाको असजिलोपन उनका माइलाबुबाका छोरा कृष्णबहादुर रावल र भाउजू मेनका रावलको अतूल्य सहयोग र उनी स्वयम्को मेहनतले केही दिनमा नै हराउँदै गयो । दाजु र भाउजूसँगै बसेर उनले आफ्नो पढाइलाई निरन्तरता दिँदै लगे र यही विजय मेमोरियल मा.वि.बाट एस्.एल्.सी. उत्तीर्ण भए । त्यसपछि उनी २०३८ साल चैत्र महिनामा आई.एस्-सी. पढ्नका लागि ठमेलस्थित अमृत साइन्स कलेजमा भर्ना भए । क्याम्पस प्रवेशसँगै ललिजन रावल साहित्यिक र राजनीतिक क्षेत्रमा पनि प्रवेश गरे । साहित्यिक र राजनीतिक गतिविधिमा सक्रिय भएर लागेपछि उनले विज्ञान जस्तो जटिल विषयलाई त्यति समय दिन पाएनन्, जसका कारण उनको आई.एस्-सी.को पढाइ अधुरो रहन गयो ।[११]

यसै प्रसङ्गमा ललिजन रावलका आई.एस्-सी. पढ्ने बेलाका सहपाठी साथी महेशविक्रम शाहले भनेका छन्- “एउटा घटना सम्झन्छु म भोलिपल्ट जीव विज्ञान (Zoology) को टेष्ट परीक्षा थियो । संयुक्त अध्ययन गर्ने मनसायले म ललिजनको डेरा डिल्लीबजार पुगेँ । तर उनी जुलोजीको किताब हैन टाल्सटायको पुनरुत्थान पढ्दै थिए । म पनि साहित्यिप्रति बढी झुकाव भएको व्यक्ति भएकाले नै होला दिनभर हामीले साहित्यसम्बन्धी नै चर्चा, परिचर्चा गऱ्यौं जसको परिणामस्वरूप हामीले भोलिपल्टको टेष्ट परीक्षा स्थगित (Drop) गर्नुपऱ्यो । यस्ता तीता हतोत्साहित गर्ने घटनाहरू घटे तापनि उनले आफ्नो लेख्ने क्रम रोकेनन् ।”[१२]

उक्त भनाइबाट पनि ललिजन रावल पढाइमा भन्दा साहित्यिक गतिविधिमा बढी तल्लीन रहेको बुझिन्छ । साहित्यिक सक्रियतासँगै राजनीतिक सक्रियता पनि बढ्दै गएका कारण विज्ञान विषयलाई आफूले पार गर्न नसकेको कुरालाई आत्मसात गर्दै उनले अन्य विषयमा भर्ना भएर भए पनि पढाइको स्तरलाई माथि लानुपर्ने ठाने । त्यसपछि प्राइभेट विद्यार्थीका रूपमा त्रिभुवन विश्वविद्यालयमा आइ.ए.मा भर्ना भए । नेपाली विषय लिएर प्राइभेट रूपमा आई.ए.पास गरेपछि ललिजन रावलले काठमाडौँको प्रदर्शनीमार्गस्थित मानविकी क्याम्पस रत्नराज्यमा भर्ना मात्र भएर २०४६ सालमा बि.ए. सम्मको पढाइ पूरा गरे । २०४७ सालमा त्रि.वि.मा नेपाली विषयमा एम.ए.मा भर्ना भए पनि अनेक व्यक्तिगत र पारिवारिक कारणले गर्दा उनले एम.ए. पास गर्न भने सकेनन् ।[१३]

यसप्रकार ललिजन रावललाई क्याम्पस स्तरको पढाइ पूरा गर्न बाल्यकालमा जस्तो सहज वातावरणको अभाव रहेको पाइन्छ । अनेकौँ सङ्घर्ष र आर्थिक अभावलाई पूर्ति गर्नका लागि विभिन्न ठाउँमा काम गर्दै र साहित्यिक गतिविधिमा सक्रिय भएर लागेपछिको बचेको

---

[१०] कृष्णबहादुर रावलबाट प्राप्त जानकारीअनुसार ।

[११] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

[१२] ललिजन रावल, **बिरानो यो ठाउँमा,** (काठमाडौँ : महेशविक्रम शाह, २०४६) पृ.ख ।

[१३]ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

समयमा आफ्नै घरको बत्तीलाई साक्षी राखी, किताबलाई गुरु मानेर गरिएको स्वाध्ययनकै भरमा रावलले बि.ए. सम्मको पढाइ पूरा गरे ।

## २.८ बसोबास

लगभग साढे चार दशक लामो जीवन बिताइरहेका ललिजन जन्मदेखि नौ वर्षसम्म अछाममा, नौ देखि तेह्र वर्षको पूर्वार्द्धसम्म बम्बईमा र तेह्र वर्षको उत्तरार्धदेखि आजसम्म उनी नेपालभित्रका विभिन्न ठाउँमा बस्दै आएका छन् । बाल्यकालीन समय विभिन्न ठाउँमा बिताए पनि ललिजन रावलले किशोरावस्था पछिको समय काठमाडौँमा नै बिताएको पाइन्छ ।

ललिजन रावलले आफ्नो जन्मथलोमा जीवनको लगभग एक दशक समय मात्र बिताएको पाइन्छ । २०५१ सालको अन्त्यतिर रेडियो नेपालमा जागिरे भएपछि उनी झण्डै साढे तीन वर्ष जति रेडियो नेपालको क्षेत्रीय प्रशारण केन्द्र दिपायलमा बसेका थिए । २०५५ सालदेखि रेडियो नेपालको केन्द्रीय कार्यालय सिंहदरबारमा काम गर्न थालेपछि उनले काठमाडौँको बसाइलाई नै निरन्तरता दिएका छन् । हाल उनका माता पिता पनि अछामबाट बसाइँ सरेर टिकापुर १० कैलालीमा आएर बसेका छन् भने ललिजन रावल आफ्नी श्रीमती र छोराछोरीको साथमा काठमाडौँ बुद्धनगरस्थित डेरामा बस्दै आएका छन् ।[१४]

## २.९ विवाह, सन्तान र दाम्पत्य जीवन

ललिजन रावल धनसिंह रावलका जेठा छोरा थिए । छोरीहरू पनि बिहे गरी घर गइसकेका र छोराले पनि अब बिहे गरोस् भन्ने धारणा उनका पिताको थियो । उनी चौबिस/पच्चीस वर्षको हुँदाखेरि नै उनका पिताले बिहेको कुरा चलाएका थिए तर जागिरको निश्चित नभइकन विवाह नगर्ने ललिजनको कुराले उनी चुप लाग्न बाध्य भए ।[१५] २०५१ सालमा ललिजन रावलले रेडियो नेपालको अधिकृतमा नाम निकाले । आफूले स्थायी जागिर खाएको झण्डै एक वर्षपछि २०५३ साल वैशाख पन्ध्र गते बत्तीस वर्षको उमेरमा अछाम जिल्लाकै चण्डिका गा.वि.स. काटैगाउँ निवासी पिता भीमबहादुर कुँवर र माता निर्मला कुँवरकी कान्छी छोरी कमला कुँवरसँग विधिविधानअनुरूप उनको विवाह सम्पन्न भएको थियो । २०५३ सालमा वैवाहिक बन्धनमा बाँधिएका रावल जोडीका सन्तानका रूपमा एक छोरा र एक छोरी छन् । आफ्ना पतिको मनोभावना र पारिवारिक स्थितिलाई बुझेर आफ्नो घर गृहस्थीलाई सम्हाल्न सिपालु भएकाले ललिजनले व्यवहारिक कार्यमा श्रीमतीको निकै सहयोग पाएका छन् ।[१६] उनको बाह्र वर्ष लामो वैवाहिक जीवन सम्पूर्ण तवरले पूर्ण र सफल रहेको देख्न सकिन्छ ।

## २.१० पेशा

शोधनायक ललिजनका पिताको गाउँमा यथेष्ट जमिन थियो । आफ्नो परिवारलाई वर्षभरि के खाउँ ? भन्ने समस्या नभए पनि उनलाई नगद पैसाको भने अभाव नै थियो । धनसिंह रावल पारिवारिक आधारभूत आवश्यकता परिपुर्ति गर्ने नगद आर्जनका लागि भारतको मुम्बईमा काम गर्दथे । धनसिंह रावलले भारतमा काम गर्ने भए तापनि रावल परिवारको मुख्य पेशा भनेको कृषि नै थियो । कृषक परिवारका ललिजन रावलले भने आफ्नो साढे चार दशक लामो जीवनमा विभिन्न पेशालाई अङ्गालेको देखिन्छ । वि.सं. २०४३ सालको प्रारम्भदेखि झण्डै दुई वर्ष ललिजन रावलले आदर्श माध्यामिक विद्यालय काठमाडौँमा पढाएका थिए । २०४४ सालको अन्त्यदेखि ललिजन रावलले शिक्षण पेशालाई छोडेर क्यासिनो नेपाल (सोल्टी होटेल) मा काम गर्न थाले । उनले त्यहाँ लगभग सात वर्षसम्म काम गरे । २०५१ सालको अन्त्यतिर रावलले रेडियो नेपालको शाखा अधिकृतमा नाम निकालेपछि रेडियो नेपालको क्षेत्रीय प्रशारण

---

[१४] ऐजन ।

[१५] धनसिंह रावलबाट प्राप्त जानकारीअनुसार ।

[१६] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

केन्द्र दिपायलमा तीन वर्षसम्म काम गरे । २०५५ सालमा उनी क्षेत्रीय प्रशारण केन्द्र दिपायलबाट काठमाडौँ सिंहदरबारस्थित रेडियो नेपालको केन्द्रीय कार्यालयमा सरुवा भए । सुरुमा रेडियो नेपालबाट प्रशारण गरिने सामग्रीहरूको सम्पादन गर्ने र स्वीकृति प्रदान गर्ने काम गरेका रावलले हाल चाहिँ रेडियो नेपालको कार्यक्रम महाशाखाका मुख्य कार्यक्रम अधिकृतका रूपमा काम गर्दै आइरहेका छन् ।[१७]

## २.११ सिर्जनाका निम्ति प्रेरणा र प्रभाव

कवि तथा गजलकार रावल आफ्नो परिवारमा साहित्यमा लागेको कोही नभए तापनि व्यक्तिगत सङ्घर्ष र साहित्यिक रुचि भएका कारण आफू साहित्यिक क्षेत्रमा लागेको कुरा बताउँछन् । नौ वर्षको उमेरमा भारतको ग्लोबमिल म्युनिसिपल हाई स्कुलमा कक्षा चारमा पढ्दा कक्षा चारकै पाठ्यपुस्तक **बालभारती**मा पढेको गीतिकविता ‘इम्तिहान’ र रविन्द्रनाथ टैगोरको ‘काबुलीवाला’ कथाले अचेतन रूपमा नै प्रारम्भमा सिर्जनामा अघि बढ्न प्रभाव पारेको हो कि ? भन्ने उनको अनुमान छ । यी दुई रचनाले कक्षा चारमा पढ्दाखेरि पारेको छाप आजसम्म पनि स्मरणीय रहेको कुरा उनी बताउँछन् ।[१८] ‘इम्तिहान’ कविताको ‘जोस ठण्डा होने नपाए, कदम मिलाकर चल्, मञ्जिल तेरे पग चुमेगी, आज नही तो कल्’ हरफले ललिजनलाई आत्मविश्वासी र कर्मशील बनायो । काठमाडौँको विजय मेमोरियल मा.वि.मा आठ कक्षामा पढ्दादेखि लेखनयात्रा आरम्भ भए तापनि मुम्बईको स्कुलको वातावरण, ‘काबुलीवाला’ कथा र ‘इम्तिहान’ कविताका चार हरफले उनको सिर्जनामा बल मिलेको पाइन्छ । सायद बाल्यकालीन बेलाको सुषुप्त अवस्थामा रहेको साहित्य सिर्जनाले काठमाडौँमा आएपछि फक्रने मौका पायो ।[१९]

यसप्रकार ललिजन रावलको साहित्यिक सिर्जनामा कुनै व्यक्ति भन्दा पनि जीवनका विभिन्न परिवेश र व्यक्तिगत अनुभूति नै प्रेरक तत्त्वका रूपमा रहेको देखिन्छ ।

## २.१२ रुचि

बाल्यकालीन समयमा पढाइका अलावा चित्रकलामा विशेष रुचि भएका रावलको प्रथम रुचि साहित्यिक क्षेत्रमा नै रहेको छ ।[२०] विभिन्न खालका कथा, कविता र विशेषतः गजल विधाको सिर्जनामा उनी निकै रमाउँछन् । नेपाली भाषामा विविध कृतिहरूको रचना गरे पनि संस्कृत मूलका कथाहरूको अध्ययन गर्नमा रावल उत्तिकै सौखिन छन् । उनी अनेक विषयका अध्यता भएकाले अलिकति फुर्सद भयो कि पुस्तक लिएर बसिहाल्छन् र त्यसमा तन्मय भएर अध्ययन गर्दछन् ।[२१] साधारण नेपाली खाना मन पराउने रावललाई साधारण तर सफा कपडाको पहिरन नै मन पर्दछ । उनलाई कुनै विशेष खालको लुगा लगाउने र भड्किलो पाराले अरूका सामुन्ने उपस्थित हुने सोख छैन । परिस्थिति र परिवेश अनुसारको जस्तोसुकै खाना र लुगामा उनी रमाएको पाइन्छ । क्रिकेट खेलका विशेष सौखिन रावल आफ्नो नीजि फाइदालाई हेरेर कुनै काम गर्न चाहदैनन् । जागिरे जीवन बिताइरहेका रावल फुर्सदको समयमा साहित्यिक सिर्जनामा

---

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] राजेन्द्र श्रेष्ठ, ‘जीवनशैली’ **अन्नपूर्ण पोष्ट,** (वर्ष ९, अङ्क ७१, २०६५),पृ. ९) ।

[२०] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

[२१] वेदबहादुर कुँवरबाट प्राप्त जानकारीअनुसार ।

नै रमाउँछन् । पेशा र साहित्यको सिर्जनाबाट अलिकति समय बचाएर उनी आफ्नो परिवारसँग रमाउन मन पराउँछन् ।[२२]

## २.१३ साहित्य लेखन र प्रकाशनको थालनी

रावलले पन्ध्र वर्षको उमेरदेखि नै विभिन्न कवितात्मक रचनाको सिर्जना गरेका थिए । २०३६ सालदेखि कविता विधाका माध्यमबाट साहित्यिक क्षेत्रमा प्रवेश गरेका रावलको प्रथम प्रकाशित कविता 'सङ्घर्ष' शीर्षकको थियो । २०३७ सालमा काठमाडौँबाट प्रकाशित **मातृभूमि** साप्ताहिकमा यस कविताको प्रकाशन भएको थियो । २०३७ सालमा विभिन्न कविताको रचना र प्रकाशन गरेका रावलले २०३८-२०४१ सालसम्म कविताका अलावा 'सम्भनाले सताएको एक रात, 'रुमाल केही अघि र पछि', 'छोराको हात समातेर' लगायतका भ्रण्डै एक दर्जन कथाहरूको रचना गरेका र कतिपयको प्रकाशन पनि गरेका थिए । उनका यी विविध कथाहरूको प्रकाशन **गोरखापत्र,** साप्ताहिक र साहित्यिक अखबारहरूमा भएको थियो । २०४१ सालमा **रूपरेखा** पत्रिकामा प्रकाशित 'छोराको हात समातेर' कथाको प्रकाशनपछि उनले कथा लेखनलाई छोडेर गजल लेखनतिर हात बढाए । नेपाली कविताको माध्यामिककालीन साहित्यअन्तर्गत गजल पढ्ने क्रममा गजल नामसँग आफू परिचित भएको र विशेषगरी उर्दू गजलकार इकवाल, गालिब र मुमिनका गजलकृति पढेपछि रावललाई गजलतिर बढी भ्रुकाव भएको पाइन्छ ।[२३]

२०३७ सालदेखि आजसम्म आइपुग्दा ललिजन रावलले विभिन्न फुटकर रचनाहरूका अलावा छवटा कविता र गजलका कृतिको प्रकाशन गरेका छन् । जुन कृतिको लेखन र प्रकाशन समय तल दिइएको छ -

**क) यस पटक पनि**

**यस पटक पनि** ललिजन रावलको प्रथम प्रकाशित पुस्तकाकार कवितासङ्ग्रह हो । जसभित्र विभिन्न उनन्तीस वटा कविताहरू रहेका छन् । यी विभिन्न कविताहरूको रचना २०३७-२०४० सालसम्मको समयमा भएको र प्रकाशन चाहिँ २०४० साल फागुनमा भएको हो ।

**ख) केही गजलहरू**

रावलको दोस्रो प्रकाशित पुस्तकाकार कृति **केही गजलहरू** गजलसङ्ग्रह हो । २०४० को अन्त्यदेखि २०४२ अन्त्यसम्म रचना गरिएका चौवालीसवटा गजलहरूको सङ्कलित कृतिका रूपमा रहेको यस गजलसङ्ग्रहको प्रकाशन भने २०४२ साल चैत्र महिनामा भएको हो ।

**ग) बिरानो यो ठाउँमा**

ललिजन रावलको तेस्रो प्रकाशित पुस्तकाकार कृति **बिरानो यो ठाउँमा** गजलसङ्ग्रह हो । यस सङ्ग्रहभित्र पनि २०४२ सालदेखि २०४६ सालसम्म लेखिएका पचासवटा गजलहरू सङ्गृहीत छन् । यस सङ्ग्रहको प्रकाशन भने २०४६ साल जेठ महिनामा भएको हो ।

**घ) मरुभूमिमाथि**

रावलको चौथो प्रकाशित पुस्तकाकार कृति **मरुभूमिमाथि** कवितासङ्ग्रह हो । यस सङ्ग्रहभित्र चौँतीसवटा कविता रहेका छन् । जसको लेखन २०४६-२०४७ सम्म भएको हो भने प्रकाशन भने २०४८ असोजमा भएको हो ।

---

[२२] कमला रावलबाट प्राप्त जानकारीअनुसार ।

[२३] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

**ङ) सिरानीमा आँसु**

ललिजन रावलको पाँचौं प्रकाशित पुस्तकाकार कृति **सिरानीमा आँसु** हो । यस सङ्ग्रहमा चौंसट्ठी वटा गजल र चौबीसवटा कविताको सङ्कलन गरिएको छ । गजल र कविताको संयुक्त सङ्ग्रहको रूपमा रहेको यस कृतिको प्रकाशन भने २०५९ सालमा भएको हो ।

**च) एउटा बन्द खाम**

ललिजन रावलको छैठौं प्रकाशित पुस्तकाकार कृति **एउटा बन्द खाम** हो । २०६६ सालमा प्रकाशित यस सङ्ग्रहमा गजलकार रावलका **बिरानो यो ठाउँमा** र **सिरानीमा आँसु** सङ्ग्रहबाट छानिएका पचासवटा गजलहरूको सङ्कलन गरिएको छ ।

यसरी २०३७ सालदेखि अनवरत रूपमा नेपाली साहित्यका विविध विधाका कलम चलाएका रावलको कलमले विशेषगरी गजल र कविताका क्षेत्रमा सिद्धि प्राप्त गरेको पाइन्छ । २०५९ सालपछि उनका पुस्तकाकार कृतिको प्रकाशन नभए पनि **गरिमा**, **साप्ताहिक**, **गोरखापत्र**, **मधुपर्क**, आदि पत्रिकामा उनका गजलहरू निरन्तर प्रकाशन भइरहेका छन् । उनका प्रकाशित कृतिहरू तल तालिकामा उल्लेख गरिएको छ –

| क्र.सं. | शीर्षक | मिति | सङ्ग्रह |
|---|---|---|---|
| १ | यस पटक पनि | २०४० | कवितासङ्ग्रह |
| २ | केही गजलहरू | २०४२ | गजलसङ्ग्रह |
| ३ | बिरानो यो ठाउँमा | २०४६ | गजलसङ्ग्रह |
| ४ | मरुभूमिमाथि | २०४८ | गजलसङ्ग्रह |
| ५ | सिरानीमा आँसु | २०५९ | गजल र कविताको संयुक्त सङ्ग्रह |
| ६ | एउटा बन्द खाम | २०६६ | छानिएका गजलहरूको सङ्ग्रह |

## २.१४ मान सम्मान तथा अभिनन्दन र पुरस्कार

तीसको दशकको प्रारम्भदेखि साहित्यकर्ममा लागेका ललिजन रावलले विशेषतः कविता र गजलका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । नेपाली साहित्यको उत्थान गर्नका लागि अनवरत रूपमा लागिपरेका रावलको योगदानलाई हृदयङ्गम गरी विभिन्न सङ्घ, संस्थाहरूले उनलाई पुरस्कृत गरेका छन् ।

लोकेन्द्र साहित्य गुठी काठमाडौँले उनलाई 'लोकेन्द्र साहित्य पुरस्कार' २०५० द्वारा सम्मानित गरेको छ । त्यस्तै श्री ५ को सरकारले 'राष्ट्रिय प्रतिभा पुरस्कार' २०५२ बाट पनि उनलाई सम्मानित गरिएको छ । यसै गरी जिल्ला विकास समिति अछामद्वारा उनलाई २०५५ सालमा पुरस्कृत गरिएको छ । त्यस्तै तन्नेरी साहित्यिक पत्रिका काठमाडौँले 'तन्नेरी प्रतिभा सम्मान', २०५९ प्रदान गरेको छ । यसैगरी साझा प्रकाशनद्वारा दिइने 'गरिमा सम्मान', २०६३ द्वारा पनि उनी सम्मानित भएका छन् ।[२४]

## २.१५ जीवनका केही स्मरणीय क्षणहरू

ललिजन रावलको जीवनमा देखापरेका विभिन्न स्मरणीय क्षणहरूमा केही दुःखद क्षण पनि छन् भने केही सुखद । दुःखद क्षणलाई नियाल्दा वि.सं. २०३० सालमा सानै उमेरमा आफ्नो घर र विशेषगरी आमालाई छोडेर अध्ययनका लागि प्रवास जानुपरेकाले दुःख लागेको थियो । यसैगरी २०४४ सालमा दिदी नन्दा रावलको असमयमा भएको निधनले उनी ज्यादै मर्माहत भएका थिए । यसका अलावा भाषाको अज्ञानताका कारण मुम्बईको स्कुलमा भोग्नुपरेको विविध कठिनाइलाई कवि रावलले आफ्नो जीवनका दुःखद स्मरणीय क्षणका रूपमा लिएका छन् ।[२५]

[२४] ऐजन ।

[२५] ऐजन ।

कवि रावलको जीवनमा विभिन्न दुःखद क्षणहरूका अलावा सुखद क्षणहरू पनि रहेका छन् । वि.सं. २०३४ सालमा चारवर्षे लामो प्रवासी जीवनलाई त्यागेर स्वदेश फर्कदाको क्षणलाई उनी अत्यन्त सुखद क्षणको रूपमा लिन्छन् । त्यसैगरी अनेक सङ्घर्ष र आर्थिक समस्याले पिरोलिरहेको अवस्थामा आफ्ना महेशविक्रम शाह लगायतका साथीहरूको सहयोगबाट २०४० साल फागुनमा **यस पटक पनि** कवितासङ्ग्रहको प्रकाशन भएको दिन उनका लागि सुखद र अविस्मरणीय साबित भयो ।[२६]

यसरी कवि रावलले आफ्नो जीवनका विभिन्न पाटालाई समेटेर दुःख र सुखलाई आत्मसात गरेर आफ्नो जीवनयापन गरिरहेका छन् । कवि रावलको दृष्टिमा जीवन सुख दुःखको सङ्गम हो । दुःखमा नआत्तिने र सुखमा नमात्तिने प्रवृत्तिले मानिसलाई जीवनपथका विविध अड्चनबाट पार लाग्न कठिनाइ पर्दैन ।

## २.१६ निष्कर्ष

वि.सं. २०२१ सालमा अछाम जिल्लाको सुगाली दुई बाँदेगढीमा जन्मेका ललिजन रावलले नौ वर्षको उमेरमा नै आफ्ना बाबुसँग मुम्बई गएर स्कुले जीवनको धेरैजसो समय त्यहीँ बिताए । वि.सं. २०४३ सालबाट जागिरे जीवन सुरु गरेका रावल २०५१ सालमा रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र दिपायलबाट अधिकृत पदमा प्रवेश गरे । हाल उनी रेडियो नेपालको कार्यक्रम महाशाखाका मुख्य कार्यक्रम अधिकृतको पदमा बसेर जिम्मेवारी बहन गरिरहेका छन् ।

वि.सं. २०३६ सालदेखि साहित्यिक क्षेत्रमा प्रवेश गरेका रावलका रचनाहरू २०३७ सालदेखि प्रकाशित हुन थालेका हुन् । हालसम्म उनका छवटा पुस्तकाकार कृतिहरू प्रकाशन भइसकेका छन् भने विविध फुटकर रचनाहरूको प्रकाशन निरन्तर भइरहेको पाइन्छ । उनका प्रकाशित कृति र फुटकर रचनालाई तुलना गरी हेर्दा उनले कविता र विशेषगरी गजलबाट साहित्यिक सिद्धि प्राप्त गरेका छन् । नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएबापत उनलाई विभिन्न सम्मान तथा पुरस्कार पनि प्रदान गरिएको छ । हाल उनी श्रीमती र छोराछोरीको साथमा काठमाडौँ बबरमहलस्थित डेरामा बसोबास गरिरहेका छन् ।

[२६] *ऐजन ।*

# परिच्छेद तीन
# ललिजन रावलको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको व्यक्तित्व विकासमा धेरै कुराहरूले प्रभाव पारेको हुन्छ । व्यक्तित्व नै व्यक्तिको चिनारी हो जसबाट ऊ अरूभन्दा पृथक देखिन्छ । व्यक्तित्व नै अरूलाई प्रभाव पार्न सक्ने एउटा विशेष गुण पनि हो । व्यक्तिको व्यक्तित्व नै बाह्य रूपमा उसको परिचालक हो ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

ललिजन रावलले वि.सं. २०३७ सालदेखि वर्तमान समयसम्म साहित्य र साहित्यतर क्षेत्रमा आफूलाई सक्रिय राख्दै आएका छन् । कथा र निबन्ध जस्ता विधामा समेत कलम चलाएका ललिजन मूलतः कवि र गजलकारका रूपमा साहित्यमा स्थापित भइसकेका छन् । साहित्यकार ललिजन रावलले टिप्पणी एवम् भूमिका लेखन, सम्पादन, प्रकाशन र नेपाल सरकारको सेवामा संलग्नताका माध्यमबाट साहित्यतर व्यक्तित्वको परिचय दिएका छन् ।

यहाँ ललिजनको व्यक्तित्वलाई बाह्य र आन्तरिक गरी दुई भागमा विभाजन गरिएको छ –

### ३.२.१ बाह्य व्यक्तित्व

बाह्य व्यक्तित्वसँग सम्बन्धित शारीरिक बनोट आकार, प्रकार, रूप, रङ्ग जस्ता स्वभावका आधारमा ललिजनलाई हेर्दा निम्न कुरा थाहा पाउन सकिन्छ - उनी पाँच फुट पाँच इन्च अग्ला, न ज्यादा मोटा न ज्यादा दुब्ला, गहुँगोरो वर्णका छन् । उनी हँसिलो अनुहार, मझौला कदका आकर्षक व्यक्तित्वका रूपमा देखिन्छन् । ललिजन रावलको बोलीमा मिठास छ सधैँ हाँसीखुसी रहने र छिट्टै अर्कामा आफ्नो प्रभाव जमाउन सक्ने खुबी पनि उनमा विद्यमान छ ।[२७] बिनम्र मिलनसार एवम् फरासिलो स्वभाव र आफ्नो सिद्धान्त नछाड्ने निर्भीक खालका ललिजन रावलको सिर्जनात्मक गतिलाई उनको यही हकी, आँटी स्वभावले नै अघि बढाएको छ । मान्छे जन्मले होइन कर्मले ठूलो हुन्छ भन्ने धारणा राख्ने ललिजन रावल सधैँ लगनशील, कार्यतत्पर तथा साधनामा संलग्न रहन्छन् । आफू जस्तै अन्य सहकर्मी पनि अगाडि बढ्दै जाऊँन भन्ने उनको भित्री इच्छा छ । मानिस भएर जन्मेपछि केही गरेर आफ्नो नामलाई चिनाउन सक्नुपर्दछ भन्ने उनको विचार छ । [२८]

### ३.२.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिको आन्तरिक व्यक्तित्वको निर्माण ऊ स्वयम्ले गरेका निजी कर्महरू एवम् अन्तर्विकासबाट हुने भए तापनि व्यक्तिको व्यक्तित्व विकासमा उसको पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक र आर्थिक परिवेश तथा शिक्षादीक्षाले पनि महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । ललिजन रावलको आन्तरिक व्यक्तित्वको निर्माणमा उनको जीवनी, शिक्षादीक्षा र सामाजिक वातावरणको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । ललिजन रावलको आन्तरिक व्यक्तित्वलाई निम्नानुसार चर्चा गरिएको छ-

#### ३.२.२.१ साहित्यिक व्यक्तित्व

स्रष्टाले सिर्जना गरेका साहित्यिक रचनाहरूका माध्यमबाट उनीहरूको साहित्यिक व्यक्तित्वको चिनारी पाउन सकिन्छ । साहित्यका कथा, कविता, गीत, गजल, नाटक, उपन्यास आदि विधागत योगदानबाट साहित्यकारको साहित्यिक व्यक्तित्वको निर्माण भएको हुन्छ । त्यसैले यहाँ ललिजन रावलका प्रकाशित साहित्यिक कृतिहरूका माध्यमबाट उनको साहित्यिक व्यक्तित्वको चिनारी दिनु उपयुक्त देखिन्छ ।

---

[२७] ललिजन रावलसँगको प्रत्यक्ष भेटवार्ता एवम् अवलोकनबाट प्राप्त जानकारीअनुसार ।

[२८] वेदबहादुर कुँवरबाट प्राप्त जानकारीअनुसार ।

वि.सं. २०३७ सालमा **मातृभूमि** साप्ताहिक पत्रिकामा 'सङ्घर्ष' शीर्षकको कविता छपाएर साहित्ययात्राको शुभारम्भ गरेका ललिजनको कलम कथा, कविता र गजलका क्षेत्रमा चलेको पाइए तापनि उनलाई परिचित स्थापित र चर्चित बनाउने विधा गजल नै हो । सिर्जना कार्यमा समर्पित भइरहेका हुनाले ललिजनको लेखनमा विधागत विस्तार अवश्य हुनेछ । उनका आजसम्म प्रकाशित कृतिहरूका आधारमा उनको साहित्यिक व्यक्तित्वको स्वरूप स्पष्ट हुने हुँदा यहाँ त्यसैअनुरूप उनको साहित्यिक व्यक्तित्वका अनेक पक्षको अध्ययन गरिएको छ ।

### ३.२.२.१.१ कवि व्यक्तित्व

तीसको दशकको सुरुदेखि साहित्यकर्ममा लागेका रावल वि.सं. २०३७ सालमा **मातृभूमि** साप्ताहिकमा प्रकाशित 'सङ्घर्ष' शीर्षकको कविताबाट नै औपचारिक रूपमा साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । त्यसपछि विभिन्न पत्रपत्रिकाहरूमा उनका कविताहरू निरन्तर प्रकाशन हुँदै गए । मूलतः गजल र कविताका फाँटमा मौलाएका ललिजन रावलका कविताहरूलाई विहङ्गम दृष्टिले हेर्दा उनको कवि व्यक्तित्व प्रखर र स्पष्ट रहेको पाइन्छ ।

ललिजन रावललाई कवि व्यक्तित्वका रूपमा परिचित गराउने कवितासङ्ग्रह तीनवटा छन् । **यस पटक पनि** (२०४०) **मरुभूमिमाथि** (२०४८) र **सिरानीमा आँसु** (२०५९) (स्मरण रहोस यो सङ्ग्रह गजल र कविताको संयुक्तसङ्ग्रह हो, जसमा चौबीसवटा कविता रहेका छन्) । समसामयिक विषयवस्तु जस्तै- सामाजिक, राजनीतिक चेतना, सामाजिक विकृति एवम् विसङ्गतिप्रति रोष, प्रगति चेतना, मानवतावादी चिन्तन, अन्याय अत्याचारको विरोध, देशभक्ति र विश्वबन्धुत्वको आह्वान, मानवीय आस्थाको खोजी, करुणा र प्रेम, क्रान्तिकारी चेतना आदिको प्रयोग उनका कवितामा भएको पाइन्छ । सरल र सम्प्रेषणीय भाषामा प्रतीकात्मक पाराले लेखिएका उनका कविताहरू गद्य लयमा रहेका छन् । समग्र कविताका आधारमा हेर्दा उनलाई आधुनिक नेपाली कविता परम्परामा प्रगतिशील, व्यङ्ग्यात्मक, राष्ट्रवादी, करुणा र प्रेमका कविका रूपमा चिन्न सकिन्छ ।

### ३.२.२.१.२ कथाकार व्यक्तित्व

वि.सं. २०३८ देखि २०४१ सालसम्म कथा लेखनमा समेत सक्रिय भएर लागेका रावलले २०४१ सालपछि कुनै कथाको लेखन र प्रकाशन गरेनन् । साहित्यिक क्षेत्रमा प्रवेश गरेपछिको केही समयसम्म 'सम्झनाले सताएको एक रात' (**गोरखापत्र** ?) 'रुमाल केही अघि र पछि' (?) 'छोराको हात समातेर' (**रूपरेखा** २०४१) लगायतका कथाहरूको लेखन र प्रकाशन गरेका रावलका करिब आधा दर्जन कथाहरू प्रकाशन भएका छन् ।[२९] उनले लेखेका र प्रकाशन भएका कुनै पनि कथाहरू हाल उपलब्ध भने छैनन् । पाण्डुलिपिका रूपमा ललिजन आफूसँगै पनि उक्त कथाहरू नभएका कारण कथाको विषयवस्तु र संरचनाका बारेमा जानकारी हुन सकेन ।

वि.सं. २०३८-२०४१ सम्मको समयमा यदाकदा प्रकाशित हुने छोटा कथाहरूमा नै उनी सीमित रहेको पाइन्छ । कथा विधा उनको मुख्य विधा होइन । गजल र कविताका तुलनामा कथा लेखन ललिजन रावलको एउटा सोख वा लहड जस्तै देखिन्छ ।

### ३.२.२.१.३ गजलकार व्यक्तित्व

ललिजन रावलको प्रमुख साहित्यिक विधाका रूपमा गजल विधा रहेको छ । आधुनिक नेपाली गजल परम्परामा ज्ञानुवाकर पौडेलसँग हातेमालो गर्दै अघि बढेको अर्को व्यक्तित्वको रूपमा ललिजन रावललाई लिन सकिन्छ ।

वि.सं. २०४२ सालदेखिनै गजल लेखन र प्रकाशनको थालनी गरेका ललिजनको लेखनी वर्तमान समयसम्म पनि सुस्ताएको छैन, निरन्तर क्रियाशील छ । उनका **केही गजलहरू** ( २०४२) **बिरानो यो ठाउँमा** (२०४६) गजलसङ्ग्रह प्रकाशित देखिन्छन् भने **सिरानीमा आँसु** ( २०५९) गजल र कविताको संयुक्त सङ्ग्रहमा पनि चौसट्ठीवटा गजलहरू सङ्कलन गरिएका

---

[२९] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

छन् ।[३०] त्यसैगरी २०६६ सालमा उनले **बिरानो यो ठाउँमा** र **सिरानीमा आँसु** सङ्ग्रहबाट छानिएका पचासवटा गजलहरूको सङ्ग्रह **एउटा बन्द खाम**को पनि प्रकाशन गरेका छन् । २०५९ पछि नयाँ गजलहरूको सङ्ग्रहको प्रकाशन नभए पनि विभिन्न पत्रपत्रिकाहरूमा उनका फुटकर गजलहरू प्रकाशित भइरहेका छन् ।

ललिजन रावलको वास्तविक परिचय र साहित्यिक व्यक्तित्वलाई उँचाइको बिन्दुमा पुऱ्याउने विधा नै गजल हो । साहित्यका विविध विधामा कलम चलाए पनि उनको सिर्जनाको कर्म क्षेत्रको रूपमा गजल नै रह्यो । सरल सहज र सुललीत शब्दहरूको समुचित प्रयोगबाट उनका गजलको निर्माण भएको पाइन्छ । ललिजनका कतिपय गजलमा भाव तथा कल्पनाको पनि राम्रो प्रयोग भएको पाइन्छ ।[३१]

लयात्मकता र गेयात्मकताले भरिएका अनेक गजलहरूको रचना गरेका ललिजनका यसको अपवादका गजल पनि कैयौं रहेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिकोणले नेपाली गजल परम्परालाई अगाडि बढाउनमा ललिजन रावलको योगदान महत्त्वपूर्ण रहेको छ । नेपाली साहित्यको भण्डारलाई गजलद्वारा समृद्ध तुल्याउने ललिजन रावलका गजलहरूमा युगको आवाज प्रतिबिम्बित भएको पाइन्छ ।

ललिजन रावलको गजलकार व्यक्तित्वलाई उनको प्रमुख साहित्यिक व्यक्तित्वका रूपमा लिन सकिन्छ । ललिजन रावलका २०४२ सालदेखि आजसम्म रचना गरिएका गजलहरूमध्ये लगभग दुई दर्जन जति गजलहरू विभिन्न गायक, गायिकाका रचना र सङ्गीतकारका सङ्गीतमा लयबद्ध भएका छन् ।[३२]

### ३.२.२.१.४ सम्पादक तथा प्रकाशक व्यक्तित्व

वि.सं. २०३७ सालको **मातृभूमि** साप्ताहिकमा उदीयमान नवप्रतिभाका रूपमा देखापरेका ललिजन आज कैयौं नवप्रतिभाहरूका जन्मदाता भइसकेका छन् । विभिन्न कालखण्डका पत्रपत्रिकाका साथसाथै विभिन्न पुस्तकहरूको कुशल सम्पादन गरिसकेका र गरिरहेका ललिजनको सम्पादक व्यक्तित्व पनि उत्तिकै सबल र सफल छ । ललिजन रावलले वि.सं. २०४७ सालदेखि नै विभिन्न पुस्तक र पत्रपत्रिकाहरूको सम्पादन गर्न थालेका हुन् । २०४७ सालदेखि आजसम्म उनले **समकालीन नेपाली गजल** (२०४७) **अनुराग** साहित्यिक पत्रिका (२०४८-२०६०), **तन्नेरी** साहित्यिक पत्रिका (२०४८-२०५१), **प्रतिनिधि नेपाली गजलहरू** (२०६५), **उदय निरौलाका प्रतिनिधि कविताहरू** (२०६५) आदि पत्रिका र पुस्तकको सम्पादन कार्य कुशलतापूर्वक सम्पन्न गरिसकेका छन् ।[३३]

ललिजन रावल सम्पादक मात्र नभई प्रकाशक पनि हुन् । उनले आफ्नो आजसम्मको साहित्यिक जीवनमा **अनुराग** पत्रिका (२०४८) को प्रकाशन गरेर आफूलाई प्रकाशक व्यक्तित्वका रूपमा पनि चिनाएका छन् ।[३४]

### ३.२.२.१.५ भूमिका तथा लेख लेखक व्यक्तित्व

ललिजन रावलको व्यक्तित्वका विविध पाटामध्ये भूमिका र लेख लेखक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ । ललिजन रावलले नेपाली साहित्यको विशेषगरी गजल विधाको श्रीवृद्धिको निमित्त निरन्तर रूपमा आफूलाई क्रियाशील गराइरहेका छन् । गजलसम्बन्धी आवश्यक ज्ञान, यसको सैद्धान्तिक पक्षलाई उनले अभियानकै रूपमा विभिन्न लेख, रचना, गोष्ठी एवम्

[३०] कृष्णहरि बराल, **गजलः सिद्धान्त र परम्परा,** (काठमाडौंः साझा प्रकाशन २०६४) पृ. ३२१ ।

[३१] ऐजन, पृ. ३२३ ।

[३२] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

[३३] ऐजन ।

[३४] ऐजन

कार्यक्रमका माध्यमबाट सशक्त रूपमा सार्वजनीन बनाए । रावलले करिब डेढ दर्जन जति पुस्तकहरूमा भूमिका, मन्तव्यका साथै गजल सम्बन्धी लेख लेखिसकेका छन् । जसमध्ये केही तल प्रस्तुत गरिएको छ -

पूर्ण विरामको **इतिहासका किल्लाहरूमा**[३५] पारिजातको **बैशालु वर्तमान**[३६], धनश्याम न्यौपाने परिश्रमीको **यो मौसम**[३७], राजेन्द्र पराजुलीको **कविता-सोच र समकालीन नेपाली कवि विचार र कविता**[३८], चङ्की श्रेष्ठको **फूल बिनाको शाखा**,[३९], बुद्धिसागर चपाइँको **रारा जलेपछि**[४०], राजेन्द्र थापा **बाटोले अब मान्छे हिँड्छ**[४१], अनाममण्डलीको **नेपाली गजल विगत र वर्तमान**[४२], भोजराज घिमिरेको **आवाज भित्रको आवाज**[४३], विवेक सिर्जनशील प्रकाशन प्रा.लि.को **प्रतिनिधि नेपाली गजलहरू**[४४], भोजराज घिमिरेको **उन्मुक्त किनारा**[४५], आदि कृतिहरूमा उनका भूमिका र लेखको प्रकाशन भएको पाइन्छ ।

### ३.२.२.१.६ अनुवादक व्यक्तित्व

अनुवाद गर्नु भनेको अत्यन्तै कठिन कार्य हो । ललिजन रावल यस्तो कठिन कार्यतिर पनि लागेको देखिन्छ । उनले सुप्रसिद्ध बङ्गाली लेखिका तसलिमा नसरिनको **दुखिया केटी** उपन्यासको नेपाली अनुवाद गरी २०६५ सालमा प्रकाशन गरिसकेका छन् । त्यसैगरी **के गर्ने** ? उपन्यास र संस्कृत मूलका **पञ्चतन्त्रका रमाइला बालकथाहरू** नामका दुई कृति पनि अनुवाद गरिसकेर प्रकाशनको पर्खाइमा रहेका छन् ।[४६]

### ३.२.२.२ साहित्यतर व्यक्तित्व

ललिजन रावलको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू भए जस्तै साहित्यतर व्यक्तित्वका पनि विभिन्न पाटाहरू रहेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ –

### ३.२.२.२.१ जागिरे व्यक्तित्व

ललिजन रावलले तेइस वर्षको उमेरदेखि नै शिक्षण पेशाका माध्यमबाट जागिरे जीवनको प्रारम्भ गरेका हुन् । वि.सं. २०४३ सालको प्रारम्भदेखि झण्डै दुई वर्ष ललिजनले आदर्श मा.वि. काठमाडौँमा अध्यापन गरे । २०४४ सालको अन्त्यमा उनले शिक्षकको जागिर छाडेर क्यासिनो नेपाल (सोल्टी होटेल) मा एकाउन्टेनको पदमा रहेर काम गर्न थाले । उनले यहाँ लगभग सात वर्षसम्म काम गरे । २०५१ सालमा रावल रेडियो नेपालको क्षेत्रीय प्रशारण केन्द्र दिपायलमा गएर काम गर्न थाले । २०५५ सालमा उनी रेडियो नेपालको केन्द्रीय कार्यालय

---

[३५] 'लेख', काठमाडौँ : साहित्य सन्ध्या परिवार, २०४३ ।

[३६] 'भूमिका', काठमाडौँ : नेपाल साहित्य गुठी, २०५० ।

[३७] 'भूमिका', नवलपरासी : सौदामिनी प्रकाशन, २०५० ।

[३८] 'लेख', काठमाडौँ : नेपाल साहित्य गुठी, २०५० ।

[३९] 'भूमिका' ,काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि, २०६० ।

[४०] 'भूमिका' ,काठमाडौँ : वैरागी जेठा, २०६१ ।

[४१] 'भूमिका', काठमाडौँ : छाया प्रकाशन २०६४ ।

[४२] 'लेख', काठमाडौँ : अनाममण्डली, २०६४, पृ. १४ ।

[४३] 'भूमिका', काठमाडौँ : गजलगृह नेपाल २०६५ ।

[४४] 'लेख', काठमाडौँ : अनाममण्डली, २०६५ पृ. ३ ।

[४५] 'भूमिका', काठमाडौँ : रवि केसी, २०६६ ।

[४६] ललिजन रावलबाट प्राप्त जानकारीअनुसार ।

काठमाडौँमा सरुवा भए । हाल उनी रेडियो नेपालको केन्द्रीय कार्यालय सिंहदरबारको कार्यक्रम महाशाखामा मुख्य कार्यक्रम अधिकृतका रूपमा कार्यरत छन् ।[४७]

यसप्रकार ललिजन रावलले आफ्नो जीवनको तेइस वर्षको उमेरदेखि आजसम्मको समय विविध तीनवटा पेशा वा जागिरमा बिताएको देखिन्छ । जहाँ जे जागिर खाए पनि आफ्नो कार्यक्षेत्रमा उनी सफल देखिन्छन् । हाल रेडियो नेपालको अधिकृत पदको जिम्मेवारी बहन गरिरहेका ललिजन रावलको जागिरे व्यक्तित्व विभिन्न अनुभवबाट निर्माण भएको पाइन्छ ।

### ३.२.२.२.२ बहुभाषी व्यक्तित्व

ललिजन रावललाई चिनाउने पक्षहरूमा उनको भाषा ज्ञान पनि एक हो । उनको व्यक्तित्वका विभिन्न पाटाहरू जस्तै कवि, गजलकार, कथाकार, सम्पादक, अनुवादक, प्रकाशक आदिका बीचमा रहेर उनको बहुभाषी व्यक्तित्वले काम गरेको पाइन्छ । उनी सानै छँदादेखि नै मातृभाषाका रूपमा नेपाली भाषासँग परिचित थिए । नेपाली भाषाका माध्यमबाट आफ्नै गाउँको स्कुलमा अक्षरारम्भ गरेका ललिजन रावल अध्ययनका क्रममा भारत प्रवेश गरेपछि अङ्ग्रेजी, मराठी, अछामी आदि भाषाको अध्यताका रूपमा आफूलाई स्थापित गरे । [४८]

यसरी नेपाली अंग्रेजी, हिन्दी, मराठी र अछामी भाषाका ज्ञाता ललिजन रावलको भाषिक व्यक्तित्व अन्य व्यक्तित्व जस्तै सबल देख्न सकिन्छ ।

### ३.२.२.२.३ राजनीतिक व्यक्तित्व

वामपन्थी विचारधारासँग सम्बद्ध ललिजन रावल छात्र अवस्थादेखि नै अनेरास्ववियुका विभिन्न क्रियाकलापमा संलग्न रहेको पाइन्छ । उनी जुलूस, पोष्टर, वाल पेन्टिङ, मञ्चमा गरिने विभिन्न कार्यक्रम र आफ्ना लेख, रचनाका माध्यमबाट पञ्चायती व्यवस्थाका विरुद्धमा आफ्नो क्याम्पस जीवनमा डटेर लागेका थिए । रावल २०३९ सालको स्ववियुको चुनावमा अमृत साइन्स कलेजमा अनेरास्ववियु का तर्फबाट सदस्य पदको उम्मेदवारमा पनि उठेका थिए तर उनले यहाँ पराजय भोग्नुपर्‍यो ।[४९]

राजनीतिक क्षेत्रमा त्यति चर्चित रूपमा देखानपरे तापनि पञ्चायतकालीन राजनीतिक परिपाटीको विरोध गरी लेखिएका उनका कविता र गजलको अध्ययनबाट उनको राजनीतितर्फको सचेततालाई स्पष्ट्याउन सकिन्छ । पञ्चायती शासनको विरोध गरेबापत केही समय जेल सजाय पनि भोगेका र २०४६ सालको जनआन्दोलनका क्रममा वाक् स्वतन्त्रताका लागि सक्रिय रूपले संलग्न ललिजन रावलको राजनीतिक व्यक्तित्व सफल र चर्चित भने छैन ।

### ३.२.२.२.४ जीवनी व्यक्तित्व र लेखनका बीच अन्तः सम्बन्ध

स्रष्टाले अनुभव गरेका पारिवारिक, राजनीतिक राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय घटनाक्रमबाट उसको व्यक्तित्व निर्माण हुने गर्दछ । ललिजन रावलले आफ्नो साढे चार दशक लामो जीवनयात्रामा आफूले अनुभव गरेका, देखेका, जानेका, सुनेका तीता, मीठा अनुभव, अध्ययनका क्रममा प्राप्त भएका ज्ञान, घर, समाजको बदलिँदो परिवेश आदिबाट आफ्नो साहित्यिक व्यक्तित्वको निर्माण गरेका हुन् । यसका साथै जीवन भोगाइका क्रममा प्राप्त गरेका अनुभव, सामाजिक राजनीतिक, आर्थिक उतारचढाव, विकृति, विसङ्गति, शोषण, अन्याय अत्याचारप्रति उनका साहित्यिक कृतिहरूले विद्रोहको स्वर चर्काएका छन् । महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भीमनिधि तिवारी, गोविन्दबहादुर मल्ल 'गोठाले' जस्ता साहित्यकारहरूलाई आफ्नो आदर्श व्यक्तिका रूपमा लिने ललिजनलाई गजल लेखनमा भने भीमनिधि तिवारी, दुष्यन्तकुमार, इकवाल, गालिब र मुमिन जस्ता गजलकारहरूको लालित्य र विषयवस्तुले

---

[४७] ऐजन ।

[४८] ऐजन ।

[४९] ऐजन ।

आकर्षित गऱ्यो ।[५०] उनले आफ्ना सबै प्रकारका लेख, रचनामा नेपाली जनजीवनले नेपालमा मात्र नभई विदेशमा समेत भोग्नुपरेका विविध अन्याय, अत्याचार र शोषणलाई व्यक्त गरेका छन् । साहित्यिक सिर्जनामा भावको सरलता, सुबोध र सहज अभिव्यक्तिलाई स्पष्टताका साथ व्यक्त गर्न सक्ने ललिजनको जीवनको धेरैजसो समय साहित्य सिर्जना र जागिरका क्रममा व्यतीत भएको पाइन्छ । सुखी पारिवारिक वातावरण, अध्ययन अनुशीलनको निरन्तरता, आफ्ना कार्यमा पाएका सफलता आदिले यिनको लेखनी अझै अग्रगतिमा बढ्दै छ । उनको लेखनी नेपाली जनजीवन र स्वयम् उनको जीवनशैली र उनले जीवनमा भोगेका अनेक परिस्थितिसँग मिल्दोजुल्दो देखिन्छ ।

### ३.२.२.२.५ निष्कर्ष

निष्कर्षमा भन्नुपर्दा विविध व्यक्तित्वका धनी रावलले नेपाली साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । बहुमुखी व्यक्तित्वका धनी रावलको साहित्यिक व्यक्तित्व नै अन्य व्यक्तित्वको तुलनामा प्रबल देखापर्दछ । साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू मध्ये पनि सङ्ख्यात्मक र गुणात्मक दृष्टिकोणले गजलकार व्यक्तित्व नै सर्वोच्च स्थानमा रहेको छ । आफ्नो परिश्रम र अध्ययनशील स्वभावका कारणले होस् वा प्रतिभाकै कारणले होस् उनले नेपाली साहित्यलाई कविता र गजल विधाका पाँचवटा कृति दिएर धनी तुल्याएका छन् ।

[५०] ऐजन ।

# चौथो परिच्छेद
# ललिजन रावलको कृतित्वको अध्ययन

## ४.१ पृष्ठभूमि

ललिजन रावल नेपाली साहित्यको विविध विधामा कलम चलाउने व्यक्ति हुन् । उनी वि.सं. २०३७ सालदेखि अनवरत रूपमा नेपाली साहित्यको विकासका निम्ति क्रियाशील रहिरहेका छन् । वि.सं. २०३७ सालमा **मातृभूमि** साप्ताहिक पत्रिकामा प्रकाशन भएको 'सङ्घर्ष' कविता नै उनको प्रथम रचित र प्रकाशित कविता हो, जुन यसप्रकार छ -

बिहानीले अँध्यारोसँग सङ्घर्ष नगरे
दिन कहिल्यै उदाउँदैन
बसन्तले पतझडसँग सङ्घर्ष नगरे
हरियाली कहिल्यै छाउँदैन
मानिसले अन्याय र अत्याचारसँग सङ्घर्ष नगरे
जीवनमा स्वतन्त्रता कहिल्यै पाइदैन ।

नेपाली भाषाका अनेक फुटकर कविताका माध्यमबाट आफ्नो साहित्ययात्रा सुरु गरेका रावलका हालसम्म केही फुटकर कथा, दुईवटा कवितासङ्ग्रह, तीनवटा गजलसङ्ग्रह र एउटा गजल र कविताको संयुक्त सङ्ग्रहको प्रकाशन भइसकेको छ । २०५९ सालमा प्रकाशित **सिरानीमा आँसु** गजल र कविताको संयुक्त सङ्ग्रहको प्रकाशनपछि कवि रावलले अन्य पुस्तकाकार कृतिको प्रकाशन गरेका छैनन् । २०६६ सालमा **एउटा बन्द खाम** गजलसङ्ग्रहको प्रकाशन भए पनि यस सङ्ग्रहमा गजलकार रावलका पूर्व-प्रकाशित **बिरानो यो ठाउँमा** र **सिरानीमा आँसु** सङ्ग्रहबाट छानिएका पचासवटा गजलहरूको सङ्कलन गरिएको छ । त्यसैले उनी २०५९ देखि हालसम्म फुटकर रचनाहरूको प्रकाशनमा नै क्रियाशील रहेका छन् ।

उनका पत्रपत्रिकामा प्रकाशन भएका विभिन्न लेख, रचना बाहेक प्रकाशित पुस्तकाकार कृतिहरू छवटा भए पनि **एउटा बन्द खाम**मा पुरानै गजलहरूको सङ्कलन गरिएकाले उनका गजल र कविताका सङ्ग्रह पाँचवटा नै मान्नुपर्छ । यस परिच्छेदमा उनका सम्पूर्ण प्रकाशित कृतिहरूको र पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरूको क्रमशः अध्ययन गरिएको छ ।

## ४.२ यस पटक पनि कवितासङ्ग्रहको अध्ययन

### ४.२.१ लेखन तथा प्रकाशन

**यस पटक पनि** ललिजन रावलको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिमा कवि रावलद्वारा वि.सं. २०३७ देखि २०४० सम्म रचना गरिएका उनन्तीसवटा कविताहरूको सङ्कलन गरिएको छ । गद्य शैलीमा लेखिएका कविताहरूको सङ्ग्रह **यस पटक पनि** को प्रकाशन लहर प्रकाशन काठमाडौँबाट वि.सं. २०४० मा भएको हो ।

### ४.२.२ सङ्ग्रहको नामकरण

कवि रावलले **यस पटक पनि** कवितासङ्ग्रहमा आफ्नो जीवनयात्राका क्रममा देखेका र भोगेका अनेक अनुभूतिलाई कवितामार्फत अभिव्यक्त गरेका छन् । यस सङ्ग्रहभित्रका कविताका अनेक पङ्क्तिले यथास्थितिवादलाई निरन्तरता दिँदै गएको यथार्थप्रति तीखो प्रहार गरेका छन् । परम्परादेखि चल्दै आएको थिचोमिचो दमन र प्रतिबन्धबाट आफू र आफ्नो कलम पनि अछुतो नभएको गुनासो गर्दै यस पटक पनि नेपाल र नेपालीका लागि आहतमा राहत नभई केवल कविता मात्र दिन सकेको यथार्थलाई लक्षित गर्दै यस सङ्ग्रहको नामकरण **यस पटक पनि** गरिएको हो ।

## ४.२.३ संरचना

यस उप-शीर्षकमा **यस पटक पनि** कविता सङ्ग्रहभित्रका उनन्तीसवटा कविताहरूको संरचनाका बारेमा चर्चा गरिएको छ । संरचनागत हिसाबले हेर्दा **यस पटक पनि** कवितासङ्ग्रहका कवितामा एकरूपता देखिँदैन । **यस पटक पनि** भित्रका कविताको संरचनालाई निम्नानुसार तालिकामा अध्ययन गरिएको छ -

| क्र.सं. | कविताको शीर्षक | पृष्ठ | अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| १ | अछाम मैले तिमीलाई बिर्सेको छैन | १५-१६ | ३ | ३८ |
| २ | एउटै प्रतीक्षामा | १७-१८ | ३ | २९ |
| ३ | एक दिन: दुई क्षण | १९-२० | २ | ३१ |
| ४ | मेरो कविता | २१ | २ | १८ |
| ५ | सपना: प्राप्तिको चाहना | २२-२३ | ३ | २३ |
| ६ | तिनीहरू | २४ | १ | १६ |
| ७ | बाटो | २५-२६ | ४ | ३५ |
| ८ | एउटा खहरे खोला वर्षामा उर्लिदा | २७-२८ | १ | ३१ |
| ९ | फोकल्याण्ड युद्ध : परिणाम | २९ | २ | ११ |
| १० | माटो | ३०–३१ | २ | ३० |
| ११ | डाँडा | ३२-३३ | ३ | ३२ |
| १२ | गीतको प्राप्ति | ३४-३५ | ४ | ३३ |
| १३ | केही काम भइरहेछ यहाँ | ३६-३७ | १ | ३० |
| १४ | यस पटक पनि | ३८-४० | ४ | ४७ |
| १५ | अँध्यारोको माझबाट | ४१ | २ | १६ |
| १६ | समयको परिचय | ४२-४३ | ३ | २५ |
| १७ | मेरो देशको बालक | ४४ | २ | १४ |
| १८ | सुन्नुको अर्थ | ४५ | १ | १३ |
| १९ | परेवाहरू जीवनको सुरक्षामा | ४६-४७ | ५ | ३२ |
| २० | दुई टुक्रा | ४८ | ३ | ८ |
| २१ | निरन्तरताको क्रममा | ४९-५० | २ | २८ |
| २२ | समानान्तर भोगाइ | ५१-५३ | २ | ५२ |
| २३ | भोक लागेपछि | ५४ | १ | १७ |
| २४ | मेरो कविताको स्वर | ५५-५६ | १ | ३६ |
| २५ | तिम्रै आगमनको लागि | ५७ | २ | १२ |
| २६ | दशैंको तयारीमा | ५८-६० | ७ | ५६ |
| २७ | आगो र निर्माण | ६१-६२ | १ | ४१ |
| २८ | गुरखाका छोकरा | ६३-६५ | ५ | ४५ |
| २९ | सालिक: खेलौनाको मालिक | ६६ | १ | ८ |

**यस पटक पनि** कवितासङ्ग्रहमा घटीमा आठ हरफदेखि बढीमा छपन्न हरफसम्मका कविता सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये 'दुई टुक्रा' र 'सालिक खेलौनाको मालिक' शीर्षकका कविता आठ हरफमा मात्र रचिएको छ भने 'दशैंको तयारीमा' शीर्षकको कविता छपन्न हरफमा रचना गरिएको छ । कम्तिमा आठदेखि बढीमा छपन्न हरफसम्मका लामा कविताको सङ्कलन गरिएको यस सङ्ग्रहमा ललिजनले बीस हरफभन्दा माथि र पचास हरफभन्दा तलका कविताहरूको रचना बढी मात्रामा गरेका छन् ।

रावलका कविताका हरफको सङ्ख्यामा असन्तुलन भए जस्तै हरफको आकार पनि असन्तुलित देखिन्छ । उनका कवितामा प्रयुक्त भएका हरफ कुनै ज्यादै लामा, कुनै ज्यादै छोटा छन् भने कुनैकुनै हरफ त एक शब्दको मात्र पनि पाइन्छ ।

**लामो हरफ भएका -**

- उज्यालोको निमित्त केही कविताहरू लेखिरहेको छु म
  अँध्यारोको माझबाट रातको विरुद्ध कलम चलाइरहेको छु म ।

*'अँध्यारोको माझबाट' पृ. ४१*

- असिनाको प्रहारको नराम्रो मार पाएका हुन्छन पक्कै पनि
  फूलहरूले पातहरूले सजिएर बाँच्ने प्रतीक्षामा हुन्छन् तरै पनि ।

*'आगो र निर्माण' पृ.६१*

- अहिले आफ्ना देशवासी साथीहरूको माझ हुँदा पनि यस्तो लागिरहेछ
  कन्जुस मारवाडीका छोराहरूको यसरी बोलाइरहेछन् मलाई ।

*'गुरखाका छोकरा' पृ.६५*

**छोटो हरफ भएका -**

- नागरिकता भिन्दै छ
  तिनको र हाम्रो
  तर बाध्यता एउटै छ
  दुईटैको ।

*'समानान्तर भोगाइ' पृ.५१*

- मेरो कविताको स्वर
  हिजो जे थियो
  आज पनि त्यही नै छ ।

*'मेरो कविताको स्वर' पृ.५५*

**एक शब्दको हरफ भएका -**

- घाम लागिसकेको छैन
  तर
  भाले बास्न आँटिसकेको छ ।

*'मेरो कविता' पृ. २१*

- मेरा
  अग्रज मित्रहरू
  पहिरोबाट जोगाउन
  यस माटोलाई
  थामिरहेका छन् ।

*'माटो' पृ. ३१*

- सम्भवतः
  नव गुरखालाई देखेर हर्षित हुन्थे तिनीहरू ।

*'गुरखाका छोकरा' पृ. ६३*

यसप्रकार यस सङ्ग्रहका कविताको संरचना आकार र प्रकारका दृष्टिले असन्तुलित देखिन्छ । उनले अति छोटा हरफ बनाउनका लागि 'बरु', 'त्यसैले', 'तर', 'यसरी', 'निद्राबाट', 'वा', 'दुवैपट्टि', 'सम्भवत' जस्ता शब्दहरूको प्रयोग गरेका छन् ।

### ४.२.४ विषयवस्तु

ललिजन रावलले **यस पटक पनि** कवितासङ्ग्रहका कवितामा आफ्नो जीवन भोगाइका अनुभूतिलाई प्रस्तुत गरेका छन् । समाजको प्रत्येक क्षेत्रमा देखिने चर्को अन्तर्विरोध र द्वन्द्वहरू, यथास्थितिवाद र प्रगतिवादका माझको निर्मम प्रतिद्वन्द्विता, पुरानो नेपालको गर्भबाट जन्मन थालिरहेको नयाँ नेपालका छटपटी, उत्सुकता, सपना, विश्वास र सङ्कल्पहरू, शारीरिक कष्ट र मानसिक बेदनाका बीच पनि नवीन सिर्जनाको इच्छा, आकाङ्क्षाबाट उद्वेलित विजयपूर्ण भविष्यको अजम्मरी कल्पनाहरू नै यी कविताका विषयवस्तु हुन् ।[५१] यसका साथै बम्बईका बजारमा लगेर बेचिने हाम्रा कलिला चेलीबेटी, विदेशी भू-भागमा वाचम्यान र गुलाम बन्न बाध्य कर्मठ नेपाली नागरिकहरू, पेटभरी खान नपाएका नेपाली बालबालिकाहरूको विवसता, परम्परागत अन्धा पाठ्यपुस्तक, पाखण्डी प्रशासकहरू, सेवाको नाममा आफ्नो प्रचार गरेर हिँड्ने जनसेवकहरू आदि प्रसङ्गलाई कविले आफ्नो कविताको विषयवस्तुका रूपमा लिएका छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरू र तिनले व्यक्त गर्न खोजेको भावलाई तल विस्तारमा चर्चा गर्ने प्रयास गरिएको छ -

### ४.२.४.१ राष्ट्रियता

कवि रावल देशभक्त भएकाले देश र जन्मभूमिप्रतिको श्रद्धाभावलाई कविता मार्फत प्रस्तुत गरेका छन् । आफू जन्मिएको, उभिएको र बाँचेको माटोलाई माया गर्ने रावलले आफ्ना कविताको माध्यमबाट आफूले आफ्नो देशको माटोप्रति गरेको मायालाई दर्शाएका छन् । उनले माटोलाई चुमेर, ढोगेर र माटोको मानचित्रको अगाडि धूप सल्काएर माटोको माया र सम्मान दर्शाउन नसके पनि आफ्नो देश र देशको माटोप्रति नकारात्मक सोचाइ राख्नेका विरुद्धमा आफ्नो कलम बोलिरहने प्रतिबद्धतालाई यसरी व्यक्त गरेका छन् -

> यस माटोको मानचित्रमा
> गिद्धेदृष्टि पार्नेहरूको विरुद्ध
> यस माटोमाथि
> जारको इतिहास बोक्नेहरूको विरुद्ध
> मेरो कलम बोलिरहेको छ ।

*'माटो' पृ. २१*

अन्याय, अत्याचार, शोषण र दमनले धरती रोइरहेको देखेर कविले अछामलाई तिमी सम्बोधन गरेर आफूले अछामलाई मात्र नभएर सारा देशलाई हेर्नुपर्ने आशयलाई यसरी व्यक्त गरेका छन् -

> अछाम मैले तिमीलाई मात्र हेरेर पुग्दैन
> मैले पुरै देशलाई हेर्नु छ
> यसैले तिमी मात्र होइनौं
> डोटी बाजुरा दाङ र यता झापा इलाम
> सबै नै आँसु बगाइरहेका छन् ।

*'अछाम मैले......' पृ. १६*

कवि रावल आफ्नो देशको सम्मान र सीमामा भएको अतिक्रमणबाट अत्यन्त विचलित देखिन्छन् । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको नेपालको सिमाना बिस्तारै मिचिँदै गएको र आफू सीमा मिच्नेको विरुद्ध डटेर लाग्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

---

[५१] **यसपटक पनि** कवितासङ्ग्रहको भूमिकाबाट प्राप्त ।

म अहिले सन्तुष्टिको कविता लेख्न सक्दिन
म सिमाना मिच्नेहरूको पक्षमा कहिल्यै
कविता लेख्न सक्दिन ।

*'मेरो कविताको स्वर' पृ. ५६*

**यस पटक पनि** कवितासङ्ग्रहभित्रका कवितामा देश र जनताको मुक्तिका लागि प्राणाहुती गर्ने वीर सहिदहरूप्रतिको सम्मान पनि प्रकट भएको छ । कवि रावलले आफ्नो जीवनलाई बलिदान गरेर लाखौँ जिन्दगीलाई उज्यालो दिलाउने सहिदलाई अमर व्यक्तित्वका रूपमा लिएका छन् । सहिदका रगतले खोला बनेको र उक्त रगतको खोलामा कहिल्यै नमर्ने सहिदका शरीर बगेको कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

सम्झना थियो मलाई
यस्तै खोलाहरूमा रगत मिसिएर पानीसित
रातो पानी बगेको कुरा
थाहा थियो मलाई
त्यो रातो पानीको रगतसितै
कहिल्यै नमर्ने जीवनहरू बगेका थिए ।

*'एउटा खहरे खोला......' पृ. २७*

रावल आफ्नो देशको माटोलाई सहिदका लासले चुमेको र सहिदका रगतले ढोगेको देख्छन् । देश र जनताका लागि मर्ने सहिदको यही यथार्थ बलिदानको गाथालाई कविले यसरी व्यक्त गरेका छन्-

शहीदका लाशले
चुमेको छ माटोलाई
शहीदका रगतले
ढोगेको छ माटोलाई ।

'माटो' पृ.३०

आफ्नो देशको माटो वीर सहिदका रगतले मुछिएको भए पनि देश चलाउने शाशकहरूले उक्त रगतको मूल्य बुझ्न नसकेको र उनीहरू अर्काको इशारा र निर्देशनमा चलेको कुरालाई कविले आफ्ना कवितामा समेटेका छन् । कुशल शासकको अभावमा देशको माटो केही हिंस्रक हातबाट लुछिँदै गएको यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

शहीदका रगतले मुछिएको छ यस बस्तीको माटो
केही हिंस्रक दाँतहरूले नराम्ररी लुछिएको छ यस बस्तीको माटो

*'दुई टुक्रा' पृ. ४८*

तर दुर्भाग्य, सहिदको बलिदानको राज्यले उचित सम्मान गर्न सकेन । स्वतन्त्रताका निम्ति लडेर बगाएको रगतलाई चूक सम्झदै रगतको अपमान र हेला गर्ने घृणित कार्यलाई आफूले सहन नसक्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

हामीले बगाएको रगतलाई पनि
कालो काँचभित्रबाट चूक देख्छन् कोही
जिन्दगी अर्पेर बगाएको रगतको हेला भइरहेको बेला ?
कसले सहन सक्छ आफुमाथि भइरहेको हेला ?

*'समानान्तर भोगाइ' पृ.५२*

देश र जनताको स्वतन्त्रतालाई प्राप्त गर्नका लागि सहिदले बगाएको रगतले ठूलो योगदान पुऱ्याएको आशय कविले यसरी व्यक्त गरेका छन् -

आफ्नो सङ्घारको निम्ति
स्वयम्‌लाई चढाएका थिए

आफ्नो रगत बगाएका थिए
र आफ्नो सङ्घारलाई मुक्त गरेका थिए ।

*'दशैंको तयारीमा' पृ. ५९*

नेपाल र नेपाली जनताका लागि आफ्नो जीवनलाई अर्पण गरेका वीर सहिदको अपमान भएकोमा कविले दुखेसो व्यक्त गरेका छन् । कविले सहिदको सम्झनालाई अजर, अमर राख्नका लागि निर्माण गरिएका सालिकको अपमान भएको र रगतविहीन सालिक नेपाली जनताको आदर्श नभई केवल चटक देखाउने चटकेका अनेकौं खेलौनाको मालिक भएर बस्नुपरेको तीतो यथार्थलाई यसरी व्यक्त गरेका छन्-

रगत हुँदैन सालिकसँग
तर रगत भएकाहरू
घृणा गर्छन् सालिकलाई
सालिकको खुट्टा ढोगेर
रगत नभएका खेलौनाहरूले
खेल देखाइहेका छन् ।
सालिक उभिइरहेको छ
मालिक बनेर खेलौनाको ।

*'सालिक खेलौनाको मालिक' पृ.६६*

## ४.२.४.२ क्रान्तिचेतना

समाजको अग्रगामी परिवर्तनका लागि कवि रावलले आफ्ना रचनाहरूमा क्रान्तिकारी विचारलाई प्रमुखताका साथ अघि सारेका छन् । समयले धेरै पछाडि पारे पनि सङ्घर्ष रोक्नु हुँदैन । विविध किसिमका वाधा र व्यवधानलाई पन्छाउँदै क्रान्तिका लागि अघि बढेका गतिशील पाइलाहरू निरन्तर अगाडि बढ्नुपर्दछ । उज्यालो प्राप्तिका लागि अघि सर्दा बाटोमा आउने व्यवधानलाई पार गर्दै आफ्नो हकका लागि अगाडि बढ्नुपर्ने आशयलाई कविले यसरी व्यक्त गरेका छन् -

छेक्दैमा पहाडले बाटोलाई
पाइतालाहरू फर्किदैनन् पछाडितिर
बरु नाध्दै जान्छन् पहाडलाई पनि

*'एक दिनः दुई क्षण' पृ. २०*

उज्यालो भविष्यका निम्ति सङ्घर्ष गर्ने क्रान्तिकारी विचारलाई अघि बढाउने वा नबढाउने भन्ने कुरामा कवि दुविधामा रहेका छन् । सङ्घर्षको बाटोमा विभिन्न वाधा खडा भएपछि कवि केही हतास भएका छन् र के गरु ? को स्थितिमा पुगेका छन् ।

बाटोलाई पहाडले छेकेको पाएँ
क्षितिजलाई कुहिरोले ढाकेको पाएँ
अहिले एकैछिन अल्मलिएको छु
उज्यालोको निमित्त लडिरहुँ
वा अँध्यारो नै बाँचिरहुँ ।

*'एक दिनः दुई क्षण' पृ. १९*

अप्रजातान्त्रिक निरङ्कुश शासन व्यवस्थाका प्रतिनिधिलाई स्याल र चेतनशील नेपालीलाई बाखाको संज्ञा प्रदान गरी प्रतीकात्मक पाराले लेखिएको 'डाँडा' कवितामा कविको क्रान्तिकारी छविको छनक पाइन्छ । सधैँभरी सीधासाधा जनतालाई थिचोमिचो र दमनमा राख्न पल्केका निरङ्कुश शासकहरूको झन्टाइलाई प्रतिवाद गर्नका लागि बाखारूपी जनताहरू एक अर्कासँगै हातेमालो गर्दै लक्ष्यको बाटोमा निरन्तर अघि बढिरहेका छन् र उनीहरूमा क्रान्तियुक्त चेतनाको विस्तार भइसकेको छ । यही क्रान्तिकारी चेतनासँगै मानिसमा एकताको भावना पनि

पलाएको र उक्त एकताको भावना शत्रुको पन्जाबाट मुक्ति पाउनका लागि महत्त्वपूर्ण रहने आशयलाई कविले यसरी व्यक्त गरेका छन् -

अनुभव भइसकेको छ बाखाहरूलाई
एक्लै डाँडा उक्लिन खोज्दा
मौका पारेर झम्टिन्छन स्यालहरू
चनाखा भइसकेका छन् अब बाखाहरू
यसैले अहिले सबै बाखाहरू
सँगसँगै उक्लिँदै छन् डाँडाहरू ।

*'डाँडा' पृ. ३२*

'गीतको प्राप्ति' कवितामा पनि आफ्नो हक अधिकार र स्वतन्त्रताका लागि बज्ने क्रान्तिकारी गीतलाई बन्द गराउने प्रयास भए पनि आफ्नो क्रान्तिकारी गीत सदैव घन्किरहने कविको दृढ विश्वास पोखिएको छ । आफ्नो क्रान्तिकारी गीतलाई घन्कन सहयोग गर्ने बाजामा भएका तार चुडाल्ने र बाजामा प्वाल पारी बाधा खडा गर्ने निरर्थक प्रयासको विरोध गर्दै आफ्नो सपना सार्थक तुल्याउँदै शान्ति र अमनचयनको क्रान्तिकारी गीतलाई सारा देशभरि घन्काउने अठोटलाई कविले यसरी व्यक्त गरेका छन् -

तारहरू फेर्दै जान्छौ बाजाका
प्वालहरू टाल्दै जान्छौ बाजाका
यसरी पुनः हाम्रो गीत घन्किदै जान्छ
गीतले घर घेरिएको पर्खाल हल्लिन्छ ।

*'गीतको प्राप्ति' पृ.३४*

कवि क्रान्तिका लागि अघि बढ्न आतुर देखिन्छन् । केही प्राप्त गर्नका लागि आफैबाट काम सुरु गर्नुपर्दछ । हात बाँधेर बसेर केही प्राप्त हुँदैन । उज्यालोको प्रतीक्षामा बस्दा बस्दै सारा समय बर्बाद हुने हुँदा अँध्यारोबाटै भए पनि केही काम थाल्नुपर्ने कविको आशय रहेको छ ।

हात बाँधेर बिहानीको प्रतीक्षा गर्दैमा सूर्य उदाउँदैन
हात बाँधेर अँध्यारो हटाउनलाई रात अस्ताउँदैन
आगो बालेर भए पनि उज्यालो छरी नै रहनुपर्छ
मशाल बोकेर भए पनि रातलाई तर्साउनु नै पर्छ ।

*'अँध्यारोको माझबाट' पृ. ४१*

नेपाली जनताका भावना र चाहनालाई अँध्यारोमा कैद गरिए पनि क्रान्तिका लागि अघि बढेका चेतनशील नेपालीको अदम्य साहस र लगनले नेपालमा अवश्य आफूले चाहेको जस्तो दिन आउँछ । यसको लागि दृढ सङ्कल्प र आँट हुनुपर्छ ।

यस आँगनभत्र नौला बिरुवाहरू हुर्काउने सङ्कल्प बोकेका छौ हामीले
यस आँगनभित्र नौलो फूलहरू फुलाउने आँट गरेका छौ हामीले ।

*'अध्यारोको माझबाट' पृ. ४१*

नेपाली जनता अब चेतनशील भैसके । आफ्नो जीवन रक्षाका लागि सक्रिय हुन आँटेका आम नेपालीको क्रान्तिकारी सचेतनालाई कविले यसरी व्यक्त गरेका छन् -

अब, परेवाहरू चीलभन्दा पनि
बाजदेखि सतर्क हुन थालेका छन्
अब, परेवाहरू
आफ्नो जीवनको सुरक्षामा लागेका छन् ।

'परेवाहरू जीवनको.....' पृ.४७

समयको परिवर्तनसँगै पुरानै परिवेशमा पनि चेतनाको नौलो बाटोको रेखा देखिन थालेको र उज्यालो दिनको आभास दिलाउनका लागि खोरको भाले बास्न लागेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

खुल्दैछ यस बस्तीमा चेतनाको नौलो बाटो
बास्दैछ भाले खोरमा बिहानको नौला डाँको ।

*'दुई टुक्रा' पृ. ४८*

नेपाली जनताको धैर्यको सीमा टुट्न लागेको छ । आफूमाथि अन्याय र अत्याचारको पहिरो लडाउने र आफू आनन्दमा लम्पट हुने तत्कालीन नेतृत्वको विरोधमा नेपालीहरू उठ्न थालेका छन् । सङ्घर्षका लागि अगाडि बढ्ने बाटोमा ठड्याइएका पर्खालहरू निरन्तर भत्किँदैछन् । आउँदो परिस्थितिको सामना गर्नका लागि निरीह शरीरमा पनि बिस्तारै तातोपन बढ्दैछ । यही क्रान्ति चेतनाको तातोपनसँगै निरङ्कुशतन्त्रको पतन भएर उज्यालो दिनको प्रारम्भ हुनेछ ।

पर्ख ! तिमीलाई छेक्ने ती पर्खालहरू
भत्किँदैछन् निरन्तर
हामीलाई फसाउने शरीरहरू
तात्तिँदै छन् निरन्तर
यही निरन्तरताको क्रममा
घाम लागिसकेको हुनेछ हाम्रो आँगनमा
भाँडा बसिसकेको हुनेछ हाम्रो चूल्होमा ।

*'निरन्तरताको क्रममा' पृ.५०*

कवि रावलले कविताका हरफबाटै आफूलाई क्रान्ति चेतनाले युक्त कविको रूपमा चिनाउन खोजेका छन् । उनी शाशकवर्गको स्तुति गरिएको खोको र नेपाली जनतालाई अन्यौलको भावना उब्जाउने कविता लेख्न सक्दैनन् ।

मेरो कवितामा रिमालको स्वर भर्न खोजेको छु
मेरो कवितामा गोकुलको भाखा भर्न खोजेको छु
मेरो कवितामा कसैको स्तुति गान हुन सक्दैन
मेरो कवितामा जीवनप्रति अन्यौलको भान हुन सक्दैन ।

*'मेरो कविताको स्वर' पृ.५५*

कवि रावलले दशैं जस्तो महान चाडलाई परम्पराको धरोहरका रूपमा नलिई क्रान्ति प्रारम्भ गर्ने समयका रूपमा लिएका छन् । 'दशैंको तयारीमा' कवितामा उनको क्रान्तियुक्त भावनाको प्रचुरता रहेको पाइन्छ । परम्पराका साङ्लाहरूद्वारा बाँधिएर दशैं नमनाइकन आफ्नै पाराले दशैं मनाउन र दशैंको माध्यमबाट क्रान्तिको प्रारम्भ गर्न कवि आतुर देखिन्छन् ।

हाम्रो सङ्घारमा पनि
परम्पराका साङ्लाहरू छन्
हामी र हाम्रो सङ्घारलाई नङ्ग्याएर
टोपी बनाइएको छ
र टोपीमा परम्परा बाँधिएको छ,
हाम्रो सङ्घारमा हामीले
घाम छर्न पाएका छैनौं
हामी पनि अब
दशैंको तयारीमा लागिरहेका छौ ।

*'दशैंको तयारीमा' पृ.६०*

### ४.२.४.३ स्वतन्त्रताप्राप्तिको चाहना

**यस पटक पनि** कवितासङ्ग्रहभित्रका कवितामा निरङ्कुश पञ्चायती शाशकले जनताको मौलिक अधिकारमा लगाएको बन्देज र ती बन्देज पार गरेर स्वतन्त्रता प्राप्त गर्ने चाहना प्रमुख रूपमा प्रस्तुत भएको छ । कविले निरङ्कुश शासन व्यवस्थाको विरोध गर्दै आफ्नो स्वतन्त्र हुने अभिलाषालाई विभिन्न कविताका पङ्क्तिद्वारा अभिव्यक्त गरेका छन् । पिँजडाको सुगाको जस्तो निरीह जीवन बिताइरहेका आम नेपालीलाई भोलिको सुनौलो भविष्य अवश्य आउनेछ भन्ने सान्त्वना दिँदै कविले भनेका छन्–

भाले बासिसकेको हुन्छ रात सकिनुभन्दा पहिले
चरा चुरुङ्गीहरू चिरबिराइसकेका हुन्छन् बिहान हुनुभन्दा पहिले ।

*'एउटै प्रतिक्षामा' पृ.१७*

यस कवितासङ्ग्रहभित्रका कवितामा स्वतन्त्रताको बारेमा धेरै चर्चा भएको पाइन्छ । उनले आफूलाई कविताको माध्यमबाट स्वतन्त्रता र नेपाली जनताको पक्षमा उभ्याएका छन् । स्वतन्त्रता र नेपाली जनताको पक्षमा कलम चलाउँदा आफ्नो कलम र कवितालाई प्रतिबन्ध लगाउन खोजे पनि आफू डटेर अघि बढ्ने र लक्ष्यमा पुग्ने दृढ विश्वास राख्दै कविले भनेका छन् -

बन्दूकहरूको माझमा छ मेरो कविता
तर पनि घोषणा गरिरहेको छ
घाम लागिसकेको छैन
तर
भाले बास्न आँटिसकेको छ ।

*'मेरो कविता' पृ.२१*

कविले नेपाल र नेपालीले स्वतन्त्र अस्तित्व प्राप्त गरेको सपना देखेका छन् । सपनाको कुरालाई बिपनामा प्राप्त गर्नका लागि अनेक कठिनाइहरू पार गर्दै र स्वतन्त्र अस्तित्वको महानतालाई हृदयङ्गम गर्दै आफूले स्वतन्त्रताको चाहना गरेको र उक्त सपनालाई आफूले आँखामा बसालेको भावलाई कविले यसरी व्यक्त गरेका छन् -

तिम्रो प्राप्तिको कठिनाइलाई बुझेको छु
तिम्रो प्राप्तिको महानतालाई पनि बुझेको छु
यसैले नै तिम्रो प्राप्तिको चाहना गरेको छु
सपना ! मैले तिमीलाई आँखामा बसालेको छु ।

*'सपना ! प्राप्तिको चाहना' पृ.२३*

स्वतन्त्रता प्राप्त गर्ने चाहना राखेर अघि बढेका क्रान्तिकारी पाइलाहरू रोक्नका लागि बाटोमा विभिन्न खालका बाधाहरूको सिर्जना गरिएको र ती बाधालाई हटाउँदै स्वतन्त्र अस्तित्व प्राप्त गर्ने लक्ष्यमा आफू निरन्तर डटेर लाग्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

हिलैहिलो छ हामीले हिँड्ने बाटोभरि
धापैधाप छ हामीले हिँड्ने बाटोभरि
हिलोलाई खुट्टासँग खेलाउँदै बढिरहेका छौँ
धापलाई खुट्टाले कुल्चिँदै बढिरहेका छौँ
सधैं-सधैं व्यवधान भएर उभिन्छन्
हिलो र धापहरू
प्रत्येक पल्ट समाधान गर्दै जान्छौँ हामीहरू ।

*'बाटो' पृ.२५*

स्वतन्त्रता प्राप्तिका लागि नेपाली जनताहरू दिनरात सङ्घर्षमा लागेका छन् । कलम, बादल र सारङ्गीले पनि विजयको गीत गाइरहेका छन् भने नेपाली सपुतहरू आफ्नो जीवनको माया नगरी छातीमा गोली थाप्न पनि पछि हटेका छैनन ।

तिमीलाई सम्झेर
हाम्रा कलमहरू विश्वासले लेखिरहेका छन्
हाम्रा मादल र सारङ्गीहरू विश्वासले बजिरहेका छन्
तिम्रै आगमनको लागि
हातहरू बाटाहरूको निर्माणमा लागिरहेका छन्
तिम्रै आगमनको लागि
छातीहरू गोली थापिरहेका छन् ।

*'तिम्रै आगमनको लागि' पृ.५७*

विविध समस्या आइपरे पनि क्रान्तिकारी स्वरहरू स्वतन्त्र विचारको अभिव्यक्तिको पक्षमा रहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

त्यहाँ पनि आवाजहरूले
जिब्रोको ताल्चालाई खोल्न खोजिरहेछन् ।

*'समानान्तर भोगाइ ' पृ. ५२*

### ४.२.४.४ अतीतको स्मरण

यस सङ्ग्रहमा अतीतको स्मरण गरेर लेखिएका कविताहरू पनि निकै रहेका छन् । कविले आफ्नै अतीत र नेपालको इतिहास बनेको अतीतलाई यस सङ्ग्रहका कवितामा समेटेका छन् । सानै उमेरमा पढाइका लागि भारतको मुम्बईमा गएको प्रसङ्गलाई कविले आफ्ना कवितामा यसरी उठाएका छन् -

तिम्रै न्यानो मायालाई छातीभित्र लुकाएर
तिमीलाई बिदा दिएका थिए मेरा पाइतालाहरूले
र प्रवेश गरेका थिए
एउटा बिरानो देशको शहरमा ।

*(अछाम मैले तिमीलाई.... ' पृ.१५*

आफ्ना बाबुसँग भारतको मुम्बई पुगेका कविले त्यहाँको सरकारी स्कुलमा भर्ना भएपछि सहपाठी साथीले आफूलाई गुरखाका छोकरा भनेर हियाउने गरेको कुरालाई यसरी सम्झेका छन् -

त्यहाँ म सरकारी स्कुलमा पढ्थे
कन्जुस मारवाडीका छोराहरू पनि त्यहीँ पढ्ने गर्थे
तिनीहरूले 'गुरखाका छोकरा' भनेर बोलाउने गर्थे
'तुम्हारा बाप हमारा बापको सलाम कर्ता है'
यस्तै भनी मलाई हियाउने गर्थे ।

*'गुरखाका छोकरा' पृ.६४*

जनताको आदर्श बनेको इतिहासलाई पनि कविले आफ्ना कविताका माध्यमबाट चित्रण गरेका छन् । सङ्घर्षपछि मात्रै केही प्राप्त हुने सिद्धान्त बोकेको हाम्रो इतिहास झुटो छैन । बाधा पन्छाउँदै निरन्तर अगाडि बढेमा लक्ष्यमा अवश्य पुगिन्छ ।

इतिहास कदापि झुटो हुन सक्दैन
धापैधापबाट हिँडेर थुप्रैले
उच्च ठाउँमा पुगेको ताजा सम्झना छ हामीहरूलाई ।

*'बाटो'पृ.२५*

आफ्ना लागि केही गर्न खोज्ने नेपालीलाई प्रतिबन्ध लगाइएको तर हार नमानिकन अघि बढेर आफ्नो लक्ष्य पूरा गरेरै छाडेको इतिहासको घटनालाई कविले यसरी सम्झेका छन् -

आगो बाल्न खोज्नेहरू
संसार नदेखिने ठाउँमा लगेर बाँधिन्छन्
हुन त जहाँसुकै
यस्तो परिपाटीभित्र यस्तै यस्तै हुनेगर्छ
यो कुनै नौलो आश्चर्य होइन
इतिहासका पाता पाताहरू
यस्तै कुराहरूले भरिएका छन्
तर आगो बालेर नै छोडेका कुरा
र बिरुवा हुर्काएर नै छाडेका कुरा
निचोडमा लेखिएका छन् ।

*'आगो र निर्माण' पृ.६२*

### ४.२.४.५ प्राकृतिक प्रकोपको चित्रण

कविले **यस पटक पनि** कवितासङ्ग्रहमा विभिन्न प्राकृतिक प्रकोपको वर्णन गरेका छन् । घाम, बाढी, भूकम्पले अछामको अनुहारलाई नै विकृत पारेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

कहिले घाममा डढेको हुन्छ तिम्रो अनुहार
कहिले बाढीमा बगेको हुन्छ तिम्रो अनुहार
कहिले भूकम्पमा चर्केको हुन्छ तिम्रो अनुहार
अछाम मैले तिम्रो त्यो अनुहारलाई बिर्सेको छैन ।

*'अछाम मैले.....' पृ. १५*

भूकम्प, बाढी, पहिरोले अस्तव्यस्त मानव जीवनको चित्रण पनि रावलका यस सङ्ग्रहका कवितामा भएको पाइन्छ । सही समयमा पानी नपरेर खेती गर्न नपाएका मानिसहरू पानीको पर्खाइमा बसेका छन्, जमिन सुकिरहेको छ भने बेमौसमको पानीले जमिन बगाएको र बस्ती उभ्काड बनाएको यथार्थलाई कविले यसरी प्रस्तुत गरेका छन् -

भूकम्पले चर्काएको घर
बनाउन नपाउँदै
भत्काएको छ पहिरोले,
आकाशतिर हेरेर बसेका थिए मान्छेहरू
जमिन सुकिरहेको थियो निराश थिए मान्छेहरू
अवस्था पुनः दोहोरिएको छ
तर फेरिएर
जमिन बगाएको छ पानीले
बस्ती लडाएको छ बाढीले

*'यस पटक पनि' पृ.३८*

बाढी र पहिरोले गर्दा विचल्लीमा परेका नेपाली बालबालिकाको यथार्थ स्थितिलाई कविले यसरी देखाएका छन् -

एउटा बालक आमाको दूधको लाम्टा खोजिरहेको छ
घर बगाएको थाहा छैन उसलाई
जमिन बगाएको कुरा पनि थाहा छैन उसलाई ।

*'यस पटक पनि' पृ.३९*

बाढी र पहिरोमा आफ्ना आमा र बाबुलाई गुमाएका शोकाकूल नेपाली नानीहरूको रोदनलाई कविले यसरी व्यक्त गरेका छन् -

आमा बाबुका मृत शरीरहरू देखेर
शोकाकूल भएर रोइरहेका छन् दुई साना नानीहरू ।

*'यस पटक पनि' पृ.३९*

### ४.२.४.६ सामाजिक यथार्थको प्रस्तुति

**यस पटक पनि** कवितासङ्ग्रहमा समाजमा विद्यमान रहेका यथार्थ पक्षहरूको चित्रण गरिएको छ । नेपाली समाज रोग, भोक र अभावले ग्रस्त छ । एउटा बालकले पेटभरि खान पाएको छैन । पेटभरि खान नपाएको बालकको कारुणिक चिच्याहटलाई कविले यसरी व्यक्त गरेका छन् -

आँखाबाट आँसु बगाउँदै
भोक लागेपछि बालक चिच्याई -चिच्याई झगडा गर्छ ।

*'भोक लागेपछि' पृ.५४*

समयको परिवर्तनसँग नेपाली समाज अघि बढेको छैन । आफ्नो देश, हक र अधिकारका लागि अघि सरेर लड्नुपर्ने समयमा हाम्रो देशका बालबालिकाहरूलाई जबरजस्ती अन्धविश्वासपूर्ण पाठ्यपुस्तक घोकाइएको छ ।

अधिकारको लागि लड्नुपर्छ
देशको निम्ति मर्नुपर्छ
यस्ता पाठ
ख्वै कहाँ पढ्न पाएका छन् यहाँ बालकले ।

*'समयको परिचय' पृ.४३*

अभाव र कष्टको विषाक्त वातावरणका माझमा आफ्नो जीवन गुजारिरहेका नेपाली वालबालिकाको हक र अधिकार नाम र नारामा नै सीमित रहेको छ । समानता, सन्तुलित आहार र बालअधिकारको व्यापक प्रचार प्रसार सुन्दै बालबालिकाहरू भोकै पेट सुत्नुपरेको यथार्थ सत्यलाई कविले यसरी व्यक्त गरेका छन् -

ढोकाको छेउमा बसेर
प्रत्येक साँझ
सुकेको पेट लिएर
आमा बाबुलाई पर्खिरहेको हुन्छ
सन्तुलित आहारको कथा
सुनिरहेको हुन्छ
मेरो देशको बालक ।

*'मेरो देशको बालक' पृ.४४*

जीविकोपार्जनका लागि विदेशका विभिन्न ठाउँ जाने नेपालीहरूको यथार्थ पनि उत्तिकै तीतो छ । पाठ्यपुस्तकमा बहादुरगोर्खासम्बन्धी अनेक खालका साहसिक घटनाको वर्णन भएको भए पनि यथार्थ त्यस्तो नभई गोर्खालीको बहादुरी सेवा र चाकडीमा नै सीमित रहेको छ -

गोरखाहरूको बहादुरी सम्बन्धी
केही पाठहरू पढेको थिए त्यहाँ
पढेको कुरा अर्कै थियो
भोगेको थिए
भोगेको कुरा अर्कै थियो
सम्भवत:
हाम्रो बहादुरी सेवालाई सलाम गर्नुमा हुन्छ

हाम्रो बहादुरी डण्डा समाएर ढोका कुर्नुमा हुन्छ ।

*'गुरखाका छोकरा' पृ.६४*

शिक्षा आर्जन गर्नका लागि विदेश जाने नेपालीले अझसम्म पनि आफ्नै देशलाई विदेश भनेर पढ्नुपर्ने यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

अझै त्यहाँ थुप्रै गुरखाका छोकरा
आफ्नो देशलाई विदेश भनेर
भूगोल पढिरहेका छन् ।

*'गुरखाका छोकरा' पृ.६५*

प्राकृतिक प्रकोपबाट पीडित नेपाली जनतालाई राहत दिलाउनका लागि उद्धारकार्य बेजोड तरिकाले सुरु भएको प्रचार गर्दै आफ्नो दूनो सोझ्याउन पल्केका हाम्रा जनसेवकहरू सहयोग गरेको सम्मान प्राप्त गर्न लालायित छन् ।

आकाशबाट निरीक्षण भयो
उद्धारकार्य जोडतोडले हुने भयो
पुनः उही खबर दोहोऱ्याई तेहऱ्याई सुनाइयो
र पुनः हर्षको सङ्गीत गुन्जाइयो
तर उद्धार कार्य कहिले सुरु हुन्छ हेर्दैछु
सुरुवात त भैसक्नु पर्ने
तर त्यस्तो कहिल्यै भएन ।

*'यस पटक पनि' पृ.३९*

प्रतिकूल प्राकृतिक प्रकोपका कारण टुहुरा भएका नेपाली चेलीलाई आश्रय दिएर हुर्काएको नाममा बम्बईको बजारमा लगेर बेचिने वास्तविकतालाई प्रस्तुत गर्दै यस खालको कुरीतिलाई बढावा नदिनका लागि सबै नेपाली सचेत हुनुपर्दछ भन्ने आशयलाई निम्न कवितांशले व्यक्त गरेको छ -

भोलि कतै हुर्काएको नाउँमा
बम्बईतिर बेच्छन् भने
ख्याल गर्नुपर्छ नेपालीले ।

*'यस पटक पनि' पृ.३९*

## ४.२.४.७ निरङ्कुश प्रवृत्तिको चित्रण

निरङ्कुश व्यवस्थाका प्रतिनिधिद्वारा नेपाली जनताको हक र अधिकारमा लगाइएको बन्देजलाई कवि रावलले आफ्ना कवितामा समेटेका छन् । गाँस, बास र कपासको व्यवस्था हुनुपर्ने मौलिक अधिकारका साथसाथै अभिव्यक्ति स्वतन्त्रता पनि मिचिँदै गएको तत्कालीन परिवेशलाई कविले यसरी व्यक्त गरेका छन् -

घामका कुरा गरिरहेको बेला
मेरो कविता थुप्रै पटक गिरफ्तार भएको छ ।

*'मेरो कविता' पृ.२१*

शाशक स्तुतिमा आफ्नो कविता सीमित राख्न र आफ्नो कवितालाई क्रान्तिका स्वरहरू व्यक्त गर्न बन्देज लगाउन खोजेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

मेरो कवितालाई बाध्य गराउन खोज्छन्
अँध्यारोको पक्षमा कुराहरू बक्न
मेरो कवितालाई आत्मसमर्पण गराउन खोज्छन्
उज्यालोका कुराहरू नगर्न ।

'मेरो कविता' पृ.२१

नेपाली जनतालाई सधैँ अन्यौल र अँध्यारो वातावरणमा राख्न चाहने तत्कालीन नेतृत्वलाई सम्बोधन गर्दै कविले भनेका छन्-

खडेरी पल्टेकोमा आनन्द मानिरहेका छन् कोही
अँध्यारो बुनेकोमा उन्मुक्त हाँसो हाँसिरहेका छन् कोही
उमार्न निषेध गरिएको छ केही
उज्यालो छर्न निषेध गरिएको छ यहाँ ।

*'तिनीहरू' पृ. २४*

हक र अधिकारको लडाइँमा अघि बढ्न थालेको समयमा लक्ष्यमा पुग्न नदिनका लागि बाटोमा विभिन्न बाधा सिर्जना गरेको निरङ्कुश प्रवृत्तिलाई कविले यसरी उल्लेख गरेका छन् -

कतै पहिरो खसाएर
भत्काएका छन् हाम्रो बाटो
कतै पहाड ठड्याएर
छेकेका छन् हाम्रो बाटो ।

*'बाटो पृ. २६*

सोझासाझा नेपाली जनतालाई सधैँभरि भ्रममा राख्नका लागि बाहिर एकथरी कामको सम्पन्न भएको प्रचार गर्ने र भित्रभित्र अर्कै काम सम्पन्न गर्ने फोहोरी खेलको विकास भइरहेको छ । बगैँचाको माली भएको स्वाङ रच्दै कोमल फूलहरूको जगेडामा भन्दा नास गर्नमा लाग्ने निर्मम प्रवृत्तिको चित्रण यसरी गरिएको छ –

बगैँचाको बनेर माली
फूलहरू चुँडेर पोखरीमाथि
तराउने काम भइरहेछ यहाँ
बुद्धको तस्विर देखाएर बाहिरतिर
जुद्धलाई भित्र भित्र
हुर्काउने काम भइरहेछ यहाँ ।

*'केही काम भइरहेछ यहाँ' पृ. ३५*

भोलिको उज्यालो सपना देख्न थालेका आँखाहरूमा लगाइएको प्रतिबन्धलाई कविले यसरी व्यक्त गरेका छन् -

प्रतिबन्ध लगाएर रहरहरूमाथि
भोलिलाई उज्यालो देख्ने आँखाहरूको
सपना खोस्ने काम भइरहेको छ यहाँ ।

*'केही काम भइरहेछ यहाँ' पृ. ३६*

आफ्नो सम्पूर्ण हक अधिकार प्राप्त गर्नु त परको कुरा आफ्नै बासमा समेत नेपाली जनता चीलरूपी शाशकबाट असुरक्षित रहेका छन् ।

आकाशमा उड्नु त परै जाओस्
परेवाका गुँडहरू घेरिएका छन् चीलहरूबाट
परेवाहरू असुरक्षित छन् आफ्नै गुँडभित्र ।

*'परेवाहरू जीवनको...' पृ. ४७*

बन्दुकको जिम्मा बोकेकाहरूबाट अनाहकमा प्रयोग भएको बारुदको पीरो धुवाँले आँखा पोलिरहेको अवस्थामा सन्तुष्टिको कविताको रचना गर्न आफू अक्षम भएको कुरालाई कविले यसरी व्यक्त गरेका छन् –

बारुदको धुवाँले आँखा पोलेको छ मेरो
म अहिले सन्तुष्टिको कविता लेख्न सक्दिन ।

*'मेरो कविताको स्वर' पृ.५६*

चेतनाको विकास हुन नदिनलाई निरङ्कुश शासकले विभिन्न खालका बाधा, अड्चन खडा गरेको छ । यिनै बाधा, अड्चन धाक र धम्कीका कारण चेतनाको आगोले फैलने मौका पाएको छैन ।

केही उम्रिन सुरुआत हुनासाथ
सोहोरेर लैजान्छ जम्मै पहिरोले
कतै आगो बाल्न सुरुआत गर्नासाथ
अतिक्रमण गरेर निभाइदिन्छ बाढीले
यसरी यस इलाकाभित्र पहिरोको उपस्थितिमा
बीज अङ्कुराउन नै पाउँदैन
पानीको आतङ्कमा आगो टुसाउन नै पाउँदैन ।

*'आँगो र निर्माण' पृ. ६२*

### ४.२.४.८ प्रगतिशील दृष्टिकोण

यस सङ्ग्रहभित्रका कविताका केही हरफमा रावलको प्रगतिशील दृष्टिकोण पनि व्यक्त भएको पाइन्छ । नेपाल र नेपाली अँध्यारोमा नै बाँचेका छन् । अँध्यारोको माझबाटै भए पनि आफ्नो कविता घाम र उज्यालोको पक्षमा लागिरहेको छ भन्ने भावलाई कविले यसरी व्यक्त गरेका छन् –

घाम लागिसकेको छैन
मेरो कविता घाम खोजिरहेको छ
अँध्यारोभित्र जागिरहेको मेरो कविता
घामका कुरा गरिरहेको छ ।

*'मेरो कविता' पृ. २१*

हक, अधिकार र स्वतन्त्र अस्तित्वको पक्षमा कलम नचलाउनका लागि जति यातना दिए पनि आफ्नो कलम सदैव नेपाल र नेपालीको प्रगतिको पक्षमा बोलिरहन्छ भन्ने भावलाई कविले यसरी व्यक्त गरेका छन् -

जति जति यातनाहरू पाए पनि
मेरो कविता घामको इतिहास बताइरहेको हुन्छ
घाम जति बलियो केही छैन सिकाइरहेको हुन्छ ।

*'मेरो कविता' पृ. २१*

नेपालको अन्धकार सामाजिक र राजनीतिक स्थितिलाई पाखा लगाउनका लागि चेतनशील नेपालीहरू जागेको प्रसङ्ग यस्तो छ -

खडेरी उल्टाउन
बादल खोजिरहेका छन् तिनीहरू
अन्धकार भगाउन
क्षितिज खोजिरहेका छन् तिनीहरू ।

*'तिनीहरू' पृ. २४*

नेपाली जनताको सुनौलो भविष्यका लागि सङ्घर्ष गर्नुपर्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

आगो बालेर भए पनि उज्यालो छरी नै रहनुपर्छ
मशाल बोकेर भए पनि रातलाई तर्साउनु नै पर्छ ।

*'अँध्यारोको माझबाट' पृ. ४१*

### ४.२.४.९ आशावादी स्वर

**यस पटक पनि** कवितासङ्ग्रहमा क्रान्ति र विद्रोहको साथसाथै भोलिको सुनौलो भविष्य अवश्य आउँछ भन्ने आशावादी स्वरलाई बोकेका अनेक पङ्क्तिहरू रहेका छन् । स्वतन्त्र अस्तित्व प्राप्त गर्न नआत्तिइकन अघि बढेको खण्डमा लक्ष्य धेरै टाढा छैन ।

घाम लागिसकेको छैन
तर
भाले बास्न आँटिसकेको छ ।

*'मेरो कविता' पृ. २१*

'दुई टुक्रा' कवितामा नाङ्गिएका फूलका बोटहरूलाई निरीह नेपाली जनताका प्रतिनिधिका रूपमा लिइएको छ । नाङ्गिएका फूलका बोटहरूमा जसरी बसन्त ऋतुको आगमनसँगै नयाँ पालुवाहरू पलाउन थाल्छन्, त्यसरी नै समयको फेरबदल र चेतनाको विस्तारसँगै नेपाली जनताले पनि अमन, चयन र स्वतन्त्रताको अनुभूति पाउने छन् ।

यो समयले तिमीलाई खेलाएर नङ्ग्याएको छ
यो हावाले तिमीलाई खेलाएर लुटेको छ
पर्ख ! हतास नहोऊ नाङ्गिएका फूलका बोटहरू
तिम्रो बसन्त आउँदैछ तिमीलाई दिन नयाँ पालुवाहरू ।

'दुई टुक्रा' पृ. ४८

सङ्घर्षमा लागेका नेपालीको हात खाली हुने छैन । उभ्काड डाँडामा पनि हरियाली अवश्य छाउने छ । यही हरियाली र उज्यालोमा नेपाली जनताको राज हुनेछ र नेपाली जनतालाई आफ्नो अधीनमा राख्न खोज्ने नेतृत्व पलायन हुनेछ –

डाँडामाथि घाँस पलाउने छ
डाँडामा बाख्राहरू हुनेछन्
अग्लो डाँडामा उक्लेर कराउने स्याल
कुन ओढारको शरण पर्ने हो ?

*'डाँडा' पृ. ३३*

चेतनाको ज्योतिलाई देशभरि फैलाउन केही समय बढी लागे पनि अन्ततः आफ्नो देश र जनताको हितमा रहेको गीतले विजय पाउने छ ।

हुन सक्छ केही बढी अप्ठेरो हामीलाई
र लाग्न सक्छ
केही बढी समय हामीलाई
अनन्तः हाम्रो गीत घन्केर नै छाड्नेछ
गीतले विजय प्राप्त गरेर नै छाड्ने छ ।

*'गीतको प्राप्ति' पृ. ३५*

रातपछि दिन र अँध्यारोपछि उज्यालो अवश्य आउँछ भन्ने दृढ आशालाई कविले यसरी व्यक्त गरेका छन् –

अँध्यारो रातमा हुँदा अब कहिल्यै जून लाग्दैन
कसले भन्न सक्छ ?
बिहान केही टाढा हुँदा
अब कहिल्यै रात अस्ताउँदैन
अब कहिल्यै सूर्य उदाउँदैन
कसले भन्न सक्छ ?

*'आगो र निर्माण' पृ. ६१*

### ४.२.४.१० युद्ध र निराशा

**यस पटक पनि** कवितासङ्ग्रहमा युद्ध र युद्धले निम्त्याएको निराशाका साथै युद्धमा आफन्त गुमाएका परिवारको रोदनलाई चित्रण गरिएको छ ।

मन चिसो - चिसो भएको छ
घर आँसु -आँसु भएको छ
बुहारी हिक्क - हिक्क गरिरहेकी छन्
बृद्ध छोरा ! छोरा ! कराइरहेका छन् ।

*'फोकल्याण्ड युद्ध परिणाम' पृ. २९*

'एउटा खहरे खोला...' कवितामा पनि युद्ध र युद्धका घाउको सम्झना गरिएको छ । व्यञ्जनात्मक शैलीमा लेखिएको यस कवितामा युद्धमा आफन्त गुमाएका आफन्तको आक्रोशलाई व्यक्त गरिएको छ । खहरे खोलाको रातो माटोसहित बगेको पानी पानी नभएर रगत जस्तो छ । यही रगत जस्तो रातो पानीभित्र आफ्ना आफन्तको खोजीमा रहेका विद्रोही आँखा देखेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् –

त्यसबेला रातो माटो मिसिएको पानी
रगत मिसिएको पानी जस्तै लाग्यो मलाई
र मेरो आँखाले त्यो रातो पानीभित्र
केही जोर आँखाहरू देखें
अझै गहिरिएर हेरें ती आँखाहरू
पीडाभन्दा बढी विद्रोह बोकेका थिए
आँसुभन्दा बढी सङ्कल्प बोकेका थिए ।

*'एउटा खहरे खोला वर्षामा उर्लिंदा'*
*पृ. २८*

देश र जनताका लागि लड्ने अठोट गरी भर्तीमा गएको छोरो वर्षौंसम्म घर फर्केको छैन । यस बीचमा भएका युद्धमा ऊ बाँचेको छ कि मरेको छ केही खबर छैन । युद्धरत छोराको यादमा तड्पिरहेकी आमाको व्यथालाई यसरी व्यक्त गरिएको छ –

यस पानीको दशैंमा पनि
भर्तीमा गएको छोरो फर्केन
छोरो बाँचेकै होला !
छोरो फर्कला !
आमालाई विश्वास लाग्न छाडिसक्यो
यसपालि उनका आँखाबाट
आसु नै झर्‍यो ।

*'दशैंको तयारीमा' पृ.५९*

### ४.२.५ लय

**यस पटक पनि** शास्त्रीय विधानबाट टाढा रही गद्यको नजिक रहेका मुक्तलय युक्त कविताको सङ्ग्रह हो । यस सङ्ग्रहका सम्पूर्ण कविताहरू गद्यमा रचिएका भए पनि अनुप्रास, द्वित्व र वर्णगत समानान्तरताले कवितामा लयको सिर्जना भएको पाइन्छ । जसको चर्चा तल गरिएको छ -

### ४.२.५.१ अनुप्रास

यस सङ्ग्रह भित्रका कवितामा अनुप्रासका विभिन्न किसिम आद्यानुप्रास, मद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ ।

**क) आद्यानुप्रास -**

जति-जति शरीर नाङ्गिदै जान्छ
त्यति-त्यति तिमी प्रति माया दर्शाउदै जान्छु ।

*'सपना प्राप्तिको चाहना' पृ. २२*

**ख) मद्यानुप्रास-**

जाँतोमुनि पिल्सिएका छौ दुवै उस्तै गरी
सपनाहरू कुल्चिएका छन् तिन्का ।

*'समानान्तर भोगाई' पृ.५१*

**ग) अन्त्यानुप्रास-**

जिन्दगी अर्पेर बगाएको रगतको हेला भइरहेको बेला
कसले सहन सक्छ आफूमाथि भइरहेको हेला ?

*'समानान्तर भोगाई' पृ.५२*

माथिका उदाहरणमा रेखाङ्कन गरिएका 'जति-जति', 'त्यति-त्यति', 'पिल्सिएका-कुल्चिएका', 'बेला-हेला' जस्ता अनुप्रासयुक्त शब्दको उपस्थितिले कवितामा लयको सिर्जना भएको पाइन्छ ।

**४.२.५.२ द्वित्व**

द्वित्व शब्दहरूको प्रयोगद्वारा पनि रावलका कवितामा लयको सिर्जना भएको पाइन्छ , जस्तै-

- जति-जति जाकिँदै जान्छन् खुट्टा धापमा
  त्यति-त्यति नै निकाल्दै गइरहेका छौं
  सधैं-सधैं व्यवधान भएर उभिन्छन्
  हिलो र धापहरू ।

'बाटो' पृ. २५

- भित्र-भित्र भएको त्रासको निवारण गर्न
  धापहरू बनाइएका छन् हाम्रा बाटाहरूमा ।

'बाटो' पृ. २५

- मौसम चुपचाप- चुपचाप छ
  वातावरण निराश- निराश छ
  मन चिसो-चिसो भएको छ
  घर आँसु-आँसु भएको छ
  बुहारी हिक्क-हिक्क गरिरहेकी छिन्
  बुद्धु छोरा ! छोरा ! कराईरहेका छन् ।

*'फोकल्याण्ड युद्धः परिणाम' पृ. २९*

माथिका उदाहरणमा रेखाङ्कित गरिएका 'जति-जति', 'त्यति-त्यति', 'सधैं-सधैं', 'भित्र-भित्र', 'चुपचाप-चुपचाप', 'निराश-निराश', 'चिसो-चिसो', 'आँसु-आँसु', 'हिक्क-हिक्क', 'छोरा ! छोरा !' जस्ता शब्दहरूको पुनरावृत्ति वा द्वित्व भएर कविता लययुक्त बनेका छन् ।

**४.२.५.३ समानान्तरता**

**यस पटक पनि** कवितासङ्ग्रहका कविताका अनेक पङ्क्तिमा वर्ण, पद र वाक्यगत रूपमा आएको समानान्तरताले पनि लयको सिर्जना गरेको छ ।

**क) वर्णगत समानान्तरता -**

- डाँडाको तलतिर
  थुप्रै बाखाहरू छन्
  केही आतङ्कित छन् त्यो स्वर सुनेर

केही मुर्मरिएका छन् त्यो खबर सुनेर
तरै पनि डाँडाहरू उक्लिने क्रममा छन् तिनीहरू ।

*'डाँडा' पृ. ३२*

माथिको उदाहरणमा 'ड', 'त', 'क', 'न', 'र', 'स', 'म', 'ह' आदि वर्णहरूको आवृत्ति भएको छ जसले कवितामा लयको सिर्जना गरेका छन् ।

**ख) पदगत समानान्तरता -**

- हात बाँधेर बिहानीको प्रतीक्षा गर्दैमा सूर्य उदाउँदैन
  हात बाँधेर अँध्यारो हटाउनलाई रात अस्ताउँदैन ।

*'अँध्यारोको माझबाट' पृ. ४१*

- आफूलाई परेवा प्रेमी हुँ भन्दै बाजले
  थुप्रै परेवाहरूलाई पचाइसकेको छ
  थुप्रै परेवाहरूलाई झुक्क्याएको छ
  थुप्रै परेवा बाजका शिकार भएका छन् ।

*'परेवाहरू जीवनको....पृ. ४६*

माथिको उदाहरणमा रेखाङ्कन गरिएका 'हात बाँधेर', 'परेवा', 'बाज', 'थुप्रै परेवाहरूलाई' जस्ता पदहरूको समानान्तरताले कवितामा लयको सिर्जना भएको छ ।

**ग) वाक्यात्मक समानान्तरता-**

- मेरो नेत्र हराएको छ
  तेरो रत्न हराएको छ ।

*'अछाम मैले तिमीलाई बिर्सेको छैन' पृ. १६*

- छोराको सम्झनामा रोइरहेका थिए ती आँखाहरू
  लोग्नेको वियोगमा रोइरहेका थिए ती आँखाहरू ।

*'एउटा खहरे खोला...' पृ. २८*

माथि प्रस्तुत गरिएका वर्ण, पद र वाक्यगत समानान्तरताले कवितालाई लयात्मक बन्न सहयोग पुऱ्याएको पाइन्छ ।

### ४.२.६ भाषाशैली

**यस पटक पनि** कवितासङ्ग्रहभित्रका सबै कविताहरूको भाषा गद्यात्मक रहेको छ । सरल, मिठासपूर्ण एवम् सुबोध शब्दहरूको प्रयोग यस सङ्ग्रहभित्रका कवितामा भएको पाइन्छ । यस सङ्ग्रहमा कवि रावलले विगत, माया (पृ.१५), नेत्र (पृ.१६), निद्रा (पृ.१७), आकाश (पृ.१८), बालक (पृ.२८), हर्ष (पृ.३८), सूर्य (पृ.४१), शिक्षक, समय (पृ.४२), मस्तिष्क (पृ.४३), कवि ( पृ.५६), विश्वास (पृ.५८), बीज (पृ.६२), जस्ता तत्सम शब्दको प्रयोग गरेका छन् । त्यसैगरी कान, रात, माझ (पृ.२१), आँखा (पृ.२२), रातो ,रगत (पृ.२८), पात, आँसु (पृ.२९), उज्यालो, काम (पृ.३६), साँझ (पृ.४४), नयाँ (पृ.४८), भोक (पृ.४९), फूल, आगो (पृ.६१) आदि तद्भव शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहका कवितामा भएको छ ।

तत्सम र तद्भव बाहेकका विभिन्न भाषाबाट आएका शब्दको प्रयोग पनि यस सङ्ग्रहका कवितामा भएको पाइन्छ । जसमध्ये हिन्दी भाषाबाट आएका कन्जूस र छोकरा ( पृ.६५), फारसी भाषाबाट आएका शहर (पृ.१५), सलाम, जोश (पृ.१६ ),जमिन (पृ.३८), अरबी भाषाबाट आएका शहीद (पृ.३०), हावा (पृ.३९), मौसम (पृ.६१), अङ्ग्रेजी भाषाबाट आएको रेडियो (पृ.६४) आदि शब्दहरूको प्रयोग यस सङ्ग्रहमा कविले कुशलतापूर्वक गरेका छन् ।

यस सङ्ग्रहमा आक्कल-झुक्कल (पृ.४६), झ्याप्प-झ्याप्प (पृ.४७), भताभुङ्ग (पृ.३५) जस्ता अनुकरणात्मक शब्दको पनि प्रयोग भएको पाइन्छ ।

विभिन्न खालको भाषाको प्रस्तुतीकरणका लागि कविले विभिन्न प्रकारका शैलीलाई लिएका छन् । संक्षेपमा विस्तारलाई समेट्न सक्ने अभिव्यक्तिकुशलतालाई यस सङ्ग्रहभित्रका कविताका अनेक ठाउँमा देख्न सकिन्छ । कविले आफ्नो अनुभूतिलाई वर्णनात्मक, विवरणात्मक, व्यङ्ग्यात्मक, व्यञ्जनात्मक आदि विभिन्न शैलीको प्रयोग गरेर कवितात्मक रूपमा प्रकट गरेका छन् । यथार्थ समस्या र सामाजिक चिन्तनलाई कलात्मकताका साथ प्रस्तुत गर्न सक्नु पनि कविको आफ्नै प्रकारको भाषाशैलीगत वैशिष्ट्य हो ।

### ४.२.७ अलङकार

**यस पटक पनि** कवितासङ्ग्रहका कविताहरूमा अलङ्कारको पनि प्रयोग भएको पाइन्छ । शब्दालङ्कारका विभिन्न प्रकारको प्रयोग कविले यसरी गरेका छन्-

- जिन्दगी अर्पेर बगाएको रगतको हेला भइरहेको बेला
  कसले सहन सक्छ आफूमाथि भइरहेको हेला ?

*'समानान्तर भोगाई' पृ. ५२*

- मेरो कवितामा कसैको स्तुति गान हुन सक्दैन
  मेरो कवितामा जीवनको अन्यौलको भान हुन सक्दैन ।

*'मेरो कविताको स्वर' पृ.५५*

माथिका कवितांशमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ । उदाहरण एकको कवितांशमा 'बेला' र 'हेला' र उदाहरण दुई मा 'जान हुन सक्दैन' र 'भान हुन सक्दैन' जस्ता शब्दको अनुप्रासले अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

- पाईतालाहरू फर्किदैनन् पछाडितिर ।

'एक दिनः दूई क्षण' पृ.२०

- रगतले रङ्गिदैछन् ।

*'आगो र निर्माण' पृ.६२*

सजातीय व्यञ्जन उसैक्रममा एकपटक मात्र दोहोरिएर हुने छेकानुप्रास अलङ्कारको प्रयोग माथिका उदाहरणमा भएको पाइन्छ । उदाहरण एकमा 'प' र 'न' उदाहरण दुईमा 'र' र 'ग' वर्णको एउटैक्रममा एकपटक मात्र आवृत्ति भएर छेकानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

त्यसैगरी एक व्यञ्जनको अनेकपटक आवृत्ति भएर बन्ने वृत्यनुप्रास अलङ्कारको प्रयोग पनि यस कविता सङ्ग्रहका अनेक हरफमा भएको पाइन्छ ।

- धापै धापबाट हिँडेर थुप्रैले ।

*'बाटो' पृ.२५*

- जति-जति जाकिँदै जान्छन् खुट्टा धापमा ।

*'बाटो' पृ.२५*

- माथि-माथिबाट रातो माटोसँग मिसिएर ।

*'एउटा खहरे खोला...' पृ.२७*

माथि दिइएका उदाहरणमध्ये उदाहरण एकमा 'प' वर्णको उदाहरण दुईमा 'ज' वर्णको र उदाहरण तीनमा 'म' वर्णको दुई भन्दा बढी पटक आवृत्ति भएर वृत्यनुप्रास अलङ्कारको प्रयोग भएको देखिन्छ ।

### ४.२.८ बिम्ब तथा प्रतीक

**यस पटक पनि** कवितासङ्ग्रहभित्रका कवितामा श्रव्य, दृष्य, ताप र गति सम्बन्धी बिम्बहरूको प्रयोग भएको पाइन्छ ।

**क) श्रव्यसम्बन्धी**

आमा बाबुका मृत शरीरहरू देखेर

शोकाकूल भएर रोइरहेका छन् दुई साना नानीहरू ।

*'यस पटक पनि' पृ.३*

**ख) दृश्यसम्बन्धी**

उज्यालो निमित्त लडिरहुँ
वा
अँध्यारोमा नै बाँचिरहुँ ।

*'एक दिनःदुई क्षण' पृ.१९*

**ग) तापसम्बन्धी**

चिसिएको मनमा
पुनः तातो विश्वास हुर्किएको छ ।

*'एक दिनःदुई क्षण' पृ.२०*

**घ) गतिसम्बन्धी**

यस्तै खोलाहरूमा रगत मिसिएर पानीसित
रातो पानी बगेको कुरा
थाहा भएको थियो मलाई ।

*'एउटा खहरे खोला....' पृ.२७*

कवि रावलले **यस पटक पनि** कवितासङ्ग्रहभित्रका कवितामा अनेक खालका प्रतीकको प्रयोग गरेका छन् , जस्तै -

अहिले माफ गर साथी !
म <u>बेसारको</u> भूमिका निभाउने कवि होइन ।

*'मेरो कविताको स्वर' पृ.५६*

माथिको कवितांशमा रेखाङ्कित 'बेसार' शब्दलाई मानवीकरण गरिएको छ । जुनसुकै खानाको परिकारमा चाहिने बेसार यहाँ आफ्नो स्वार्थलाई मात्र हेरेर काम गर्ने कविहरूको प्रतीक बनेर आएको छ ।

आकाशमा <u>सेतो परेवा</u> उडाइएको छ ।

*'फोकल्याण्ड युद्धःपरिणाम' पृ.२९*

माथिको कवितांशमा रेखाङ्कित 'सेतो परेवा' पद शान्तिको प्रतीक बनेर आएको छ ।

<u>डाँडा</u>माथि घास पलाउने छ
डाँडामा <u>बाखा</u>हरू हुनेँछन्
अग्लो डाँडामा बसेर कराउने <u>स्याल</u>
कुन ओढारमा शरण पर्ने हो ?

*'डाँडा' पृ.३३*

माथिको कवितांशमा रेखाङ्कित गरिएका 'डाँडा', 'बाखा' र 'स्याल' क्रमशः क्रान्तिकारी नेपालीहरूको गन्तव्य, सचेत नेपाली र निरङ्कुश शाशकको प्रतीक बनेर आएका छन् ।

### ४.२.९ निष्कर्ष

माथिको विश्लेषणका आधारमा हेर्दा **यस पटक पनि** कवितासङ्ग्रहभित्र सङ्कलित उनन्तीसवटा कविता गद्य कविताका रूपमा रहेका छन् । देशभक्ति, राष्ट्रियता र स्वतन्त्र अस्तित्व प्राप्तिप्रति सचेत कविका भावनाहरू यस सङ्ग्रहमा छताछुल्ल भएको पाइन्छ । तत्कालीन शाशनव्यवस्था, शाशकहरू र उनीहरूद्वारा नेपाली जनतालाई दिइएको पीडा र यातनाको प्रस्तुति यी कवितामा भएको छ । व्यञ्जनात्मक पाराले लेखिएका कविताहरूका केही हरफमा बिम्ब र प्रतीकको पनि उचित प्रयोग भएको पाइन्छ । सरल वाक्यमा रचिएका कविता वैचारिक हिसाबले पनि उत्कृष्ट रहेका छन् । अभिव्यक्तिको शैली एकनासको रहेको र ठाउँ-ठाउँमा विषयवस्तुको पुनरावृत्ति पनि भएको पाइन्छ । कवि रावलले भावना र कल्पना भन्दा पनि

यथार्थको साधरणीकरण गरी काव्यको रूप प्रदान गरेका छन् । पच्चीस वर्ष अगाडि लेखिएका कविता आजको परिस्थितिको सापेक्ष रहेको देखिनुले पनि यस कृतिको उत्कृष्टता झल्किन्छ ।

## ४.३ मरुभूमिमाथि कवितासङ्ग्रहको अध्ययन

### ४.३.१ लेखन तथा प्रकाशन

**मरुभूमिमाथि** ललिजन रावलको चौथो प्रकाशित पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा कवि रावलद्वारा वि.सं. २०३८ सालदेखि २०४८ सालसम्म रचना गरिएका चौँतीसवटा कविताहरूको सङ्कलन गरिएको छ । गद्य शैलीमा लेखिएका कविताहरूको सङ्ग्रह **मरुभूमिमाथि**को प्रकाशन अनुराग प्रकाशन काठमाडौँबाट २०४८ मा भएको हो ।

### ४.३.२ सङ्ग्रहको नामकरण

**मरुभूमिमाथि** कवितासङ्ग्रहमा कविले देश र जनताका पीडा, व्यथा, प्रकृति, आशा, निराशा आदि अनुभूतिलाई कविताका रूपमा प्रस्तुत गरेका छन् । कविले आफू उभिएको भूमि स्वर्ग जस्तो नभई मरुभूमिजस्तो भएको र मरुभूमिसमान भूमिमा कुनै रचनात्मक कार्य हुन नसकेका कारण सयौँ ज्यानको बलिदान दिएर बालेको चेतनाको ज्योतिले सार्थक अस्तित्व प्राप्त गर्न नसकेको यथार्थलाई उल्लेख गरेका छन् । अनेक खालका बाधा र व्यवधानले गर्दा स्वर्ग जस्तो नेपाल मरुभूमितुल्य रहेको छ भन्ने यथार्थलाई लक्षित गर्दै यस सङ्ग्रहको नामकरण **मरुभूमिमाथि** गरिएको हो ।

### ४.३.३ संरचना

यस उप-शीर्षकमा **मरुभूमिमाथि** कविता सङ्ग्रहभित्रका चौँतीसवटा कविताहरूको संरचनाका बारेमा चर्चा गरिएको छ । संरचनागत हिसाबले एकरूपता नभएका **मरुभूमिमाथि** सङ्ग्रहभित्रका प्रत्येक कविताको अन्तमा कविले कविता लेखनको मिति र कविता प्रकाशन भएको मिति तथा पत्रिकाको नाम पनि दिएका छन् । यिनै विभिन्न समयमा लिखित र प्रकाशित कविताहरूको संरचनालाई निम्नानुसार तालिकामा अध्ययन गरिएको छ -

| क्र.सं. | कविताको शीर्षक | पृष्ठ | अनुच्छेद | हरफ | कविता लेखन मिति | कविता प्रकाशन मिति र पत्रिका |
|---|---|---|---|---|---|---|
| १ | आशाको आकाश हराएको बखत | १३ | ३ | २३ | २०४२ | २०४२ **मूल्याङ्कन** |
| २ | पर्खाल | १५ | २ | १७ | २०४३ | २०४४ **प्रतिभा** |
| ३ | अन्तर | १७ | १ | १६ | २०४५ | २०४७ **लहर** |
| ४ | फलाम भएर पनि नदी भएर पनि | १९ | ३ | २३ | २०४४ | २०४४ **समीक्षा** |
| ५ | एउटा कंकाल एउटा पर्खाल | २१ | ४ | ४४ | २०४३ | २०४३ **गरिमा** |
| ६ | खोजी | २४ | १ | १७ | २०४४ | २०४४ **रूपरेखा** |
| ७ | पहेंलो रेखा | २६ | ४ | २९ | २०४० | २०४१ **जनजागृति** |
| ८ | लामो अन्तरालपछि | २८ | ३ | ३० | २०४५ | २०४८ **जनमत** |
| ९ | सुदूरबाट | ३० | ३ | ३४ | २०४४ | २०४४ **जनजागृति** |
| १० | जूनेली रंगभित्र | ३२ | २ | १६ | २०४३ | २०४६ **गोरखापत्र** |
| ११ | मुकेश जैनलाई | ३४ | ४ | ३४ | २०४४ | २०४४ **समीक्षा** |
| १२ | कामबेल हुकिँदैछ | ३६ | ५ | ४० | २०४० | २०४० **जनजागृति** |
| १३ | रंग | ३९ | ३ | ३२ | २०४३ | २०४३ **मूल्याङ्कन** |
| १४ | आफैसित सवाल | ४१ | ३ | ३७ | २०४२ | २०४३ **उत्साह** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | पानी | ४३ | २ | ३२ | २०४७ | – |
| १६ | समानताको धरातल बसाऔं | ४५ | २ | ३१ | २०३८ | २०३९ **न्यूलाइट साप्ताहिक** |
| १७ | निद्रालाई त्यागौं अहिलेलाई | ४७ | १ | ३७ | २०४१ | २०४१ **बगर** |
| १८ | आजभोलि | ४९ | ४ | २७ | २०३८ | २०३९ **मिर्मिरे** |
| १९ | वर्तमानभित्र मेरो परिवेश | ५१ | ४ | ४३ | २०४१ | २०४१ **समीक्षा** |
| २० | रात र सपनाहरू | ५४ | २ | १५ | २०४१ | २०४१ **गोरखापत्र** |
| २१ | दु:खी गीत | ५६ | २ | ३३ | २०४१ | २०४१ **बगर** |
| २२ | मरुभूमिमाथि | ५८ | ४ | ४३ | २०४० | २०४१ **बगर** |
| २३ | मेरो वरिपरि | ६१ | ४ | २७ | २०४१ | २०४१ **युगधारा** |
| २४ | माटोको रोदन | ६३ | ६ | ३५ | २०४० | २०४० **रूपरेखा** |
| २५ | पर्दाभित्र | ६५ | ३ | ३५ | २०४१ | २०४३ **कटिबद्ध** |
| २६ | दृष्य फेरिएको छैन | ६७ | १ | १० | २०४५ | – |
| २७ | प्राचीन खोला | ६८ | २ | ४१ | २०४१ | २०४३ **काग** |
| २८ | यो रातमा | ७१ | ३ | ३० | २०४१ | २०४१ **अपाङ्गको आकांक्षा** |
| २९ | पीडाको पोखरीबाट | ७३ | २ | १७ | २०४१ | – |
| ३० | म आफ्नै माटोमा | ७५ | ३ | २८ | २०४१ | २०४२ **युगधारा** |
| ३१ | यो मौसममा | ७७ | ३ | २६ | २०४२ | – |
| ३२ | विश्वासका छालहरू | ७९ | ३ | २७ | २०४४ | – |
| ३३ | जुवाघरबाट | ८१ | १ | ४० | २०४८ | २०४८ **दृष्टि** |
| ३४ | भोलि | ८३ | ३ | २६ | २०४५ | – |

**मरुभूमिमाथि**मा घटीमा दश हरफदेखि बढीमा चौवालीस हरफसम्मका कविता सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमध्ये 'दृष्य फेरिएको छैन' शीर्षकको कविता दश हरफमा मात्र रचिएको छ भने 'एउटा कंकाल एउटा पर्खाल' शीर्षकको कविता चौवालीस हरफमा रचना गरिएको छ । कम्तीमा दशदेखि र बढीमा चौवालीस हरफसम्मका लामा कविताको सङ्कलन गरिएको यस सङग्रहमा ललिजनले बीसदेखि चालीस हरफसम्म लामा कविताहरूको रचना बढी मात्रामा गरेका छन् ।

रावलका कविताका हरफको सङ्ख्यामा असन्तुलन भए जस्तै हरफको आकार पनि असन्तुलित देखिन्छ । एउटा हरफ लामो, अर्को हरफ छोटो अथवा केही वाक्य मात्रै भएको पनि पाइन्छ, जस्तै –

**लामो हरफ भएका -**

– आँखामा पीर बोकेकाहरू कस्तो सौंन्दर्य देख्न सक्छन् र जीवनमा
ज्यूँदो मृत्यु पचाउन सक्नेहरू मात्र रमाउन सक्छन् यो मौसममा ।

*'यो मौसममा'पृ.७८*

– तिम्रो अनुहारहरू यो अँध्यारोमा ताराहरू झैं टिमटिमाइरहेछन्
आवाजहरू भयङ्कर आँधीबेरी चल्दा जन्मिने ध्वनिहरू झैं फैलिइरहेछन्
साँझको माझमा उभिएर रातको स्तुतिगान गर्नेहरूलाई गल्न देऊ
विश्वासको दियोमा चेतनाको तेल थपेर त्यसलाई जल्न देऊ ।

*'पीडाको पोखरीबाट' पृ.७३*

– बोका भाकेर बगाएको रगतको कुनै औचित्य छैन माटोलाई

कुखुरा काटेर चढाएको रगतको कुनै महत्त्व छैन माटोलाई

*'माटोको रोदन' पृ. ६३*

**छोटो हरफ भएका -**

– विगतलाई हामीले
पूजा गर्दै बितायौं
कहिले ढुंगालाई पुज्यौं
कहिले धातुलाई पुज्यौं ।

*'समानताको धरातल बसाऔँ' पृ. ४५*

– उस्तै छ हावा
उही हो समय
साँझ पनि उही ।

*'दृष्य फेरिएको छैन' पृ. ६*

यसप्रकार **मरुभूमिमाथि** कवितासङ्ग्रहभित्रका कविताको संरचना आकार, प्रकारका दृष्टिले असन्तुलित देखिन्छ । लामा र छोटा हरफहरूको संयोजनमा लेखिएका यस सङग्रहभित्रका कवितामा कविले आफ्नो पहिलो कवितासङ्ग्रह **यस पटक पनि**मा जस्तो अति छोटा अथवा एक शब्दको मात्रै पङ्क्ति बनाउने प्रक्रियालाई भने अवलम्बन गरेका छैनन् ।

## ४.३.४ विषयवस्तु

ललिजन रावलले **मरुभूमिमाथि** कवितासङ्ग्रहका कवितामा आफ्नो जीवनमा भोगेका र देखेका विभिन्न खालका वास्तविकतालाई साधारणीकरण गरेर प्रस्तुत गरेका छन् । कविले मानव जीवनका विभिन्न मोडमा देखिने आशा, निराशा, राष्ट्रप्रेम, विश्वबन्धुत्वको भावना, श्रमजीविवर्गको हार र जीत, राष्ट्र र राष्ट्रियताको जर्गेनाका लागि निरङ्क भएर लाग्ने हृदयदेखिको आकाङ्क्षा, उज्यालो भविष्यप्रतिको निश्चितता, जनसाधारणको करुणाजनक अवस्था आदि विषयवस्तुमा आधारित कविताहरूको सङ्कलन यस सङ्ग्रहमा गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित कविता र तिनले व्यक्त गर्न खोजेको भावलाई तल विस्तारमा चर्चा गर्ने प्रयास गरिएको छ –

### ४.३.४.१ राष्ट्रियता

निरङ्कुशतन्त्रको चपेटामा परेको नेपाललाई कविले मरुभूमिसँग तुलना गरेका छन् । मरुभूमितुल्य भए पनि आफूले टेक्ने पाइतालाको आधार यही माटो भएको र यस माटोको मायालाई आफूले आफ्नो छातीमा साँचेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

मरुभूमिको माया मेरो छातिभरि साँचेको छु मैले
यही मेरो पाइतालाको आधार हो
प्रत्येक पल यसलाई माया गरेको छु मैले ।

*'मरुभूमिमाथि' पृ.५९*

प्राणभन्दा पनि प्यारो देशको माटो अन्याय र अत्याचारको चपेटामा परेको छ । माटोको स्वतन्त्र अस्तित्वलाई स्थापना गर्नका लागि अन्यायी पाइला र हातलाई रोक्नुपर्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

माटो अन्यायका पाइतालाले थिचिएको छ
माटो क्रुरताका हातहरूले शोषिएको छ
माटोलाई जोगाउनु छ
यी पाइताला र हातहरूका शिकारबाट ।

*'माटोको रोदन' पृ. ६३*

कवि देशले भोग्नुपरेका पीडाहरूप्रति, देशको अस्तित्व विदेशी हातमा विलीन हुँदै गएको कुराप्रति सम्बेदनशील बन्दै ती पीडाका कारणहरू विदेशी साम्राज्यवादी आँखालाई ठान्छन् । यसका साथै कविले माटोको आँसु पुछ्नका निम्ति नेपाली भूमिमा फुल्ने फूलहरू नेपाली भूमिमा नै झर्नुपर्छ भन्ने भावलाई यसरी व्यक्त गरेका छन्-

माटो रोइरहेको छ
आफ्ना असंख्य प्रिय फूलहरू
समुद्र पारी पुऱ्याएकोमा
साम्राज्यवादी हातहरूमा बेचिएकोमा
यस माटोका फूलहरू
झर्नुपरे पनि यसै माटोमा झर्नुपर्छ ।

*'माटोको रोदन' पृ.६४*

देशमा परम्परागत संस्कारको आधिक्यता रहेका कारण देशको अस्तित्व र मौलिकता त्यसैको शिकार बन्न बाध्य भएको तथा माटोको स्वतन्त्र अस्तित्व र मौलिकता विदेशी हातमा विलीन हुँदै गएको चिन्तालाई कविले यसरी व्यक्त गरेका छन्-[५२]

प्राचीन खोलाले बिटुल्याउँछ मलिलो माटोलाई
बगाउँदै पुऱ्याउँछ अर्को मुलुकमा मेरो देशको माटोलाई ।

*'प्राचीन खोला' पृ.६९*

मानिसहरूको सम्पूर्ण अस्तित्व माटोमा नै निहीत रहेको हुन्छ । माटोले आफूलाई गरेको माया र उसले प्रदान गरेको सहारामा नै आफ्नो अस्तित्व रहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

माटोले म्वाँई खान्छ मेरो पाइतालालाई
आधार दिन्छ मलाई अझै दरिलो गरि उभिनलाई ।

*'म आफ्नै माटोमा' पृ.७५*

कवि रावल आफ्नो राष्ट्रको अनुहार पानी परिसकेपछि उघ्रेको आकाश जस्तै उज्यालो देख्न चाहन्छन् । उज्यालो अनुहार भएको आफ्नो राष्ट्रको खोजीमा लागेको वर्षौं भइसक्दा पनि प्राप्त गर्न नसकेको र कसैले देखेको भए त्यहाँसम्म पुग्ने बाटो बताइदिन आग्रह गर्दै कविले भनेका छन् -

आकाश उघ्रिएको
आफ्नो राष्ट्रको खोजीमा
म वर्षौंदेखि हिँडिरहेछु
कसैले देखेको भए
कहीँ कतै भेटेको भए
कृपया मलाई त्यता पुग्ने
बाटो बताइदिनु होला ।

*'जुवाघरबाट' पृ.८१*

कवि रावल आफू जन्मेको स्थल अछाम लगायत आफ्नो देशको सम्पूर्ण भू-भागलाई अत्यन्तै माया गर्दछन् ।

---

[५२] नरेन्द्र चापागाईं, 'मरुभुमिमाथि दृष्टि बिछ्याउँदा' **नरेन्द्र चापागाईंका समालोचना** (काठमाडौं : साझा प्रकाशन, २०६०) पृ.२५७ ।

मलाई आफ्नो अछाम मात्र होइन
टाढाको धरान पनि मन पर्छ ।

*'लामो अन्तराल पछि' पृ. २९*

शान्तिका प्रतीक गौतम बुद्धको अपमान भएकोमा कवि निकै व्यथित बनेका छन् । एकातिर बुद्धको मुर्ति देखाएर शान्तिको गुणगान गाउदै हिँड्ने र अर्कोतिर हातमा धारिला हतियार लिएर आतङ्क मच्चाउँदै हिँड्ने प्रवृत्तिको आधिक्यता रहेका कारण बुद्धको महिमा नै बदनाम हुँदै गएको छ ।

फेरि बुद्धलाई बदनाम गरिँदै छ
बुद्धको मूर्ति देखाएर शान्तिको बखान गरिँदै छ
हातका औंलाहरूमा लामा लामा नंग्राहरू बोकेर
हातमा अति धारिला हतियारहरू चम्काएर
बगरेहरू बुद्धका बारेमा बोलिरहेका छन्
बुद्धका सन्तति मान्दै आफूलाई
छातिहरूमा धारिलो प्रहार गरिरहेका छन् ।

*'वर्तमानभित्र मेरो परिवेश' पृ.५२*

हावामा मिसिएर फैलिएको सहिदको गन्धले धेरै सहिदहरू जन्माउँदै जान्छ । देश र जनताका निम्ति लड्दा लड्दै सहिदको शरीर ढले पनि शिर हिमाल जस्तै अटल भएर मानव हृदयमा रहन्छन् ।

भिमानभित्रबाट हावामा मिसिएर सहिदको गन्ध फैलिन्छ चारैतिर
त्यही गन्धबाट प्रेरणा पाएर अर्को सहिद जन्मिन्छ अर्कोतिर
शरीरहरू ढल्छन् तिनका तर शिरहरू हिमाल झै ठडिन्छन् मान्छेका हृदयनिर

*'पीडाको पोखरीबाट' पृ. ७४*

## ४.३.४.२ क्रान्तिचेतना

समाजको अग्रगामी परिवर्तनका लागि कविले आफ्ना कवितामा क्रान्तिकारी विचारहरूलाई प्रकट गरेका छन् । वि.सं. १९८१ मा चन्द्रशमसेरले नेपालमा कमाराकमारी राख्न नपाइने अमलेख प्रथाको स्थापना गरे प**नि** सो प्रथा केवल अभिलेखमा सीमित रहेको छ । नाम मात्रको स्वतन्त्रताले नेपाली दास, दासीको खिस्सि मात्र उडाएको छ । अमलेख गरेको आर्शीवादको कुनै महत्त्व छैन । शोषित, पीडितहरू स्वयम् समयको परिवर्तन र चेतनाको विस्तारसँगै बिस्तारै स्वतन्त्र हुँदै जाने छन् ।

चन्द्रले अमलेख गरेको नाउँमा हामीलाई
मात्र अभिलेखमा खिस्सि उडाएको छ
अमलेख गरेको आर्शीवादको कुनै औचित्य छैन
अमलेख स्वयं हुँदै जान्छन् मान्छेहरू ।

*'कामबेल हुर्किंदै छ' पृ. ३७*

अन्ध परम्पराको विरुद्धमा अन्य मुलुकमा गरिएका अनेक कार्यहरूले नेपाली जनतामा अँध्यारोलाई पन्छाउने आँट पलाउँदै र भावी विजयको धरातल निर्माण हुँदै गएको छ ।

रूसोले गरेका कुराहरू सम्झेर
आँट पलाउदै छ हामीभित्र
विजयको पूर्वाधारको निर्माण हुँदैछ हामीभित्र
पुरानो परम्पराको विरोधमा

*'कामबेल हुर्किंदैछ' पृ. ३८*

सर्वसाधारण जनता पीडाको पोखरीमा डुबेर अल्मलिरहेका छन् । गालामा आँसुसँगै आँखामा मीठो सपना बोकेका आम नेपालीले परम्परादेखि कायम रहेको यस कालो रातलाई ढलाउनका लागि क्रान्तिको आगोलाई दन्काउँदै बाल्नुपर्छ ।

युगौंदेखि पीडाको पोखरीभित्र रहेर पनि
गालामा कतै कतै आँसुका छापहरू भएर पनि
आफ्ना आँखाहरूमा एउटा सपना बोकेकाहरू !
उहिले देखिको यो लामो कालो रातलाई ढल्न देऊ
यसैभित्र एउटा आगोलाई दन्किदै बल्ल देउ ।

*'पीडाको पोखरीबाट' पृ. ७३*

अन्ध परम्पराको गुणगान गाउने आवाजलाई गलाउने विश्वासको दियो बाल्न चेतनारूपी तेलको आवश्यकता छ । यसका साथै सहिदका रगतले सिञ्चित गरेर उम्रिन थालेको स्वतन्त्रताको बीजलाई जोगाउनुपर्ने र क्रान्तिलाई अझै हुरी जस्तै तीव्र गतिमा अघि बढाउँदै लैजानुपर्ने भावलाई कविले यसरी व्यक्त गरेका छन् -

साँझको माझमा उभिएर रातको स्तुतिगान गर्नेहरूलाई गल्न देउ
विश्वासको दियोमा चेतनाको तेल थपेर त्यसलाई जल्न देउ
जीवन दिएर रगतले उमारेका बोटहरूलाई फल्न देउ
अहिले बलियो गरि चलिरहेको हुरीलाई चल्न देउ ।

*'पीडाको पोखरीबाट' पृ. ७४*

नेपाली जनताको ओंठको मुस्कान र हाँसोलाई इतिहासले आफ्नो पासोमा पारेको छ । विगतको प्रतिबन्धको जालोलाई उन्मूलन गर्नका लागि सम्पूर्ण नेपाली आफ्नो दु:खलाई नै आफ्नो ढाल बनाएर परिवर्तनका लागि अघि बढ्नुपर्दछ ।

ओंठहरूको मुस्कान, दाँतहरूको हाँसो
इतिहासले आफ्नो पासोमा पार्‍यो
र दु:खी बनायो हामीलाई
इतिहास भत्काउन दु:खीहरू
दु:खी गीत गाउँदै छन् ।

*'दु:खी गीत' पृ. ५७*

अन्ध परम्पराको जालोले बेरिएको युगलाई मेटाउँदै जानुपर्ने कविको क्रान्तिकारी भावना यस खालको रहेको छ -

पहेंलो रेखालाई मेटाउँदै जानुपर्छ सूरुवातदेखि
पहेंलो मेटाउदै जानु पर्छ यसको अन्तसम्म
र यसले अँगालो मारेर बसेको युगलाई भत्काउनुपर्छ ।

*'पहेंलो रेखा' पृ. २७*

### ४.३.४.३ प्रगतिशील दृष्टिकोण

**मरुभूमिमाथि** सङ्ग्रहका कवितामा कविले आफ्नो देश, समाजको परिवर्तनका लागि समर्पित रहेका प्रगतिशील दृष्टिकोणहरूको व्यक्त गरेका छन् । निरङ्कुशतन्त्रको चपेटामा परेका नेपाली जनता निरीह कङ्काल जस्तै बनेका छन् । सुर, ताल, बाजा, र आवाजको अभावमा शून्य पर्खालभित्र बन्दी बनाइए पनि आफू सधैं स्वतन्त्र अस्तित्वले भरिपूर्ण जीवनको गीत गाइरहने कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

न साज न आवाज
न सुर न ताल
तरै पनि जीवन गीत गाउने प्रयत्नमा
लागिरहेको निरन्तर एउटा कंकाल

वरिपरि पर्खाल
शून्यता घोर शून्यता ।

*'एउटा कंकाल एउटा पर्खाल' पृ. २१*

मृत्युमय परिस्थिति यथावत रहिरहेको भए पनि जिन्दगी ज्यूँने आशा र ढुङ्गे चट्टानमा पनि सुनौला फूलहरूलाई फुलाउने चेतनशील विचारलाई कविले यसरी व्यक्त गरेका छन् -

मृत्युका नदी बगिरहेका ठाउँमा पनि
जिन्दगीका छालहरू उठ्ने सागर खोजिरहेछौ
बसन्तबाट धेरै धेरै टाढा ढुङ्गे चट्टानमा पनि
फूलका रंगहरू देखिने उपवन खोजिरहेछौं ।

*'खोजी' पृ. २५*

वर्तमान परिस्थिति सिर्जनाहीन रहेको छ । यस जटिल परिस्थितिबाट मुक्त हुनका लागि जागरुक हुन अति आवश्यक छ । यस धरतीलाई सृजनशील तथा रचनात्मक उँचाइ प्रदान गर्नका लागि जसरी सागरबाट उठेको बादल पानी बनेर पुनः बाँझो भूमिलाई सिञ्चित गर्दै धर्तीमा झर्छ त्यसरी नै आफू पनि स्वतन्त्र अस्तित्व र उर्बर जिन्दगी प्राप्त गर्नका लागि सधैं सङ्घर्षशील रहनुपर्छ ।

बादलका गाग्रीहरू उठ्नुपर्छ सागरहरूबाट
आफ्नो आकाशलाई सुन्दर बनाउन
र खन्याउनु पर्छ पुनः ती गाग्रीहरू
बाँझो यो अत्यन्तै बाँझो भूमिमा
र नदी उक्लिने छ किनारमा र बालुवा जिन्दगीहरू
समाहित हुनेछन् नदीभित्र जो युगौंदेखिको चाहना हो ।

*'आफैसित सवाल' पृ. ४२*

बाधा र अड्चनले भरिएको अवस्थामा रहनु परे पनि आफ्नो लक्ष्य प्राप्त नहुन्जेल गतिशील रहने र बाटो पाउनासाथ अघि बढ्ने पानीसँग कविले आफूलाई तुलना गरेका छन् । कविले आफ्नो प्रगतिशील विचारलाई पानीको प्रवाहको प्रतीकात्मकताद्वारा यसरी व्यक्त गरेका छन् -

बीचमा पहाड नै किन नउभियोस्
म कहिल्यै रोकिन सक्दिन
बग्नु मेरो स्वभाव हो
यसैले बगिरहन्छु
सागरतर्फ महासागरतर्फ ।

*'पानी' पृ. ४४*

युगको लगाम आफ्नो हातमा ल्याएसम्म र परम्परागत सामन्त संस्कारको चपेटामा परेको नेपाली नक्साको रङ्ग नबदलेसम्म सम्पूर्ण नेपालीहरू बुलन्द आवाजसहित परिवर्तनको आशाको सुनौलो रङ्गलाई आँखामा भरेर अघि बढ्नुपर्छ ।

आशाको रंग प्रत्येक आँखामा भरेर
यही लाम सडकलाई छिचोलेर अघि बढिरहेको छ
युगको लगाम आफ्नो हातमा नआएसम्म
नक्साको रंग नबदलेसम्म
लाम यसरी नै बाटा र सडकहरूबाट हिँडिनै रहन्छ
लाम आफ्नो आवाज प्राप्तिको लागि आवाज फैलाइरहन्छ ।

*'पर्दाभित्र' पृ.६६*

जतिसुकै बाधा र व्यवधान सहे पनि थकान पछिका सुस्केराहरूलाई ओंठमा लिएर भए पनि आशाको सडकरूपी लहरा र विश्वासका गोरेटाहरू लम्बिँदै गएका छन् जसको कारण चेतनशील नेपालीका गतिशील पाइतालालाई अघि बढ्न अझ बल मिलेको छ ।

थकान पछिका सुस्केराहरू छन् ओंठहरूमा
यस्तो आभास पनि हुँदोरहेछ कहिलेकाही
तर आशाका सडकहरूको अन्त हुँदोरहेनछ
विश्वासका गोरेटाहरू झन लम्बिदै जाँदारहेछन्
र पाइतालाहरू पुनः गति प्राप्त पर्दा रहेछन् ।

*'विश्वासका छालहरू' पृ.७९*

प्रगतिका लागि प्रारम्भ आफैले गर्नुपर्दछ । अँध्यारो र रातदेखि डराएर हात बाँधेर बस्नु हुँदैन ।

अँध्यारो ओढ्दैमा र रात भोग्दैमा
हात बाँधी किन उदास हुनु ?
यस्तोमा चलेको बतासदेखि किन हतास हुनु ?

*'रात र सपनाहरू' पृ.५४*

## ४.३.४.४ निराशा

**मरुभुमिमाथि** सङ्ग्रहमा कविका देश, समाज र जनताप्रति विभिन्न खालका निराशाले उकुसमुकुस भएका मानसिक व्यथा वेदना तथा पीडामय सुस्केराको बाफिलो अभिव्यक्ति रहेको पाइन्छ ।[५३] नेपाली जनताको स्वतन्त्र रहने आशाको आकाश बादलको बीचमा नै हराएको छ । आँखामा सजाएका भोलिका सुनौला सपनालाई आँसुले पखालेको निराशाजनक स्थितिलाई कविले यसरी व्यक्त गरेका छन् –

आशाको आकाश हराएको छ
टुक्रा टुक्रा बादलहरूबीच
आगो छ मनहरूमा र विरहको धुवाँ छ
आँखाबाट पानी बग्छ सपना भिज्छ ।

*'आशाको आकाश हराएको बखत' पृ.१२*

निराशा र पीडामा रुमल्लिएका नेपाली जनतालाई ढाडस दिनका लागि अभिव्यक्त भएको रचनामा स्वतन्त्र अस्तित्वका लागि अघि बढ्नुपर्ने उत्साहजनक भाव रहेकाले आफूले आफ्नै मृत्यु देख्नुपरेको निराशाजनक र विसङ्गत परिस्थितिलाई कविले यसरी उल्लेख गरेका छन्-

कविले पीडाको पोखरी मात्र देख्यो
कविले पीडाको हिमाल मात्र देख्यो
र पोखरी बग्नु पर्छ
हिउँ पग्लिनु पर्छ लेख्यो
लेख्यो र त आफ्नै आँखाले आफ्नै मृत्यु देख्यो ।

*'आशाको आकाश हराएको बखत' पृ.१४*

मान्छे शक्तिशाली भएर पनि गतिशील बन्न नसकेकोमा कवि निकै निराश देखिएका छन् ।

फलामका खानीहरू भएर पनि
मान्छे फलाम झैं ठोस बन्न सकेको छैन
नदीका असंख्य मुहानहरू भएर पनि
मान्छेले अलिकति पनि गति बोक्न सकेको छैन ।

---

[५३] ऐजन, पृ. २४९ ।

*'फलाम भएर पनि नदी भएर पनि' पृ.१९*

प्रत्येक दिन खुसी नभई उदासी बोकेर प्रारम्भ भएको छ । यही दिनहुँको उदाशीनतासँगसँगै परम्पराको पर्खाल पनि झन बलियो हुँदै गएको छ ।

सधैं झै उदासी बोकेर आएको बिहानीमा
देख्छ, पर्खाल झन भएको बलियो ।

*'एउटा कंकाल एउटा पर्खाल' पृ. २२*

आस्था र परिवर्तनको प्रतीक नेपालको राष्ट्रिय झण्डामा चम्किएको रातो रङ्गको अवहेलना भएको र रातो रङ्गको संरक्षणमा लागे जस्तो स्वाङ गरेर यसको मूल्यलाई गिराइरहेका राष्ट्रद्रोहीहरूको राष्ट्रप्रतिको हेला देखेर कवि निकै निराश भएका छन् ।

रातो रङ्गलाई ओढेको र ओछ्याएको जस्तो गरेर
फगत यसको मूल्यलाई अति गिराइरहेछन् ।

*'रंग'पृ. ४०*

विशाल आकाशका अनेक भागमध्ये एक भाग नेपालको भएको र सो नेपाली आकाशको भाग सफा नभई विषादको बादलले ढाकेकोमा कवि निराश छन् ।

महाकाशका टुक्राहरूमा
एउटा टुक्रा मेरो नितान्त मेरो हो
हेर्छु आकाशलाई आफ्नो आकाशलाई
के बोकिरहेछ ?

*'आफैसित सवाल' पृ. ४१*

वर्तमान मानव जीवनमा उदाशी र निराशाले व्यापकता पाएको छ । खुसी, मुस्कान र हर्षको ठाउँ क्रमशः उदाशी, सुस्केरा र निराशाले लिएकोमा कवि निराश छन् ।

आजभोलि कुनै अनुहारमा
खुसीका रेखाहरू देखिँदैनन्
उदासीपन मात्र प्रष्टिन्छ,
कसैका ओंठमा मुस्कान खेल्दैन
सुस्केरा मात्र सुनिन्छ,
कसैका आँखा हर्षले चम्केका देखिँदैनन्
नैरास्यता मात्र बोकेका हुन्छन ।

*'आजभोली' पृ. ४९*

दुनियाँलाई छोडेर जानुपर्ने सत्यलाई स्वीकार गरेका कवि दुनियाँलाई छोडेर जानु अघि राष्ट्रलाई आफूले केही दिन नसकेकोमा निराश भएका छन् ।

आफूले दुनियाँलाई छाडेर जानु अघि
दुनियाँलाई केही छाडेर जाने मन थियो
केही छैन मसँग
के छोडेर जाऊ ?

*'भोलि' पृ. ८३*

परम्पराबाट मुक्त हुन नसकेका कारण राष्ट्रमा कुनै नयाँ कामहरू भएका छैनन् । यहाँको हावा, समय, साँझ र सम्पूर्ण परिवेशहरू निरस र उराठलाग्दा छन् । आतङ्कले भरिएका त्रासपूर्ण दृष्य अझै नफेरिएकोमा कवि निराश छन् ।

उस्तै छ हावा
उही हो समय
साँझ पनि उही
छैन भएको परिवर्तन केही

'दृष्य फेरिएको छैन' पृ.६७

### ४.३.४.५ आशावादी स्वर

**मरुभूमिमाथि** कवितासङ्ग्रहभित्रका कविताका केही हरफहरूमा कविका आशावादी स्वरहरू मुखरित भएको पाइन्छ । कङ्कालजस्तो निरीह जीवन बाँचेका सङ्घर्षशील नेपाली जनता केही दु:खी भए पनि भोलिको बन्धनमुक्त जीवन अवश्य आउनेछ भन्ने आशामा रहेका छन् ।

अलिकति दु:खी छ कंकाल
कतै टेक्न पाइन्न कि पर्खाल बाहिर
तरै पनि आश्वस्त छ कंकाल
भोलि माटो टेक्ने कलिला कुर्कुच्चाहरूले
टेक्नुपर्ने छैन पर्खाल भित्रको जमिन ।

'एउटा कंकाल एउटा पर्खाल' पृ.२३

वर्तमान परिवेशको विकट परिस्थितिले गर्दा कवि उभिएको भूमि हाललाई मरुभूमितुल्य रहेको भए तापनि भविष्यमा यो मरुभूमितुल्य भूमि रूख र दूबोले हराभरा भएको हुनेछ ।

मरुभूमिमाथि रूखका पातहरू बजेको आवाज पनि
केही कानहरूले सुनिरहेका छन्
मरुभूमिमाथि दूबोको स्पर्श पनि
केही पाइतालाहरूले पाइरहेका छन् ।

*'मरुभुमिमाथि' पृ.५९*

नेपाली जनता पीडा र भोकले छट्पटाएका छन् । भोक र पीडाले आक्रान्त पारेको मानव मुहारमा सुनौलो दिन प्राप्त गर्ने आशा भने प्रबल रहेको छ ।

मानिसहरूको अनुहारमा पीडाको रंग छ
भोकको रंग छ
साथै आशाको अझै चहकिलो रंग पनि छ
यही आशाको रंग सडकबाट हिँड्ने लामको
अनुहारमा तेजिलो भएको छ ।

*'पर्दाभित्र' पृ.६६*

अन्धकारमा जीवन बिताइरहेका बालकहरू रातपछि बिहान पक्कै आउँछ भन्ने दरिलो आशा गर्दै आजको अन्धकार रातलाई भोगिरहेका छन् ।

यो रातभित्रका बालकहरू
कति टाढा छ बिहान
घडी गन्दै बसिरहेका छन्
रातको बाटोको अन्त बिहानमा पक्कै छ
रातलाई भोगिरहेकाहरू सोच्दै छन् ।

*'यो रातमा' पृ.७२*

हरेक रात आँखामा समुद्रका छालजस्तै सक्रिय विचारहरू जाग्छन् । सक्रिय विचार र अटुट विश्वासलाई लिएर अघि बढेको खण्डमा मनलाई कमजोर बनाउने सपनाहरू हराउने छन् र रक्तिम सपनाहरू देखिने छन् भन्ने आशावादी स्वरलाई कविले यसरी व्यक्त गरेका छन्-

हरेक रात आँखाहरू लाग्छन् र सपनाहरू जाग्छन्
समुद्रका छालहरू जस्तै सक्रिय विचारका धारहरू
अँध्यारोमा पनि प्रवाहित हुन्छन् र रातहरू भाग्छन्
आँखामा विश्वासका तहहरू भरेपछि
मनलाई कमजोर बनाउने सपनाहरू कसरी बस्छन् आँखामा

रगतको रंगले भरिएका सपनाहरू पो देखिन्छन् आँखामा ।

*'रात र सपनाहरू' पृ.५४*

### ४.३.४.६ श्रमिकप्रतिको सम्मान

मार्क्सवादी विचारधाराबाट प्रभावित कवि रावल आफ्ना कवितामा श्रमिकवर्गलाई उपस्थित गराउन चुकेका छैनन् । उनले श्रमिकप्रति श्रद्धा र सम्मानभाव व्यक्त गरेका अनेक हरफहरूको रचना गरेका छन् । दिनरात बाटो खनिरहेका, माटो खेलाइरहेका र कलकारखानालाई नै जीवन दिइरहेका श्रमिकवर्गलाई कविले मिहिनेत र पसिनाका मुहानका रूपमा लिएका छन् ।

मिहिनेत र पसिनाका मुहानहरू
निरन्तर बाटो खनिरहेका हुन्छन्
हरपल माटो खेलाइरहेका हुन्छन्
सधैं सधैं कल-कारखानालाई जीवन दिइरहेका हुन्छन् ।

*'अन्तर' पृ. १७*

श्रमिकले निर्माण गरेका संरचनाहरूको भूमिमा उभिएर नै आफू कर्मवादी र सृजनशील हुने ताकत पाएको र आफूले लेखेका काव्य र कृतिहरू श्रमिकका रचना भन्दा साना रहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

तिनकै रचनाको भूमिमा उभिएर नै
म सृजनशील हुने ताकत पाउँछु
र म अनुभव गर्न थाल्छु
तिनले श्रृजना गरेका रचनाहरू
मेरो काव्य भन्दा धेरै धेरै महान् हुन्छन् ।

*'अन्तर' पृ.१८*

हातमा ठेला उठाउँदै माटोका डल्लाहरूसँग खेल्दै उमारेको र उब्जाएको बाली श्रमिकले नपाएका कारण ऊ अत्यन्तै निरीह र दुब्लो भएको करुणाजनक स्थितिलाई कविले यसरी उल्लेख गरेका छन् -

तिम्रा हत्केलाहरूमा यो बेला ठेला छन्
तिमीले खेतमा खेलेको हुनुपर्छ
तिमीले बाली उमारेको हुनुपर्छ
तिम्रो शरीर दुब्लो असाध्यै दुब्लो छ
तिमीले आफूले उब्जाएको बाली पाएनौं ।

*'निद्रालाई त्यागौं अहिलेलाई' पृ. ४८*

माटोको न्यानो स्पर्श दिनरात माटो खेलाउने कर्मशील हातहरूलाई मात्र थाहा हुने यथार्थलाई उल्लेख गर्दै कविले पसिनाको धारा बगाएर उब्जाएको बालीबाट साहुको भकारी भरिने सामन्ती प्रथाको विरोध गरेका छन् । जति मेहनत गरे पनि श्रमिक सदैव भोको र नाङ्गो रहेको स्थितिलाई कविले यसरी व्यक्त गरेका छन्-

माटो खेलाउने हातहरूलाई नै थाहा छ माटोको स्पर्श
जमिन छुन नपर्नेलाई के थाहा माटोको माया ?
माटोले पसिना माग्छ र बालीहरू उमारी दिन्छ
म पसिना दिन्छु माटोलाई र माटोले अन्न दिन्छ
जब अन्तै भकारीहरूमा भरिन्छ अन्न
र म भोको र नाङ्गो देखिन्छु । *'म आफ्नै माटोमा' पृ.७५*

अभावको जिन्दगी बिताइरहेका भोका र नाङ्गा तर कर्मशील नेपालीले देशलाई आफ्नो काँधमा बोकिरहेको र आफूले सधैं तिनीहरूको सम्मानका लागि नै कलम चलाउने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

कुनै भोका कतै नाङ्गा
मानिसहरू उभिएका छन्
तर पनि तिनीहरूले नै देशलाई
काँधमा बोकिरहेका छन्
म तिनीहरूलाई नै माया गरेर
तिनीहरूप्रति सम्मान दर्शाउन
मेरो प्रिय कलम चलाइरहेछु ।

*'मेरो वरिपरि' पृ.६२*

जीविकोपार्जनका लागि दिनरात काममा लाग्ने कर्मशील श्रमजीवि जीवनहरू वर्षात्को अभावमा सुख्खा भएर चिरा परेका जमिन जस्तै पीडित र व्यथित भए पनि सक्रिय भएर आफ्नो मातृभूमिलाई सहारा प्रदान गरिरहेका छन् ।

वर्षात्को अभावमा सुख्खा-सुख्खा भएर
चीराहरू परेका जमिन जस्तै यी जीवनहरू
पीडित छन् र पनि उर्बर छन्
आफ्नो छाती थापेर काँध दिएका छन्
अति प्यारो मातृभूमिलाई उठाई राख्न ।

*'यो मौसममा' पृ.७७*

मिहिनेत र सीपले माटोलाई सिङ्गारेर मातृभूमिको अनुहार बदल्न चाहने र जिन्दगीलाई सौन्दर्यमय देख्न चाहने श्रमजीविहरू सधैं भोकै रहनुपरेको छ ।

मिहिनेत र सीपले सिंगारेर माटोलाई
मातृभूमिको अनुहार बदल्न चाहनेहरू
जिन्दगीलाई सौन्दर्यमय देख्न चाहनेहरू
भोका नै त हुन्छन् ।

*'यो मौसममा' पृ.७८*

### ४.३.४.७ यथार्थ परिस्थितिको चित्रण

यस सङ्ग्रहभित्रका कविताका केही हरफहरूमा कविले निरङ्कुश प्रवृत्ति र तत्कालीन परिस्थितिको यथार्थ चित्रण गरेका छन् । सफल जीवनको खोजी गर्दागर्दै आफ्नो सम्पूर्ण जीवन मृत सागरमा बितिसकेको, जीवन धेरै टाढा र मृत्यु धेरै नजिक भएको तत्कालीन बन्देजयुक्त समयको यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

जिन्दगीको खोज गर्दा गर्दै
मृत सागरमा
आफ्ना जवानीका रंगीन दिनहरू बितायौं
जहाँबाट जीवनहरू धेरै टाढा छन्
र छन् फगत जताततै ओछ्याइएका मृत्युहरू ।

*'खोजी' पृ.२४*

'पहेंलो रेखा' कवितामा पहेंलो रेखा अन्ध परम्पराको प्रतीक बनेर आएको छ । अन्ध परम्पराको प्रतीक बनेको पहेंलो रेखाको सुरक्षा र जर्गेनाका लागि प्रतिगामीहरू एकजुट भएर बसेका छन् । नौलो युगको उदयको विरोधी पहेंलो रेखायुक्त थोत्रो युग अझै लामो हुँदै गएको यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

पहेंलो रेखाको पहरामा

पहेंला अनुहारहरू पहरेदार भएर बसेका छन्
पहेंला रेखाको रक्षामा
बेसारे अनुहारहरू घाँटी जोडेर बसेका छन्
प्रतीक भएर वर्षौदेखिको थोत्रो युगको
बसेको छ पहेंलो रेखा
उदय विरोधी भएर वर्षौसम्म नौलो युगको ।

*'पहेंलो रेखा' पृ. २७*

द्वन्द्वको समयमा नेपाली आकाश विषादको बादलले भरिएको यथार्थलाई कविले यसरी व्यक्त गरेका छन्-

विषका बादलहरू मडारिँदै छन्
चारैतिर ढाकेर आकाशलाई ।

*'आफैसित सवाल' पृ. ४२*

अर्काको हातमा बाँधिएको नेपाली जनताको अस्तित्वलाई कविले पानीका माध्यमबाट यसरी व्यक्त गरेका छन् -

कहिले कतै पोखरीहरूमा
मलाई बाधिदिएका छन्
कहिले गिलासको आकारमा हुन्छु
कहिले दुई हत्केलाहरूभित्र
अञ्जुलीको आकारमा हुन्छु ।

'पानी' पृ. ४४

निरङ्कुशतन्त्रको दबदबाका कारण डरलाग्दा सपना मात्र देखिने यथार्थ स्थितिलाई कविले यसरी उल्लेख गरेका छन्-

आजभोलि त मीठा सपनामा पनि
प्रतिबन्ध लागेको छ
शायद त्यसैले होला
आजभोलि डरलाग्दा मुटु नै काँप्ने
सपना मात्र देखिन्छन् ।

'आजभोलि' पृ.५०

नेपाली जनता आफ्नै जन्मभूमिमा नै असुरक्षित छन् । बारुदको धुवाँ र गोलीको आवाजले कतिबेला उनीहरूको आँखा र छातीमा आक्रमण गर्ने हो केही निश्चित छैन ।

कुनबेला बादल जस्तो बाक्लो धुवाँले
प्यारा सन्तानका आँखाहरूमा आक्रमण गर्ने हो ?
कुन बेला चट्याङ खसे जस्तो आवाजले
प्यारा सन्तानका छातिहरूमा आक्रमण गर्ने हो ?
केही निश्चित छैन ।

'वर्तमानभित्र परिवेश' पृ.५२

अर्थहीन तथा उपयोगहीन परम्पराप्रतिको विश्वासका कारण विगत ढुङ्गा र धातुलाई पूजा गर्दै बिताएकोमा कवि पछुताएका छन् । ढुङ्गा र धातुलाई पूजा गरेर बिताएको समयलाई निर्माण कार्यमा लगाउन पाएको भए आफ्नो सानो समस्या भए पनि समाधान हुने यथार्थलाई कविले यसरी व्यक्त गरेका छन्-

ढुङ्गालाई पुज्नु भन्दा
कुनै पर्खाल बनाउन
प्रयोग गर्नुपर्ने

धातुलाई पुज्नु भन्दा
कुनै भाँडा बनाउन
प्रयोग गर्नुपर्ने
जसले हाम्रो सानो समस्या
भए पनि समाधान हुन्थ्यो ।

*'समानताको धरातल बसाऔं' पृ. ४५*

आजसम्म पनि कायम रहेको अन्ध परिस्थितिले बेला बेलामा कर्मठ मनलाई हतास तुल्याउने विषालु बतास चलाउने यथार्थ कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

पुरानो तर अझै कायम परिस्थितिले
बेला-बेलामा विषालु बतास चलाउँछ
त्यसबेला तिम्रो मन हतास बनाउँछ ।

*'निद्रालाई त्यागौं अहिलेलाई' पृ. ४८*

अन्ध परम्पराको प्रतीक बनेको प्राचीन खोलाले प्राचीन गतिविधिलाई निरन्तरता दिइरहेको छ । कहिले यता कहिले उता छिरेर जताततै लथालिङ्ग र भताभुङ्ग पार्ने खोलालाई निरङ्कुशतन्त्रको प्रतीकका रूपमा लिएर निरङ्कुश शाशनको यथार्थ गतिविधिलाई कविले यसरी उल्लेख गरेका छन्-

प्राचीन खोलाले प्राचीन गतिविधि अझै रमाएरै गरिरहेको छ
कहिले यता उक्लिन्छ, कहिले उता उक्लिन्छ
जतातिर जति उक्लिन्छ उति भत्काउँछ र फेरि भत्काउँछ ।

*'प्राचीन खोला' पृ. ३८*

जताततै फैलिएको अन्ध परम्पराले नयाँ विचारका बीजलाई हुर्कन नदिई विरुवामा नै मास्ने गरेको निर्मम प्रवृत्तिलाई कविले यसरी प्रस्तुत गरेका छन् -

यता हेरे पनि, उता हेरे पनि
जता हेरे पनि, प्राचीन खोला नै विस्तारित छ,
खेतमा भर्खरै उम्रिएका बीउहरू घाम हेर्दै हुन्छन्
खोला बौलाउँछ खेतमा पस्छ र मास्छ ।

*'प्राचीन खोला' पृ.६९*

## ४.३.४.८ एकता र विश्वबन्धुत्वको भावना

ललिजन रावलले **मरुभूमिमाथि**भित्रका कविताका केही हरफमा एकता र विश्वबन्धुत्वको भावना सबैमा हुनुपर्ने अभिष्ट राखेका छन् । 'पर्खाल' कवितामा कविले एकताको अभावमा कुनै पनि ठोस र रचनात्मक कार्यको सम्पन्न हुन नसकेको विषम परिस्थितिको चित्रण गरेका छन् । ढुङ्गा र माटोको पर्खाल बनाउने अभिलाषा रहेको र एकताको अभावमा ढुङ्गा, माटो र कर्मशील हातहरू उदास र विवश रहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

ढुङ्गाको पर्खाल बनाउने अभिलाषा त्यत्तिकै छ
माटोको ढुङ्गा जोड्ने इच्छा पनि त्यत्तिकै छ
एकातिर ढुङ्गाहरू उदास छन्
अर्कोतिर माटाहरू उदास छन्
र कतै, टाढा निर्माण बोकेका हातहरू विवश छन् ।

*'पर्खाल' पृ.१६*

सुनौलो भविष्यको पर्खाइमा बसेका हातहरूमा एकताको खाँचो रहेको छ । सुनौलो वसन्तको प्राप्तिका लागि अघि बढेका हातहरू एक भई एउटै अँगालो र एउटै भङ्गालो भएर जानुपर्ने भावनालाई कविले यसरी व्यक्त गरेका छन्-

आऊ हात मिलाउँ

हामी साथ मिलाउँ
निद्रालाई त्यागौं अहिलेलाई
बसन्तलाई नै पर्खेका को को छन् ?
आऊ हामी एउटै अँगालोमा बाँधिउँ
र एउटै भँगालो भएर जाऊँ ।

*'निद्रालाई त्यागौं अहिलेलाई' पृ. ४८*

विगतलाई खेर फाले जस्तै वर्तमानलाई खेर नफालौं । उपयोगिताहीन परम्पराप्रतिको भ्रामक जालोलाई मेटाउनका लागि कर्मशील हातहरूको हातेमालो आवश्यक रहेको छ ।

विगतलाई खेर फाले झैं
वर्तमानलाई खेर नफालौं
यसैले आउ ! हाम्रो भ्रमात्मक विश्वासलाई
हातेमालो गरेर मेटाइदिउँ ।

*'समानताको धरातल बसाऔं' पृ. ४६*

एकताको भावनाको साथसाथै कविले आफ्ना कवितामा विश्वबन्धुत्वको भावनालाई पनि समेटेमा छन् । 'मुकेश जैनलाई' शीर्षक कवितामा भौगोलिक दूरी, जाति एवम् धर्ममा भिन्नता भए पनि आदिम जैविकता र मानवीय नाताको आधारमा मान्छे फगत एक रहन्छ [५४] भन्ने कुरा दर्शाइएको छ ।

तिमी आफ्नो महावीरलाई टाढा राख
म आफ्नो पशुपतिलाई बिर्सन्छु
र मात्र सम्झौं हामी आदि मानवका पुत्र हौं
एउटै आकाशको ओत मुनि हामी छौ ।

*'मुकेश जैनलाई' पृ. ६५*

मानिसमानिस बीचमा सिर्जना गरिएका जातपातका पर्खाललाई तोडेर सिर्जनामा तल्लीन रहेका हातहरूलाई चुम्ने आफ्नो हृदयदेखिको इच्छालाई कविले यसरी व्यक्त गरेका छन्-

मानिस बीच खडा गरिएका
देश र जातियताका पर्खालहरू तोडेर
मलाई सिर्जनामा तल्लीन हातहरू चुम्ने रहछ छ ।

*'मुकेश जैनलाई' पृ. ३५*

मानिसमानिस बीच उठेका असमानताका ढिस्काहरूलाई मेटाउँदै सबै एकै हौं भन्ने भावनालाई कविले यसरी व्यक्त गरेका छन् -

असमानताका प्रतीक भएर उठेका ढिस्काहरूलाई
पाखुराले फोर्दै
पाइतालाले मिच्दै
समानताको धरातल बसाऔं ।

*'समानताको धरातल बसाऔं' पृ. ४६*

## ४.३.४.९ नारीप्रतिको सम्मान

कवि रावलले 'सुदुरबाट' कवितामा निःस्वार्थ तथा निष्काम भावनाले मायाको वर्षा गर्ने र आदर एवम् सम्मानको भावना राख्ने नारी हृदयलाई अमूर्त स्पर्श गर्ने उदात्त भावना राखेका छन ।[५५] सबै मानिसलाई माया र सम्मानको भावना प्रदान गर्ने कोमल नारीको चित्रण कविले यसरी गरेका छन्-

---

[५४] ऐजन ।

[५५] ऐजन ।

सबै मानिसहरूलाई माया बाँड्दै हिँड्ने
चाहना र व्यवहार पाएँ तिमीमा
सबैप्रति सम्मानको भावना राख्ने
उच्चता र महानता पाएँ तिमीमा ।

*'सुदूरबाट' पृ.३१*

### ४.३.४.१० प्रकृतिको चित्रण

कवि रावलले यस सङ्ग्रहभित्रका कविताका केही हरफमा प्रकृतिको चित्रण गरेका छन् । 'जुनेली रङ्गभित्र' कवितामा कविले जुनेली रातको उल्लासमय वातावरणको वर्णन गरेका छन् । मध्यरातमा मीठो सपनापछि बिऊँभ्केको समयमा आफ्नो झ्यालबाट आफूलाई स्पर्श गर्न आउने जूनले आफूलाई कविता लेख्न प्रेरित गरेको कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

मध्यरातमा मीठो स्वप्नपछि
जब बिउँझन्छु निद्राको मध्यान्ह्मा
बिस्तारै- बिस्तारै मेरो झ्यालबाट
मलाई स्पर्श गर्न
म भित्रका कविताका भावहरू जगाउन
जून सुस्तरि-सुस्तरि
धरतीमा ओर्लिंदै हुन्छ ।

*'जुनेली रङ्गभित्र' पृ.३२*

कविले जुनेली रङ्गको रमणीय वातावरणमा सम्पूर्ण जाति तथा धर्म र रङ्गभेद जस्ता असमान भावनाहरू सुषुप्त रहन सक्ने र समान भावनाको उद्‌बोधन हुने नैसर्गिक तथ्यलाई स्पष्ट पारेका छन् ।

जून चारैतिर सौन्दर्य फिजाउँछ
र जुनेली रङ्गभित्र
सबै सबै जात र धर्महरू सुतिरहेका हुन्छन्
छालाको रङ्गका भेदहरू पनि घुरिरहेका हुन्छन् ।

*'जुनेली रङ्गभित्र' पृ.३३*

### ४.३.५ लय

' **मरुभूमिमाथि**का सबै कविताहरू गद्य लयमा रचिएका छन् । मुक्त लययुक्त कविता भए पनि अनुप्रास, द्वित्व, वर्णगत समानान्तरता र उच्चारण समयमा लाग्ने समानताले यस सङ्ग्रहका कवितामा लयको सिर्जना भएको पाइन्छ । जसको चर्चा तल गरिन्छ -

### ४.३.५.१ अनुप्रास

यस सङ्ग्रहभित्रका कवितामा अनुप्रासका विभिन्न प्रकारहरू आद्यानुप्रास, मद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ । जसले कवितामा लयको सिर्जना गरेका छन् ।

**आद्यानुप्रास -**

खोलासँग बलियो झोला छ र
झोलाको रङ्ग जे जस्तो भए पनि
झोलाभित्र कालै अन्धकार छ ।

*'प्राचीन खोला' पृ.६९*

**मद्यानुप्रास -**

मिहिनेत र पसिनाका मुहानहरू
निरन्तर बाटो खनिरहेका हुन्छन्
हरपल माटो खेलाइरहेका हुन्छन् ।

'माटोको रोदन' पृ.६४

**अन्त्यानुप्रास -**

आफ्ना खुट्टाहरूमा अब नदीको गति बोक्छु
अँध्यारो हटाउनलाई आफ्ना उज्याला भावनाहरू पोख्छु ।

*'म आफ्नै माटोमा' पृ. ४६*

माथिका उदाहरणमा रेखाङ्कित गरिएका 'खोला-भोला', 'बाटो-माटो', 'बोक्छु - पोख्छु' जस्ता अनुप्रासयुक्त शब्दको प्रयोगले कवितामा लयको सिर्जना भएको पाइन्छ ।

### ४.३.५.२ द्वित्व

शब्दहरूको पुनरावृत्तिले पनि यस सङ्ग्रहका कवितामा लयको सिर्जना भएको पाइन्छ, जस्तै-

– आशाको आकाश हराएको छ
टुक्रा-टुक्रा बादलहरूबीच
एक्लै-एक्लै बगेर बतासहरू
दु:खका बृक्षहरू हुर्किन्छन् ।

*'आशाको आकाश हराएको बखत' पृ.१३*

– कंकाल गाडिएका एकजोर आँखामा
आँसु देखिएन कहिल्यै
पर्खाल चकित-चकित छ उहिलेदेखि ।

*'एउटा कंकाल एउटा पर्खाल' पृ.२२*

– हामी यस्तो बिरान ठाउँमा छौं
जहाँ मात्र ढुङ्गाहरू छन्
ठूला-ठूला चट्टानहरू छन् ।

*'खोजी' पृ.२४*

– मध्यरातमा मीठो स्वप्नपछि
जब बिउँभन्छु निद्राको मध्यान्त्मा
बिस्तारै - बिस्तारै मेरो भ्र्यालबाट
मलाई स्पर्श गर्न
म भित्रका कविताका भावहरू जगाउन
जुन सुस्तरि- सुस्तरि
धरतीमा ओर्लिंदै हुन्छ ।

*'जुनेली रङ्गभित्र' पृ.३२*

माथिका उदाहरणमा रेखाङ्कित गरिएका 'टुक्रा-टुक्रा', 'एक्लै-एक्लै', 'चकित-चकित', 'ठूला-ठूला', 'बिस्तारै-बिस्तारै', 'सुस्तरि-सुस्तरि', जस्ता शब्दहरूको पुनरावृत्ति वा द्वित्व भएर कविता लययुक्त बनेका छन् ।

### ४.३.५.३ समानान्तरता

यस कवितासङ्ग्रहभित्रका कविताका अनेक पङ्क्तिमा वर्ण, पद र वाक्यगत रूपमा आएको समानान्तरताले पनि लयको सिर्जना गरेको पाइन्छ ।

**क) वर्णगत समानान्तरता -**

– न साज न आवाज
न सुर न ताल
तरै पनि जीवन गीत गाउने प्रयत्नमा
लागि रहेको निरन्तर एउटा कंकाल
वरिपरि पर्खाल ।

'एउटा कंकाल एउटा पर्खाल' पृ.२१

– महाकाशका टुक्राहरूमा
एउटा टुक्रा मेरो, नितान्त मेरो हो
किन सफा देखिँदैन अहिले को सित सोधुँ ?
आफ्नै नयनले देखिने दृष्यको रङ्गको बारेमा
अर्कैसित सोध्नुको पनि के अर्थ होला ?

*'आफैसित सवाल' पृ. ४१*

माथिको पहिलो उदाहरणमा 'न', 'ज', 'त', 'प', 'ग', 'ल', 'र', 'क' आदि वर्णको समानान्तर आवृत्ति भएको छ भने दोस्रो उदाहरणमा 'म', 'क', 'ह', 'र', 'न', 'स,' 'उ' आदि वर्णको समानान्तर आवृत्ति भएर कविता लययुक्त बनेका छन् ।

**ख) पदगत समानान्तरता -**

– पहेंलो रेखाको पहरामा
पहेंलो अनुहारहरू पहरेदार भएर बसेका छन्
पहेंलो रेखाको रक्षामा
बेसारे अनुहारहरू घाटी जोडेर बसेका छन्
प्रतीक भएर बर्षौ देखिको थोत्रो युगको
बसेको छ पहेंलो रेखा
उदय विरोधी भएर वर्षौंसम्म नौलो युगको
बस्न खोज्दैछ पहेंलो रेखा ।

*'पहेंलो रेखा'पृ. २७*

– तिमी सुखका बारेमा सोचिरहेका छौ ?
तिम्रा आँखा टाढा-टाढासम्म
कसैलाई खोजेझैं गरिरहेका छन्
तिमी कसैको प्रतीक्षामा छौ ?
तिम्रा हत्केलाहरूमा यो बेला ठेला छन्
तिमीले खेतमा खेलेको हुनुपर्दछ
तिमीले बाली उमारेको हुनुपर्दछ ।

*'निदालाई त्यागौ अहिलेलाई' पृ. ४८*

माथिको पहिलो उदाहरणमा रेखाङ्कित गरिएका 'पहेंलो रेखा', 'बसेका छन्', 'युगको' र दोस्रो उदाहरणमा रेखाङ्कित 'तिमी', 'तिम्रा', 'तिमीले', 'कसै' 'हुनुपर्दछ' आदि पदहरूको समानान्तर आवृत्तिले कवितामा लयको सिर्जना भएको छ ।

**ग) वाक्यगत समानान्तरता -**

– कविले पीडाको पोखरी मात्र देख्यो
कविले पीडाको हिमाल मात्र देख्यो ।

*'आशाको आकाश हराएको बखत' पृ.१४*

– तिमी नाङ्गा रुखहरू हेरिरहेका छौ
तिमी नाङ्गा पहाडहरू हेरिरहेका छौ ।

*'निद्रालाई त्यागौं अहिलेलाई' पृ. ४८*

माथि प्रस्तुत गरिएका वर्ण, पद र वाक्यगत समानान्तरताले कवितालाई लयात्मक बन्न सहयोग पुऱ्याएका छन् । यसका साथै यस सङ्ग्रहभित्रका कविताहरूमा एकै समयमा उच्चारण गर्न सकिने शब्द, पदावली र वाक्यहरूको प्रयोग भएको छ । जसले कवितालाई लयात्मक बनाएका छन् ।

– अझसम्म उही पुरानो समयले
आफ्नो पछ्यौरी फैलाएको छ

अझै हामीलाई आफूले ओडाएको
थोत्रो कुरा फैलाइरहेको छ ।

*'कामबेल हुर्किँदैछ' पृ. ३६*

– ढुङ्गालाई पुज्नुभन्दा
कुनै पर्खाल बनाउन
प्रयोग गर्नुपर्ने
धातुलाई पुज्नु भन्दा
कुनै भाँडा बनाउन
प्रयोग गर्नुपर्ने
जसले हाम्रो सानो समस्या
भए पनि हल हुन्थ्यो ।

*'समानताको धरातल बसाऔं' पृ. ४५*

माथिका उदाहरणमा आएका कवितांशमा उदाहरणगत समानता नभए तापनि उत्तिकै समयमा पढ्न सकिने समयको व्यवस्था भएको पाइन्छ भने 'अझ' 'फैलाएको' 'प्रयोग गर्नुपर्ने' जस्ता शब्दहरूको पुनरावृत्तिले लयको सिर्जना भएको पाइन्छ ।

## ४.३.६ भाषाशैली

यस सङ्ग्रहभित्रका सम्पूर्ण कविताहरूको भाषा सरल र गद्यात्मक रहेको छ । कवि रावलले सरल र मिठासपूर्ण तरिकाले नेपाली भाषाका माध्यमबाट आफ्ना कवितात्मक अनुभूतिलाई व्यक्त गरेका छन् । अनुभूतिको कवितात्मक अभिव्यक्तिका लागि कविले कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग पनि गरेका छन् । उनले आकाश, बालक, दुःख, बृक्ष, कवि (पृ.१५), विश्वास (पृ.२८), समय (पृ.२९), पुत्र, सूर्य (पृ.३५), नयन (पृ.४१), जल (पृ.४२), विगत (पृ.४५), वर्तमान (पृ.४६), निद्रा (पृ.४९), हर्ष (पृ.४९), सुख (पृ.५८), दूबो (पृ.५९) जस्ता तत्सम शब्दको प्रयोग गरेका छन् । त्यसैगरी आँखा, रात, धूलो, हात (पृ.१५), फूल (पृ.२२), नत्र (पृ.२९), साँझ (पृ.२९), माझ (पृ.३०), उज्यालो (पृ.३४), रगत (पृ.३७), ओंठ (पृ.३९), पात ( पृ.४७), दाँत (पृ.५७), सास (पृ.५८), कान (पृ.६५) जस्ता तद्भव शब्दको प्रयोग पनि यस सङ्ग्रहका कवितामा भएको पाईन्छ ।

तत्सम र तद्भव बाहेकका आगन्तुक शब्दहरूमध्ये अरबी भाषाबाट आएका महल ( पृ.१५), हावा (पृ.३५), दुनियाँ (पृ.३९), मौसम (पृ.८२) जस्ता शब्दहरू, फारसी भाषाबाट आएका जमिन (पृ.२२), जिन्दगी (पृ २४), शहर (पृ.३९), खुसी (पृ.४९) आदि शब्दको प्रयोग यस सङ्ग्रहका कवितामा भएको पाईन्छ ।

यसप्रकार विभिन्न खालको भाषाको प्रस्तुतीकरणका लागि कविले विभिन्न प्रकारका शैलीलाई लिएका छन् । वर्णनात्मक, व्यङ्ग्यात्मक र व्यञ्जनात्मक शैलीका माध्यमबाट कविले आफ्नो अनुभूतिलाई कवितात्मक रूपमा प्रकट गरेका छन् । यथार्थ समस्या, नेपालीका आशा, निराशा, पीडा व्यथा र विरहलाई कलात्मकताका साथ सजीव रूपमा कविताका माध्यमबाट प्रस्तुत गर्न सक्नु रावलको महत्त्वपूर्ण शैलीगत वैशिष्ट्य हो ।

## ४.३.७ अलङ्कार

**मरुभूमिमाथि** सङ्ग्रहभित्रका कविताहरूमा शब्दालङ्कारका विभिन्न प्रकारको प्रयोग भएको पाइन्छ, जस्तै –

– जीवन दिएर रगतले उमारेका बोटहरूलाई फल्नदेऊ
अहिले बलियो गरी चलिरहेको हुरीलाई चल्नदेऊ ।

'पीडाको पोखरीबाट' पृ.७४

– कतै आफ्नै हृदय जस्तो कवि मर्छ
अनायास साँझ आउँछ आखामा र रात पर्छ ।

*'आशाको आकाश हराएको बखत' पृ.१३*

माथिका उदाहरणहरूमा प्रस्तुत गरिएका कवितांशमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ । उदाहरण एकको कवितांशमा 'फल्नदेउ' र 'चल्नदेउ ' र उदाहरण दुईको कवितांशमा 'मर्छ' र 'पर्छ' जस्ता शब्दको अनुप्रासले अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

– आगो छ मनहरूमा र विरहको धुवाँ छ ।

' आशाको आकाश ...' पृ.१३

– उसले आफ्नो मनको बह बिसाएर गयो

*'दु:खी गीत ' पृ.५६*

– मलाई उदास साँझ मन पर्छ ।

लामो अन्तरालपछि' पृ.२८

माथिको उदाहरण एकमा 'म' 'र' र 'छ' वर्णको, उदाहरण दुईमा 'स' र 'न' वर्णको र उदाहरण तीनमा 'म' र 'स' वर्णको एउटैक्रममा एकपटक मात्र आवृत्ति भएर छेकानुप्रास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

– अमलेख गरेको आर्शीवादको कुनै औचित्य छैन
अमलेख स्वयं हुँदै जान्छन्, मान्छेहरू ।

*'कामबेल हुर्किदैछ' पृ.३७*

– आमाको आँखाको आँशुलाई तिनीहरू
हर्षको आँसु हो भनि फलाक्दै छन् ।

*'वर्तमानभित्र मेरो परिवेश' पृ.२२*

– पुरानो तर अझै कायम परिस्थितिले
बेला-बेलामा विषालु बतास चलाउँछ ।

*'निद्रालाई त्यागौं अहिलेलाई' पृ.४८*

– अहिले छहारी खोजिरहेको छैन
रूखहरू रोप्न त भर्खरै सुरुवात हुँदैछ ।

*'मरुभूमिमाथि' पृ. ५८*

माथिका उदाहरणमा एक व्यञ्जनको अनेकपटक आवृत्ति भएर बन्ने वृत्यनुप्रास अलङ्कारको प्रयोग भएको छ । उदाहरण एकमा 'अ' वर्णको उदाहरण दुईमा 'आ' वर्णको उदाहरण तीनमा 'ब' वर्णको र उदाहरण चारमा 'र' वर्णको अनेकपटक आवृत्ति भएको छ ।

### ४.३.८ बिम्ब तथा प्रतीक

**मरुभूमिमाथि** सङ्ग्रहमा विभिन्न बिम्बात्मक पदावलीको प्रयोग भएको छ । जसले रावलको कवित्वशील्पमा सौन्दर्यको उत्कर्षता थपेको छ । यस सङ्ग्रहभित्रका कविताहरूमा कविले श्रव्य, दृष्य, ताप र गतिसम्बन्धी बिम्बहरूको प्रयोग गरेका छन् ।

**क) श्रव्यसम्बन्धी**

किन उसको गीतले मलाई यसरी छोयो ?
किन मेरो मन यसरी रोयो ? ।

*'दु:खी गीत' पृ.५६*

**ख) दृष्यसम्बन्धी**

जुनेली रंगमा चुर्लुम्म डुबाएर
जून चारैतिर सौन्दर्य फिजाउँछ ।

*'जुनेली रंगभित्र' पृ.३३*

**ग) तापसम्बन्धी**

आनन्दको सास फेरिरहेको छैन
मात्र तातो हावाले भरिन्छ फोक्सो ।

*'मरुभूमिमाथि' पृ.५८*

**घ) गतिसम्बन्धी**

– जून सुस्तरि-सुस्तरि
धरतीमा ओर्लिदै हुन्छ ।

*'जुनेली रंगभित्र' पृ.३२*

– अनायासै साँझ आउँछ आँखामा र रात पर्छ
पीडा बग्छ बाटो बनाउँदै नदी भएर ।

*'आशाको आकाश हराएको बखत' पृ. १३*

यस सङ्ग्रहभित्रका कवितामा विभिन्न खालका प्रतीकहरूको पनि प्रयोग भएको छ । यस सङ्ग्रहभित्रका कतिपय कविताका शीर्षकहरू नै प्रतीकात्मक पाराले राखिएका छन्, जस्तै- 'पहेंलो रेखा', 'मरुभूमिमाथि', 'पानी' 'एउटा कंकाल एउटा पर्खाल', 'प्राचीन खोला', 'पर्खाल' 'रंग' आदि । यस सङ्ग्रहका कवितामा प्रयोग भएका केही प्रतीकहरूलाई यहाँ उल्लेख गरिएको छ –

पहेंलो रेखालाई मेटाउँदै जानुपर्छ शुरुवातदेखि
मेटाउँदै जानुपर्छ यसको अन्तसम्म ।

*'पहेंलो रेखा' पृ.२६*

माथिको कवितांशमा रेखाङ्कित 'पहेलो रेखा' शब्द परम्परागत तानाशाही शाशकको प्रतीक बनेर आएको छ ।

सपना देख्छ कहिलेकाही कंकाल
पर्खाल खिइँदै गएको ।

*'एउटा कंकाल एउटा पर्खाल' पृ. २२*

माथिको कवितांशमा रेखाङ्कित 'कंकाल' अन्यायको जातो मुनि पिल्सिएका निरीह जनताको प्रतीक बनेर आएको छ भने 'पर्खाल' सामन्तवादी सचेतनाको प्रतीक बनेर आएको छ ।

खोला मौनता चाहन्छ मात्र मौनता चाहन्छ
मात्र आफू तछाड मछाड गर्दै जताततै
बग्न चाहन्छ ।

*'प्राचीन खोला' पृ. ६९*

माथिको उदाहरणमा 'खोला' अर्काको अस्तित्व मेटाउँदै हिँड्ने र आफ्नो एकल अस्तित्व स्थापना गर्न खोज्ने परम्पराको पुरानो संस्कारले युक्त सामन्तवादको प्रतीक बनेर आएको छ ।

### ४.३.९ निष्कर्ष

**मरुभूमिमाथि** कवि रावलको चौथो प्रकाशित पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा नेपाली समाज र यहाँका दीन, दुःखी, शोषित पीडित तर कर्मशील प्रवृत्ति भएका जनताको दुःख, दर्द मर्म अनि राष्ट्रको माटोसँग सम्बद्ध भई लेखिएका कविताहरूको सङ्कलन गरिएको छ । मानवतावादी, कर्मवादी, राष्ट्रवादी तथा जनवादी अभिचेत प्रगतिचेतसँग सम्बद्ध सङ्घर्षशील आशा र विश्वासलाई कविले यी कवितामा व्यक्त गरेका छन् ।[५६] सुमधुर भाषा प्रवाह र आफ्नै अनुभव र आफूले पचाएका बिम्ब तथा प्रतीकको प्रयोगले यस सङ्ग्रहका कविता सरल बनेका छन् । **यस पटक पनि** कवितासङ्ग्रहमा जस्तै यस सङ्ग्रहका कविताहरूमा पनि विषयवस्तु वा

[५६] ऐजन ।

भावको पुनरावृत्ति भएको पाइन्छ । भावना र कल्पनाको संयोजनसँगै यथार्थको प्रस्तुति गरेर रचिएका चौँतीसवटा कविताहरूको सङ्ग्रह **मरुभूमिमाथि** सम्प्रेषणीय र सरल रहेको छ ।

## ४.४ सिरानीमा आँसु सङ्ग्रहभित्रका कविताको अध्ययन

**सिरानीमा आँसु** गजल र कविताको संयुक्त सङ्ग्रह हो । यस सङ्ग्रहमा चौसट्ठीवटा गजल र चौबीसवटा कविताहरूको सङ्कलन गरिएको छ । यस शीर्षकमा **सिरानीमा आँसु** सङ्ग्रहभित्रका चौबीसवटा कविताको अध्ययन गरिएको छ ।

### ४.४.१ लेखन तथा प्रकाशन

**सिरानीमा आँसु** ललिजन रावलको पाँचौं प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिमा कवि रावलद्वारा वि.सं. २०४८ सालदेखि २०५७ सालसम्म रचना गरिएका जम्मा चौबीसवटा कविताहरूको सङ्कलन गरिएको छ । गद्य कविता र गजलको संयुक्त सङ्ग्रह **सिरानीमा आँसु**को प्रकाशन अनुराग प्रकाशन काठमाडौंबाट २०५९ सालमा भएको हो ।

### ४.४.२ सङ्ग्रहको नामकरण

**सिरानीमा आँसु** सङ्ग्रहमा कविले नेपाल र नेपालीको आँसुले भरिएको यथार्थ स्थितिलाई साधारणीकरण गरेर कवितात्मक अभिव्यक्तिको माध्यमबाट प्रकट गरेका छन् । नेपाल र नेपाली युद्ध र आतङ्कको बीचमा पीडा र आँसुले भरिएको जीवन बिताउन बाध्य छन् । दुःख र आँसुले भरिएको जीवन बाँचेका र आँसुलाई नै आफ्नो सिरानी बनाउन विवश नेपालीको कारुणिक यथार्थलाई उद्घाटन गर्दै यस सङ्ग्रहको नामकरण **सिरानीमा आँसु** गरिएको हो ।

### ४.४.३ संरचना

यस उप-शीर्षकमा **सिरानीमा आँसु** सङ्ग्रहमा सङ्कलित चौबीसवटा कविताहरूको संरचनाका बारेमा चर्चा गरिएको छ । संरचनागत हिसाबले एकरूपता नभएका यस सङ्ग्रहभित्रका प्रत्येक कविताको अन्तमा कविले कविता लेखेको मितिलाई उल्लेख गरेका छन् । यिनै विभिन्न समयमा लेखिएका कविताहरूको संरचनालाई निम्नानुसार तालिकामा अध्ययन गरिएको छ –

| क्र.स. | कविताको शीर्षक | पृष्ठ | अनुच्छेद | हरफ | कविता लेखेको मिति |
|---|---|---|---|---|---|
| १ | रात परेन यो शहरमा | ६७ | ५ | ३७ | २०४८/१०/१६ |
| २ | घोडाहरू यसबेला तबेलामा छन् | ६९ | ४ | २१ | २०४८/११/१९ |
| ३ | अक्षरहरू पानीका फोका जस्तै | ७१ | ३ | २२ | २०४९/०४/१२ |
| ४ | हिमशिलामा पग्लिएर | ७३ | ४ | २७ | २०४९/१०/२३ |
| ५ | मध्यान्नमा बलेको दियो | ७५ | ३ | २४ | २०४९/ |
| ६ | जमिनबाट काटिएको उँचाइ | ७७ | ३ | ३५ | २०५१/९/१२ |
| ७ | सेती र म | ७९ | ३ | २४ | २०५२/१/२५ |
| ८ | सेतीको किनार र काठमाडौंको सम्झना | ८१ | २ | २८ | २०५२/३/१० |
| ९ | पुनरावृत्ति | ८३ | २ | २१ | २०५२/२/२६ |
| १० | मसानघाटबाट ब्यूँतेको लाश | ८५ | २ | २३ | २०५२/१२/१७ |
| ११ | बगरको ढुङ्गो | ८७ | २ | २६ | २०५३/२/१ |
| १२ | अनुत्तरित प्रश्नहरू | ८९ | ३ | ३७ | ५३/११/१२ |
| १३ | यस वर्तमानमा | ९१ | २ | २१ | ५५/३/२१ |
| १४ | स्वप्न ब्यापारीहरू | ९३ | २ | २५ | २०५५/४/५ |
| १५ | जंगल | ९५ | ३ | ३९ | २०५५/४/९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १६ | यतिबेला | ९७ | २ | २५ | २०५५/४/२४ |
| १७ | तुलना | ९९ | २ | २२ | २०५५/११/२३ |
| १८ | अहिले | १०१ | ४ | ३१ | २०५५/११/२७ |
| १९ | भो! नसुनाऊ गीतहरू | १०३ | ३ | २९ | २०५५/११/३० |
| २० | वर्तमानको धरातलमा ओर्ल | १०५ | ५ | २५ | २०५५/१२/८ |
| २१ | भारी | १०७ | ४ | २४ | २०५५/१२/१४ |
| २२ | विकट आशा | १०९ | ५ | २५ | २०५६/५/१ |
| २३ | आलो घाऊ | १११ | ४ | ४० | २०५७/९/२३ |
| २४ | बुद्ध मूर्ति र तालिवान हातहरू | ११३ | ३ | ४१ | २०५७/११/२९ |

**सिरानीमा आँसु** सङ्ग्रहमा घटीमा एक्काइस हरफदेखि बढीमा एकचालीस हरफसम्मका कविता सङ्गृहीत छन् । यस सङ्ग्रहमा सङ्कलित 'घोडाहरू तबेलामा छन' र 'पुनरावृत्ति' शीर्षकका कविता एक्काइस हरफमा रचिएका छन् भने 'बुद्ध मूर्ति र तालिवान हातहरू' शीर्षकको कविता एकचालीस हरफमा रचना गरिएको छ । कम्तीमा एक्काइसदेखि बढीमा एकचालीस हरफसम्मका लामा कविताको सङ्कलन गरिएको यस सङग्रहमा कविले बीसदेखि तीस हरफसम्मका लामा कविताहरूको रचना बढी मात्रामा गरेका छन् ।

रावलका कविताका हरफको सङ्ख्यामा असन्तुलन भए जस्तै हरफको आकार पनि असन्तुलित रहेको पाइन्छ । एउटै अनुच्छेदमा कुनै लामा हरफ र कुनै छोटा हरफको संयोजन कवि रावलले यसरी गरेका छन् -

– ओहो ! यो क्रम फेरि नदोहोरियोस्
जमिनबाट काटिएर
प्राप्त हुने उँचाइ
चाहिएन हामीलाई ।

*'जमिनबाट काटिएको उँचाइ' पृ. ७८*

– लाशलाई अनौठो लागिरहेछ
ऊ सोचिरहेछ
किन मृत्युमय पार्न सकिएन यस दुनियाँलाई ।

*'मसानघाटबाट ब्यूँतेको लास' पृ. ८६*

यसैगरी कविले आफ्ना कविताको रचना अत्यन्तै छोटा हरफमा र लामा हरफमा पनि गरेका छन् । केही उदाहरणहरू यस प्रकार छन् -

**छोटो हरफ भएका -**

– स्वप्न व्यापारीहरू
यो महंगीमा
ज्यादै सस्तो मुल्यमा
स्वप्नहरू बेचिरहेछन्

*'स्वप्न व्यापारीहरू' पृ. ९३*

– अहिले
विकट गाउँमा
मानिसविहीन घरहरू
आश्चर्य- चकित मुद्रामा उभिएका छन्
खेत र गराहरू
हलो-कोदालोको स्पर्श नपाएरै
बाझा छन् ।

*'अहिले' पृ.१०१*

**लामो हरफ भएका-**

पूर्व सांसदहरू पेन्सन पट्टा बनाउँदै होलान्
व्यापारीहसँग पजेरोका हिसाब किताब मिलाउँदै होलान् ।

*'अहिले' पृ.१०२*

यस सङ्ग्रहका कवितामा एक वा दुई शब्दको । हरफ भएको पनि पाइन्छ ,जस्तै –

– अहिले
गर्मी बढेको छ ।

*'अहिले' पृ.१०२*

– गतिहीन आहाल
निष्प्राण आहाल
नदीसँग ईर्श्या गर्छ ।

*'तुलना' पृ.९९*

– जब-जब म बिउँझन्छु
मध्यरातमा
मलाई लाग्छ
सेती मसँगै सुतिरहेछ ।

*'सेती र म' पृ.७९*

यसरी यस सङ्ग्रहका कविताको संरचना आकार र प्रकारले असन्तुलित देखिन्छ । लामा, छोटा हरफको साथसाथै अति छोटा हरफसहितको संयोजनमा **सिरानीमा आँसु** सङ्ग्रहभित्रका कविताहरू निर्मित भएका छन् ।

### ४.४.४ विषयवस्तु

कवि रावलले यस सङग्रहका कवितामा समाज र नेपाली परिवेश सापेक्ष रहेका विभिन्न विषयवस्तुलाई समेटेका छन् । जीवन भोगाइका क्रममा देखे, सुनेका र भोगेका वास्तविकता, देश र समाजप्रतिका आशा, निराशा, श्रमिकवर्गको बन्धनयुक्त जीवन, जन्मभूमिप्रतिको मोह, मनोरम प्रकृति, सत्ताको मोहबाट मुक्त हुन नसकेका नेपाली राजनीतिक दल र दलका नेताहरूको प्रवृत्ति, बहुदलीय शासनव्यवस्थाको स्थापना भइसकेपछि पनि नसुध्रिएको नेपालीहरूको दयनीय र नाजुक अवस्था, २०५२ सालपछिको माओवादी युद्ध र यसले निम्त्याएको हत्या र आतङ्कले गर्दा आफ्नो घरबार छोड्न बाध्य नेपाली, मानिसविहीन घरबारीको दूर्दशा जस्ता विभिन्न विषयवस्तुलाई कविले आफ्ना कवितामा समेटेका छन् । यिनै विभिन्न विषयवस्तुमा आधारित यस सङ्ग्रहका कविता र तिनले व्यक्त गर्न खोजेको भावलाई तल विस्तारमा चर्चा गर्ने प्रयास गरिएको छ –

#### ४.४.४.१ देशप्रेम

कवि रावलले यस सङग्रहभित्रका कवितामा आफ्नो देश, यहाँको माटो, नदी नाला, पाखा, पखेराप्रति माया दर्शाएका छन् । आफ्नो अस्तित्व आफ्नो देशको माटो वा जमिनमा रहेको छ । आफ्नो जन्मभूमिबाट अलग भएर प्राप्त गरेको सफलता आफूलाई मान्य नहुने र आफ्ना

पाइताला सधैँभरि आफ्नै माटोको स्पर्शमा रमाइरहुँन भन्ने इच्छालाई कविले यसरी व्यक्त गरेका छन् -

जमिनबाट काटिएर
प्राप्त हुने उँचाइ
चाहिएन हामीलाई
माटोको स्पर्श यी पाइताला नभुलून ।

*'जमिनबाट काटिएको उँचाइ' पृ.७८*

आफ्नो देशको माटोमा नै आफ्नो अस्तित्व फैलाएर बाँच्न चाहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

हामी आफ्नै माटोमा जरा गाडेर
ठाडो उभिन चाहन्छौं
साल सिसौं र पीपल जस्तै
मात्र फैलिन चाहन्छौं ।

*'जमिनबाट काटिएको उँचाइ' पृ. ७८*

कवि आफ्नो राष्ट्रका सम्पूर्ण भू-भागलाई अत्यन्तै माया गर्छन् । आफ्नो जीवनको आधार बनेको सेतीको सेरोफेरोमा आफ्नो पहिचान, संस्कृति र भाषाको मुहान रहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

मेरो जमिन मेरो आधार
यही सेतीको सेरोफेरो हो
हाम्रो संस्कृति र भाषाको मुहान पनि यही हो
र मेरो पहिचान पनि यही हो ।

*'सेतीको किनार र काठमाडौंको सम्झना' पृ.८२*

सही बाटो बिर्सेर अराजकतातिर गइरहेका नेपालीलाई भविष्यको कल्पनामा नभई वर्तमानको धरातलमा ओर्लेर राष्ट्रका लागि केही गर्न कविले आग्रह गरेका छन् ।

ओ यात्री !
ओर्ल ! वर्तमानको धरातलमा ओर्ल
सिर्जना फलाउन- फुलाउनलाई
यस धर्तीलाई
साँचो अर्थमा
सुन्दर बनाउनलाई ।

*'वर्तमानको धरातलमा ओर्ल' पृ.१०६*

यस सङ्ग्रहभित्रका कवितामा स्थानीय रन्कोले भरिएका भावना पनि पाइन्छन् । आफू जन्मेको र हुर्केको सेतीको सेरोफेरोलाई कविले आफ्ना कवितामा उतारेका छन् । आफू शारीरिक रूपमा सेतीसँग टाढा रहे पनि भावनात्मक रूपमा सेतीको सुसाइसँग रमाइरहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

जब जब म बिउँझन्छु
मध्यरातमा
मलाई लाग्छ
सेती मसँगै सुतिरहेको छ
मसँग कुरा गरिरहेको छ
आफ्नो अनन्त सुसाइको भाषामा ।

*'सेती र म' पृ.७९*

**४.४.४.२ श्रमिकप्रतिको सम्मान**

श्रमिकवर्गप्रति कविको अगाध श्रद्धा छ । दिनरात अर्काको काममा जोतिने श्रमिकहरूले थकाइ मेटाउने समय पाएका छैनन् । अन्य मानिसका लागि रात थकाइ मेटाउने समय भए पनि श्रमिकका लागि थकाइ मेटाउने समयको रूपमा रात कहिल्यै नआएको र रातको अभावमा श्रमिकले सधैँभरि काम गरिरहनु परेको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

रात परेन आज यो शहरमा
दिन लम्बिँदै छ पर परसम्म
दिनको लम्बाइमा
ज्यामीले कतिबेरसम्म घोटिनु पर्ने हो ?
उज्यालोको ज्यादतीमा
कमैया कहिलेसम्म सुस्ताउन नपाउने हो ?

*'रात परेन आज यो शहरमा' पृ. ६७*

जति मेहनत गरे पनि भरिया जहाँको त्यहीँ छ । जीवनको बोझसँगै भारीको बोझ पनि उठाउन बाध्य भरियाको नाजुक अवस्थालाई कविले यसरी देखाएका छन् -

खुइँय गर्दै चौतारीमा
आफ्नो भारी
र आफूलाई बिसायो मानिसले
आफ्नो बोझ त छँदैछ
त्यसमाथि भारीको बोझ
कहिल्यै छुटेन पिठ्युँबाट ।

*'भारी' पृ.१०७*

**४.४.४.३ प्रगतिशील दृष्टिकोण**

यस सङ्ग्रहभित्रका कविताका केही हरफमा देश र समाजको अग्रगामी परिवर्तनका लागि व्यक्त गरेका प्रगतिशील विचारहरू पोखिएका छन् । प्रगतिको बाटोतर्फ लागेका चेतनशील नेपालीलाई बन्दी बनाइए पनि उनीहरूभित्रको आँटिलो विचार र उनीहरूका गतिशील गोडाहरू कहिल्यै बन्दी बन्ने छैनन् भन्ने कुरालाई कविले घोडाको प्रतीकात्मकताद्वारा यसरी व्यक्त गरेका छन् -

हिनहिनाइरहेका छन् घोडाहरू तबेलाभित्र
जहाँ गति पनि रोकिएको छ
जमजमाइरहेका छन गोडाहरू घोडाका
टाप बजाउँदै पहाड-मैदान नाप्न ।

*'घोडाहरू यसबेला तबेलामा छन्' पृ. ६९*

सङ्घर्षका लागि तम्तयार भएर, आफ्ना खुट्टाको सम्पूर्ण वेगलाई साथमा लिएर प्रगतिको दिशातर्फ निरन्तर लागिरहनु पर्छ भन्ने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

सधैँ तम्तयार भै उभिइरहेका घोडाहरूलाई
र टाप वरिपरि अल्झेको वेगलाई
ल्याउनुपर्छ तबेलाबाहिर
र फेरि एकपटक
लाग्नुपर्छ आफ्नो दिशातिर ।

*'घोडाहरू यतिबेला तबेलामा छन्' पृ.७०*

लक्ष्यमा पुग्न नदिनका लागि बाटोमा विभिन्न खालका बाधा, अड्चन खडा गरे पनि लक्ष्य भेट्न आफू निरन्तर प्रगतिको बाटोमा लम्किरहने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

तिमीसँग पुग्न

कति कति ठाउँमा
बाटाहरू भाँचिएका थिए
दायाँ, बायाँ, तल र माथि
तर मेरा पाइतालाहरू भने
मूल बाटोतिरै लम्किरहे
तिमीलाई भेट्न तिमीलाई पाउन ।

*'हिमशिलाहरू पग्लिएर' पृ. ७३*

यथावत रहेको थोत्रो परम्पराले आशा र विश्वासका फूल र मुस्कानलाई कुल्चिने र खोस्ने प्रयास गरे पनि फूल र मुस्कान झन्-झन् मौलाउँदै गएको र बोटभरि फूलका असङ्ख्य नयाँ नयाँ कोपिलाहरू झुल्न लागेको प्रसङ्गलाई कविले यसरी व्यक्त गरेका छन् -

फूलहरू कुल्चिने उसको क्रम जारी छ
मुस्कानहरू खोस्ने प्रयत्न पनि गर्दै छ
यतातिर मुस्कानहरू झनैं मौलाउँदैछन्
फूलका नयाँ नयाँ कोपिलाहरू बोटभरि झुल्किँदैछन् ।

*'मसानघाटबाट व्यूँतेको लाश' पृ. ८५*

पानीको प्रवाहको छेउमा स्थिर बसेको ढुङ्गा, जसमा पानीको शीतलता नभई राप र ताप छ । यही रापिलो र तापिलो ढुङ्गालाई समयले पाखा लगाएको तर क्रान्तिचेतले युक्त दीनहीन मान्छेको प्रतीकको रूपमा उपस्थित गराएर कविले प्रगतिशील भावना यसरी व्यक्त गरेका छन् -

ढुङ्गो बगरमा तेर्सिएर
टोलाएको टोलाऐ छ
छेवैमा पानीको प्रवाह छ
तर ऊ स्थिर छ, अचल छ
सँगै पानीको शीतलता छ
तर ऊ तातिएको छ, रापिएको छ ।

*'बगरको ढुङ्गो' पृ. ८८*

नेपाली जनता नदी जस्तै प्रवाहशील छन् । जसरी नदी अवरोधको वास्ता नगरी निरन्तर बगिरहन्छ त्यसरी नै चेतनशील नेपाली जनता आफ्नो लक्ष्यको लागि निरन्तर सङ्घर्ष गरिरहन्छन् भन्ने भावलाई कविले नदीको प्रतीकात्मकताद्वारा यसरी व्यक्त गर्न खोजेका छन् -

नदी त नदी न हो
तिम्रा व्यर्थ आक्षेपहरूको पर्वाह नगरी
निरन्तर आफ्नो ताल र संगीतमा बगिरहन्छ
निरन्तर आफ्नो यात्रामा लम्किरहन्छ
र नदीको साइनो गाँसिएकै छ महासागरसँग ।

*'तुलना' पृ. ९९*

### ४.४.४.४ निराशा

२०४६ सालपछिको खुल्ला राजनीतिक, सामाजिक परिवेशले मानिसमा अलिकति आशा पलाएको तर समयको परिवर्तन सँगसँगै पुरानो परम्पराको अस्तित्व यथावत रहिरहेका कारण फक्रिने आशामा रहेका कोपिलाहरू असमयमा लागेको बादल र विनासको हुरीले गर्दा झर्नुपरेको र बोटहरू समेत मर्नुपरेको निराशाजनक स्थितिलाई कविले यसरी चित्रण गरेका छन् -

स्वप्न उदाएको थियो
सुनौलो बिहानीको किरण जस्तै
फैलिन खोजेथ्यो आँगनीमा

तर असमयमै
बादलले छाकिदियो सम्पूर्ण आकाश
र विनाशको हुरी चल्यो
फक्रिनै लागेका कोपिलाहरू
एक एक गर्दै झरे
बोटहरू नै मरे ।

*'पुनरावृत्ति' पृ. ८३*

जन आन्दोलन २०४६ को सफलतापछि नेपाली जनतामा स्वतन्त्रता र सुखको अनुभूति भएको तर त्यो अनुभूति केवल भ्रम मात्र भएको र भ्रमको पर्दा हटेपछि आफ्नो अस्तित्व अझ खतरामा परेकोमा कवि निराश बनेका छन् ।

यथार्थ सामु छ
भ्रम टुक्रिएको छ
निराशाका बादलहरूबीच
रात दिन
जून, तारा र सूर्य मात्र होइन
सम्पूर्ण आकाश हराएको छ ।

*'यतिबेला' पृ. ९८*

आफ्ना अक्षरहरूको माध्यमबाट स्वतन्त्रताका स्वरहरू उराल्न खोज्ने कवि आफ्ना अक्षर ढुङ्गा जस्तै स्थिर र बलिया नभई पानीका फोका जस्तै कमजोर र गतिहीन बनेकोमा निराश देखिएका छन ।

म आजित छु
अक्षरहरूको पानी स्वभावसँग
किन अक्षरहरू ढुङ्गा बन्न सक्दैनन्
पानीका फोका झैं फुट्नुपर्ने
बाध्यताबाट बच्न ।

*'अक्षरहरू ! पानीका फोका जस्तै' पृ. ७२*

सुविधाभोगी बन्दै गएका नेताहरूले आफ्नो विगत, गाउँले परिवेश र सहिदहरूप्रति गरेको उपेक्षाका कारण कवि निराश भएका छन् ।

एकपटक पाइतालाले चुम जंगललाई
खोला र नदीनालाहरूको चिसो पानीलाई स्पर्श गर
र सम्झ जंगलभित्र समाहित भएका
ती महान आत्माहरूलाई
जो तिम्रो र मेरो निम्ति
समाधिस्थ भए त्यसरी !

*'जंगल' पृ. ९६*

### ४.४.४.५ विकृत राजनीतिको चित्रण

सत्ताको मोहबाट मुक्त हुन नसकेका नेपालका राजनीतिक दल र दलका नेताहरूको प्रवृत्तिलाई कविले आफ्ना कवितामा उल्लेख गरेका छन् । लाखौं ज्यानको बलिदान दिएर स्थापना भएको बहुदलीय शासन व्यवस्थाका नेतृत्वलाई सत्ताको मात लागेको र सत्ताप्रति मोह जागेका कारण आजसम्म पनि केही परिवर्तन हुन सकेको छैन ।

सबै यथावत छ
छैन कुनै परिवर्तन
उस्तै छ दिन, उस्तै छ रात

उस्तै देखिन्छ अझै सत्ताको मात !

*'यस वर्तमानमा' पृ. ९१*

सर्वसाधारणलाई विश्वासमा लिनका लागि चुनावको बेलामा विभिन्न खालका आश्वासनका साथै सुख र समृद्धिका आशा लाग्दा सपनाहरूले भरिएका भाषण दिने नेताहरूको प्रवृत्तिलाई कविले यसरी व्यक्त गरेका छन् -

रंगी चंगी स्वप्नहरूको विज्ञापन
बेजोडसँग भईरहेछ
क्रेताहरूको भीड यथावत छ
स्वप्न खरिद गर्न
अनि सुख र समृद्धिका आशाहरू
आँखाभरि भर्न ।

*'स्वप्न व्यापारीहरू' पृ. ९४*

चेतनशील विचारको विस्तार गर्ने स्थल हुनुका साथै आफूलाई विगतमा सुरक्षा प्रदान गरेको जङ्गललाई र आफ्नो विगतलाई सत्ता र सहरमा पुगेपछि चटक्कै बिर्सेका सुविधाभोगी नेताप्रति व्यङ्ग्य गर्दै कविले भनेका छन् -

जंगलबाटै भएथ्यो विचारको विस्तार
र सँधै-सँधै प्रदान गऱ्यो तिमीलाई
जंगलले नै सुरक्षा
शहर प्रवेशपछि
यति चाडै
जंगललाई बिर्स्यौ कसरी ?
भर्खरको विगत बिर्स्यौ कसरी ?

*'जंगल' पृ. ९५*

सुविधाले भरिपूर्ण राजधानीमा विलासी जीवन बिताइरहेका नेतालाई आफ्नो उद्‌गमस्थल र प्रस्थान बिन्दुलाई नबिर्सन कविले आग्रह गरेका छन् ।

सम्पूर्ण सुविधायुक्त राजधानीबाट
सुदूर जंगललाई अवश्य सम्झिने गर
जो तिम्रो उद्‌गम स्थल थियो
जो तिम्रो प्रस्थान बिन्दु थियो ।

*'जंगल' पृ. ९६*

संसद भवन नेपाली जनताको पीर, व्यथालाई निकाश दिने थलो नभई क्रय-विक्रयको थलो बनेको छ । सत्ता प्राप्तिपछि स्वार्थी र भ्रष्ट बनेका राजनीतिक दलका नेता संसदको विघटनपछि नयाँ निकासको खोजीमा भन्दा आफ्नै व्यवहार र हिसाब मिलाउन व्यस्त रहेका छन् ।

संसद भवन शून्य छ
संसद विघटनपछि
पूर्व सांसदहरू पेन्सन पट्टा बनाउँदै होलान्
व्यापारीहरूसँग पजेरोका हिसाब किताब मिलाउँदै होलान
क्रय विक्रयको थलो बनाइएको संसद
कुरिरहेको छ नयाँ अनुहारहरू ।

*'अहिले' पृ. १०२*

सत्तामा पुग्नुअगाडि अनेक खालका बाचा, कशम खाँदै र नानाथरी आश्वासन बाड्दै हिँड्ने परम्पराको चक्रलाई कविले यसरी व्यक्त गरेका छन्-

गर्मीसँगै चुनावी सरगर्मी पनि बढेको छ
जतातातै बाचाहरू गरिँदैछन्
कसमहरू खाइँदैछन्
मञ्चहरू सजिँदैछन्
राष्ट्रियताका मालाहरू जपिँदैछन्
नियमित प्रक्रियाको यो चक्र घुमिनै रहेको छ ।

*'अहिले' पृ.१०२*

सर्वसाधारणका दुःख निवारण गर्नभन्दा आफ्नो भोग र विलासको जीवन बिताउन मस्त नेताहरूको प्रवृत्तिलाई कविले यसरी व्यक्त गरेका छन्-

मात्र वर्तमानमा बाँचेकाहरू
सुख, सुविधाका तकिया र डसनामाथि
मस्त निद्रामा निदाइरहेका छन्
अभावका गीतहरू
पीडा र दुःखका गीतहरू
भो ! नसुनाऊ अब यहाँ ।

*'भो 'नसुनाऊ गीतहरू' पृ.१०४*

विगतमा जनताको हक र अधिकारका लागि झण्डा बोक्ने नेताका हातहरू वर्तमानमा महङ्गा गाडीको स्टेरिङ्गमा रमाएका छन् ।

क्रान्ति झण्डा बोकेका हातहरूमा
यतिखेर अत्याधुनिक गाडीका स्टेरिङ्ग छन् ।

*'भो नसुनाऊ गीतहरू' पृ.१०४*

ढुङ्गा र मुढाको राजनीति गर्ने गन्तव्यहीन राजनीतिक दललाई कविले यसरी व्यङ्ग्य गरेका छन् -

पाषाण युगतिर फर्केर
वर्तमानमा प्राप्तिको चाहना राख्ने
ओ यात्री !
तिम्रो यो कस्तो यात्रा हो ?
आखिर तिम्रो गन्तव्य के हो ?

*'वर्तमानको धरातलमा ओर्ल' पृ.१०५*

समयसँगै परिवर्तन भएका नयाँ नेतृत्वको सरकारले केही गर्ला र बोझ कम होला भन्ने आशा र खुसीमा बसेका नेपाली जनता सरकार परिवर्तन भइसकेपछि पनि झन दुःखी भएको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

समयका प्रत्येक मोडमा
भारी छुट्ला छुट्ला जस्तो अभास हुन्छ
मनमा हल्का खुसीको संचार हुन्छ
तर मोडहरू काटिसक्दा
भारी चुम्बक झै टाँस्सिरहन्छ
मानिसका पिठ्युँमा ।

*'भारी' पृ.१०८*

गलत नेतृत्वको हातमा परेको देशको अवस्था, व्यवस्था जतातातै लथालिङ्ग छ । देशको दशा बिग्रिएको हो वा नेताको मति बिग्रिएको हो अन्यौल छ । वर्षौंदेखि साँचेका सपनाहरू सबै भताभुङ्ग भएका कारण मुलुकले सँधै धोका पाइरहेको कुरालाई कविले यसरी व्यक्त गरेका छन्-

सबै-सबै लथालिङ्ग

युगौंदेखि साँचेका
स्वप्नहरू सबै भताभुङ्ग
ग्रहदशा बिग्रिएको हो वा
मति नीति नासिएको हो
कसले गर्ने लेखाजोखा ?
कि पाइरहने सँधै सँधै
मुलुकले यसरी नै धोका !।

*'आलो घाउ' पृ.११२*

### ४.४.४.६ युद्ध र आतङ्क

कविले यस सङ्ग्रहका कवितामा युद्ध र युद्धले निम्त्याएको आतङ्कको चित्रण गरेका छन् । सधैँभरिको कोलाहलका कारण दिन दिन जस्तो उज्यालो र रात रात जस्तो आरामदायी छैन । जताततै कोलाहलयुक्त वातावरण भएकाले एकलास र एकान्तमा बसेर कसैलाई सम्झना गर्ने परिस्थिति पनि छैन ।

रात परेन आज यो शहरमा
र अलिकति सुखका सपनाहरू पनि देख्न पाइएन
दिनभरिको कोलाहल र यन्त्रणाबाट मुक्त हुन
एकान्त र एकलासको क्षण पनि भेट्टाउन सकिएन
कसैको सम्झनामा दुई थोपा आँसु खसाउन
एउटा उपयुक्त समय पनि भएन ।

*'रात परेन आज यो शहरमा' पृ.६७*

युद्ध र आतङ्कले हतासिएका नेपालीहरू उज्यालोको प्रतीक्षामा व्यग्र भएर बसेका छन ।

उदास साँझ बोकेको उदास कोठा
अझै पर्खिरहेछ एउटा सानो दियो
जसको चाहना उसलाई उहिल्यैदेखि थियो ।

*'मध्यान्नमा बलेको दियो' पृ.७५*

हरेक पाइलामा काँडा, घात र यातनाको जगजगीपूर्ण जीवन बिताइरहेका आतङ्कले ग्रस्त नेपालीहरूको निरीह अवस्थालाई कविले यसरी देखाएका छन् -

घात गर्न लालायित
हतियारहरू हातहरू र विचारहरू
सल्बलाइरहेका छन् यत्रतत्र
बाटोभरि उम्रिएका छन्, काँडाहरू
नाङ्गा पाइतालाहरूलाई पर्खेर
दुलोभित्र लुकेका सर्पहरू
भर्खरै बाहिर निस्केका छन् ।

*'अनुत्तरित प्रश्नहरू' पृ.८९*

२०५२ सालपछिको माओवादी युद्धले निम्त्याएको आतङ्कले गर्दा मानिसविहीन भएका घर र बाँझो रहन बाध्य रहेको जमिनको चित्रण कविले यसरी गरेका छन -

अहिले विकट गाउँमा
मानिसविहीन घरहरू
आश्चर्य चकित मुद्रामा उभिएका छन्
खेत र गराहरू
हलो कोदालोको स्पर्श नपाएरै

बाँझा छन्
तिर्खाएका छन् ।

*'अहिले' पृ.१०१*

युद्धले निम्त्याएको आतङ्कले सर्वसाधारणको रोदन र क्रन्दन दिन प्रतिदिन बढ्दै गएको र यस आतङ्कको अन्त्यको कुनै ठेगान नभएको कुरालाई कविले यसरी व्यक्त गरेका छन -

आज पनि
हावामा थपिँदैछन् निरन्तर
रोदन क्रन्दनका स्वरहरू ।

*'बिकट आशा' पृ.११०*

माओवादी युद्धका साथसाथै धर्मको नाममा हुने युद्ध र त्यसले निम्त्याएको विनासलाई पनि कविले आफ्ना कविता मार्फत व्यक्त गरेका छन् ।

फेरि-फेरि धर्मको नाममा
कहिले राम मन्दिर, बाबरी मस्जिदको विवाद चर्किन्छ
र रगतको खोलो बग्छ ।

*'बुद्ध मुर्ति र तालिवान हातहरू' पृ.११३*

धर्ममा आएको विभाजनका कारण भएको आक्रमणले विभिन्न धार्मिक स्थलहरूको विनास गरे पनि आस्था र विश्वास नभई केवल एकता र धार्मिक सहिष्णुता हराउँदै गएको कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

भत्काउँदैमा मन्दिर, मस्जिद र गीर्जा घरहरू
जलाउँदैमा धर्म ग्रन्थहरू
आस्था भत्किएन कहिल्यै
विश्वास खरानी भएन कहिल्यै
यसले त मात्र भत्कायो एकता
यसले त मात्र जलायो सहिष्णुता ।

*'बुद्ध मुर्ति र तालिवान हातहरू' पृ.११३*

**४.४.४.७ यथार्थको प्रस्तुति**

यस सङ्ग्रहभित्रका कवितामा कविले विभिन्न खालका यथार्थलाई प्रस्तुत गरेका छन् । चेतनशील विचारले भरिएका नेपालीहरूलाई कुनै महत्त्वपूर्ण काममा नलगाइकन बन्दनयुक्त जीवन बिताउन बाध्य पारिएको यथार्थलाई कविले यसरी प्रस्तुत गरेका छन् -

घोडाहरू यसबेला तबेलामा छन्
गति तबेलामा छ र समय अबेलामा छ
न कुनै महारथीका रथ नै तान्न पाए घोडाले
न कुनै महाराजा प्रतापलाई बोक्न पाए घोडाले
घोडाहरू यसबेला तबेलामा छन् ।

*'घोडाहरू यसबेला तबेलामा छन्' पृ.६९*

२०४६ सालको आन्दोलनमा अनेकौं ज्यानको बलिदान दिएर बालेको उज्यालो दियोले केही उज्यालो प्रदान गरे पनि अँध्यारोलाई चिर्न नसकेको यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

रातका हातहरूलाई काट्दै
दियो जलाउन खोजिएको हो
बल्न त बल्यो दियो जगमगाउँदै
तर अंधकारलाई चिर्दै होइन
दिनको मध्यान्नमा बल्यो दियो ।

*'अध्यारोमा बलेको दियो' पृ.७६*

सर्वसाधारण नेपाली जनतालाई स्वतन्त्र, सुखी र सौन्दर्यमय देख्न नचाहने प्रवृत्तिले अझै पनि स्थान ओगटिरहेको र यिनै खुसी, स्वतन्त्र र सौन्दर्यमय जीवनमा मृत्युको खेती गर्न खोज्ने निर्मम तर यथार्थ प्रवृत्तिलाई कविले आफ्ना कवितामा यसरी समेटेका छन् -

जीवितलाई देख्दा उसलाई ईर्ष्या लाग्छ
ईर्ष्या लाग्छ
त्यसैले उसले मृत्युका बीउहरूसँगै ल्याएको छ
मृत्युको खेती गर्न आँटिरहेको छ ।

*'मसानघाटबाट ब्यूँतेको लाश' पृ.८५*

सर्वसाधारण जनतालाई आफ्नो स्वार्थ पूरा गर्नका लागि आफूसँग लिएर हिँड्ने र आफ्नो लक्ष्य पूरा भईसकेपछि पाखा लगाउने नेताहरूको यथार्थ प्रवृत्तिलाई कविले पानी र ढुङ्गाको प्रतीकात्मकताद्वारा यसरी व्यक्त गरेका छन् -

माटोसँग रमाएको ढुङ्गालाई
बाढी भएर पानीले
उखालेर बगायो आफूसँग
अलि समय पानीसँगै बग्यो ढुङ्गा
र केही बेरमा पानीले
छेऊ लगायो ढुङ्गालाई ।

*'बगरको ढुङ्गो' पृ.८८*

विश्वास, सद्भाव र एकताको ठाउँ क्रमशः व्यभिचार र विखण्डनले लिएका कारण सर्वसाधारणका आँखामा सुनौलो भविष्यका रङ्गिन सपनाहरूले बस्न पाएका छैनन् ।

विश्वास, सद्भाव र एकता
बानप्रस्ततिर प्रस्थान गरिसके
व्यभिचार र बिखण्डनले
गृहस्थी बाँधेको यस वर्तमानमा
कुन द्वारबाट
प्रवेश गर्न सक्छन् आँखाभित्र
रंगीन स्वप्नहरू ।

*'यस वर्तमानमा' पृ.९२*

विगतमा पाएका घाउमा खाटा बस्लाजस्तो भएको तर परम्पराकै निरन्तरताले घाउ फेरी आलो भएको र उज्यालो आशाको आकाश कालो हुँदै गएको छ ।

पुराना पीडाहरूमा
खाटा बस्ला जस्तो
आभास भएथ्यो केही क्षण
तर पुनः पुनः
पीडा ताजा भएको छ
घाउ आलो भएको छ
आशाको आकाश
फेरि कालो कालो भएको छ ।

*'आलो घाउ' पृ.११२*

### ४.४.५ लय

**सिरानीमा आँसु** सङ्ग्रहमा सङ्कलित चौबीसवटा कविताहरू गद्य लयमा रचिएका छन् । यी कवितामा ध्वनि एवम् अर्थबाट सिर्जित मुक्तलयको प्रयोग नभए तापनि अनुप्रास, द्वित्व,

वर्णगत समानान्तरता र उच्चारण समयमा लाग्ने सामनान्तरताको कुशल प्रयोगले यस सङ्ग्रहका कवितामा लयको सिर्जना भएको छ । जसको चर्चा तल गरिएको छ -

### ४.४.५.१ अनुप्रास

यस सङ्ग्रहभित्रका कविताका केही हरफमा अनुप्रासका विभिन्न प्रकार आद्यानुप्रास, मद्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग भएको पाइन्छ । अनुप्रासका यिनै विभिन्न किसिमले कवितामा लयको सिर्जना गरेका छन् ।

**क) आद्यानुप्रास**

– घात गर्ने हातसँग
हात मिलाउन खोजिरहेछौ ?

*'अनुत्तरित प्रश्नहरू' पृ. ९०*

**ख) मद्यानुप्रास**

– यही विकट आशा
एकदिन निकट आएर ।

*'विकट आशा' पृ.११०*

**ग) अन्त्यानुप्रास**

– एक एक गर्दै झरे
बोटहरू नै मरे ।

*'पुनरावृत्ति'पृ. ८३*

माथिका उदाहरणहरूमा रेखाङ्कित गरिएका 'घात-हात', 'विकट-निकट', 'झरे-मरे' जस्ता अनुप्रासयुक्त शब्दको प्रयोगले कवितामा लयको सिर्जना भएको पाइन्छ ।

### ४.४.५.२ द्वित्व

शब्दहरूको द्वित्व वा पुनरावृत्तिले पनि यस सङ्ग्रहका कवितामा लयको सिर्जना भएको पाइन्छ, जस्तै -

– यतातिर मुस्कानहरू झनै मौलाउँदैछन्
फूलका नयाँ-नयाँ कोपिलाहरू बोटभरि झुल्किदैछन् ।

*'मसानघाटबाट ब्यूँतेको लाश' पृ. ८५*

– मानिसहरू कमिला जस्ता
अग्ला-अग्ला रूखहरू पनि
स-साना विरुवा जस्ता र घाँस जस्ता
देखिन्छन्
माथि-माथिबाट
उँचाइको टुप्पोमा
तल-तल धेरै तल ।

*'जमीनबाट काटिएको उँचाइ' पृ. ७७*

– जंगलबाटै भएथ्यो विचारको विस्तार
र सँधै-सँधै प्रदान गऱ्यो तिमीलाई
जंगलले नै सुरक्षा ।

*'जंगल' पृ. ९५*

– मध्यान्ह समेत
साँझ-साँझ झैं गन्हाइरहेछ ।

*'यतिबेला'- पृ. ९७*

माथिका उदाहरणमा रेखाङ्कित गरिएका 'नयाँ-नयाँ' 'अग्ला-अग्ला', 'स-साना' आंशिक द्वित्व र 'माथि-माथि', 'तल-तल', 'सँधै-सँधै', 'साँझ-साँझ' जस्ता पूर्ण द्वित्वयुक्त शब्दहरूको प्रयोगले कविता लययुक्त बनेका छन् ।

### ४.४.५.३ समानान्तरता

यस सङ्ग्रहका कविताका केही पङ्क्तिमा वर्ण, पद र वाक्यगत समानान्तरता रहेको छ । यही वर्ण, पद र वाक्यका तहमा आएको समानान्तरताले पनि कवितामा लयको सिर्जना भएको पाइन्छ, जस्तै -

**क) वर्णगत समानान्तरता -**

– हिँड्दैछु निरन्तर हिँड्दै छु
तिमीसम्म पुग्नलाई हिँड्दै छु
कुनै दिन विश्वासको आकाशमा
सूर्य उदाउला र रापिलो घाम लाग्ला
र हिमशिलाहरू पग्लिएर
नौलो गति बोकेको
एउटा नौलो बाटो बन्दै जाला ।

'हिमशिलाहरू पग्लिएर' पृ.७४

– किन मृत्युमय पार्न सकिएन यस दुनियाँलाई ?
किन रोकिँदैन यहाँ नशाहरूको रगत ?
किन बन्द हुँदैन मुटुको धड्कन ?

'मसानघाटबाट ब्यूँतेको लाश' पृ.८६

माथिको पहिलो उदाहरणमा 'ह', 'ड,' 'द', 'न', 'र', 'म', 'क', 'व', 'उ', 'ल', 'ब', आदि वर्णको समानान्तर आवृत्ति भएको छ भने दोस्रो उदाहरणमा 'क', 'न', 'म', 'स', 'र', 'ह' आदि वर्णको समानान्तर आवृत्ति भएर कविता लययुक्त बनेका छन् ।

**ख) पदगत समानान्तरता -**

– जंगलबाटै शुरु भएथ्यो
आदि सभ्यता
जंगलबाटै प्रयोग गर्न सिकेथ्यौ
पाषाण हतियार
जंगलबाटै प्रारम्भ गर्‍यौ
सांकेतिक भाषाको प्रयोग
जंगलबाटै भएथ्यो विचारको विस्तार
र सधैं सधैं प्रदान गर्‍यो तिमीलाई
जंगलले नै सुरक्षा ।

*'जंगल' पृ.९५*

– हरेक बिहान
सूर्योदय सँगै
हरेक साँझ
सूर्यास्त सँगै
असामयिक मृत्युमा
शोकमग्न स्वरहरू सहित
शोकमग्न अनुहारहरू
झुल्किरहेछन् झुल्किरहेछन्
बुद्धको सिद्धार्थ भूमिमा

यतातिर-उतातिर
यत्रतत्र झुल्किरहेछन् ।

*'अग्लो घाउ' पृ १११*

माथिको पहिलो उदाहरणमा रेखाङ्कित गरिएका 'जंगलबाटै', 'भएथ्यो', 'प्रयोग' र दोस्रो उदाहरणमा रेखाङ्कित 'हरेक', 'शोकमग्न', 'झुल्किरहेछन्', आदि पदहरूको आवृत्तिले कवितामा लयको सिर्जना भएको छ ।

**ग) वाक्यगत समानान्तरता -**

– गतिहीन आहाल
निष्प्राण आहाल

*'तुलना' पृ. ९९*

– यी तमाम अनुत्तरित प्रश्नहरू
बारम्बार म आफैसित राखिरहेछु
यी तमाम अनुत्तरित प्रश्नहरू
बारम्बार म आफैसित राखिरहेछु ।

*'अनुत्तरित प्रश्नहरू' पृ. ९०*

माथि प्रस्तुत गरिएका वर्ण, पद र वाक्यगत समानान्तरताले कवितालाई लयात्मक बन्न सहयोग पुऱ्याएका छन् । यसका साथै यस सङ्ग्रहका धेरैजसो कवितामा एकै समयमा उच्चारण गर्न सकिने शब्द, पदावली र वाक्यहरूको प्रयोग भएको छ । जसले गर्दा कविता लययुक्त बनेका छन् , जस्तै-

– अवस्था व्यवस्था
सबै-सबै लथालिङ्ग
युगौंदेखि साँचेका
स्वप्नहरू सबै भताभुङ्ग ।

'आलो घाउ' पृ. ११२

– दुःखमा रुन दिदैन
खुसीमा हाँस्न दिदैन
युगौंदेखि मानिसले
पिठ्युँमा बोकेको यस भारीले ।

'भारी' पृ.१०७

– सम्पूर्ण सुविधायुक्त राजधानीबाट
सुदुर जंगललाई अवश्य सम्झिने गर
जो तिम्रो उद्गमस्थल थियो
जो तिम्रो प्रस्थान बिन्दु थियो ।

'जंगल' पृ. ९६

माथि प्रस्तुत कवितांशमा अक्षरगत समानता नभए पनि उत्तिकै समयमा उच्चारण गर्न सकिने व्यवस्था भएकाले कविता लययुक्त बनेका छन् ।

## ४.४.६ भाषाशैली

सरल, सुबोध र मिठासपूर्ण तरिकाले नेपाली भाषाका माध्यमबाट देश र समाजका यथार्थ परिस्थितिलाई साधारणीकरण गरेर कविले यस सङ्ग्रहका कविताको रचना गरेका छन् । यस सङ्ग्रहका धेरैजसो कविताहरू व्यञ्जनात्मक पाराले लेखिएका छन् । कविले यस सङ्ग्रहका कवितामा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग पनि गरेका छन् । कवि रावलले यस सङ्ग्रहमा समय (पृ.६८), अक्षर, सुख (पृ.७१), आकाश, सूर्य, (पृ.७४), विगत (पृ.९५) निद्रा (

पृ.१०३), विश्वास, स्वप्न (पृ.११०), मति (पृ.११२), मूर्ति, हृदय (पृ.११४), वर्तमान, दुःख (पृ.१०४) जस्ता तत्सम शब्दको प्रयोग गरेका छन् । त्यसैगरी रात, साँझ (पृ.६७), उज्यालो, हात, आँसु, आगो (पृ.६८), आँखा, (पृ.७१), पात (पृ.७५), कान (पृ.७८), रगत (पृ.७९),गाउँ, बीउ, फूल नयाँ (पृ.८५) जस्ता तद्भव शब्दको प्रयोग पनि यस सङ्ग्रहका कवितामा भएको पाइन्छ ।

तत्सम र तद्भव बाहेक विभिन्न भाषाबाट आएका शब्दको प्रयोग पनि यस सङ्ग्रहका कवितामा भएको पाइन्छ । जसमध्ये फारसी भाषाबाट आएका सवार (पृ.६९) जिन्दगी (पृ.८६), शहर (पृ.९५),जमिन (पृ.७७), खुसी (पृ.१०७), अरबी भाषाबाट आएका महल (पृ.६७), हावा (पृ.७८), दुनियाँ (पृ.८६), जुलूस (पृ.११०), तुर्केली भाषाबाट आएको लाश (पृ. ८५) र नेवारी भाषाबाट आएको झ्याल र ढोका (पृ.८४) शब्दको प्रयोग पनि यस सङ्ग्रहका कवितामा भएको पाइन्छ ।

यस सङ्ग्रहमा प्रयुक्त भाषालाई कविले विभिन्न शैलीका माध्यमबाट प्रस्तुत गरेका छन् । वर्णनात्मक, विवरणात्मक र व्यञ्जनात्मक शैलीका माध्यमबाट कविले देश, समाज, राजनीति र राजनीतिक दलका नेताको प्रवृत्तिलाई कवितात्मक रूपमा प्रकट गरेका छन् । राजनीतिक दलको सत्ता मोह, देशप्रतिको गैरजिम्मेवारीपूर्ण क्रियाकलाप र यहाँका विभिन्न सामाजिक, राजनीतिक यथार्थलाई सहज रूपमा कवितामा उतार्न सक्नु पनि कवि रावलको शैली र विशेषता हो ।

### ४.४.७ अलङ्कार

**सिरानीमा आँसु** सङ्ग्रहभित्रका कवितामा शब्दालङ्कारका विभिन्न प्रकारको प्रयोग भएको पाइन्छ, जस्तै -

– विना घोडा कुन चाहिँ रथ तानिन्छ ?
विना घोडा कुन चाहिँ घोडसवार मानिन्छ ?

'घोडाहरू यसबेला...' पृ.६९

– उस्तै छ दिन उस्तै छ रात
उस्तै देखिन्छ अझै सत्ताको मात ।

'यस वर्तमानमा' पृ. ९१

माथिका उदाहरणमा प्रस्तुत गरिएका कवितांशमा 'तानिन्छ-मानिन्छ', 'रात-मात' जस्ता अनुप्रासयुक्त शब्दको प्रयोग भएर अन्त्यानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

– सद्भाव र सहिष्णुतामाथि ।

'बुद्ध मूर्ति र तालिवान हातहरू' पृ. ११३

– फूलहरू फुलिरहेकै छन् ।

मध्यान्हमा बलेको दियो' पृ. ७५

माथिको पहिलो उदाहरणमा 'स' वर्णको, दोस्रो उदाहरणमा 'फ,' 'ल' र 'ह' वर्णको एक पटक मात्र आवृत्ति भएर छेकानुप्रास अलङ्कारको प्रयोग भएको छ ।

– कति-कति कविताहरू लेखिए यसै शहरमा
प्रभातको आव्हानमा कति कति गीत गाइए यसै शहरमा ।

'रात परेन आज यो शहरमा' पृ. ६७

– हतियारहरू हातहरू र विचारहरू
सल्बलाइरहेका छन् यत्रतत्र

'अनुत्तरित प्रश्न' पृ. ८९

– बरु बेला-बेलामा बजाउँछन् हर्न
र हर्नको संगीतमा रमाउँछन् ।

'भो ! नसुनाऊ गीतहरू' पृ. १०४

माथिका उदाहरणमा एक व्यञ्जनको अनेकपटक आवृत्ति भएर बन्ने वृत्यनुप्रास अलङ्कारको प्रयोग भएको छ । उदाहरण एकमा 'क' वर्ण उदाहरण दुईमा 'ह' वर्ण र उदाहरण तीनमा 'ब' वर्णको अनेकपटक आवृत्ति भएर वृत्यनुप्रास अलङ्कारको प्रयोग भएको छ ।

### ४.४.८ बिम्ब तथा प्रतीक

कवि रावलले यस सङ्ग्रहभित्रका कवितामा श्रव्य, दृश्य, ताप, गति र गन्धसम्बन्धी बिम्बहरूको प्रयोग गरेका छन् । तल केही उदाहरण प्रस्तुत गरिएको छ –

**क) श्रव्यसम्बन्धी**

पीपलका पातहरू बजिरहेछन्
सबै चीज यथावत छ ।

'मध्यान्नमा बलेको दियो' पृ. ७५

**ख) दृश्यसम्बन्धी**

बागहरू उभ्काड छन्
रूखहरू करङ देखाएर उभिएका छन् ।

'अनुत्तरित प्रश्नहरू' पृ.८९

**ग) तापसम्बन्धी**

कुनै दिन त विश्वासको आकाशमा
सूर्य उदाउला र रापिलो घाम लाग्ला ।

'हिमशिलाहरू पग्लिएर' पृ. ७४

**घ) गतिसम्बन्धी**

यी स्वरहरूको जुलूस
युगौंदेखि कहिलेसम्म हिंडिरहने हो ?

'विकट आशा' पृ. ११०

**ङ) स्पर्शसम्बन्धी**

अँध्यारो पस्न थाल्यो कोठा-कोठामा
फेरि चिसोले आक्रमण गर्न थाल्यो हात गोडामा ।

'पुनरावृत्ति' पृ. ८४

**च) गन्धसम्बन्धी**

मध्यान्ह समेत
साँझ-साँझ झै गन्हाइरहेछ ।

'यतिबेला' पृ.९७

कवि रावलले यस सङ्ग्रहमा विभिन्न खालका प्रतीकहरूको प्रयोग पनि गरेका छन् । केही उदाहरणहरू निम्नप्रकार छन् -

<u>रात</u> परेन आज यो शहरमा
र अलिकति सुखका सपनाहरू पनि देख्न पाइएन ।

'रात परेन आज...' पृ.६७

माथिको उदाहरणमा रेखाङ्कित 'रात' शब्द सुखद र आरामदायी क्षणको प्रतीक बनेर आएको छ ।

उता <u>स्वप्न व्यापारीहरू</u>
व्यापार बढाउनमा तल्लीन छन् ।

'स्वप्न व्यापारीहरू' पृ. ९४

माथिको कवितांशमा रेखाङ्कित 'स्वप्न व्यापारीहरू' शब्दले चुनावको बेलामा काल्पनिक वाचा र कशमले भरिएका सपनाहरू सुनाउँदै सर्वसाधारणलाई आफूतिर तान्न चाहने नेताको प्रतीक बनेर आएको छ ।

आहालमा बसेर
नदीको पवित्रता र वेगलाई
जतिसुकै गाली गर्दै हिंड
यसले कुनै अर्थ राख्दैन ।

'तुलना' पृ. ९९

माथिको कविताांशमा रेखाङ्कित 'आहाल' शब्द भ्रष्ट नेताहरूको सङ्गम बनेको सत्ताको प्रतीक बनेर आएको छ भने 'नदी' गतिशील नेपालीको प्रतीक बनेर आएको छ ।

### ४.४.९ निष्कर्ष

**सिरानीमा आँसु** कवि रावलको पाँचौं प्रकाशित पुस्तकाकार कृति हो । यस सङ्ग्रहमा कविले वि.सं. २०४८ देखि २०५७ सालसम्म लेखेका चौबीसवटा कविताहरूको सङ्कलन गरेका छन् । यस सङ्ग्रहका कविताहरूमा कवि रावलले विशेषगरी जनआन्दोलन २०४६ पछि प्राप्त गरेको स्वतन्त्रता, हक र अधिकारलाई मूर्त रूप दिनका लागि सर्वसाधारण नेपालीका प्रतिनिधि छनौट गरेर सत्तामा पुगेका नेताहरू भ्रष्ट र भोगविलासी बन्दै गएको यथार्थको साथसाथै २०५२ सालपछिको माओवादी युद्धले निम्त्याएको हत्या, हिंसा, तोडफोडका कारण घरबार छोडेर विस्थापित हुन बाध्य नेपालीको दयनीय अवस्थालाई सहज पाराले उतारेका छन् । विभिन्न खालका बिम्ब र प्रतीकको प्रयोगले ओझिलो बनेको कविताको भाषा सरल र सम्प्रेषणीय रहेको छ । विकृत राजनीति र युद्धले निम्त्याएको अराजकता जस्ता विषयवस्तुको पुनरावृत्ति भने धेरै कवितामा भएको पाइन्छ । यथार्थ विषयवस्तुमा भावना, कल्पना र लेखन कुशलतालाई संयोजन गरेर रचिएका यस सङ्ग्रहका कविता नेपाल र नेपालीका यथार्थ पीडासँग सम्बन्धित रहेका छन् ।

## ४.५ केही गजलहरू गजलसङ्ग्रहको विश्लेषण

### ४.५.१ केही गजलहरू गजल सङ्ग्रहको परिचय

वि.सं. २०३७ सालदेखि कविताका माध्यमबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका ललिजन रावलले २०४१ सालदेखि मात्र गजल लेख्न र प्रकाशन गर्न थालेका हुन् । २०४१/०४२ सालतिरका विभिन्न साप्ताहिक पत्रिकाहरूमा प्रकाशन भएका र यस बीचमा रचना गरिएका गजलहरूको सङ्ग्रह **केही गजलहरू** गजलकार रावलको पहिलो प्रकाशित गजलसङ्ग्रह हो । यस सङ्ग्रहको प्रकाशन वि.सं. २०४२ सालमा साहित्य सन्ध्या परिवार काठमाडौँबाट भएको हो । यस सङ्ग्रहमा उनका जम्मा चौवालीस वटा गजलहरू सङ्गृहीत छन् । वि.सं. २०४१ देखि २०६२ को अन्त्यसम्मको समयावधिमा घटेका विभिन्न समसामयिक घटनाका साथसाथै समाज र राष्ट्रप्रतिका आफ्ना अनुभूतिहरूलाई गजलकारले यस सङ्ग्रहभित्रका गजलमा समेटेका छन् ।

### ४.५.२ संरचना

यस उप-शीर्षकमा **केही गजलहरू** सङ्ग्रहमा सङ्कलित चौवालीसवटा गजलहरूको संरचनाका बारेमा चर्चा गरिएको छ ।

गजल निर्माणमा सेरको सङ्ख्याका विषयमा मतैक्यता देखिँदैन । पाँच सेरभन्दा कमको गजल राम्रो मानिदैन[५७] भन्ने धारणा पनि पाइन्छ । गजल बढीमा सत्र सेरसम्मको संरचनामा आबद्ध रहने भनिए पनि यो सङ्ख्या पालनाका निमित्त उर्दूमा कुनै प्रतिबन्ध नभएका कारण धेरैजसो गजलकारहरूले आफ्ना रचनामा सत्र भन्दा बढी सेर पनि राखेका छन् ।[५८] सामान्यतया

---

[५७] श्याम्सुन्दर दास (सम्पा.) **हिन्दी शब्दसागर,** ( भारत सरकार, सन् १९६७), पृ. १२१०

[५८] ऐजन ।

गजलमा पाँच सेरभन्दा कम र एघार सेरभन्दा बढीको संरचना नहोस् भनिन्छ ।[५९] हिन्दी र उर्दूका प्रसिद्ध गजलकारहरूले पनि तीनदेखि पच्चिस सेरसम्मलाई मान्यता दिएका छन् ।[६०]

यसरी जहाँ, जसले, जे नियमको उल्लेख गरे पनि गजलमा यति नै सेर हुनुपर्छ भन्ने कुनै निश्चित नियम भने छैन । भावको सङ्कुचन भएको खण्डमा थोरै सेर र भावको फैलावट भएको खण्डमा धेरै सेरहरूमा गजलको निर्माण गर्न सकिन्छ । घटीमा तीन र तीनदेखि माथि जोर, बिजोर जति सेर राखेर पनि गजलको निर्माण गर्न सकिन्छ । ललिजन रावलले पनि यस सङ्ग्रहभित्रका सम्पूर्ण गजलहरू चारसेरमा रचना गरेका छन् । यसकारण ललिजनका यस सङ्ग्रहमा सङ्कलित गजललाई सेरसङ्ख्याका दृष्टिबाट कमजोर मान्न सकिँदैन ।

यस सङ्ग्रहभित्रका गजलहरूमा मतला भागको पनि पूर्णरूपमा पालना भएको पाइन्छ । मतला खण्डमा काफियाको रूपमा आउने अनुप्रासयुक्त शब्दहरूको प्रयोग यस सङ्ग्रहका गजलहरूमा गजलकारले कुशलतापूर्वक गरेका छन् ।

– तिम्रो जिभ्रो लाटो कसले गर्दा भयो
हेरूँ भने छेक्ने एउटा पर्दा भयो ।

पृ.२१

– बालकको मीठो बोली गीत जस्तो लाग्छ मलाई
अहिलेको हार पनि जीत जस्तो लाग्छ मलाई ।

पृ.२३

– निकाल्नुपर्ने जिन्दगीमाथि ठोकिएको किलो छ
भन्नेले भन्दै गर्ला त्यो बाटो नजाऊ हिलो छ ।

पृ.३२

– गाग्रीहरूमा टन्न भरिएको जहर छ
कसले पिउँछ, कसलाई मर्ने रहर छ ?

पृ.३४

उपर्युक्त सेरहरू बेग्लाबेग्लै गजलका मतला खण्डका हुन् । यस खण्डमा सेरका दुवै मिसरामा अनुप्रासयुक्त शब्दको प्रयोग हुनु आवश्यक मानिन्छ । यहीअनुसार उदाहरणमा भएको पहिलो मतलामा 'गर्दा' र 'पर्दा', दोस्रोमा 'गीत' र 'जीत' तेस्रोमा 'किलो' र 'हिलो' र चौथोमा 'जहर' र 'रहर' जस्ता अनुप्रासयुक्त शब्दहरूको प्रयोगले मतलाको आकर्षण बढाएका छन्, ती काफिया हुन् । त्यसैगरी माथिका उदाहरणमा क्रमशः रहेका 'भयो', 'जस्तो लाग्छ मलाई' 'छ,' 'छ' शब्दहरू रदिफ हुन् ।

ललिजन रावलले **केही गजलहरू** गजलसङ्ग्रहभित्र सङ्कलन गरेका सबै गजलहरूमा गजलको संरचनालाई पूर्ण पालना गरेका छन् । उनले पूर्ण तथा आंशिक दुवै प्रकारको अनुप्रासलाई काफियाका रूपमा प्रयोग गरेको पाइन्छ ।[६१] यस सङ्ग्रहमा सङ्गृहीत चौवालीसवटा गजलहरूमध्ये बयालीसवटा गजल रदिफयुक्त छन् भने दुईवटा गजल रदिफविहीन छन् । जुन यसप्रकार छन् -

– घेरेको छ बादलले आकाशलाई पानी पर्छ कि पर्दैन
हर्षको बाटो उघ्रिएला झैं छ पीर टर्छ कि टर्दैन ।

पृ.२९

– तस्वीर हेरेर बसेकी छु तस्वीर बाहिर ऊ आएन
कति मीठो गीत गाउँथ्यो ऊ तर तस्वीरले गीत गाएन ।

---

[५९] धीरेन्द्र वर्मा र अन्य (सम्पा.) **हिन्दी साहित्यको कोष,** (वाराणसीः ज्ञानमण्डल लिमिटेड, दोस्रो संस्करण संवत् २०२०) पृ. २७८ ।

[६०] श्याम्मसुन्दर दास, पूर्ववत्,पृ. २७८ ।

[६१] कृष्णहरि बराल, **गजलः सिद्धान्त र परम्परा,** (काठमाडौंः साझा प्रकाशन, २०६४), पृ. ३२१ ।

माथिका सेरहरू बेग्लाबेग्लै गजलका मतला खण्डका हुन् , जसमा रदिफको प्रयोग भएको छैन । माथिका उदाहरणमा क्रमशः आएका 'पर्दैन' र 'टर्दैन', 'आएन' र 'गाएन' गजलका काफिया हुन् । काफियाको पछाडि सम्पूर्ण गजलमा दोहोरिने शब्द वा शब्दसमूह माथिका गजलमा प्रयोग नभएका कारण माथि प्रस्तुत गरिएका गजल गैरमुरद्धफ वा रदिफविहीन गजल हुन् ।

**केही गजलहरू** गजलसङग्रहका चौवालीसवटै गजलहरूमा गजलकारले तखल्लुसको प्रयोग गरेका छैनन् । तखल्लुसबाट गजलकारको परिचय स्पष्ट हुने भए पनि यसलाई गजलको अनिवार्य तत्त्वका रूपमा हेरिँदैन । यस सङ्ग्रहमा काफिया, रदिफ र तखल्लुसको संरचनात्मक स्वरूपलाई समेटिएका गजल छैनन् । काफियाविहीन रचना गजल नभए पनि रदिफविहीन र तखल्लुसविहीन गजललाई कमजोर मानिँदैन । यस सङ्ग्रहमा सङ्गृहीत गजलहरूका शीर्षक, पृष्ठ, सेरसङ्ख्या, काफिया, रदिफ तथा तखल्लुस रहेको वा नरहेको कुरालाई तल तालिकामा देखाइएको छ -

| क्र.स. | गजलको शीर्षक | पृष्ठ | सेर | काफिया | रदिफ | तखल्लुस |
|---|---|---|---|---|---|---|
| १ | श्रद्धाले दुई थोपा... | ७ | ४ | + | + | - |
| २ | माटोमाथि निष्प्राण... | १८ | ४ | + | + | - |
| ३ | आँखाबाट ओह्राल्न... | १९ | ४ | + | + | - |
| ४ | उज्याला अनुहारहरू ... | २० | ४ | + | + | - |
| ५ | तिम्रो जिभ्रो ... | २१ | ४ | + | + | - |
| ६ | खुसीलाई जीवनमा... | २२ | ४ | + | + | - |
| ७ | बालकको मीठो ... | २३ | ४ | + | + | - |
| ८ | हरेक घरहरू ... | २४ | ४ | + | + | - |
| ९ | आँखाहरूमा तिम्रा ... | २५ | ४ | + | + | - |
| १० | दृष्टिले छलकपट ... | २६ | ४ | + | + | - |
| ११ | पहाड कहिल्यै ... | २७ | ४ | + | + | - |
| १२ | दुःखी मनिसहरूको ... | २८ | ४ | + | + | - |
| १३ | घेरेको छ बादलले ... | २९ | ४ | + | - | - |
| १४ | नदी र झरनाबाट ... | ३० | ४ | + | + | - |
| १५ | टाढा गएको साथीलाई ... | ३१ | ४ | + | + | - |
| १६ | निकाल्नु पर्ने जिन्दगीमा ... | ३२ | ४ | + | + | - |
| १७ | गिर्न लाग्दा मलाई ... | ३३ | ४ | + | + | - |
| १८ | गाग्रीहरूमा टन्न ... | ३४ | ४ | + | + | - |
| १९ | मलाई बगाउनलाई ... | ३५ | ४ | + | + | - |
| २० | बनाउन खोजेको त ... | ३६ | ४ | + | + | - |
| २१ | मलाई बिर्सि दिए ... | ३७ | ४ | + | + | - |
| २२ | इतिहासबाट मेरो ... | ३८ | ४ | + | + | - |
| २३ | मन नभएको तिमी ... | ३९ | ४ | + | + | - |
| २४ | सूर्य ढल्न लाग्यो ... | ४० | ४ | + | + | - |
| २५ | पीरका सुस्केराहरू ... | ४१ | ४ | + | + | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | बतास चल्दा ... | ४२ | ४ | + | + | - |
| २७ | कहाँ लेखिएको छ ... | ४३ | ४ | + | + | - |
| २८ | म त पीरहरू ... | ४४ | ४ | + | + | - |
| २९ | पाठशाला जति ... | ४५ | ४ | + | + | - |
| ३० | मसँगै हुनु पर्ने ... | ४६ | ४ | + | + | - |
| ३१ | पीडाले भरिएका ... | ४७ | ४ | + | + | - |
| ३२ | भोलि उदाउने ... | ४८ | ४ | + | + | - |
| ३३ | तस्वीर हेरेर ... | ४९ | ४ | + | - | - |
| ३४ | मेरा आँखामा ... | ५० | ४ | + | + | - |
| ३५ | काला बादलहरू ... | ५१ | ४ | + | + | - |
| ३६ | आकाश छुने ... | ५२ | ४ | + | + | - |
| ३७ | हाम्रा शब्दहरू ... | ५३ | ४ | + | + | - |
| ३८ | लामो समयको ... | ५४ | ४ | + | + | - |
| ३९ | यसरी उठ्यो ... | ५५ | ४ | + | + | - |
| ४० | झुक्क्याउन आँखाहरूलाई ... | ५६ | ४ | + | + | - |
| ४१ | खुसीको सन्देश ... | ५७ | ४ | + | + | - |
| ४२ | विश्वासलाई रोप ... | ५८ | ४ | + | + | - |
| ४३ | कुनै दिन... | ५९ | ४ | + | + | - |
| ४४ | अहिले नै पर्ला ... | ६० | ४ | + | + | - |

यसरी संरचनाका दृष्टिबाट हेर्दा **केही गजलहरू** गजलसङ्ग्रहका गजलहरूभित्र गजलको पूर्ण परिपाक भएको ठहऱ्याउन सकिन्छ ।

### ४.५.३ विषयवस्तु तथा भाव

रावल मूलतः वैचारिक क्रान्तिचेतलेयुक्त गजल लेख्ने प्रगतिवादी गजलकार हुन् । तत्कालीन राजनीतिक व्यवस्थाको उकुसमुकुस र गुम्स्याँइबाट उन्मुक्तिको अपेक्षाले गर्दा रावलका अधिकांश गजलहरू वैचारिक र परिवर्तनकामी हुन पुगेका छन् ।[६२] ललिजन रावलले **केही गजलहरू** गजलसङ्ग्रहमा यिनै विभिन्न अनुभवलाई समेटेका छन् । श्रृङ्गार, राष्ट्रियता, देशप्रेम, सहिद र श्रमिकप्रतिको सम्मान, क्रान्तिचेतना, स्वतन्त्रताप्राप्तिको चाहना, समाजको अग्रगतिको चाहना र प्रकृति जस्ता विभिन्न विषयवस्तुमा समेटिएका रावलका गजलहरूले व्यक्त गर्न खोजेको भावपक्षलाई तल विस्तारमा अध्ययन गरिएको छ ।

#### ४.५.३.१ श्रृङ्गार

ललिजन रावलले **केही गजलहरू** सङ्ग्रहभित्रका गजलहरूमा श्रृङ्गारिक भावको प्रस्तुति गरेका छन् । श्रृङ्गारिक भावमा लेखिएका यस सङ्ग्रहभित्रका गजलमा रहेको शिष्ट र स्वाभाविक प्रेम प्रेमिकाप्रति भन्दा पनि बढी आफन्त, आम जीवन र प्रकृतिप्रति लक्षित रहेको पाइन्छ ।[६३] प्रेम बिनाको जीवन अधुरो हुन्छ । आफन्त र प्रियजनको सहचार्यबाट नै जीवनले

[६२] अनाममण्डली, **नेपाली गजल विगत र वर्तमान**, (काठमाडौँः अनाममण्डली, २०६४), पृ. ३५६ ।

[६३] ऐजन ।

निरन्तरता पाइरहेको हुन्छ । आफन्त र प्रियजनको सम्पर्कबाट टाढा रहेको समयमा एक्लोपन र एकान्तले आफूलाई पागल बनाएको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

एक्लोपनले डसिरहन्छ अक्सर एकान्तमा
मलाई जीवन दिने प्रियहरूको प्रीत हो ।

पृ.३०

सपनामा भए पनि प्रेमिकाको आँखामा आफ्नो तस्बिरलाई हेरेर मन बुझाउन बाध्य भएको बिछोडिएको प्रेमीको मनोदशालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

आफ्नै अघि उभिएको तिमीलाई देखें सपनामा
तिम्रा आँखामा देखेर आफैलाई चित्त बुझाएँ मैले ।

पृ. ३१

समयको परिवर्तनका कारण बिछोडिनु पर्ने परिस्थिति सिर्जना भएको र यस्तो अकल्पनीय बाधा खडा भएर प्रेमिकादेखि टाढा रहन बाध्य प्रेमीको गुनासोलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

त्यति नजिक भएर पनि टाढा हुनु पर्‍यो
हामी बीच कसले कोरी दियो साँध भन ।

पृ. ३३

आफ्नी मायालुको सामीप्य प्राप्त गर्नका लागि जे पनि गर्ने कुरामा गजलकार सहमत छैनन् । आफ्नी प्रेयसीले सुन्दर फूल टिपेर आफ्नो केशमा लगाइदिन गरेको आग्रहलाई नकार्दै आफूले प्रेयसीको चाहना पूरा गर्नका लागि सुन्दर फूललाई टिप्न नसक्ने तर कवितारूपी गहना उनैलाई समर्पण गरेको कुरालाई रावलले यसरी व्यक्त गरेका छन् -

केश सजाउन तिम्रो म सुन्दर फूलहरू मार्न सक्दिन
मैले लेखेका कविताहरू नै तिम्रो लागि मेरो गहना भयो ।

पृ.३६

आफ्नी मायालुको मन जित्नलाई अनेक प्रयत्न गर्दा पनि उनको मन पग्लन नसकेको र भेट्न खोज्दा भेट्न नसकेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

मन नभएको तिमी कतै ढुङ्गा त होइनौ !
भेट्न खोज्दा बगी जाने गंगा त होइनौ !

पृ.३९

रावलले आफ्ना गजलमा आफ्नी प्रेमिकाका सुन्दर ओंठको पनि उल्लेख गरेका छन् । आफूले लेखेका गीत आफ्नी प्रेमिकाका सुन्दर ओंठबाट गाएर सर्वत्र फिजाउने आफ्नो उत्कट अभिलाषालाई रावलले यसरी व्यक्त गरेका छन् -

मेरो गीत राखेर तिम्रा सुन्दर ओंठमा
खोला र डाँडा पारी- पारीसम्म सुनाइ देऊ ।

पृ.४०

युगल जोडीमध्ये एकको अभावमा अर्कोको जिन्दगी आँसुमय हुन्छ । जिन्दगीको लामो यात्रालाई मिलेर बिताउने प्रण गरेका प्रेमी, प्रेमिकामध्ये प्रेमीको निधन भएको र प्रेमिका पीडामा डुबेको दृश्यलाई गजलकारले गजलमा सफलतापूर्वक उतारेका छन ।

सेतो कपडामा बेरिएर ऊ नफर्किने गरी गयो
बगिरहेको आँसु पुछ्न आँखाले ती औंलाहरू पाएन ।

पृ.४९

आफ्नी मायालुको समीपमा जानका लागि हिंडेको तर बीच बाटोमा बाधाहरू खडा भएको कारण आफू समयमा पुग्न नसकेको छट्पटीलाई रावलले यसरी व्यक्त गरेका छन् -

आउँदै थिएँ त्यतै तर बाटोमा व्यवधान उभियो
यस्तो विवशता भयो कि समयमा आउन सकिँन ।

पृ.५५

यसरी ललिजन रावलले यस सङ्ग्रहभित्रका गजलको रचनामा श्रृङ्गारिक भावको उद्घाटन गरेका छन् । विशेषगरी गजलकारले विगतको सम्झना र भविष्यको कल्पनाका माध्यमबाट आफ्ना श्रङ्गारिक भावलाई व्यक्त गरेका छन् ।

**४.५.३.२ राष्ट्रियता/ देशप्रेम**

राष्ट्रप्रेम गजलकार रावलका गजलमा प्रखर रूपमा आएको छ । आफू जन्मिएको, उभिएको र बाँचेको माटोलाई माया गर्ने रावलले आफ्नो धर्ती बलात्कृत भएको देखेका छन् र धरतीलाई बलात्कारीको पञ्जाबाट मुक्त गर्न सबैलाई आग्रह गरेका छन् ।[६४]

कसरी बलात्कृत भैरहेछ भूगोलमा तिम्रो धरती ?
राक्षसी पंजाबाट मुक्त गर र आफ्नो धरतीको सम्मान खोज ।

पृ.१७

अन्ध परम्पराको जालोमा जेलिएको धर्तीको मुहारमा नौलो परिवर्तन ल्याउन सकेको खण्डमा आफूले देशका लागि केही गरेको जस्तो अनुभूति हुनेछ ।

आफ्नो प्यारो धरतीको मुहार नौलो पार्नु पर्छ
त्यहीँ सिंगै देशको हीत जस्तो लाग्छ मलाई ।

पृ. २३

गजलकार रावल आफ्नो देशलाई प्राणभन्दा पनि प्यारो ठान्छन् । उनको अन्तर आत्मामा असहज परिस्थितिका कारण अन्धकारमय भएको देशलाई प्रकाशमय बनाउने उत्कट अभिलाषा रहेको छ । उनी देशलाई जिउँदो र प्रकाशमय राख्नका लागि प्राणको आहुति दिन पनि तम्सिएका छन् ।

आँखाहरूमा तिम्रा प्रकाश भरी दिन मन लाग्छ
ज्यूँदो राख्न तिमीलाई आफै मरी दिन मन लाग्छ ।

पृ.२५

रावलले आफ्नो देशलाई बतास चल्दा सुस्तरी उड्ने युवतीको केश जस्तो बाली झुम्ने देश देखेका छन् । उनले देशको प्रकृतिको अनुपम सौन्दर्यलाई यसरी प्रस्तुत गरेका छन् -[६५]

बतास चल्दा सुस्तरी उड्ने त्यो तिम्रो केश छ
जसरी बाली झुमेर हाँस्ने यो मेरो देश छ ।

पृ.४२

यस धरतीको माटो मायाको भोको रहेको छ । नेपाली जनताका कोमल हातले गरेको स्पर्शका साथ व्यक्त गरेको मायाले यो निदाइरहेको माटोलाई ब्यूँझाउन सकिन्छ ।

फूलको मीठो स्पर्श जस्तो माया दिएर
निदाइरहेको यो माटोलाई ब्यूँझाइ देउ ।

पृ.४०

देशमा बढ्दो विदेशी लगानी, विदेशीहरूको बोलवाला, विदेशप्रति नेपालीको मोह, ममता र यसैलाई सर्वस्व ठान्नेहरूबाट देशलाई जुनसुकै समयमा पनि खतरा छ । घुसखोरी, लागूऔषधीको विक्री-वितरण, नारीहरूको विक्री धन्दा आदिबाट आर्जन गरेका सम्पत्तिहरू तथा स्वदेशका अन्य धनहरू समेत विदेश निर्यात गर्नेहरूलाई देशप्रति कुनै ममता रहँदैन । अब समय निकै खराब भइसकेको छ । आत्मविश्वास राखेर माटोलाई वा देशलाई काँध दिनुपर्ने बेला

---

[६४] अनाममण्डली, पूर्ववत् पृ. ३४८ ।

[६५] ऐजन ।

आएको छ नत्र यसको नाम निशान नहुन सक्छ ।[६६] यस्ता कृत्रिम आक्रमणबाट धरती नाङ्गो र पीडाले आक्रान्त भएको छ र आफूलाई पीडा र व्यथाबाट मुक्ति देऊ भन्दै रोइरहेको छ ।

मोटोलाई यसरी लुटिरहेछन् कि अब नाङ्गो भई सक्यो
मलाई बचाऊ म तिम्रो आमा हुँ भनि धर्ती कराउला कतै ।

पृ.५८

गजलकार रावल देश र देशको माटोलाई मात्र नभई आफ्नो देश र जनताको मुक्तिका लागि आफ्नो प्राणको आहुति गर्ने वीर सहिदहरूप्रति उत्तिकै प्रेम र श्रद्धाभाव राख्छन् । देशको स्वतन्त्रताको लागि आफ्नो प्राण अर्पण गर्ने सहिदको बलिदानलाई त्यसै खेर जान दिनु हुँदैन । सहिदको चिहानमा श्रद्धाका दुई थोपा आँसु चढाउनु पर्ने र सहिदले देखाएको बाटोमा हिँडेर भोलिको सुनौलो दिनको खोजी गर्नुपर्ने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

श्रद्धाले दुई थोपा आँसु चढाउन सहिदको चिहान खोज
जसको निम्ति सहिदले प्राणको आहुति दिए त्यो बिहान खोज ।

पृ. १७

देश र जनताका लागि आफ्नो जीवनलाई बलिदान गरेर लाखौं जिन्दगीलाई उज्यालो भविष्य दिलाउने सहिदप्रति रावलले आफ्ना भावना यसरी प्रकट गरेका छन् - [६७]

मन्द भएको छ प्रकाश उसको अनुपस्थितिमा
जिन्दगीलाई उजिल्याउने दियोको ऊ बाती थियो ।

पृ. १८

वीर सहिद कुनै एक जनाको नभई सम्पूर्ण प्रकृतिको साथी भएकाले उसको अनुपस्थितिमा प्रकृति र पवन पनि उदास भएको छ ।

बगिरहन्छ पवन पनि अब उदास भएर
मेरो मात्र होइन ऊ प्रकृतिको नै साथी थियो ।

पृ. १८

देशको हित गर्ने र देशको बारेमा सोच्ने जनताहरूको मृत्युमा देश व्यथित हुन्छ । पुस्तौँदेखि बाँझो रहेको नेपाली परिवेशलाई सुन्दर पार्नका लागि सहिदहरूको बलिदान उपयोगी रहेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -[६८]

उहिलेदेखि नै बाँझा छन् खेतहरू
रोपाई मान्छेको आफ्नो रगत छर्दा भयो ।

पृ.२१

आफ्नो देशको स्वतन्त्र अस्तित्व स्थापना गर्नका लागि एकपछि अर्को गर्दै ज्यानको बाजी लगाउने वीर सहिदप्रति गजलकारले आफ्नो सम्मान भाव व्यक्त गरेका छन् ।

एउटा मान्छे लड्दा त्यही अर्को मान्छे उभिन्छ
यही नै त वीरको रीत जस्तो लाग्छ मलाई ।

पृ. २३

तर दुर्भाग्य, सहिदको बलिदानीको राज्य र राजनीतिक दलहरूले उचित सम्मान गर्न सकेनन् । नेपाली सन्तानले स्वतन्त्रता र मुक्तिका लागि लड्दालड्दै वीरगति प्राप्ति गरे पनि देश चलाउनेहरू चाहिँ अर्काको इशारा र निर्देशनमा चलेका छन् ।[६९]

लड्दालड्दै वीर ढल्दाखेरी

---

[६६] रामहरि पौड्याल, 'कवि रावलका **केही गजलहरू**भित्रका सामाजिक पक्षहरू',**अनुराग,** (वर्ष १,२०४६ असार), पृ. ४८ ।

[६७] अनाममण्डली, पूर्ववत्,पृ. ३४९ ।

[६८] रामहरि पौड्याल, पूर्ववत्, पृ. ४१ ।

[६९] ऐजन, पृ. ४१ ।

विक्री भएका हातका ताली देखें ।

पृ. ४५

### ४.५.३.३ क्रान्तिकारी स्वर

ललिजन रावलले देश र समाजको अग्रगामी परिवर्तनका लागि आफ्ना गजलमार्फत विद्रोहको आवाज उठाएका छन् । समयको परिवर्तनसँगै हामीले आफूलाई पनि परिवर्तन गर्दै लैजानुपर्छ । अन्याय र अत्याचारको चपेटामा पिल्सिएका आँखामा अब आँसु नभई विद्रोहको ज्वालाको आवश्यकता रहेको र चरम यातना दिए पनि कमजोर नभई क्रान्तिका लागि अझै धारिलो हुनुपर्ने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

आँखामा आँसु होइन विद्रोहको ज्वाला चाहिन्छ ।
शरीर पिटिँदा धारिलो बन्ने फलाम हुनुपर्छ ।

पृ. २०

आफ्नो हक अधिकार अस्तित्व आफूसँग नै रहनुपर्छ । मागेर नपाएको खण्डमा खोसेर भए पनि आफ्नो हक अधिकार प्राप्त गर्दा आफू चोर कहलाए पनि आफूलाई कुनै गुनासो नहुने भावलाई रावलले यसरी व्यक्त गरेका छन् -

मलाई मेरो अस्तित्व चाहिन्छ त्यसैले खोस्छु
भन्नेहरूले अहिले भनिरहुंन कि यो चोर भयो ।

पृ. ३५

क्रान्तिका लागि आतुर नेपाली जनताको शरीरमा रगत वेगसाथ बगेको छ । तीव्र गतियुक्त रगतलाई शिथिल र गतिहीन पार्नका लागि वीर नेपालीको छातीमा टेकेर केही हुँदैन ।

जमेको छैन रगत, नशाहरूमा गति छ
कसरी भनूँ ज्यूँदो यो छातिमा टेकेर के हुन्छ ?

पृ. ३८

आजभोलि भन्दाभन्दै देश र जनताको हालत झन-झन बिग्रँदै गएको छ । परिवर्तनको आशामा बसेका नेपाली जनता निराशाको अँध्यारोमा छोपिँदै गएका छन् । उनीहरूको निराशा र देशको बिग्रँदो हालतमा सुधार ल्याउनका लागि आशाको राँको सल्काएर अघि बढ्नुपर्छ ।

भन्दा-भन्दै निराशाको अँधेरोले छोप्यो
केही छैन आशाको राँको सल्काई देउ ।

पृ. ४०

देशमा आमूल परिवर्तनको खाँचो छ । आफ्नो देशको नवनिर्माणको लागि सम्पूर्ण जन-जनले रगत बगाउनु पर्छ र आफ्नो बाँकी रहेको दायित्वलाई पूरा गर्न कम्मर कसेर लाग्नुपर्छ ।

रगत जति बग्ने छ यहाँ हुनेछ निर्माण
निभाउनु पर्ने दायित्व अझै थुप्रै नै शेष छ ।

पृ. ४२

नेपाली जनता मात्र नभई यहाँका पाखा, पखेराहरू पनि क्रान्ति र परिवर्तनको पक्षमा रहेका छन् । आफ्नो स्वतन्त्र अस्तित्व स्थापना गर्नका लागि यहाँका सडकका भित्ताले पनि आवाज उठाउन थालेका छन् । देश र जनताको अग्र परिवर्तनको आकाङ्क्षाले भरिएको स्वरलाई रोक्न खोज्ने प्रतिगमनकारीलाई आफ्नो कब्जामा पार्न मन लागेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

सडकका भित्ताहरू पनि अब त बोल्न थालेका छन्
यो आवाज रोक्न खोज्नेलाई फन्फन् बेर्न मन लाग्यो ।

पृ. ४३

नेपाली जनता शान्त र संयमी छन् तर उनीहरूको यस स्वभावको कुनै पनि क्षेत्रबाट कदर भएको छैन । शान्त र संयमी भएर पनि प्रत्येक पाइलामा अन्याय र अत्याचारको सामना गर्न विवश नेपाली जनतामा बिस्तारै चेतनाको विस्तार हुँदैछ । जसरी शान्त समुद्रमा कहिलेकाहीँ तुफान आउँछ र विध्वंश मच्चाउँछ त्यसरी नै शान्त र संयमी नेपालीमा पनि क्रान्तिको तुफान आउनेछ र नयाँ बाटो प्राप्त गर्नका लागि आतुर पाइलाहरू निरन्तर अघि बढ्नेछन् ।

शांत समुद्रमा पनि कहिलेकाहीँ भयंकर तुफान उठ्ने गर्छ
पाइतालालाई नयाँ बाटो दिने समयको आदत याद छ मलाई ।

पृ. ५१

नेपाली जनता परिवर्तनको चाहना लिएर बसिरहेका छन् । परिवर्तनको चाहनामा दृढ भएर उभिएका नेपालीहरू हार मान्ने भयले लुक्न चाहदैनन् । सुखद बिहानीका लागि नझुकिकन र नसुकिकन अथक सङ्घर्ष गर्ने अठोटलाई गजलकारले आफ्ना गजलमा यसरी उतारेका छन् -

आकाश छुने पर्वत हुँ म झुक्न जानेको छैन
हिमालबाट जन्मिएको नदी हुँ सुक्न जानेको छैन ।

पृ. ५२

जीवन सक्रिय र गतिशील हुनुपर्दछ । गतिशील जीवनलाई पोखरीको पानीलाई जस्तो धमिलो नपारी आफ्नो लक्ष्यमा पुग्नका लागि नदी जस्तै वेगवान बनाउनु पर्छ ।

धमिल्याउने किन जीवनलाई पोखरीको पानी जस्तै
लक्ष्यसम्म पुग्न जीवनलाई नदी झैँ बगाउनु पर्छ ।

पृ. ५७

### ४.५.३.४ प्रगतिवादी स्वर

रावलले **केही गजलहरू** गजलसङ्ग्रहभित्रका गजलहरूमा आफ्नो प्रगतिवादी चेतनालाई प्रस्तुत गरेका छन् । पञ्चायतको जर्जरताले शिथिल भएको नेपाली समाजको परिवर्तनको उद्घोष गर्दै रावलले विभिन्न गजलको रचना गरेका छन् । शाशकीय दासताबाट उन्मुक्तिको चाहना, आर्थिक विषमताको अन्त्य र समतामूलक समाज निर्माणको उद्देश्य जस्ता मार्क्सवादी विचारलाई रावलले आफ्ना गजलमा अत्यन्त सुन्दर शैलीमा अभिव्यञ्जित गरेका छन् । नेपाली जनता प्रतिबन्धित जीवन बाँचिरहेका छन् । उनीहरूको वाक् स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामा बर्षौंदेखि ताल्चा लगाइएको छ । यस खालको प्रतिबन्धित जीवन बिताउँदै समयलाई खेर फाल्नुभन्दा भोलिको सुनौलो बिहानीका लागि बलिदान दिन तयार रहनुपर्छ ।

श्रृजना र जिभ्रोमा ताल्चा लागेको समयमा को बाँच्न सक्छ
यसरी समय खस्काउनु भन्दा एउटा सुन्दर बलिदान खोज ।

पृ. १७

नेपाली जनताका आँखामा उज्यालो र आफ्नो स्वतन्त्र अस्तित्वयुक्त जीवन बिताउने सुन्दर सपना छ ,तर त्यो सपना बिपना बन्न सकेको छैन । समयको परिवर्तनसँगै मानिसहरू पनि बिस्तारै प्रगतिको बाटोमा लम्किरहेका छन् । जसका कारण उनीहरू आाफ्ना आँखामा बसेको सुन्दर सपनालाई बिपना तुल्याउनका लागि बाटोको निर्माणमा जुटेका छन् र आफ्नो जीवनलाई उज्यालो बनाउनका लागि जीवनमाथिका काला बादललाई हटाउन तम्सिएका छन्, जस्तै -

आँखाबाट ओह्राल्न सपनालाई बाटो खन्दै छन् मानिसहरू
जीवनमाथिको बादल हटाउँछौं भन्दै छन् मानिसहरू ।

पृ. १९

उज्यालो भविष्य प्राप्त गर्नका लागि सङ्घर्षशील अनुहारको एकत्रित लामको आवश्यकता रहेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

उज्यालो अनुहारहरू बोकेको गाम हुनुपर्छ
उज्यालो कै निम्ति हिँडेको एउटा लाम हुनुपर्छ ।

पृ. २०

तातो रगतले लेखिएको नेपाली इतिहासले आज पनि सङ्घर्षका लागि घच्घच्याइरहेको छ । यो रगतले लेखिएको नेपाली इतिहासले आँखामा बस्न खोज्ने कायरता र डरका क्षणहरूलाई तिलाञ्जली दिएर अघि बढ्न मार्गदर्शन गरेको छ ।

रगतले लेखिएका इतिहासका पानाहरू कसरी भुलूँ
आँखामा बस्न खोज्ने कायरताका क्षणहरू जलाएर आएको छु ।

पृ.२८

स्वतन्त्र अस्तित्वयुक्त जीवनको प्राप्तिका लागि हामी नदी जस्तै सक्रिय र वेगवान हुनुपर्दछ । लक्ष्यमा पुग्नका लागि जसरी बाटोमा उपस्थित भएका बाधालाई पन्छाउदै नदीले स्वयम् आफ्नो बाटो आफै निर्माण गर्दछ त्यसरी नै हामीले पनि निश्चित बाटोमा कसैको डर, त्रास नमानेर आफ्नो हिँडाइ हिँड्नुपर्छ । जुन हिँडाइबाट हाम्रो मौलिकता स्थापित हुन्छ ।

आफ्नै हिँडाइ हुनु पर्छ निश्चित बाटोमा
नदी जस्तै मसँग आफ्नै मौलिक रहर छ ।

पृ. ३४

विना कर्म केही हात लाग्दैन । चुपचाप आकाशलाई हेरेर पीडा कम गराउन खोज्नु भन्दा केही गरेर देखाउनु नै उपयुक्त हुन्छ ।

आकाशलाई हेरेर मात्र विरह जाँदैन
चुप भै बस्नु भन्दा त केही गर्नु नै वेश छ ।

पृ. ४२

सफलता त्यसै हात लाग्दैन । विभिन्न खालका बाधालाई पन्छाउँदै र अप्ठ्यारा पहाड चढ्दै निरन्तर अगाडि बढेमा मात्र सफलता प्राप्त गर्न सकिन्छ । बर्षौंदेखिको अन्ध परम्परालाई आदर्श मानेर बसेको खण्डमा भोलिको सुनौलो भविष्य सम्भव छैन । परम्परालाई आदर्श मानेर बसेकालाई अग्रगमनको निम्ति सङ्घर्षशील बनाउन गाह्रो भए पनि हरेश नखाई विभिन्न बाधारूपी पहाडलाई उक्लनुपर्ने कुरालाई याद गर्दै गजलकारले भनेका छन् -

सजिलो छैन हिउँ माझ बाँचेकालाई आगोको प्रयोग सिकाउन
सपनाको देशमा पुग्नको लागि उक्लनु पर्ने पर्वत याद छ मलाई ।

पृ. ५१

नेपाल र नेपालीको सुनौलो सपनालाई पूरा गर्नका लागि अनेकौं हात र साथको खाँचो रहेको छ । एकले अर्कोलाई आफ्नो ठानेर सहयोगी भएको खण्डमा हाम्रो जीवन एक्लो र टुहुरो हुँदैन । त्यसैले सबैले हात मिलाएर अघि बढौं ।

अनगिन्ति हातहरूको साथ छ नव-निर्माणमा
हाम्रा जिन्दगीहरू कहिल्यै टुहुरा भएका छैनन् ।

पृ. ५३

सबै नेपालीहरू दुःखी जीवन बिताइरहेका छन् । डर र त्रास मिसिएको हावाले गर्दा सास फेर्न गाह्रो भए पनि सबैले आ-आफ्ना ठाउँबाट आफ्नो खुसी प्राप्त गर्नका लागि सक्दो सहयोग गर्नुपर्दछ । हावामा डर र त्रास नभई स्वतन्त्रता, अमन, चयनलाई फैलाउनका लागि जस्तोसुकै प्रतिबन्धित परिस्थितिमा पनि एकजुट भएर आवाज उठाउनुपर्छ ।

खुशीको सन्देश बोकेर हावा यतातिर आउनुपर्छ
जिभ्रो काटिए पनि एउटा गीत गुनगुनाउनु पर्छ ।

पृ. ५७

### ४.५.३.५ श्रमिकप्रतिको सम्मान

मार्क्सवादी विचारधाराबाट प्रभावित गजलकार रावल आफ्ना गजलमा श्रमिकप्रति सम्मान गर्न चुकेका छैनन् । श्रमिकवर्गप्रति उनको अगाध श्रद्धा छ । उनले माटोमा पसिना चुहाउने किसानवर्गप्रति सम्मान व्यक्त गरेका छन् र श्रमको उचित मूल्यको लागि खरो आवाज उरालेका छन् ।[७०] देशको माटो श्रमिकको आँसुले भिजेको र उनीहरूको पीडामा धर्ती पनि रोइरहेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

श्रमिकको आँसु-पसिनाले निथ्रुक्क भिजेको छ धरतीको माटो
धरतीले पनि सुक्क-सुक्क रोएको सुन्दै छन् मानिसहरू ।

पृ. १९

किसान र मजदुरहरू नै देशका सच्चा भक्त हुन् । जसले देशलाई मलिलो पार्छन् र आफ्नो श्रम देशको विकासमा लगाउँछन् । यसरी एकातिर देशको लागि काम गर्ने मजदुरको श्रमको कुनै सम्मान भएको छैन भने अर्कोतिर भाषण र देशको नक्सा हेरेर देशप्रेमी कहलाउन खोज्नेको पनि कमी छैन । केवल भाषा र देशको नक्सा हेरेर देशप्रेमी हुन खोज्नेलाई व्यङ्ग्य गर्दै उनले भनेका छन् -[७१]

पसिना दिई धर्तिलाई माया गर्छ किसान
देश प्रेमको नाउँमा नक्सा हेरेर के हुन्छ ?

पृ. ३८

रावलले आफ्नो श्रम र पसिना देशका निमित्त बगाउने श्रमिक र मजदुरहरू राज्यबाट सधैँ दुःखी शोषित र पीडित बनिरहनुपरेको अवस्थालाई अन्त्य गरी श्रमिकको श्रमको सम्मान गर्नुपर्ने विचारलाई यसरी अभिव्यक्त गरेका छन् -[७२]

पसिनाले भिजेकाहरूलाई छायाँ नदिएर पोल्न खोज्ने
यो माटोको अन्यायी रूखका हाँगाहरू भाचूँ म कसरी ?

पृ. ४१

बाँच्नका लागि सङ्घर्ष अनिवार्य छ । जीवनभरि सङ्घर्ष गरेर पनि श्रमिकले आफ्नो जीवनमा कुनै प्रकारको परिवर्तन पाएका छैनन् । बर्षौंदेखि जरा गाडेर बसेको सामन्ती र शोषण प्रवृत्तिले गर्दा दिनरात मेहनत गर्ने श्रमिकहरू सधै गरिबको गरिब नै रहेका छन् ।

बाँच्नको लागि संघर्ष गर विज्ञान भन्दछ
शोषणले गर्दा अहिले तिम्रो गरिब भेष छ ।

पृ. ४२

आफ्नो मातृभूमिमा पसिना चुहाउन लाज मान्ने तर विदेशी भूमिमा सगर्व दास बन्न रुचाउने नेपालीको प्रवृत्तिप्रति गजलकारले तीखो व्यङ्ग्य हानेका छन् र कथित वीरको नाउँमा बनाइएका नेपाली दासहरूलाई आफ्नै माटोमा पसिना चुहाउन आग्रह गर्नुका साथै विदेशमा श्रमदान गर्ने नेपालीको इतिहासलाई आफ्नै हातले केर्न मन लागेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन्-[७३]

विदेशमा श्रम लुटाउनुलाई विरता भनिन्छ यहाँ
यस्तो इतिहासलाई आफ्नै हातले केर्न मन लाग्यो ।

पृ. ४३

### ४.५.३.६ आशावादी स्वर

[७०] अनाममण्डली, पूर्ववत्,पृ. ३५२ ।

[७१] रामहरि पौड्याल, पूर्ववत्,पृ.४४ ।

[७२] अनाममण्डली, पूर्ववत्,पृ. ३५२ ।

[७३] ऐजन, पृ. ३५२ ।

ललिजन रावलले आफ्ना गजलमा देश, समाज र परिस्थितिमा परिवर्तन हुने र आफ्नो भोलिको दिन सुनौलो र सुखमय हुने आशालाई व्यक्त गरेका छन् । वर्तमान समय आँसु-आँसुले भरिएको छ । आँसुमय जीवन बाँचेका नेपालीहरूको मनको कुनामा भोलिको सुनौलो दिनको आशा अझै बाँकी रहेको र सौन्दर्यमय दिनको पर्खाइमा दिन गन्दै बसेको प्रसङ्गलाई गजलकारले यसरी उल्लेख गरेका छन् -

आँसुमय जीवन बाँचेर पनि आशा बाँधेर मनमा
जीवन सौन्दर्यमय हुने समय गन्दै छन् मानिसहरू ।

पृ. १९

आत्मबल र आत्मविश्वास लिएर जीवनपथमा अगाडि बढेको खण्डमा अन्ध परम्पराको अन्त्य भई भोलिको नौलो जीवनको सुरुआत पक्कै हुनेछ ।

नौलो जीवनको शुरुवात यी हातहरू अब पक्कै गर्लान
अँध्यारो परंपराका पर्खालहरू भत्काएर आएको छ ।

पृ. २८

देशको राजनीतिक, सामाजिक, आर्थिक अव्यवस्थाले गर्दा जनताहरूको जीवन यति विषाक्त भएको छ कि त्यसबाट मुक्ति पाउनका लागि उनीहरू अनेकौं उपायहरूको खोजीमा छन् तर केही यथास्थितिवादी कायरहरू मुक्ति पाउने बाटो कठिन र हिलै-हिलो छ भनेर यथास्थितिवादलाई नै निरन्तरता दिने पक्षमा छन् । यस्ता विभिन्न अन्तर्विरोधहरूको बीचबाट भए पनि परिवर्तनको चाहनामा दृढ सङ्कल्पी भएर उभिनुपर्छ । हतास नभईकन आफ्नो लक्ष्यमा अडिग भएर लागेको खण्डमा भोलिको युगको लगाम नेपाली जनताको हातमा हुनेछ ।

तिम्रै हातमा हुनेछ भोलि युगको लगाम
हताश नहोऊ अहिले तिम्रो हात कलिलो छ ।

पृ. ३२

पीडालाई छोडेर परिवर्तनमा विश्वास बोकेर अघि बढ्ने कवि दुःखमा पनि विचलित नहुने प्रण गर्न पुगेका छन् । परिवर्तन नहुनाका कारणहरू अध्ययन गरेर मात्र भोलिको सुखद समाजको निर्माण हुन सक्ने आशालाई गजलकारले यसरी व्यक्त गरेका छन् -[७४]

पीरै-पीरका मात्रै कुराहरू गरेर के फाइदा हुन्छ र दुनियाँलाई
जो ऐना सँधैभरि मात्रै दुःख देखाउँथ्यो त्यसलाई फोडिदिएको छु मैले

पृ. ४७

अव्यवस्थित र ढोङ्गी क्रियाकलापका कारण हाम्रा आँखामा हर्षले स्थान पाएका छैनन् । निभेको बत्ती जस्तो भए पनि उदास नभएको र केही आशा अझै बाँकी रहेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -[७५]

मेरा आँखामा अहिले हर्षको बास छैन
निभेको बत्ती जस्तो तर मन उदास छैन ।

पृ. ५०

वर्तमानको चर्को ताड्ना, असमानता, अभाव र अन्याय खपेकाहरूले हाँस्न पाउने दिन निश्चय नै आर्जन गर्नेछन् । त्यसबेला उनीहरूको जीवन मुक्त आकाशमा उड्ने चराहरूको जीवन जस्तै हुनेछ ।[७६]

लामो समयको प्रतीक्षापछि जब कोही हाँस्छन् त्यो आभास कस्तो होला
चराहरू खुसीले प्वाँखहरू फैलाउँदै उडेको आकास कस्तो होला ।

---

[७४] रामहरि पौड्याल, पूर्ववत्,पृ. ४६ ।

[७५] ऐजन, पृ. ४७ ।

[७६] ऐजन, पृ. ४५ ।

पृ. ५४

सुनौलो र खुशीले भरिएको दिनको कल्पनामा रमाउँदै यो कालो रातलाई बिताउन सकेको खण्डमा नेपाली जनताले अमन चयन र स्वतन्त्रता प्राप्त गरिसकेपछि उदाएको सूर्यको सुनौलो किरणले धरतीको अनुहार निश्चय नै हँसिलो हुनेछ ।

धर्तीलाई पक्कै हँसाउला भोली उदाउने सूर्यले
यो कालो रातलाई जसरी पनि बिताउनु पर्छ ।

पृ. ५७

जसरी हिउँ, तुसारो, असिना आदिले बगैँचाका फूलहरू मारे पनि सदाको लागि बगैँचा रित्तिदैन, जरा र बीउ मरेका हुँदैनन् र पछि अझै राम्रा, बलिया र नौला पालुवा मौलाएर बगैँचा राम्रो हुन्छ, त्यसरी नै अन्याय, अत्याचार खपेका जनताहरूले देशरूपी बगैँचा झन राम्रो पार्नेछन् र आफ्नो सङ्घारलाई हर्षको रङ्गले रङ्गाउने छन ।[७७]

आँसुले आज पोतिएको भए पनि कुनै न कुनै दिन
हर्षका रङ्गहरूमा रंगिएको आफ्नो संघार हेरौंला ।

पृ. ५९

### ४.५.३.७ यथार्थको प्रस्तुति

गजलकार रावलले **केही गजलहरू** सङ्ग्रहभित्रका गजलहरूमा आफू बाँचेको समय, समाज र यहाँ रहेका विभिन्न प्रवृत्तिहरूको यथार्थ चित्र उतारेका छन् । नेपाली जनता सँधैभरि निरङ्कुश शासनको जालोमा जेलिएका छन् । यसबाट उनीहरूको मुक्ति पाउन सकेका छैनन् । निरङ्कुश शासनको चेपुवामा परेका नेपाली जनता र देशको यथार्थ स्थितिलाई गजलकारले असिना, फूल र बगैंचाको प्रतीकात्मकताद्वारा यसरी प्रस्तुत गरेका छन् -

असीनाको मार पर्‍यो फूलहरूलाई
बगैंचालाई दुःख फूल झर्दा भयो ।

पृ. २१

सधैंभरिको हेपाइ र चेपाइका कारण हाम्रो सम्पूर्ण जीवन खुसीबिना नै बितिरहेको छ । सधैंभरि दुःखमा रोइरहेको र हर्षको आँसु कहिल्यै खसाल्न नपाएको यथार्थलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

खुशीलाई जीवनमा छुन सकिएन
हर्षको रोदन कहिल्यै रुन सकिएन ।

पृ. २२

हुनेखानेहरू चिल्ला कार र ठूला-ठूला महलमा सुविधाभोगी जीवन बिताइरहेका छन् भने केही नभएका मानिसहरू एक छाक पेट भर्नका लागि गर्नै नहुने काम गरिरहेको यथार्थलाई देखेर गजलकार व्यथित बनेका छन् ।

पेटको लागि मानिसहरू के मात्रै गर्दैनन्
विवश जिन्दगी देखेर रुन्छु म हिजोआज ।

पृ. २४

अन्तर्राष्ट्रिय खिँचातानी र युद्धले गर्दा मानव सभ्यता नै खतरामा परेको छ । अर्को भन्दा आफू शक्तिशाली भएको देखाउनका लागि विज्ञानको दुरूपयोग भइरहेको र यस्तो दुरूपयोगले भविष्य सङ्कटमा परेको छ ।

शक्तिको होडबाजी यसरी चलिरहेछ संसारभरि
कि धर्तीमा भोलि आफ्नो भन्ने कुनै आँगन नहोला ।

पृ. २६

---

[७७] ऐजन, पृ. ४२ ।

विभिन्न खालका प्रतिबन्धका कारण नेपाली जनताको वाक् स्वतन्त्रता कुण्ठित भइरहेको यथार्थलाई रावलले आफ्ना गजलमा समेटेका छन् ।

युगको जिब्रो बन्द छ दाँतका संगीन बीच
बन्दि जिब्रोले शब्द निकाल्न कहाँ सजिलो छ ।

पृ. ३२

हेर्दा सूकिलो अनुहार तर मन कालो भएका अन्ध परम्पराका रक्षकहरूको राक्षसी व्यवहारको यथार्थलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

हातमा तरवार र औंलामा नङ्ग्राहरू छन्
राक्षसीपन छोप्न अनुहार मात्र सूकिलो छ ।

पृ. ३२

देश र जनताको पीडामा एकाकार भएका गजलकारले आफ्ना गजलमा नीजि स्वार्थमा नलाग्ने व्यवहारको प्रस्तुत गरेका छन् । ठूलाठालूको आड पाएका मानिसबाटै तल्लो तहका मानिसहरूको हक, अधिकार र चाहनाहरू खोसिइरहेको अवस्थामा आफ्नो लागि खुशी साँच्न नसक्ने आफ्नो स्वभावलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

मानिसका चाहनाहरू कुल्चिएका छन् मानिसबाटै
आफ्नो एक जिन्दगीको लागि मात्र खुशी साचूँ म कसरी ।

पृ. ४१

निरङ्कुशताको बाहुल्यताका कारण जताततै दुःख, पीडा व्याप्त छ । यस्तो पीडामय समयलाई पाखा लगाउनका लागि कुनै क्षेत्रबाट केही काम सुरु हुन सकेको छैन ।

म त पीरहरू मात्र देख्छु एउटै पीर गल्न सकेन
आँखाबाट आँसु उडाउन कुनै बतास चल्न सकेन ।

पृ. ४४

मानिसहरू दिन-प्रतिदिन स्वार्थी हुँदै गइरहेका छन् । यहाँ एकले प्राप्त गरेको सफलतामा अर्को खुशी नभई आफ्नो सफलता र आफू नै सर्वेसर्वा भएको ठान्नेहरूको जमात बढी छ ।

आफैलाई धाप दिने मानिस छन् ।
मस्तिष्कमा बग्ने फोहोर नाली देखें ।

पृ. ४५

बगैंचाको शोभा बढाउनका लागि फुलेका फूलहरूको संरक्षण नगरी उनीहरूमा त्रास र आतङ्कको वातावरण सिर्जना गरी मालीद्वारा फूललाई कुल्चिएको प्रसङ्गलाई गजलकारले नेपालको यथार्थ स्थितिमा यसरी आरोपित गरेका छन्-

बगैंचाका फूलहरू बीच हल्ला छ
फूललाई कुल्चने यहाँ माली देखें ।

पृ. ४५

एकातिर हुने खानेहरू रेशमी वस्त्रको कोमलतामा आश्रय लिइरहेका छन् भने अर्कातिर दुःखी र गरिब मानिसहरूलाई आफ्नो शरीर ढाक्नका लागि कपास पनि नभएको यथार्थलाई गजलकारले यसरी उद्घाटन गरेका छन् -

रेशममा ढाकिएका छन् कुनै घरहरू
मेरो नाङ्गो शरीर ढाक्न कतै कपास छैन ।

पृ. ५०

सामन्तवादी मूल्यहरू विकास प्रतिकूलगामी छन् । सामन्तीहरू दुई जिब्रे हुन्छन र उनीहरूको वर्गीय चरित्र र नैतिकता उदारता-मूलक पाखण्डीपनमा आश्रित हुन्छ ।[७८] सर्वसाधारण नेपाली जनतालाई आफ्नो पक्षमा ल्याउनका लागि केही दिए जस्तो गर्ने र आफ्नो जाललाई अझै फैलाउँदै जाने नेताहरूको यथार्थ चरित्रलाई गजलकारले यसरी उद्घाटन गरेका छन्-

झुक्क्याउन आँखाहरूलाई यो त एउटा चाल जस्तो छ
माया गरेको जस्तो गरेर ओढाएको हेर जाल जस्तो छ ।

पृ. ५६

जीवन दिन्छु भनेर फलाक्दै हिँडने कालरूपी सामन्तीहरूले नै एउटै जीवन पद्धति भएकाहरू बीचमा नै झगडा पर्ने परिक्रम गरेका कारण नै सडकमा रगतको भल बगेको हो ।

सडकमा रगत कसरी पोखियो मलाई नै थाहा छ
जीवन दिन्छु भन्नेको अनुहार त हाम्रो काल जस्तो छ ।

पृ. ५६

### ४.५.३.८ निराशा

**केही गजलहरू** सङ्ग्रहका गजलहरूका विभिन्न सेरहरूमा गजलकारले आर्थिक, राजनीतिक, सांस्कृतिक विकृतिहरूले सिर्जना गरेका दुरावस्थाहरू, जसलाई पचाउन नसक्दा रोएका मनहरूको निराशालाई व्यक्त गरेका छन् । आर्थिक अभाव र राजनीतिक परिवर्तनका कारण विषाक्त बनेको नेपाली समाजलाई देखेर नेपाली जनतामा असन्तोष फैलिएको छ । यस खालको परम्पराबाट मुक्त हुन नसकेका र अन्तर्पीडाले रन्थनिएका निराश आँखाबाट बगेका आँसुले आफ्नै पीडालाई धोइरहेको स्थितिलाई गजलकारले यसरी उल्लेख गरेका छन्-

हरेक घरहरू रोएको सुन्छु म हिजोआज
आफ्नो आँसुले आफ्नै पीडा धुन्छु म हिजोआज ।

पृ. २४

सफलता प्राप्त गर्ने बाटोमा विभिन्न प्रकारका बाधाहरू खडा गरिएको र ती बाधा हटाउनका लागि कोही अगाडि सर्न नसकेको यथास्थितिलाई देखेर गजलकार निराश भएका छन ।

बाटोका काँडाहरू हटाउन कोही तम्सेनन्
निराशाको सगरमाथालाई छुन्छु म हिजोआज ।

पृ. २४

नेपाली धर्तीमा युद्ध र हत्याको सिलसिला बढिरहेको छ । मानिस बाँच्नका लागि अति आवश्यक पर्ने स्वस्थ हावा आज बारुदको धुवाँका कारण दिन-प्रतिदिन प्रदुषित हुँदै गइरहेकोमा रावल निकै निरास छन् । यही कार्यले निरन्तरता पाइरहेको खण्डमा भोलि यस धर्तीमा स्वस्थ पवन नहुने आशङ्कालाई गजलकारले यसरी व्यक्त गरेका छन्-

बारुदको धुवाँ उडिरहेछ बादल भएर आकाशमा
कतै धर्तीमा प्राणवायु बोकेको पवन नहोला ।

पृ. २६

सृष्टिलाई जोगाउन भन्दा बिगार्नका लागि वैज्ञानिक आविष्कारको प्रयोग भएकोमा गजलकार निराश देखिएका छन् । गजलकारले वैज्ञानिक आविष्कारको दुरूपयोग भएका कारण भविष्यमा पृथ्वी मानवविहीन हुने सङ्केत गजलकारले यसरी गरेका छन् -

विज्ञानलाई प्रयोग गरिरहेछन् संहारको लागि
अन्तमा मृत्यु मात्र होला पृथ्वीमा जीवन नहोला ।

---

[७८] ऐजन, पृ. ४२ ।

पृ. २६

समय निरन्तर आफ्नै गतिमा बितिरहेको छ । आम नेपाली जनताका लागि निरस र नरमाइलो भएको समयले बिदा लिने कुनै लक्षण नभएको र रमाइलो साँझ कहाँ हराएको हो केही खबर नभएको अन्यौललाई कविले यसरी व्यक्त गरेका छन् -

समय बितिरहन्छ सधैं निरस भएर
कहाँ हराएको छ रमाइलो साँझ भन ।

पृ. ३३

आँसु, रोदन, पीर र सुस्केराले नेपालीहरूको जीवनलाई चारैतिरबाट घेरेको छ । कविले जीवन ज्यूँन पनि नसकिने निराश अवस्थामा आफू कसरी हाँस्न सक्छु ? भन्ने प्रश्न गर्दै भनेका छन् -

पीरका सुस्केराहरू सुनेर चारैतिर बाँचू म कसरी ?
आँसु र रोदनको माझ आनन्द मानेर हाँसू म कसरी ?

पृ. ४१

अन्ध परम्पराले आफ्नो पकड बलियो पारेर बसेको छ । पुरानो परम्पराको भारीलाई सधैंभरि नेपालीले आफ्नो ढाडमा बोकेर हिँडिरहेका र यस भारीबाट मुक्ति दिलाउनका लागि केही काम नभएकोमा निराश भएका नेपालीको मनोदशालाई गजलकारले यसरी उल्लेख गरेका छन्-

सवार छ रात उहिलेदेखि देख्दैछु यो मेरो ढाडमा
मुक्त गराउन रातबाट तेजिलो दियो जल्न सकेन ।

पृ. ४४

समयको परिवर्तनसँगै संसारमा धेरै उथलपुथल भइसक्यो तर नेपाली समाजमा पुरानो परम्परा र पुरानै समयको प्रभाव कायमै रहेको छ । जताततै मौसममा परिवर्तन भएर पनि नेपाल र नेपालीको जीवनमा बसन्त आउन नसकेको पीडालाई गजलकारले प्रश्नात्मक शैलीमा यसरी व्यक्त गरेका छन् -

कोल्टे फेरी सक्यो कैयौं पटक समयले भूगोलमा
मौसमको बदली यहाँ अझै पर्यन्त किन यति टाढा छ ?

पृ. ४६

नेपाली जनताको हक अधिकारलाई खोसेर प्वाँख काटिएको चराको जस्तै निरीह जीवन बिताउन बाध्य बनाइएका कारण नेपालीहरूमा भोलिका लागि केही गर्नुपर्छ भन्ने विचारले गति बोक्न सकेको छैन ।

उडान खोसेर मेरा प्वाँखहरू काटिए
मनको चरा उड्न पनि कुनै आकाश छैन ।

पृ. ५०

समाजमा व्याप्त परम्पराको अँध्यारोले गर्दा नेपालीका आँखामा उज्यालोले ठाउँ पाएको छैन । सर्वत्र फिँजिएको अन्धकारको जालोले गर्दा आफ्नो जन्मस्थानका सपनालाई पनि पूरा गर्न नसकेकोमा कवि निराश बनेका छन् -

रात बाँकी छ अझै आँखामा क्षितिज टाढा छ
सुदूरका सपनाहरू त पूरा भएका छैनन् ।

पृ. ५३

### ४..३.९ एकताको भावना

यस सङ्ग्रहभित्रका गजलका केही सेरहरूमा गजलकारले देशमा नौलो परिवर्तन ल्याउनका लागि सबैजना एकजुट भएर लाग्नुपर्छ भन्ने कुरालाई उल्लेख गरेका छन् । समसामयिक राजनीति नेपालीको पक्षमा छैन । यसले निम्त्याएका समस्याको समाधानका लागि

व्यग्र गजलकारले अन्धकाररूपी शत्रुसँग लड्न एकै उद्देश्य लिएर हिँड्नुपर्ने र मतभेदमा टुक्रिएका सूर्यहरू मिल्नुपर्ने कुरामा जोड दिएका छन् । सम्पूर्ण जनतामा एकताको आह्वान गर्दै सुन्दर बिहानीका लागि सङ्घर्ष गर्नुपर्ने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन-

अहिले लड्नु पर्ने त यो कालो रात सँग हो सबैले
टुक्रिएका सूर्यहरू बीच मिलनको एउटा समाधान खोज ।

पृ. १७

जनतामा वर्गीय चेतनाको बोध र वर्गीय एकता भएमा शोषणबाट मुक्ति पाइन्छ भन्ने गजलकारको राय छ । समानता बिनाको स्वतन्त्रता कागका लागि बेल जस्तै हो । शोषित र शोषकको स्वतन्त्रता एकैपटक पूरा हुन सक्दैन । वर्ग समन्वयप्रति गजलकारको विश्वास नकारात्मक रहेको छ । [७९]

तिम्रा-मेरा आँखामा फरक सपना छ र ?
तर पनि किन एउटै भन्न सकिएन ।

पृ. २२

नेपाल र नेपालीको सुनौलो भविष्यको सपना देख्ने आँखाहरूमा विवाद नभई एकता र सङ्गतिको खाँचो रहेको छ ।

एउटै सपना देख्ने आँखाहरूबीच पनि
अझै कहिले सम्म यो नचाहिँदो विवाद होला ।

पृ. ३७

सुखद समाजको निर्माण गर्नका लागि उज्यालो बोकेका टुकीहरू टुक्रिएर होइन मिलेर एकदीप पुञ्ज बन्न सके अँध्यारो भाग्नेछ र जनताको अन्तरपीडा हटेर जानेछ । टुक्रिएर अँध्यारो नास्छु भन्दा अँध्यारोले जिस्काउन सक्छ [८०] त्यसैले एकले अर्कोसँग हात मिलाएर अगाडि बढेमा मात्र जीत हात पार्न सकिन्छ ।

छुट्टा-छुट्ट बल्न खोज्दा प्रकाश टुक्रिन्छ दियाहरूको
टुक्रिएरै बल्न खोज्दा सधैंभरी हार होला जिन्दगीको ।

पृ. ४८

रात अहिले नै पाछ्रु भनेर भय दिनेहरूलाई रावलले चुनौती दिएका छन् । देश र जनताका लागि मृत्युसँग खेल्नेहरू अँध्यारो र मृत्युदेखि डराउँदैनन् । आजको अन्याय, अत्याचार र व्यभिचारको उत्पीडनबाट केही व्यथित बने पनि समष्टिहितको पुनीत अवसरलाई नगुमाइकन देश र जनताको मुक्तिका लागि काँधमा काँध मिलाएर एकै व्यथा बोकेकाहरू एकताबद्ध भएर देश र जनताका शत्रुहरूसँग लड्नुपर्ने दृढतालाई गजलकारले यसरी व्यक्त गरेका छन् -[८१]

अबुझ भएर एक्लै-एक्लै जहाँ जता भौतारिए पनि
हिमाल झै काँधहरूसँग काँध नमिलाई घर कहाँ छ ?

पृ. ६०

यसरी समग्रमा हेर्दा ललिजन रावलले देश र समाजमा व्याप्त विविध पक्षलाई रूपगत र भावगत चमत्कारिताका माध्यमबाट उत्कृष्ट ढङ्गले संयोजन गरेका छन् ।

### ४.५.४ सङ्गीत

**केही गजलहरू** सङ्ग्रहभित्रका गजल सङ्गीत चेतनाका दृष्टिले पनि महत्त्वपूर्ण छन् । यस सङ्ग्रहमा लय, अनुप्रास, पद तथा पदावलीको आवृत्ति, वर्णगत आवृत्ति, काफिया र रदिफको

---

[७९] ऐजन, पृ. ४१ ।

[८०] ऐजन, पृ. ४६ ।

[८१] ऐजन, पृ. ४७ ।

सन्तुलित प्रयोग गरिएको छ । गजललाई सङ्गीतको नजिक पुऱ्याउने यस्ता विभिन्न तत्त्वहरूको चर्चा तल गरिएको छ -

**४.५.४.१ लय**

गजल गेय परम्पराबाट अगाडि बढेको साहित्यिक विधा हो । त्यसैले यो लयात्मक र साङ्गीतिक गुणले युक्त हुनु आवश्यक छ । गजलमा दुई किसिमबाट लयको आयोजना गरिएको पाइन्छ- वर्णमात्रिक लय र आक्षरिक लय । रावलले यस सङग्रहका गजलहरूमा आक्षरिक लयको प्रयोग गरेका छन् । उनका गजलहरू मुक्त छन्दतिर उन्मुख भेटिन्छन् ।

**केही गजलहरू** सङ्ग्रहभित्र बराबर अक्षरसङ्ख्या भएका पूर्ण गजलको संरचना नदेखिए पनि केही सेरहरू भने समान आकारका छन् । यस सङ्ग्रहका गजलहरूलाई लयात्मकता प्रदान गर्नका लागि केही वर्णहरूको हलन्त उच्चारण गनुपर्ने पनि देखिन्छ । यस सङ्ग्रहमा सङ्गृहीत गजलहरूको पृष्ठसङ्ख्या र अक्षरसङ्ख्यालाई तल तालिकामा देखाइएको छ -

| पृष्ठसङ्ख्या | अक्षरसङ्ख्या | पृष्ठसङ्ख्या | अक्षरसङ्ख्या | पृष्ठसङ्ख्या | अक्षरसङ्ख्या |
|---|---|---|---|---|---|
| १७ | २० - २४ | ३२ | १६ - १८ | ४७ | २६ - २९ |
| १८ | १७ - १९ | ३३ | १५ - १६ | ४८ | १९ - २१ |
| १९ | २० - २३ | ३४ | १५ - १७ | ४९ | १९ - २१ |
| २० | १७ - १८ | ३५ | १६ - २० | ५० | १५ - १७ |
| २१ | १३ - १५ | ३६ | २० - २३ | ५१ | २४ - २६ |
| २२ | १४ - १६ | ३७ | १६ - १८ | ५२ | १६ - १९ |
| २३ | १६ - १७ | ३८ | १६ -१८ | ५३ | १६ - १९ |
| २४ | १६ - १८ | ३९ | १४- १७ | ५४ | २४ - २६ |
| २५ | १८ - १९ | ४० | १३- १६ | ५५ | १८ - २१ |
| २६ | १८ - २० | ४१ | १९ - २१ | ५६ | १६ - २० |
| २७ | १६ - १८ | ४२ | १६ - १७ | ५७ | १८- २० |
| २८ | २१ - २४ | ४३ | १९ - २१ | ५८ | २४२- २३ |
| २९ | १९ - २२ | ४४ | १९ - २० | ५९ | १९ - २१ |
| ३० | १५ - १७ | ४५ | १२- १३ | ६० | २० - २१ |
| ३१ | १८ -१९ | ४६ | १९ - २१ | | |

उपर्युक्त तालिकाका आधारमा हेर्दा यस सङ्ग्रहका गजलहरू एउटै छन्द वा लयमा आधारित त पक्कै पनि देखिँदैनन् तर अक्षरसङ्ख्याको अन्तर कम देखिएका गजलहरू पढ्दा चाहिँ मोटामोटी रूपमा लयगत समानता भने पाउन सकिन्छ । त्यस्तो प्रकारको लयात्मकता प्राप्त गर्न सकिने केही सेरहरू यसप्रकार छन्-

क) मन्द भएको छ प्रकाश उसको अनुपस्थितिमा
जिन्दगीलाई उजिल्याउने दियोको ऊ बाती थियो ।

पृ. १८

ख) तिम्रो जिभ्रो लाटो कसले गर्दा भयो
हेरुँ भने छेक्ने एउटा पर्दा भयो ।

पृ. २१

ग) दु:खी मानिसहरूको गिरेको विश्वास उठाएर आएको छु
भोको भए पनि मानिस नगिर्ने गीत सुनाएर आएको छु ।

पृ. २८

घ) कानेखुसी गर्नु पर्छ प्रकाशले पातसँग

पात झर्नु र घाम छोप्नु मौसमको रीत हो ।

पृ. ३०

ङ) मानिसका चाहनाहरू कुल्चिएका छन् मानिसबाटै
आफ्नो एक जिन्दगीको लागि मात्र खुसी साँचू म कसरी ।

पृ. ४१

च) पाठशाला जति सबै खाली देखें
आपसमा नै गरिने गाली देखें ।

पृ. ४५

एउटै आकारका वा समान अक्षरसङ्ख्या भएका सेरहरूमा लयविधान मेल खाने भएमा उनका यस्ता सेरहरू धेरै नै छन् तर सम्पूर्ण गजललाई समान लय र समान अक्षरसङ्ख्यामा बाधिएका गजल भने यस सङ्ग्रहमा छैनन् । माथि देखाइएका उदाहरणहरूमध्ये उदाहरण (क) को अक्षरसङ्ख्या अठार, (ख) को तेह्र, (ग) को बाइस, (घ) को सोह्र, (ङ) को बीस, र (च) को बाह्र रहेको छ । समान अक्षरसङ्ख्यामा रचिएका यस्ता विभिन्न सेरहरूमा लयात्मकता पाउन सकिन्छ ।

**केही गजलहरू** गजलसङ्ग्रहमा एउटै लयमा आधारित गजलहरू नभए पनि धेरैजसो गजलहरू कम अक्षरसङ्ख्याको अन्तर पारेर रचना गरिएका छन् । रावलले रचना गरेका यस सङ्ग्रहका गजलहरूमा थोरैमा एक अक्षरको र बढीमा चार अक्षरसम्मको अन्तर रहेको पाइन्छ । पृ. नं. २० मा रहेको 'उज्याला अनुहारहरू बोकेको...' शीर्षकको गजलमा सत्रदेखि अठार अक्षरको संरचना देखिन्छ । यसमा अठार अक्षरका दुई वटा सेर र अन्य दुई सेर सत्रदेखि अठार अक्षरका रहेका छन् । त्यसैगरी पृ. नं. १७ मा रहेको 'श्रद्धाले दुई थोपा आँसु चढाउन...' शीर्षकको गजलमा बीसदेखि चौबीस अक्षरको संरचना रहेको छ । यस गजलमा रहेका चार सेरमध्ये पहिलो सेर बाइसदेखि तेइस अक्षरको, दोस्रो सेर बीसदेखि तेइस अक्षरको, तेस्रो सेर एक्काइसदेखि तेइस अक्षरको र चौथो सेर एक्काइसदेखि चौबीस अक्षरसम्मको रहेको छ ।

समग्रमा हेर्दा अक्षरसङ्ख्याको अन्तर कम भए पनि मात्रा, मिटर वा गति, यतिको उचित व्यवस्था नभएका कारण रावलका यस सङ्ग्रहका गजलहरू लयात्मक पक्षबाट त्यति सबल मान्न सकिँदैन ।

## ४.५.४.२ अनुप्रास

गजलमा अनुप्रास काफियाको रूपमा आउने र दुवै पङ्क्तिमा अनुप्रासयुक्त संरचना मतला खण्डमा रहने हुनाले कविता र गीतको जस्तो अधिक अनुप्रास गजलमा रहन्न । प्रत्येक सेरमा अनुप्रासयुक्त शब्दहरू मतला खण्डकै अंश भएर आउने हुनाले गजलमा अनुप्रासको छुट्टै स्थान रहेको छ ।

ललिजन रावलले अनुप्रासका विभिन्न प्रकारहरूको प्रयोग गरेर **केही गजलहरू**भित्रका गजललाई साङ्गीतिकता प्रदान गरेका छन् । ललिजन रावलले **केही गजलहरू** सङ्ग्रहभित्रका गजलमा आद्यानुप्रास, अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास जस्ता विभिन्न अनुप्रासको प्रयोग गरेका छन् ।

### (क) आद्यानुप्रास

पङ्क्तिपङ्क्तिका सुरुमा परेका अनुप्रासलाई आद्यानुप्रास भनिन्छ । **केही गजलहरू** सङ्ग्रहभित्रका गजलहरूमध्ये पृ.नं. २८ मा रहेको 'दुःखी मानिसहरू....'शीर्षकको गजलको तेस्रो सेरमा आद्यानुप्रासको प्रयोग भएको पाइन्छ ।

सुखको दिन कहिले सम्म क्षितिज पारी लुकिरहन सक्ला
दुःखको दीप, जीवनको दियोबाट निभाएर आएको छु ।

पृ. २८

माथिका दुवै मिसराको प्रारम्भ 'सुखको' र 'दुःखको' जस्ता अनुप्रासयुक्त शब्दबाट भएकाले यहाँ आद्यानुप्रासको प्रयोग भएको देखिन्छ ।

**(ख) अन्त्यानुप्रास**

अन्त्यानुप्रास र उप-अन्त्यानुप्रासले पनि गजललाई श्रुतिमय बनाउँछ । यस सङ्ग्रहका गजलमा काफियाका रूपमा आउने पहिलो दुई मिसरासँगको अनुप्रासलाई अन्य सेरका दोस्रो-दोस्रो मिसरामा गजलकारले कुशलतापूर्वक मिलाएका छन् ,जस्तै

१) गाग्रीहरूमा टन्न भरिएको जहर छ
कसले पिउँछ, कसलाई मर्ने रहर छ ।

गाउँ फर्किसकेको छ नदीबाट नुहाएर
अझै निद्रामा घुरिरहेको यो शहर छ ।

पृ. ३४

२) पाठशाला जति सबै खाली देखें
आपसमा नै गरिने गाली देखें ।
आफैलाई धाप दिने मानिस छन्
मस्तिष्कमा बग्ने फोहर नाली देखें ।

पृ. ४५

३) घेरेको छ बादलले आकाशलाई पानी पर्छ कि पर्दैन
हर्षको बाटो उघ्रिएला झै छ पीर टर्छ कि टर्दैन ।

पृ. २९

४) तस्वीर हेरेर बसेकी छु तस्वीर बाहिर ऊ आएन
कति मीठो गीत गाउथ्यो ऊ तर तस्वीरले गीत गाएन ।

पृ. ४९

माथिका उदाहरण एक र दुईमा रेखाङ्कित गरिएका 'जहर', 'रहर', 'खाली', 'गाली', 'नाली' जस्ता अनुप्रासयुक्त शब्दहरू पङ्क्तिको अन्तमा नभई 'छ' र देखें रदिफको अगाडि आएकाले यहाँ उप- अन्त्यानुप्रासको पालना भएको छ भने उदाहरण तीन र चारका सेरहरूको अन्तमा क्रमशः 'पर्छ कि पर्दैन-टर्छ कि टर्दैन', 'आएन-गाएन' जस्ता अन्त्यानुप्रासयुक्त शब्दको उपस्थितिले गजल श्रुतिमधुर बनेका छन् ।

**(ग) छेकानुप्रास**

एक वा अनेक व्यञ्जन उसै क्रममा एकपटक मात्र दोहोरिनुलाई छेकानुप्रास भनिन्छ । रावलका यस सङ्ग्रहमा प्रयोग गरिएका छेकानुप्रासका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ -

– आँखामा आँसु होइन विद्रोहको ज्वाला चाहिन्छ

पृ. २०

माथिको उदाहरणमा 'आँखामा' र 'आँसु' शब्दमा 'आ' वर्णको एकपटक मात्र आवृत्ति भएर छेकानुप्रासको प्रयोग भएको पाइन्छ ।

– बगिरहन्छ पवन पनि अब उदास भएर

पृ. १८

यहाँ 'प' र 'ब' वर्णको एकपटक आवृत्ति भएर छेकानुप्रास भएको छ ।

– मलाई बगाउनलाई बर्षात् घनघोर भयो ।

पृ. ३५

उक्त मिसरामा 'ब', 'घ', र 'ल' वर्षको एकपटक मात्र आवृत्ति भएर छेकानुप्रासको प्रयोग भएको छ ।

**(घ) वृत्यनुप्रास**

एक व्यञ्जनको अनेकपटक आवृत्ति हुनुलाई वृत्यनुप्रास भनिन्छ । **केही गजलहरू**भित्र यस्तो पुनरावृत्ति निकै देख्न सकिन्छ । वृत्यानुप्रासका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ -

– अहिले लड्नु पर्ने त यो कालो रातसँग हो सबैले ।

पृ. १७

यहाँ 'ल' वर्णको चारपटक आवृत्ति भएको छ ।

– रातभरि रोइरहन्छौ तिमी आफैलाई बिर्सेर ।

पृ. २५

यहाँ 'र' वर्णको पाँचपटक आवृत्ति भएको छ ।

– पसिनाले भिजेकाहरूलाई छायाँ नदिएर पोल्न खोज्ने ।

पृ. ४१

यहाँ 'न' वर्णको चारपटक आवृत्ति भएको छ ।

### ४.५.४.३ आवृत्ति

**केही गजलहरू** सङ्ग्रहमा वर्णहरूको आवृत्ति बाहेक पद तथा पदावलीको आवृत्ति पनि प्रसस्तै भएको पाइन्छ । पद तथा पदावलीको आवृत्तिलाई उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ –

**(क) पदको आवृत्ति**

ललिजन रावलका यस सङ्ग्रहका गजलमा एउटै पङ्क्ति र भिन्नभिन्न पङ्क्तिका बीचमा पदको आवृत्ति भएका सेरहरू निकै छन् , जस्तै –

– कसरी बलात्कृत भैरहेछ भूगोलमा तिम्रो धरती ?
राक्षसी पंजाबाट मुक्त गर र आफ्नो धरतीको सम्मान खोज ।

पृ. १७

– जीवन-मृत्युको बीच लड्दै छ माझी
धरती खुसी डुङ्गाले नदी तर्दा भयो

पृ. २१

– कानेखुसी गर्नुपर्छ प्रकाशले पातसँग
पात झार्नु र घाम छोप्नु मौसमको रीत हो ।

पृ. ३०

– म त पीरहरू मात्र देख्छु एउटै पीर गल्न सकेन ।

पृ. ४४

– तस्बीर हेरेर बसेकी छु तस्बीर बाहिर ऊ आएन ।

पृ. ४९

माथिका उदाहरणमा रेखाङ्कित 'धरती', 'माझी', 'पात', 'पीर', 'तस्बीर' जस्ता शब्दहरूको आवृत्तिले यस सङ्ग्रहका गजललाई साङ्गीतिक बन्न सहयोग पुऱ्याएको पाइन्छ ।

**(ख) पदावलीको आवृत्ति**

यस सङ्ग्रहका गजलमा एउटै पङ्क्तिका र भिन्नभिन्न पङक्तिका बीचमा पदावलीको आवृत्ति भएका केही सेरहरू छन् । यस सङ्ग्रहका गजलका मतला खण्डमा र अरु सेरका दोस्रो

पङ्क्तिमा काफियाका पछाडि रदिफको रूपमा पदावलीको आवृत्ति कुशलतापूर्वक भएको पाइन्छ, जस्तै -

– आँखाहरूमा तिम्रो प्रकाश भरि दिन मन लाग्छ
ज्यूँदो राख्न तिमीलाई आफै मरी दिन मन लाग्छ ।

पृ. २५

– कहाँ लेखिएको छ भाग्य तिम्रो मलाई हेर्न मन लाग्यो
तस्बीर मात्र होइन अब त फ्रेम नै फेर्न मन लाग्यो ।

पृ. ४३

– मसँग हुनुपर्ने मेरो आफन्त किन यति टाढा छ ?
मेरो घाँटी थिच्ने हातहरूको अन्त किन यति टाढा छ ?

पृ. ४६

माथिका उदाहरणमा रेखाङ्कित गरिएका पदावलीहरू गजलमा रदिफको रूपमा आएका छन् जसको सन्तुलित प्रयोग गजलमा भएको कारण यस सङ्ग्रहका गजलमा सङ्गीत भेटन सकिन्छ ।

### ४.५.५ अलङ्कार

ललिजन रावलले यस सङ्ग्रहका गजलमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरेका छन् । शब्दालङ्कारका रूपमा उनले आद्यानुप्रास, अपान्त्यानुप्रास, अन्त्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रासको प्रयोग गरेका छन् भने अर्थालङ्कारका रूपमा उनले उपमा मालादीपक सन्देह, भ्रान्तिमान, विशेषोक्ति र सम्भावना आदि अलङ्कारको प्रयोग गरेका छन् । शब्दालङ्कारअन्तर्गत पर्ने अनुप्रास आदिको उल्लेख सङ्गीत शीर्षकमा गरिसकिएकाले यहाँ उनले प्रयोग गरेका अर्थालङ्कारलाई मात्र देखाइएको छ ।

**(क) उपमा**

उपमान र उपमेयका बीचमा रूप, गुण, धर्म र क्रियाका आधारमा समानता देखाउँदा हुने उपमा अलङ्कारलाई रावलले यसरी प्रयोग गरेका छन् -

बतास चल्दा सुस्तरी उड्ने त्यो तिम्रो केश छ
जसरी बाली झुमेर हाँस्ने यो मेरो देश छ ।

पृ. ४२

माथिको उदाहरणमा 'देश' उपमान र 'केश' उपमेयबीच सादृश्य देखाएर उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

**(ख) माला दीपक**

जसरी बत्तीले अगाडिको कुरा देखाइदिन्छ त्यसरी नै अगाडिका कुरा देखाइदिने अलङ्कार मालादीपक अलङ्कार हो । जस्तै –

दुःखको दीप, जीवनको दियोबाट निभाएर आएको छु ।

पृ. २८

माथिको उदाहरणमा 'दीप' शब्दका पछाडि 'दियो' शब्दको प्रयोग भएका कारण यहाँ मालादीपक अलङ्कारको प्रयोग भएको छ ।

**(ग) सन्देह अलङ्कार**

उपमेयमा उपमानको सन्देह हुँदा पर्ने अलङ्कार सन्देह हुन्छ ।[८२] जस्तै -

हर्षको बाटो उघ्रिएला झैं छ पीर टर्छ कि टर्दैन ।

[८२] कृष्णहरि बराल, **गजलः सिद्धान्त र परम्परा,** पूर्ववत्,पृ. ११८ ।

पृ. २९

माथिको उदाहरणमा हर्षको बाटो उघ्रिए पनि पीर टर्ने वा नटर्ने कुरामा शङ्का भएकाले सन्देह अलङ्कारको प्रयोग भएको छ ।

**(घ) भ्रान्तिमान**

भ्रान्ति भनेको भ्रम हो । वास्तविकता एउटा हुनु तर भ्रमका कारण अर्कै कुराको बोध हुनु वा ज्ञान हुनु नै भ्रान्तिमान अलङ्कार हो, जस्तै -

मरुभूमिलाई बगैँचा भन्नेको के कुरा गर्नु
ताराहरू देख्दा-देख्दै पनि भन्ने गर्छन कि भोर भयो ।

पृ. ३५

माथिको सेरमा मरुभूमिलाई बगैँचा र रातलाई बिहान सम्भिएको वा अनुभव गरिएको कुरालाई ल्याएर भ्रान्तिमान अलङ्कारको प्रयोग गरिएको छ ।

**(ङ) विशेषोक्ति**

कारण छ तर कार्य छैन भने विशेषोक्ति अलङ्कार हुन्छ । [८३] जस्तै -

कूची समाएर हातमा के गर्छौ कलाकार ?
चित्र उतार्न नसकेपछि दृश्य देखेर के हुन्छ ?

पृ. ३८

माथिको उदाहरणमा दृश्य देखेर, कूची समाएर चित्र कोर्न बसे पनि चित्र बनाउन नसकेका कारण विशेषोक्ति अलङ्कारको प्रयोग भएको छ ।

**(च) सम्भावना अलङ्कार**

कुनै काम सिद्धिका लागि कस्तो हुने थियो भन्ने कल्पना गर्दा सम्भावना अलङ्कार हुन्छ, जस्तै-

यो पतभरमा पातहरू गुमाएर नाङ्गा-नाङ्गा छन् रूखहरू
पातहरू हल्लाउँदै रूखहरू भुमेको सुवास कस्तो होला ।

पृ. ५४

माथिको उदाहरणमा आजको उराठलाग्दो पतभर जस्तो मौसम भोलि हरियाली हुँदा कस्तो होला भनेर कल्पना गरिएकोले सम्भावना अलङ्कारको प्रयोग भएको छ ।

### ४.५.६ बिम्ब तथा प्रतीक

**केही गजलहरू** सङ्ग्रहमा ललिजन रावलले दृष्यसम्बन्धी, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी, तापसम्बन्धी, श्रव्यसम्बन्धी र गतिसम्बन्धी बिम्बहरूको प्रयोग गरेका छन् ।

**(क) दृश्यसम्बन्धी**

जुन बिम्बले हाम्रो आँखालाई आकर्षित गर्दछन् त्यस्ता बिम्बलाई दृष्यात्मक बिम्ब भनिन्छ, जस्तै -

घुम्टो हाली दियो बादलले जूनको अनुहारमाथि
हेरेर ताराहरू एउटा गजल सुनाएँ मैले ।

पृ. ३१

माथिको सेरमा ताराहरूलाई देखेर आँखाहरू आकर्षित भएका कारण यहाँ दृष्यात्मक बिम्बको प्रयोग भएको छ ।

**(ख) गन्धसम्बन्धी**

जुन बिम्बले गन्ध वा सुगन्धको अनुभूति दिन्छ त्यस्तो बिम्बलाई गन्धसम्बन्धी बिम्ब भनिन्छ , जस्तै -

---

[८३] ऐजन ।

यो पतझरमा पातहरू गुमाएर नाङ्गा-नाङ्गा छन् रूखहरू
पातहरू हल्लाउँदै रूखहरू झुमेको मौसमको सुवास कस्तो होला ।

पृ. ५४

माथिको उदाहरणमा हरियाली रूखहरू झुमेको मौसमको सुवासको अनुभूति भएकाले गन्धसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**(ग) स्पर्शसम्बन्धी**

छोएको वा स्पर्श गरेको अनुभव वा अनुभूति दिलाउने बिम्बलाई स्पर्शसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

रातको पछ्यौरी बोकेर साँझ यतैबाट हिंडिरहेछ
चिसो रात भोगिरहेको छाप्रोमा परेको पहार हेरौँला ।

पृ. ५९

माथिको उदाहरणको दोस्रो पङ्क्तिमा रहेका 'चिसो रात' र 'पहार' शब्दले स्पर्शको अनुभव गराउने भएकाले यहाँ स्पर्शसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**(घ) तापसम्बन्धी**

ताप वा तातोको अनुभूति दिलाउने बिम्बलाई तापसम्बन्धी बिम्ब भनिन्छ , जस्तै-

हिउँको माझमा चिसिएको अनुभव भैरहेको छ
तताउन शरीर कतै बलियो आगो बल्न सकेन ।

पृ. ४४

माथिको सेरमा प्रयुक्त 'आगो' शब्दले तातोको अनुभूति दिलाउने भएकाले यहाँ तापसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**(ङ) श्रव्यसम्बन्धी**

हाम्रो कानलाई आकर्षित गर्ने बिम्बलाई श्रव्यसम्बन्धी वा श्रव्यात्मक बिम्ब भनिन्छ, जस्तै-

धेरै नै भयो पीडाका गीतहरू सुन्दै आइरहेको
अब त जीवन बदल्ने गीत कसैले सुनाउनु पर्छ ।

पृ. ५७

माथिको सेरमा प्रयुक्त पीडा र जीवन बदल्ने गीतहरूले कानलाई आकर्षित गर्ने भएकाले यहाँ श्रव्यात्मक बिम्बको प्रयोग भएको छ ।

**(च) गतिसम्बन्धी**

जुन बिम्बले चलायमान भएको सङ्केत गर्दछ त्यस्तो बिम्बलाई गतिसम्बन्धी बिम्ब भनिन्छ , जस्तै-

मन नभएको तिमी कतै ढुङ्गा त होइनौ
भेट्न खोज्दा बगी जाने गंगा त होइनौ

पृ ३९

माथिको सेरमा नदीको गतिशील अवस्थालाई उल्लेख गरिएको कारण यहाँ गतिसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

यस सङ्ग्रहमा गजलकार रावलले विभिन्न प्रतीकहरूको प्रयोग गरेका छन् ,जस्तै-

कसरी बलात्कृत भैरहेछ भूगोलमा तिम्रो धरती ?
राक्षशी पञ्जाबाट मुक्त गर र आफ्नो धरतीको सम्मान खोज ।

पृ. १७

माथिको सेरमा प्रयुक्त 'राक्षसी पञ्जा' देशको कुभलो चिताउने अनैतिक व्यक्तिहरूको प्रतीक बनेर आएको छ ।

अहिले लड्नु पर्ने त यो लामो कालो रातसँग हो सबैले
टुक्रिएका सूर्यहरू बीच मिलनको एउटा समाधान खोज ।

पृ. १७

माथिको सेरमा प्रयुक्त 'कालो रात' अशिक्षा अन्याय र अन्धविश्वासको प्रतीक बनेर आएको छ भने 'टुक्रिएका सूर्यहरू' विभिन्न पार्टीमा विभाजित भएका राजनीतिक दलहरूको प्रतीक बनेर आएको छ ।

सूर्य ढल्न लाग्यो छिटो सलाई देऊ
नत्र भने आफै नै दियो जलाई देऊ ।

पृ. ४०

यहाँ 'सूर्य' दिनको प्रतीक बनेर आएको छ भने 'सलाई' र 'दियो' क्रान्तिको प्रारम्भ बिन्दुको प्रतीक बनेर आएका छन् ।

शांत समुद्रमा पनि कहिलेकाँही भयंकर तुफान उठ्ने गर्छ ।

पृ. ५१

माथिको पङ्क्तिमा प्रयुक्त 'शांत समुद्र' सहनशील नेपाली जनताको प्रतीक बनेर आएको छ भने 'भयंकर तुफान' नेपाली जनतामा फैलिन थालेको क्रान्तिचेतनाको प्रतीक बनेर आएका छन् ।

यस सङ्ग्रहमा गजलकार रावलले यस्ता प्रतीकहरूको प्रयोग सफलतापूर्वक गरेका छन् ।

### ४.५.७ भाषा

**केही गजलहरू** सङ्ग्रहका सम्पूर्ण गजलहरूको भाषा सरल र स्वाभाविक रहेको छ । साधारण नेपालीको बोलीचालीमा वा चलनचल्तीमा रहेका नेपाली शब्दहरूको कुशल संयोजनबाट यस सङ्ग्रहका गजलहरू निर्मित छन् ।

ललिजन रावलले यस सङ्ग्रहका गजलहरूको रचना गर्दा तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरेका छन् । उनले यस सङ्ग्रहमा सूर्य (पृ.१७), समय (पृ.१९), बालक (पृ.२३), सुख (पृ.२८), आकाश (पृ.२९), निद्रा (पृ.३४), प्रहर (पृ.३४), मस्तिष्क (पृ.४५), दुःख (पृ.४७), विगत (पृ.५१) जस्ता तत्सम शब्दहरू प्रयोग भएका छन् । त्यसैगरी उज्यालो, काम, पात, आँखा (पृ.२०), दाँत (पृ.३२), माझ (पृ.३३), आँसु (पृ.४४), फूल (पृ.४५), रगत (पृ.५६), साँझ (पृ.५७), रात (पृ.६०), जस्ता तद्भव शब्दहरू पनि यस सङ्ग्रहमा प्रयोग भएका छन् ।

तत्सम र तद्भव शब्दहरूका अतिरिक्त अन्य भाषाबाट आएका शब्दहरू पनि यस सङ्ग्रहमा भेटिन्छन् । त्यस्ता शब्दहरूमध्ये अरबी भाषाबाट आएका सहिद (पृ.१७), गजल (पृ. ३१), हावा (पृ.४३), मौसम (पृ.४६), दुनियाँ (पृ.४७) खबर (पृ.५५) जस्ता शब्दहरू, फारसी भाषाबाट आएका पर्दा, खुसी (पृ.२१), बर्बाद (पृ.२७), जिन्दगी (पृ.४१), वेश (पृ.४२), जहर (पृ. ३४), ऐना (पृ.४७), याद (पृ.५१), जोश (पृ.५३), बहार (पृ.५९) जस्ता शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा भएको पाइन्छ । त्यसैगरी नेपाली भाषाको क्षेत्रीय भाषिका नेवारी भाषाको झ्याल, ढोका (पृ. २०) शब्दको प्रयोग पनि यस सङ्ग्रहमा भएको छ ।

सरल र स्वाभाविक भाषाका माध्यमबाट रचना गरिएका यस सङ्ग्रहका गजलहरूमा गजलकार रावलले सम्पूर्ण नेपाली जनता र नेपालको जल्दोबल्दो परिवेशलाई यथार्थ रूपमा उद्घाटन गरेका छन् ।

### ४.५.८ निष्कर्ष

**केही गजलहरू** सङ्ग्रहका सम्पूर्ण गजलहरू मूलतः परम्परागत फारसी-उर्दू परम्पराको संरचनालाई पालना गरेर रचना गरिएका छन् । काफिया, रदिफजस्ता तत्त्वहरूलाई समावेश गरे पनि तखल्लुसको प्रयोग यस सङ्ग्रहका गजलमा भएको छैन । प्रेमकै विषयको गजल लेख्नुपर्ने परम्परागत धारणाबाट उनी मुक्त छन् । विषयगत विविधता यस सङ्ग्रहको विशेषता बन्न

गएको छ । लयका दृष्टिबाट केही कमजोर बन्न पुगे पनि यस सङ्ग्रहका गजलहरू अलङ्कार, बिम्ब, प्रतीक र भाषाप्रयोगका दृष्टिबाट चाहिँ सफल छन् । ललिजनले जनजिब्रोमा भिजेका शब्दहरूलाई बढी प्राथमिकता दिएका छन् ।

समग्रमा भन्नुपर्दा गजलको संरचना र भाषाको प्रयोगमा कमजोर भन्न नसकिए तापनि लय प्रयोगका दृष्टिले भने यस सङ्ग्रहका गजलहरूले त्यति उँचाइ प्राप्त गर्न सकेका छैनन् ।

## ४.६ बिरानो यो ठाउँमा गजलसङ्ग्रहको विश्लेषण

### ४.६.१ सङ्ग्रहको परिचय

**बिरानो यो ठाउँमा** गजलकार रावलको दोस्रो प्रकाशित गजलसङ्ग्रह हो । यस सङ्ग्रहको प्रकाशन वि.सं. २०४६ सालमा भएको हो । यस सङ्ग्रहका प्रकाशक महेशविक्रम शाह हुन् । यस सङ्ग्रहमा गजलकार रावलद्वारा वि.सं. २०४२ देखि २०४६ सालसम्म रचिएका र यही समयमा निस्कने पत्रपत्रिकाहरू- **समीक्षा**, **युगधारा**, **मधुपर्क**, **पारिजात**, **पर्म**, **गोरखापत्र**, **टीकापुर आवाज**, **गरिमा** र **युगान्तर** आदिमा प्रकाशित विभिन्न पचासवटा गजलहरू सङ्गृहीत छन् । वि.सं. २०४२ देखि २०४६ सालसम्मको समयमा नेपाली परिवेशमा घटेका विभिन्न समसामयिक घटनाका साथसाथै देश, जनताप्रतिका आफ्ना धारणाहरू र श्रृङ्गारलाई गजलकारले यस सङ्ग्रहमा समेटेका छन् ।

### ४.६.२ संरचना

यस सङ्ग्रहमा रावलका पचासवटा गजलहरू सङ्गृहीत छन् । रावलले पचासवटा गजलमध्ये जम्मा नौवटा गजल चार सेरमा रचना गरेका छन् भने अन्य एकचालीसवटा गजलहरू पाँच सेरमा रचना गरेका छन् । थोरैमा तीन र तीनदेखि माथि जति पनि सेरसङ्ख्या राखेर गजलको रचना गर्न सकिने समसामयिक प्रवृत्तिअनुसार नै गजलका सेरसङ्ख्या रहेका कारण यस सङ्ग्रहका गजललाई सेरसङ्ख्याका दृष्टिबाट सबल रहेको देखिन्छ ।

सेरसङ्ख्यामा सबल रहे जस्तै यस सङ्ग्रहका गजलहरूमा मतला भागको पनि पूर्ण रूपमा पालना भएको पाइन्छ । मतला खण्डमा काफियाको रूपमा आउने अनुप्रासयुक्त शब्दहरूको प्रयोग यस सङ्ग्रहका गजलहरूमा गजलकारले कुशलतापूर्वक गरेका छन्, जस्तै-

(क) आँखाबाट बग्छन् कति आँसुका ती धारा  
आँसुमा नै बित्ने हो कि जिन्दगी यो सारा ।

पृ. १

(ख) नखोलेरै राखिएको एउटा बन्द खाम थियो  
भित्र के-के थियो कुन्नि बाहिर मेरै नाम थियो ।

पृ. ५

(ग) समयले दिएका घाउहरू साँचीरहुँला  
समयको पछ्यौरी फेर्नलाई बाँचीरहुँला ।

पृ. ११

(घ) म एक्लो छु तर शहरमा चहल-पहल छ  
एकान्त मनमा मेरो प्रेमको ताजमहल छ ।

पृ. २१

उपर्युक्त सेरहरू छुट्टाछुट्टै गजलका मतला खण्डअन्तर्गतका हुन् । मतला खण्डमा रहेका सेरका दुवै मिसरामा अनुप्रासयुक्त शब्दको प्रयोग हुनु अति आवश्यक हुन्छ । यसअनुसार नै माथिका उदाहरणमा भएको पहिलो मतलामा 'धारा' र 'सारा', दोस्रोमा 'खाम' र 'काम', तेस्रोमा 'साँचीरहुँला' र 'बाँचीरहुँला', र चौथोमा 'चलहपहल ' र 'ताजमहल' जस्ता अनुप्रासयुक्त शब्दहरूले मतलाको आकर्षण बढाएका छन् । त्यसैगरी माथिका उदाहरणमध्ये उदाहरण क र ग मा रदिफको प्रयोग भएको छैन । उदाहरण ख, घ र ङ मा क्रमशः रहेका 'थियो', 'छ' र 'होला ' शब्दहरू रदिफका रूपमा रहेका छन् । यस सङ्ग्रहभित्रका सम्पूर्ण गजलहरूमा गजलकारले

गजलको संरचनालाई पालना गरेका छन् । उनले यस सङ्ग्रहका गजलमा पूर्ण तथा आंशिक दुवै प्रंकारको अनुप्रासलाई काफियाको रूपमा प्रयोग गरेका छन् । यस सङ्ग्रहमा सङ्गृहीत पचासवटा गजलहरूमध्ये सत्रवटा गजल रदिफविहीन छन् भने तेत्तीसवटा गजल रदिफयुक्त छन् । रदिफविहीन सत्रवटा गजलहरूमध्ये केही यहाँ उदाहरणका रूपमा प्रस्तुत गरिन्छ -

(१) आँखाबाट बग्छन कति आँसुका ती धारा
आँसुमा नै बित्ने हो कि जिन्दगी यो सारा ।

पृ. १

(२) कतै टाढा गै बिताउँ भन्छु जिन्दगानी
टाढा गए पनि फेरी मन ल्याउँछ तानी ।

पृ. ४

(३) एउटा परदेशी आई सोध्यो मेरो नाउँ
तर चाँडै छाडी गयो यो रमाइलो ठाउँ ।

पृ. ७

(४) गयो जिन्दगी धुवाँ बनेर
हार नमान गयो भनेर ।

पृ. ९

(५) जति टाढा गयो उति, झनै माया लाग्दो रै'छ
आफ्नो मन आफैसँग, कुन्नि के-के माग्दोरैछ ।

पृ. १७

उपर्युक्त सेरहरू बेग्लाबेग्लै गजलका मतला खण्डका हुन् । यी सेरहरूमा रदिफको प्रयोग भएको छैन । किनभने माथिका उदाहरणमा क्रमशः आएका 'धारा', 'सारा', 'जिन्दगानी', 'तानी', 'नाउँ', 'ठाउँ', 'बनेर', 'भनेर', 'लाग्दोरैछ', 'माग्दोरैछ' काफिया हुन् । काफियाको पछाडि सम्पूर्ण सेरमा दोहोरिने शब्द वा शब्दसमूह माथिका गजलमा प्रयोग नभएकाले यी गजलहरू रदिफविहीन वा गैरमुरद्धफ गजल हुन् । यस सङ्ग्रहका पृ. १,३,४,५,६,७,१५,१७,२६,३०,३५,३७,३९,४३,४५,४७ र ४८ मा रहेका गजलहरू रदिफविहीन छन् ।

**बिरानो यो ठाउँमा** सङ्ग्रहका पचासवटै गजलमा गजलकारले तखल्लुसको प्रयोग गरेका छैनन् । तखल्लुसबाट गजलकारको परिचय स्पष्ट हुने भए तापनि यो गजलको अनिवार्य तत्त्व भने होइन । यस सङ्ग्रहमा रहेका पचासवटा गजलहरूमध्ये कुनै पनि गजल काफिया, रदिफ र तखल्लुसको संयुक्त संरचनामा आबद्ध छैनन् । यस सङ्ग्रहमा सङ्कलित गजलहरूका शीर्षक, पृष्ठ, सेरसङ्ख्या, काफिया, रदिफ र तखल्लुस रहेको वा नरहेको कुरालाई तल तालिकामा प्रस्तुत गरिएको छ -

| क्र.स. | गजलको शीर्षक | पृष्ठ | सेर | काफिया | रदिफ | तखल्लुस |
|---|---|---|---|---|---|---|
| १ | आँखाबाट बग्छन कति ... | १ | ५ | + | - | - |
| २ | आँखाबाट सपना अन्तै ... | २ | ५ | + | + | - |
| ३ | मान्छे-मान्छे बीच कसले ... | ३ | ५ | + | - | - |
| ४ | कतै टाढा जान ... | ४ | ४ | + | - | - |
| ५ | नखोलेरै राखिएको ... | ५ | ५ | + | + | - |
| ६ | आकाशको माया जम्मै ... | ६ | ५ | + | + | - |
| ७ | एउटा परदेशी आइ ... | ७ | ५ | + | - | - |
| ८ | आँखामा विश्वासका ... | ८ | ५ | + | - | - |
| ९ | गयो जिन्दगी धुवाँ बनेर ... | ९ | ५ | + | - | - |
| १० | टाढा कोही पुरानै गीत ... | १० | ५ | + | + | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | समयले दिएका ... | ११ | ४ | + | + | - |
| १२ | तिमीलाई पाएँ मैले ... | १२ | ५ | + | + | - |
| १३ | तिमी सम्म पुग्न ... | १३ | ५ | + | + | - |
| १४ | दोष दिनु किन ... | १४ | ५ | + | + | - |
| १५ | आज फेरी आकाशमा ... | १५ | ५ | + | - | - |
| १६ | जिन्दगीको लामो ... | १६ | ५ | + | + | - |
| १७ | जति टाढा गयो उति ... | १७ | ५ | + | - | - |
| १८ | च्यातिएर धुजा धुजा ... | १८ | ४ | + | + | - |
| १९ | बिताउनु छ फगत ... | १९ | ५ | + | + | - |
| २० | टुक्रा-टुक्राहरूमा ... | २० | ४ | + | + | - |
| २१ | म एक्लो छु तर ... | २१ | ५ | + | + | - |
| २२ | आफ्नै रूप हेर्न ... | २२ | ५ | + | + | - |
| २३ | एउटै सानो मनले ... | २३ | ५ | + | + | - |
| २४ | भोलि त गर्भमा ... | २४ | ५ | + | + | - |
| २५ | बाटो हेरी-हेरी ... | २५ | ५ | + | + | - |
| २६ | आफ्नै गीतका ... | २६ | ४ | + | - | - |
| २७ | तिर्खाएको धरतीमा ... | २७ | ४ | + | + | - |
| २८ | खोसिएछ आँखाबाट ... | २८ | ४ | + | + | - |
| २९ | बगिरहने खोली ... | २९ | ४ | + | + | - |
| ३० | निभिसकेको थियो ... | ३० | ५ | + | - | - |
| ३१ | हातमा हुन्छ सृष्टि ... | ३१ | ५ | + | + | - |
| ३२ | मनको मेरो ... | ३२ | ५ | + | + | - |
| ३३ | यी सुन्दर भव्य ... | ३३ | ५ | + | + | - |
| ३४ | आँखा भरी-भरी ... | ३४ | ५ | + | + | - |
| ३५ | तिमी नै भन ... | ३५ | ५ | + | - | - |
| ३६ | साँझ पऱ्यो तर ... | ३६ | ४ | + | + | - |
| ३७ | म त कहिल्यै ... | ३७ | ५ | + | - | - |
| ३८ | थोपा-थोपा बनी ... | ३८ | ४ | + | + | - |
| ३९ | नपिएरै आज ... | ३९ | ५ | + | - | - |
| ४० | सधैं रोई बस्न ... | ४० | ५ | + | + | - |
| ४१ | जीवनलाई बुझ्न ... | ४१ | ५ | + | + | - |
| ४२ | सपना देख्नु पनि ... | ४२ | ५ | + | + | - |
| ४३ | सधैं बग्ने सम्झनाको ... | ४३ | ५ | + | - | - |
| ४४ | कल्पनाका हातहरूले ... | ४४ | ५ | + | + | - |
| ४५ | अब गाउन थालौ ... | ४५ | ५ | + | - | - |
| ४६ | मैले होइन ... | ४६ | ५ | + | + | - |
| ४७ | अझै त्यहाँ फुल्दा ... | ४७ | ५ | + | - | - |
| ४८ | पर्खी बस आज ... | ४८ | ४ | + | - | - |
| ४९ | ढुङ्गालाई चढाउन ... | ४९ | ५ | + | + | - |
| ५० | शब्दहरू गहना ... | ५० | ५ | + | + | - |

### ४.६.३ विषयवस्तु तथा भाव

प्रारम्भिक समयमा लेखिएका यिनका धेरैजसो गजलहरू वैचारिक क्रान्तिचेतले युक्त भए पनि यस सङ्ग्रहमा कवि रावलले श्रृङ्गार वा माया प्रेमलाई विषयवस्तु बनाएर अनेक गजलको रचना गरेका छन् । प्रेममा उनले संयोग र वियोग दुवै विषयलाई प्रयोग गरेका छन् । श्रृङ्गारिक भावलाई सामाजिक मर्यादा र शिष्टताभित्र समेटेर त्यसको लौकिक मर्मलाई गजलको रूप दिन सक्नु ललिजन रावलको गजलधर्म देखिन्छ । समाजको अग्रपरिवर्तनको चाहना र श्रृङ्गारका अलावा तत्कालीन निरङ्कुशतन्त्रको दबदबा, त्यसले निम्त्याएको निराशा, समाज र राष्ट्रप्रतिको गजलकारको धारणा, सामाजिकता, जीवनप्रतिको आफ्नो भावना, स्वतन्त्रता प्राप्त गर्ने चाहना, प्रकृति जस्ता विभिन्न विषयवस्तुमा समेटिएका यस सङ्ग्रहका गजलहरूले व्यक्त गर्न खोजेको भावपक्षलाई निम्नानुसार हेर्न सकिन्छ -

#### ४.६.३.१ श्रृङ्गार

श्रृङ्गारिकता गजलको नवीन प्रवृत्ति नभएर परम्परागत र निजी पहिचान पनि हो । रावलले यस सङ्ग्रहका गजलहरूमा आफ्नो श्रृङ्गारिक भावलाई प्रमुखताका साथ व्यक्त गरेका छन् । उनले प्रेमप्रस्ताव, प्रेमको आमन्त्रण, मिलनका खुसी, बिछोडको पीडा, भेट नहुँदाको छट्पटीलाई गजलमा समेटेका छन् ।

आफ्नी प्रेमिकालाई प्रेमका निम्ति आग्रह गर्दा प्रेमिकाले केही वास्ता नगरेको र उनको यस खालको व्यवहारबाट आजित बनेको प्रेमीले आफ्नो प्रेमलाई प्रेमिकासमक्ष पुऱ्याउनका लागि केही समयको माग गरेको कुरालाई उनले यसरी व्यक्त गरेका छन् -

सधैं-सधैं बग्ने खोली एकैछिन त रोकिईदेउ
तिम्रो बेगसँग मलाई अलिकति काम थियो ।

पृ. ५

माया र प्रेमको अभावमा बिताइरहेको एक्लो जिन्दगीदेखि दिक्क भएर जीवन ज्यूँने आशा छोडिसकेको प्रेमीमा प्रेमिकाको साथ पाएपछि जीवन ज्यूँने आशा पलाएको छ ।

जीवनबाट टाढा हुन खोज्दा खेरि मैले
साथ पाएको त्यो अझै ज्यूँनलाई हो कि ।

पृ. ६

गजलकार रावलले आफ्ना गजलमा आफ्नी प्रेमिकाको रूपको पनि वर्णन गरेका छन् । आफ्नी प्रेमिका सौन्दर्यकी खानी भएको र उनको सामु बहारको रङ्ग पनि फिका भएको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन्-

बहारको रङ्ग पनि, फिका पर्छ तिम्रा सामु
तिमीलाई देख्छु म त, सौन्दर्यकी खानी जस्तै ।

पृ. १२

मानव जीवन धेरै लामो छ । सिङ्गो जीवन बिताउनका लागि मानिसलाई एक अर्काको सच्चा साथ चाहिन्छ । प्रेमिकाको सहचार्य बिनाको जीवन एक्लै काट्न नसकिने र उनलाई रुवाएर आफू हाँस्न नसक्ने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

जिन्दगीको लामो बाटो काटुँला म कसरी ?
रुवाएर तिमीलाई हासूँला म कसरी ?

पृ. १६

आफूले माया गरेको मान्छेसँग जति टाढा भयो उति नै माया बढ्दै जाने यथार्थलाई गजलकारले आफ्ना गजलमा उतारेका छन् ।

जति टाढा भयो उति, झनै माया लाग्दोरैछ
आफ्नो मन आफैसँग, कुन्नि के-के माग्दो रैछ ।

पृ. १७

सबै चम्किने पदार्थ हीरा हुँदैनन् । सुन्दर वस्तुका गर्भमा पनि कठोरता लुकेको हुन्छ । रूप र सौन्दर्यका पछि लागेर जीवन बरबाद गर्नुभन्दा पहिले सोचेर मात्र अगाडि पाइला बढाउनुपर्दछ ।

मेरो पनि विश्वास नगर बरु मलाई पढ
कसलाई थाहा को खराब र को असल छ !

पृ. २१

आफ्नो प्रेमलाई ज्यूँदो राख्नका लागि गजलकार हाँसीहाँसी मर्न तयार भएका छन् ।

थोपा-थोपा बनी आकाशको बाटोबाट झरि दिउँ कि !
प्रितलाई ज्यूँदो राख्न सधैं आज आफै मरी दिउँ कि !

पृ. ३८

गजलकार रावलले आफ्ना गजलमा आफ्नी प्रेमिकाको सुन्दरताको निकै बखान गरेका छन् । आफ्नी प्रेमिकाको सौन्दर्यको सामु जून पनि भुकेको कुरालाई उनले यसरी व्यक्त गरेका छन् -

प्रकृतिको सौन्दर्यमा तिम्रो रूप खोजी रहँदा
सौन्दर्यको सामु तिम्रो जून पनि झुकी दियो ।

पृ. ४३

यस सङ्ग्रहका श्रृङ्गारिक गजलहरूमा विप्रलम्भ श्रृङगारकै बाहुल्य देखिन्छ । प्रेमको पथमा आएका विविध शङ्काका कारण एक अर्कासँग सँगै बाँच्ने बाचा गरेका प्रेमी प्रेमिकाहरू बीचको नजिकपन दूरीमा परिणत भएको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

हामी बीच बग्ने नदी अझै फैलिएर
झनै टाढा हुँदै गयो दूरी हामी माझ ।

पृ. ३

गजलकार रावल आफ्नी प्रेमिकाको ओंठबाट गाइएका गीत सुन्न लालायित छन् तर सधैंजस्तो प्रेमिकाले गीत नगाएकोले उनको आफूप्रतिको चाहना हराएको पो हो कि ? भन्ने भ्रममा छन् ।

ओंठबाट तिम्रा सबै गीत कहाँ गए ?
आज कतै रित्तियो कि चाहनाको खानी !

पृ. ४

एक अर्कासँग मिलेर सुनौलो भविष्यको फूलबारीमा रमाउँदै कल्पनाका फूलहरू फुलाउन थालेको बेलामा एक्कासी मनको फूलबारी उझाड भएको छ ।

कताबाट उझाडियो मनको सानो फूलबारी
भर्खरै त फूलहरूको यहाँ फुल्ने याम थियो ।

पृ. ५

सम्पूर्ण जिन्दगी एक अर्काको साथमा बिताउने सपना देखेका प्रेमि प्रेमिकाहरूको शरीर एक अर्कादेखि टाढा भए पनि मन एक अर्काको मनसँगै रहेको र एक आपसमा भेट हुनाका लागि आत्तिएको अवस्थालाई गजलकारले आफ्ना गजलमा उतारेका छन् ।

उसकै छेउ पुग्न मन लाग्छ तर
प्वाँख बिना त्यसै उडी कसरी म जाउँ ?

पृ. ७

अतीतको प्रेमले वर्तमानलाई पनि पिरोलिरहेको हुन्छ । विविध समस्याका कारण एक अर्काका हुन नपाएका प्रेमी प्रेमिकाहरू एक अर्काको दुःखमा आफूलाई एकाकार गराउँदै अतीतको यादमा तडपिएको परिस्थितिलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

टाढा कोही पुरानै गीत गाइरह्यो आज पनि
कुन्नि किन सम्झना फेरी आइरह्यो आज पनि ।

पृ. १०

आफ्नो मनको कुरा नबुझ्ने आफ्नी मायालुलाई गजलकारले ढुङ्गासँग तुलना गरेका छन् ।

आफ्नै मनसँग आज रिस पोखी रहेछु
ढुङ्गासँग किन मेरो मनले प्रित लायो ।

पृ. १५

बिछोडको पीडामा डुबेको प्रेमी खुशी, रमाइलो र घामसँग अनभिज्ञ रहेकाले उसँग केवल आँसु, निरासा र उदासीले भरिएका क्षणहरू मात्र रहेका छन् ।

जूनसित सोधूँ कि घामसित खुसी कस्तो हुन्छ ?
आफूसँग त रोइरहेको हरेक पल छ ।

पृ. २६

जति प्रयास गरे पनि अतीतलाई बिर्सन सकिँदैन । वर्तमानमा आफूदेखि भिन्न भएको अतीतको यादले आफ्नो मुटु चर्किने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

बितेको कुरा बिर्सेर पनि बिर्सन सकिन्न
अतितलाई सम्झिदा मन किन दुख्छ होला ।

पृ. २९

अगुल्टाले हानेको कुकुर बिजुली चम्किँदा तर्सिन्छ भने झैँ एकपटक मायामा धोका पाएर पीरमा डुबेको व्यक्तिले पुनः अर्कोपटक मायामा फस्न मन नगर्ने मानवीय प्रवृत्तिलाई गजलकारले आफ्ना गजलमा यसरी उद्घाटन गरेका छन् -

प्रेमका कुराहरू, टाढा धेरै टाढा नै राख
खुसी झरी सक्यो पीर भएको छ हरियो ।

पृ. ३०

आफूले माया गर्न खोजेको मान्छेले आफूलाई छोडेर अर्कोबाटो रोजेपछि आफू एक्लो भएको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन -

तिमीलाई माया गर्न खोजें तिमीले बाटो फेरी दियौ
एक्लोपन फेरी मनमा बस्यो, छुटेछ मेरो साथ कतै ।

पृ. ३६

साँचो माया मनभित्र रहेको हुन्छ । आफ्नो मनमा बसेको आफ्नी प्रेमिकाको माया नदेखिए पनि धेरै रहेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

माया मनभित्र हुन्छ नदेखिन सक्छ
तिमीप्रति मेरो माया मुरीमुरी थियो ।

पृ. ४०

ओरालो लागेको मृगलाई बाच्छाले खेँद्छ भने झैँ आफ्नो ठानेको मान्छेले विश्वासघात गरेपछि सम्पूर्ण समाजले उपहास गरिरहेको छ ।

उपहास गरिरहेछ, दुनियाँले आज मेरो
उसले पनि त्यस्तै गऱ्यो जसको मलाई भर थियो ।

पृ. ४४

### ४.६.३.२ देशप्रेम

गजलकारले आफ्ना गजलमार्फत आफ्नो देशप्रतिको श्रद्धाभावलाई व्यक्त गरेका छन् । देशप्रतिको आफ्नो प्रेमलाई व्यक्त गर्नका लागि गजलकारले आफ्नो जीवनको यथार्थलाई पनि उद्घाटन गरेका छन् । बाल्यकालमा पढाइको सिलसिलामा भारत गएको र त्यहाँ पुगेपछि आफू

आफ्नो जन्मभूमिलाई बिर्सन बाध्य भई आकाशका तारा गनेर समय बिताएको यथार्थलाई गजलकारले यसरी उल्लेख गरेका छन् -

बिर्सिएर आज आफ्नो जिन्दगीको धर्ती
मात्र गनिरहेछु म आकाशका तारा ।

पृ. १

त्यस्तै, विदेशमा बसेर नेपाली धरती र आकाशलाई गजलकारले यसरी सम्झना गरेका छन् -

– ओझेलिँदै गए सबै, चिनेका ती डाँडा-काँडा
उतै फेरि फिर्छु जहाँ पुरानो शहर थियो ।

पृ. ४४

– बिरानो यो ठाउँमा आज एक्लै सोचिँबसेको छु
कहाँ मेरो धर्ती अनि कहाँ आकाश होला ।

पृ. ४६

देशको दिनप्रति दिन बिग्रँदो अवस्थालाई देख्न नसकेका कारण कतै टाढा जान पाए पनि हुन्थ्यो भन्ने कल्पना गरे पनि आफ्नो माटोलाई छोडेर कतै जान पनि नमिल्ने र माटोको मायाले आफूलाई यतै तानेर ल्याउने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

– कतै टाढा जान मन लागेर के गर्नु ?
आफ्नो माटोलाई छाडी जान पनि मिलेन ।

पृ.२

– कतै टाढा गैँ बिताउँ भन्छु जिन्दगानी
टाढा गए पनि फेरि मन ल्याउँछ तानी ।

पृ. ४

– बादल बनी कतै टाढा जान खोजेथेँ
तर माटोमा आफ्नै फेरि बर्सिएछु ।

पृ. २६

सच्चा देशभक्तले आफ्नो भन्दा देशको माटोको खुसीलाई खोज्नुपर्छ भन्ने गजलकारको धारणा छ । आफ्नो भन्दा देशको माटोको खुसीमा खुसी हुने व्यक्तिका निम्ति आफूले फूलका माला गाँसिरहने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

आफ्नो खुसीभन्दा धेरै माटोको जो खोज्छ खुसी
उसकै निम्ति फूलका मालाहरू गाँसी रहुँला ।

पृ. ११

गजलकार रावल आफ्नो धरतीलाई हराभरा र फूलैफूलले सजिएको हेर्न चाहन्छन् । विभिन्न खालका विध्वंसका कारण क्षतविक्षत बन्दै गएको नेपाली धरतीलाई सुनौलो बनाउनका लागि बादल पानीको रूपमा बर्सिनुपर्ने र कोपिला फूलको रूपमा फक्रिनुपर्ने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

तिर्खाएको धरतीमा बादल तिमी झरी देऊ
फुलाएर फूलहरू रङ्ग तिमी भरी देऊ ।

पृ. २७

हामी सबै मिलेर देशको निम्ति केही गर्नुपर्दछ । जेनतेन जीवन ज्यूँनुभन्दा आफ्नो अस्तित्वलाई इतिहासमा अमर राख्नका लागि देशको निम्ति केही गर्नैपर्छ ।

बाँचुन्जेल सबैजना देखिन्छन् माटोमाथि
इतिहासमा बाँच्नलाई काम केही गरी देऊ ।

पृ. २७

ठूलाठालूको हेपाइ र चेपाइले सिर्जना भएको पीडाले रन्थनिएको मन र चर्केको छाती भए पनि दुश्मनको सामुन्ने आफ्नो शिर कहिल्यै नझुकाउने नेपालीहरूको स्वाभिमानी प्रवृत्तिलाई गजलकारले यसरी उल्लेख गरेका छन् -

दुखेको मन चर्केको छाति मसँग हुँदैमा
कहिले पनि नसोच्नु शिर मेरो झुक्छ होला ।

पृ. २९

हत्या, आतङ्कले निम्त्याएको विध्वंशका कारण नेपाली धरती रोइरहेको र देशका लागि काम गर्ने भनाउँदाहरूले देशको माटो रोएको नदेखेको यथार्थलाई गजलकारले यसरी उल्लेख गरेका छन् -

धरती आज रुँदैछ किन बुझ्नेनौ तिमीले
माटोको आँसु देखिन्न कैल्यै कसरी बुझाउँ ?

पृ. ३५

### ४.६.३.३ क्रान्तिकारी स्वर

ललिजन रावलले आफ्ना गजलहरूमा क्रान्तिकारी विचारलाई प्रमुखताका साथ अघि सारेका छन् । समयले धेरै पछि पारे पनि नेपाली जनता सुतेर समय बर्बाद गरिरहेको देखेपछि गजलकारले आम नेपालीलाई यसरी झक्झक्याएका छन्-[८४]

अब उठ्नुपर्‍यो सबैले
युगौं बितायौं मात्र सुतेर ।

पृ. ९

अन्ध परम्पराको अन्त्यका लागि चेतनशील जनता मनमा घाम र जून जस्तै तेजिलो दियो बालेर अगाडि बढ्न थालेका छन् ।

हातमा हुन्छ सृष्टि ल्याएर यी खाली आएको छु
घाम, जून जस्तै मनमा दियो बाली आएको छु ।

पृ. ३१

देश र जनतालाई मुक्ति दिनका लागि सयौं नेपालीले आफ्नो ज्यानको बलिदान दिए पनि निरङ्कुशतन्त्रका पक्षधरहरूले गर्दा केही परिवर्तन भएको छैन । त्यसैले फूलबारीरूपी देशको बचावका लागि स्वयम् नेपाली नै यसका रक्षक बन्नु पर्ने बेला आएको छ ।

फूलहरू धेरै झरे फूललाई जोगाउन
आफ्नो फूलबारीको बनेर म माली आएको छु ।

पृ. ३१

तर दुर्भाग्य, यस अन्धकारमय जीवनलाई उज्यालो बनाउने सपना देख्नेलाई अपराधी र परिवर्तनको चाहनाले भरिएको आवाज उठाउनेलाई युगद्रोहीको संज्ञा प्रदान गरिएको छ ।

सपना देख्नु पनि अपराध मानिन्छ कतै
युगको आवाज बोक्ने युगद्रोही ठानिन्छ कतै ।

पृ. ४२

रावल नौलो क्रान्तिका लागि आम समुदायलाई सजग रहन आग्रह गर्दछन्, नौला-नौला क्रान्ति गीत गाएर अघि बढ्न आह्वान गर्छन र नौलो क्रान्तिबाट आम नेपालीको जीत हुने विश्वास व्यक्त गर्दछन् ।[८५]

अब गाउन थालौ हामी नौला नौला गीत
त्यहीँ गीतभित्र होला हाम्रो पनि जीत ।

---

[८४] अनाममण्डली, पूर्ववत्, पृ. ३५० ।

[८५] ऐजन ।

पृ. ४५

क्रान्ति एकै पटकमा सफल हुन सक्दैन यसका लागि धैर्य जरुरी हुन्छ ।[८६]
हतारमा जीत कैल्यै पाइँदैन पर्खी बस्न सक्नुपर्छ
जिन्दगीमा लडेपछि युद्धहरू हारिन्छन कति-कति ।

पृ. ४९

### ४.६.३.४ प्रगतिशील दृष्टिकोण

पञ्चायतको जर्जरताले शिथिल भएका नेपालीहरू र नेपालको दुर्दशालाई परिवर्तनतर्फ उन्मुख गराउने उद्देश्यले गजलकार रावलले आफ्ना गजलमा प्रगतिशील विचारलाई मुख्य रूपमा समेटेका छन् । शासकीय दासताबाट उन्मुक्तिको चाहना, आर्थिक विषयमताको अन्त्य र समतामूलक समाज निर्माणका लागि आफ्ना मनमा उब्जेका मार्क्सवादी विचारलाई गजलकार रावलले गजलमा अत्यन्त सुन्दर शैलीमा अभिव्यञ्जित गरेका छन् । कल्पनाका सुन्दर सपनामा नभुलिकन भोलिको जिन्दगी कसरी सुनौलो बनाउने भन्ने बारेमा नेपाली जनताले सोच्न थाल्नुपर्ने बेला आएको छ ।

कल्पनाका जून ताराका कुराहरू छाडी
आज हामी जिन्दगीका गरौं कुराकानी ।

पृ. ४

सुनौलो भविष्य बनाउनका लागि नेपालीहरूले पुराना रुवाउने यादहरू फालेर विश्वासको दियोलाई बलाउनुपर्छ भन्दै गजलकारले आम नेपालीलाई यसरी झक्झक्याएका छन् -

आँखामा विश्वासका दियाहरू बाल
पुराना रुवाउने यादहरू फाल ।

पृ. ८

सागरको पानी जस्तै सक्रिय नेपाली जनता कहिल्यै नथाकिकन निरन्तर अगाडि बढेको खण्डमा निश्चित रूपमा आफ्नो लक्ष्यमा पुग्नेछन् ।

कहिले थाकेको छ सागरको पानी
किनारा छुनलाई सधैं उठ्छ छाल ।

पृ. ८

जीत हाँसिल गरेरै छाड्ने विश्वासका पाइला अघि बढाएर उज्यालोको खोजी गरेको खण्डमा जिन्दगीको अन्धकार आफ से आफ पर भाग्दै जाने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

विश्वासिला पाइलाले, उज्यालोको खोजी गर्दा
जिन्दगीको अंधकार, आफै पर भाग्दोरैछ ।

पृ. १७

सुनौलो भविष्य निर्माण गर्नका लागि अगाडि बढेका पाइलालाई रोक भनी उपदेश दिनेहरूलाई उपदेश नभई उज्यालो तर्फको बाटो देखाउने मार्गदर्शक बन्न गजलकारले आग्रह गरेका छन् ।

उपदेश दिने कुरामा फगत नलाग तिमी
बरु यहाँबाट बिहानसम्म पुग्ने बाटो देखाइ देऊ ।

पृ. २४

[८६] ऐजन ।

लक्ष्य प्राप्त गर्नका लागि अघि बढेका पाइलाहरू चैतको हुरी होस् वा साउनको झरी जुनसुकै समयमा पनि निरन्तर अगाढि बढिरहेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

रोकिएन पाइला कहिल्यै जुनसुकै याममा
चैतको त्यो घाम होस् या साउनको झरी ।

पृ. ३७

नेपाली जनताको पीर र मर्कालाई बुझ्ने यहाँ कोही छैन । आफ्नो मर्म बुझ्ने कोही नभएको अँध्यारो परम्परामा उदास भएर तारा गनेर बस्नु हुँदैन ।

तारा गनी बस्नु किन समय त्यसै खस्काएर
बुझ्ने को छ यहाँ कोही किन उदास होला ?

पृ. ४६

देश र जनताका लागि केही गर्नुपर्दछ भन्ने भावनालाई नेपाली इतिहासका साहसिला कथाले अझै बल पुऱ्याउने र मनमा विश्वासको रेखा कोरिने कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

इतिहासले जन्माएका कथाहरू साहसका पढेपछि
मनभित्र विश्वासका जराहरू गाडिन्छन् कति-कति ।

पृ. ४९

### ४.६.३.५ स्वतन्त्रताप्राप्तिको चाहना

पिँजडाको सुगाको जस्तै सामाजिक, राजनीतिक जीवन बिताइरहेका नेपाली जनताको स्वतन्त्रता प्राप्तिको चाहनालाई गजलकारले आफ्ना गजलमा कुशलतापूर्वक समेटेका छन् । नेपाल र नेपालीको आँगनमा उज्यालो र खुसी लिएर आउने दिनलाई नेपालीले कैयौँ बर्षदेखि पर्खेर बसेको कुरालाई गजलकारले यसरी उल्लेख गरेका छन् -

को हौ तिमी भन, कहिले आउँछौ भन ?
पर्खेर तिमीलाई कति बिते साल ।

पृ. ८

सुनौलो दिनको सपना फुल्ने आशामा आफूले दिन गनेर प्रतीक्षा गरेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

तिम्रो सपना फुल्छ कहिले
हामी बस्दैंछौ दिन गनेर ।

पृ. ९

पञ्चायती शासनले जतिसुकै पीडा र यातना दिए पनि नेपाली जनताको मनमा भोलिको स्वतन्त्र जीवनको आशा अझै बाँकी रहेको छ ।

फूल जति बतासले, झारीसक्यो तर पनि
बगैंचामा भमरा गुन-गुनाइरह्यो आज पनि ।

पृ. १०

नेपालीहरूको बोल्न पाउने हकको खोजीमा आफू लागिरहेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

यो शहरले मेरो बोली खोसी मलाई लाटो बनाई सक्यो
कुराहरू गर्न सपनाका मलाई सुन्दर भाषा देऊ ।

पृ. २२

समय सधैँभरि एकैनास रहँदैन । आफ्नो स्वतन्त्र अस्तित्व प्राप्त गर्नका लागि प्रारम्भ गरेको प्रयास अब बिस्तारै सफल हुँदै र फैलदै गएको छ ।

नमान दुःख रोपेको बीऊ झुमेको देखेनौँ

आजको सानो विरुवा भोलि पक्कै फुल्छ होला ।

पृ. २९

रातपछि दिन पक्कै आउनेछ । भोलिको सुनौलो दिनको पर्खाइमा बसेका स्वतन्त्रताका पक्षधरहरूले रातको प्रशंसा गरेर कुरा गर्नु हुँदैन ।

बिहानीको आगमनमा रात सधैँ रुने गर्छ
रातको नै प्रशंसामा कुनै गीत नगाउ तिमी ।

पृ. ५०

### ४.६.३.६ यथार्थको प्रस्तुति

ललिजन रावलले **बिरानो यो ठाउँमा**मा देश र समाजमा रहेका विभिन्न यथार्थ पक्षलाई समेटेका छन् । नेपालीहरूको जीवनमा विश्वासको दियो बल्न नसकेका कारण जीवन अन्धकारमय भएको छ ।

मनमा दियो विश्वासको नबलेको जिन्दगीमा
धेरै-धेरै अंधकार थोरै मात्र घाम थियो ।

पृ. ५

जीवनमा एकपछि अर्को गर्दै थपिँदै गएका दुःखका भारीलाई बिसाउनु भन्दा पनि आफ्नो दुःख आफै पिउँन बाध्य नेपालीको यथार्थ चित्र यस्तो रहेको छ -

दुःखमाथि अझै दुःख थपिँदै छ मेरो
दुःखहरू जति आफै प्यूँनलाई हो कि ।

पृ. ६

दुःखको बेलामा आफूलाई साथ दिने कोही नभएको र आफ्नो जीवनको आधार समाप्त हुन थालेकोमा गजलकार चिन्तित छन् ।

जहाँ-जहाँ समाउँछु सबै भत्की दिन्छ
आफ्नो आधार मानी अब कहाँ नै समाउँ ।

पृ. ७

सुनौलो दिनको कल्पनामा रमाइरहे पनि यथार्थ यस्तो नभई साँझ जस्तो रहेको छ ।

बिहानीको कल्पनामा जिन्दगानीभरि
सधैँ-सधैँ मैले साँझलाई छुनुपर्‍यो ।

पृ. १३

देशका लागि आफूले केही गर्न खोजेको तर निरङ्कुशताका पक्षपोषकहरूले आफ्नै सामु आफ्नै हात काटेर आफूलाई निरीह बनाएको यथार्थलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

हिमालको निधारमा टीको लाउन खोजेको त हुँ मैले
तर आफ्नै आँखा अगाडि आफ्नो काटिएको हात हेरी रहेँ ।

पृ. २३

हँसिलो जीवनको रहर बोकेर बसेका नेपालीका आँखाबाट यही रहर पनि खोसिएको छ ।

खोसिएछ आँखाबाट सपनाको जो शहर थियो
जिन्दगीमा अलिकति हाँस्ने धेरै रहर थियो ।

पृ. २८

विश्वमा ठूलाठूला परिवर्तन भए पनि नेपाल र नेपाली उही पुरानै पीडा र व्यथामा रुमल्लिइरहेका छन् । यही पुरानो व्यथा, कथा र कविताको माझबाट आफूले नौलो विषयवस्तुको गजल सुनाउन नसकेको यथार्थलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

उही हो व्यथा उस्तै छ कथा कविता उही हो
तिमीले नौलो चाहेको गजल कसरी सुनाउँ ?

पृ. ३५

### ४.६.३.७ जीवनदृष्टि

जीवनप्रतिको दृष्टिकोण हरेक मान्छेमा फरकफरक हुन सक्छ । आफ्नो भोगाइ र अनुभवले जीवनप्रतिको दृष्टिकोण बनेको हुन्छ । गजलकार रावलका गजलमा जीवनलाई आशावादी र निराशावादी दुवै पाटोबाट नियालिएको पाइन्छ ।[८७] जीवनमा जतिसुकै अभाव र पीडा भए पनि जीवन ज्यूँनु नै पर्ने बाध्यतालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

अभावका कति-कति पल आए तर
जीवनदेखि आत्तिएर भाग्न पनि मिलेन ।

पृ. २

दुई दिनको जिन्दगीलाई बिताउनका लागि हजारौँ पटक मर्नुपरेको र हजारौँ दुःख कष्ट सहनुपरेको आयश रावलका यी सेरमा भेट्न सकिन्छ -

– जिन्दगीमा दुई दिन बाँच्नु न हो तर
दुई दिनै बाँच्नलाई कति मर्नु पर्‍यो ।

पृ. १३

– बिताउनु छ फगत दिन दुई चार यहाँ
तरै पनि झेल्नु छ दुःख कष्ट हजार यहाँ ।

पृ. १९

– एकान्तमा आज मेरो हृदयले बोल्यो
बाँच्नु कति जिन्दगीमा सधैँ मरी-मरी ।

पृ. ३७

कसै गरे पनि सुख जिन्दगीको नजिक आउन नसकेको तीतो अनुभवबाट आजित बनेर गजलकार यसरी पोखिएका छन् ।[८८]

हार मात्र होइन सधैँ भन्छन् जीत हुन्छ
युगौँदेखि तर सधैं हारेको छ जिन्दगी ।

पृ. १८

गजलकार रावल जीवनदेखि भाग्न नभई जीवन पथमा आइपरेका विभिन्न बाधा अड्चनलाई पन्छाउँदै जीवन ज्यूँने पक्षमा देखिएका छन् ।

जीवनदेखि घृणा जागेर टाढा-टाढा भाग्नलाई होइन
जीवनलाई माया गरिरहन मन लाग्ने कुनै नशा देऊ ।

पृ. २२

भौतिकवादी दर्शनबाट प्रेरित रावल भाग्यवादका विरुद्धमा उभिएका छन् । कर्ममा विश्वास गरेर अघि बढेमा सफलता आफ्नै हातमा हुने रावलको धारणा छ ।[८९]

भाग्य लेखिएको हुन्न आफ्नै हातहरूमा हुन्छ
विश्वासको रेखा कोर तिम्रा ती हातमा पनि ।

पृ. ४१

### ४.६.३.८ एकताको भावना

यस सङ्ग्रहभित्रका गजलहरूमा केही सेरमा ललिजन रावलले देशका लागि सम्पूर्ण चेतनशील जनताहरू एकताको सूत्रमा आबद्ध हुनुपर्ने कुरामा जोड दिएका छन् । एक्लैएक्लै हिँड्न खोज्दा लामो बाटो काट्न गाह्रो हुनुका साथै गन्तव्यमा पुग्न पनि नसकिएको कारण

---

[८७] ऐजन, पृ. ३५३ ।

[८८] ऐजन ।

[८९] ऐजन ।

आफ्ना थकाइलाई मेटाउन र गन्तव्यमा पुग्नका लागि थुप्रै जागरुक हातहरूको बीचमा एकताको खाँचो रहेको तर्फ गजलकारले यसरी सङ्केत गरेका छन् -

एक्लै-एक्लै कहाँसम्म हिंडन सकुँला म ?
अब धेरै थाकी सकें कोही देऊ काँध ।

पृ. ३

तेरो र मेरोको भावनालाई त्यागेर हामी सबैको भन्ने भावनालाई लिएर जीवन ज्यूँनुपर्छ भन्ने कुरामा गजलकार दृढ देखिएका छन् ।

मेरो होइन उसको होइन
रह्यौ सबैको आफ्नो भएर ।

पृ. ९

सम्पूर्ण नेपालीहरू एक भई हातेमालो गर्दै अघि बढेको खण्डमा अँध्यारो छिचोलेर घाम खोज्न केही गाह्रो हुँदैन ।

अँध्यारोमा घाम खोज्न हुन्न केही गाह्रो
राखी देऊ तिमी मेरो हातमाथि हात ।

पृ. ३९

यसरी समग्रमा हेर्दा गजलकारले देश र समाजमा विद्यमान पक्षहरूलाई आफ्ना गजलका विषयवस्तुका रूपमा रोजेर देश र समाजप्रतिका आफ्ना भावलाई कुशलतापूर्वक अभिव्यक्त गर्न सफल भएका छन् ।

### ४.६.४ सङ्गीत

**बिरानो यो ठाउँमा**भित्रका गजलहरू सङ्गीतचेतनाका दृष्टिले पनि महत्त्वपूर्ण रहेका छन् । यस सङग्रहमा गजलकार रावलले लय, अनुप्रास, पद तथा पदावलीको आवृत्ति, काफिया र रदिफको सन्तुलित प्रयोग गरेका छन् । गजललाई सङ्गीतको निकट पुऱ्याउने यिनै विभिन्न तत्त्वहरूको चर्चा तल गरिएको छ -

#### ४.६.४.१ लय

**बिरानो यो ठाउँमा** सङ्ग्रहमा दशदेखि बाइस अक्षरसम्मको संरचना भएका गजलहरू छन् । रावलले यस सङ्ग्रहभित्रका गजलहरूमा प्रयोग गरेका पृष्ठसङ्ख्या,अक्षरसङ्ख्या र मध्यविश्रामको व्यवस्था मिलेको वा नमिलेको कुरालाई तल तालिकामा प्रस्तुत गरिएको छ -

| पृष्ठसङ्ख्या | अक्षरसङ्ख्या | मध्यविश्राम | पृ.सं. | अ.सं. | मध्यविश्राम |
|---|---|---|---|---|---|
| १ | १४ | ८ | २६ | १३- १४ | ८ |
| २ | १४-१६ | ८ | २७ | १६-१७ | ८ |
| ३ | १४-१५ | ८ | २८ | १६- १८ | ८ |
| ४ | १४-१५ | ८ | २९ | १६ | ८ |
| ५ | १६-१८ | ८ | ३० | १५- १७ | ७ |
| ६ | १४-१६ | ८ | ३१ | १५- १७ | × |
| ७ | १४-१६ | ८ | ३२ | १६-१९ | ८ |
| ८ | १२-१४ | ६ | ३३ | १३-१६ | ७ |
| ९ | १०-११ | ५ | ३४ | १२- १३ | ६ |
| १० | १६-१९ | ८ | ३५ | १६- १७ | ८ |
| ११ | १६-१७ | × | ३६ | १९- २१ | १० |
| १२ | १६ | ८ | ३७ | १४- १७ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | १४-१५ | ८ | ३८ | १९-२० | १० |
| १४ | १७-१८ | १० | ३९ | १४-१५ | ८ |
| १५ | १३-१५ | ८ | ४० | १३- १६ | ८ |
| १६ | १४-१५ | ८ | ४१ | १६- १८ | ८ |
| १७ | १६-१८ | ८ | ४२ | १५- १७ | ६ |
| १८ | १४-१६ | ८ | ४३ | १६- १८ | ८ |
| १९ | १६-१९ | × | ४४ | १६- १९ | ८ |
| २० | १८-१९ | × | ४५ | १४- १५ | ८ |
| २१ | १६-१८ | × | ४६ | १५- १७ | ८ |
| २२ | १९-२२ | × | ४७ | १४- १७ | ८ |
| २३ | १९-२२ | × | ४८ | १४- १६ | ८ |
| २४ | १७-२० | × | ४९ | २०- २१ | ८ |
| २५ | १६-१८ | ८ | ५० | १६- १९ | ८ |

माथिको तालिकाबाट के बुझ्न सकिन्छ भने **बिरानो यो ठाउँमा** सङ्ग्रहभित्रका गजलहरू एउटै छन्द वा लयमा आधारित छैनन् । एउटै लय वा छन्दमा आधारित नभए पनि अक्षरसङ्ख्याको अन्तर कम देखिएका कारण यस सङ्ग्रहभित्रका गजलहरूमा लगयत समानता भने रहेको पाइन्छ । यस सङ्ग्रहभित्र बराबर अक्षरसङ्ख्या भएका तीनवटा गजलहरू रहेका छन् , जसमध्ये पृ. नं. एकको गजल चौध अक्षरमा, पृ. बाह्र र उनन्तीसका गजलहरू सोह्र अक्षरको संरचनामा आबद्ध रहेका छन् । अक्षरसङ्ख्याको अन्तर कम भएका यस सङ्ग्रहभित्रका गजललाई लयात्मकता प्रदान गर्नका लागि केही वर्णहरूको हलन्त उच्चारण गर्नुपर्ने पनि देखिन्छ ।

**बिरानो यो ठाउँमा** गजलसङ्ग्रहमा एउटै लयमा आधारित गजलहरू नभए पनि सबैजसो गजलहरू कम अक्षरसङ्ख्याको अन्तर पारेर रचना गरिएको छ । समान अक्षरसङ्ख्यामा आबद्ध पृ. एक, बाह्र र उनन्तीसमा रहेका तीनवटा गजल बाहेकका अन्य गजलहरूमा घटीमा एक अक्षरको र बढीमा तीन अक्षरसम्मको अन्तर रहेको पाइन्छ ।

समग्रमा हेर्दा अक्षरसङ्ख्याको अन्तर कम भएकाले यस सङ्ग्रहका गजलहरू लय चेतनाका दृष्टिकोणले महत्त्वपूर्ण रहेका छन् ।

### ४.६.४.२ अनुप्रास

अनुप्रास शब्दालङकारभित्र पर्ने एउटा चर्चित अलङ्कारविशेष हो र समान किसिमका ध्वनीको एकपटक वा अनेकपटक हुने आवृत्तिलाई अनुप्रास भनिन्छ ।[९०] गजललाई सङ्गीतमय बनाउनका लागि अनुप्रासको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ललिजन रावलले अनुप्रासका विभिन्न प्रकारहरूको प्रयोग गरेर **बिरानो यो ठाउँमा** सङ्ग्रहभित्रका गजललाई साङ्गीतिकता प्रदान गरेका छन् । ललिजन रावलले यस सङ्ग्रहभित्रका गजलमा अन्त्यानुप्रास, छेकानुप्रास र वृत्यनुप्रासको प्रयोग गरेका छन्, जस्तै-

**क) अन्त्यानुप्रास**

अन्त्यानुप्रास वा काफियाका रूपमा रावलले गजलको पहिलो मतलाबाट दुई मिसरासँगको अनुप्रासीयतालाई अन्य सेरका दोस्रो-दोस्रो मिसरासँग मिलाएका छन् ,जस्तै -

– आँखाबाट बग्छन कति आँसुका ती धारा
आँसुमा नै बित्ने हो कि जिन्दगी यो सारा ।

[९०] कृष्णहरि बराल, **गीतः सिद्धान्त र इतिहास,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६०), पृ. ४० ।

भूमरिमा पऱ्यो नाउ सागरको माझ
छेऊ लाग्न खोज्दा झनै टाढा भो किनारा ।

पृ. १

– एउटा परदेशी आई सोध्यो मेरो नाउँ
तर चाँडै छाडी गयो यो रमाइलो ठाउँ

– उसकै छेउ उडी पुग्न मन लाग्छ तर
प्वाँख बिना त्यसै उडी कसरी म जाउँ ?

पृ. ७

माथि रेखाङ्कित गरिएका 'धारा', 'सारा', 'किनारा', 'नाउँ', 'ठाउँ' जस्ता अनुप्रासयुक्त शब्दहरूको उपस्थितिले गजल श्रुतिमधुर बनेका छन ।

**ख) छेकानुप्रास**

एक वा अनेक व्यञ्जन उसै क्रममा एकपटक मात्र दोहोरिनुलाई छेकानुप्रास भनिन्छ । **बिरानो यो ठाउँमा**मा प्रयोग गरिएका छेकानुप्रासका केही उदाहरणहरू तल प्रस्तुत गरिएका छन्-

– बिर्सिएर आज आफ्नो जिन्दगीको धर्ती ।

पृ. १

माथिको उदाहरणमा 'आ' र 'ज' वर्णको एकपटक आवृत्ति भएको छ ।

– दिन धेरै टाढा गयो, रातको छु म सिमानामा ।

पृ.१०

माथिको उदाहरणमा 'न', 'र' र 'म' वर्णको एकपटक आवृत्ति भएको छ ।

– आज फेरी आकाशमा उही जून छायो ।

पृ. १५

माथिको उदाहरणमा 'आ', र 'ज' वर्णको एकपटक आवृत्ति भएको छ ।

**ग) वृत्यनुप्रास**

एक व्यञ्जनको अनेकपटक आवृत्ति हुनुलाई वृत्यनुप्रास भनिन्छ । यस सङ्ग्रहभित्र यस्तो पुनरावृत्ति प्रसस्तै देख्न सकिन्छ, जस्तै -

– आँखाबाट सपना अन्तै लान पनि मिलेन ।

पृ. २

यहाँ 'न' वर्णको चारपटक आवृत्ति भएको छ ।

– नखोलेरै राखिएको एउटा बन्द खाम थियो ।

पृ.५

यहाँ 'ख' वर्णको तीनपटक आवृत्ति भएको छ ।

– आँसु बनी आफ्नै आँखाबाट बगिरहेछु आफै ।

पृ. १४

यहाँ 'आ' वर्णको चारपटक आवृत्ति भएको छ ।

– फूलका थुङ्गा ल्याउलान म नरहेको सङ्केत पाएर कोही

पृ. २२

यहाँ 'क' वर्णको चारपटक आवृत्ति भएको छ ।

**४.६.४.३ आवृत्ति**

**बिरानो यो ठाउँमा** सङ्ग्रहमा पद तथा पदावलीको आवृत्ति पनि प्रसस्तै भएको पाइन्छ ।

**क) पदको आवृत्ति**

यस सङ्ग्रहका गजलमा एउटै पङ्क्ति र भिन्नभिन्न पङ्क्तिका बीचमा पदको आवृत्ति भएका सेरहरू निकै छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ -

– आँखाबाट बग्छन कति आँसुका ती धारा
आँसुमा नै बित्ने हो कि जिन्दगी यो सारा ।

पृ. १

– दुःखमाथि अझै दुःख थपिदै छ मेरो
दुःखहरू जति आफै प्यूँनलाई हो कि ।

पृ. ६

– तिमी भोलि कहाँ, हुनेछु म कहाँ ?

पृ. ८

– आफ्नो खुसी भन्दा धेरे माटोको जो खोज्छ खुसी ।

पृ. ११

– सपनाका फूलहरू, सजाएर भन्नु हुन्न
सपना धेरै बोकेपछि, आँखा पनि थाक्दोरैछ ।

पृ. १७

– बगिरहने खोली यो कहाँसम्म पुग्छ होला
सागरसम्म पुग्छ कि बिचमा नै सुक्छ होला ।

पृ. २९

माथिका उदाहरणमा रहेका 'आँसु', 'दुःख', 'कहाँ', 'खुसी', 'सपना', 'हेरी', 'गयो', 'पुग्छ' जस्ता शब्दहरूको आवृत्तिले यस सङ्ग्रहका गजललाई सङ्गीतमय बन्न सहयोग पुऱ्याएका छन् । यस्ता उदाहरणहरू यस सङ्ग्रहमा प्रसस्त मात्रामा रहेका छन् ।

**बिरानो यो ठाउँमा** सङ्ग्रहमा एउटै पङ्क्तिमा र भिन्नभिन्न पङ्क्तिका बीचमा पदावलीको आवृत्ति भएका थुप्रै सेरहरू छन् । तर **केही गजलहरू**मा जस्तो लामा पदावलीको आवृत्ति भने यस सङ्ग्रहमा भएको पाइदैन । यस सङ्ग्रहभित्रका गजलका मतला खण्डमा र अन्य सेरका दोस्रो पङ्क्तिमा काफियाका पछाडि रदिफको रूपमा पदावलीको आवृत्ति भएको पाइन्छ, जस्तै-

– टुक्रा-टुक्राहरूमा टुक्रिएको छु मलाई सम्भाल
अहिले अलिकति मात्तिएको छु मलाई सम्भाल ।

पृ. २०

– हातमा हुन्छ श्रृष्टि ल्याएर यी खाली आएको छु
घाम जून जस्तै मनमा दीयो बाली आएको छु ।

पृ. ३१

– यी सुन्दर भव्य महल बनाउने को होला ?
मुरीका मुरी अन्न उब्जाउने को होला ?

पृ. ३२

– थोपा-थोपा बनी आकाशको बाटोबाट झरी दिउँ कि !
प्रितलाई ज्यूँदो राख्न सधैं आज आफै मरी दिउँ कि ।

पृ. ३८

माथिका उदाहरणमा रेखाङ्कित गरिएका पदावलीहरूको प्रयोग रदिफका रूपमा सन्तुलित तरिकाले भएका कारण यस सङ्ग्रहका गजलहरूमा साङ्गीतिकता भेट्न सकिन्छ ।

**४.६.५ अलङ्कार**

गजलकार रावलले यस सङ्ग्रहभित्रका गजलहरूमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरेका छन् । शब्दालङ्कारका रूपमा उनले अन्त्यानुप्रास, छेकानुप्रास र वृत्यनुप्रासको प्रयोग गरेका छन् भने अर्थालङ्कारका रूपमा उपमा, रूपक, उत्प्रेक्षा, विरोधाभास, जस्ता अलङ्कारको कुशलतापूर्वक प्रयोग गरेका छन् । शब्दालङ्कारभित्र पर्ने अनुप्रास आदिको चर्चा माथि सङ्गीत शीर्षकमा गरिसकिएका कारण यहाँ उनले यस सङ्ग्रहमा प्रयोग गरेका अर्थालङ्कारलाई मात्र समेट्ने प्रयास गरिएको छ ।

**क) उपमा**

उपमान र उपमेयका बीचमा रूप, गुण, क्रियाका आधारमा समानता देखाउँदा हुने उपमा अलङ्कारलाई रावलले यसरी प्रयोग गरेका छन् -

बादल झैं माथि-माथि उड्ने रहरले
आकाश खोज्ने मनलाई बाँध्न पनि मिलेन ।

पृ. २

माथिको उदाहरणमा 'बादल' उपमान र 'मन' उपमेय बीच सादृष्य (उड्नु) देखाइएको छ ।

तिमीलाई पाए मैले सुनौलो बिहानी जस्तै ।

पृ. १२

उक्त पङ्क्तिमा 'बिहानी' उपमान र 'तिमी' उपमेयबीच सादृश्य देखाइएकाले उपमा अलङ्कारको प्रयोग भएको छ ।

**ख) रूपक**

उपमेय (जसको तुलना गरिन्छ) मा नै उपमा (जेसँग तुलना गरिन्छ) को आरोप गर्दा पर्ने अलङ्कार रूपक हुन्छ ।[९१]

कताबाट उजाडियो मनको सानो फूलबारी
भर्खरै त फूलहरूको यहाँ फुल्ने याम थियो ।

पृ. ५

माथिको उदाहरणमा प्रयुक्त 'मन' उपमेयमा 'फूलबारी' उपमाको आरोप गरिएकाले यहाँ रूपक अलङ्कारको प्रयोग भएको छ ।

बाटो बिरायोको ढुङ्गा हुँ म सागरमा निश्चित दिशा देऊ ।

पृ. २

माथिको उदाहरणमा प्रयुक्त 'म' उपमेयमा 'बाटो बिराइएको डुङ्गा' उपमाको आरोप गरिएकाले यहाँ रूपक अलङ्कारको प्रयोग भएको छ ।

**ग) उत्प्रेक्षा**

उपमेयमा उपमान आदिको सम्भावना कल्पित गरिएमा बन्ने उत्प्रेक्षा अलङ्कारको प्रयोग ललिजन रावलले यसरी गरेका छन् -

दियो निभ्न खोज्दै बल्छ फेरी निभ्न खोज्छ
सायद यही हो कि कतै प्रकाशको बोली ।

पृ. ४८

माथिको उदाहरणमा दियोको निभ्ने र बल्ने प्रक्रियामा अग्रगमनको सङ्केत रहेको छ कि भन्ने सम्भावना प्रकट गरेका कारण उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ ।

**घ) विरोधाभास अलङ्कार**

विरोधको आभास हुँदा विरोधाभास अलङ्कार हुन्छ,[९२] जस्तै -

---

[९१] कृष्णहरि बराल, **गजल : सिद्धान्त र परम्परा** पूर्ववत्, पृ. ११८ ।

जिन्दगीमा दुई दिन बाँच्नु न हो तर
दुई दिनै बाँच्नलाई कति मर्नु पर्‍यो ।

पृ. १३

माथिको उदाहरणमा जिन्दगी ज्यूँनका लागि गरिने सङ्घर्षप्रति विरोध जनाइएका कारण विरोधाभास अलङ्कारको प्रयोग भएको छ ।

यसरी हेर्दा **बिरानो यो ठाउँमा** सङ्ग्रहमा अर्थालङ्कारका विभिन्न प्रकारहरूको उचित रूपमा प्रयोग भएको पाइन्छ ।

**४.६.६ बिम्ब तथा प्रतीक**

**बिरानो यो ठाउँमा** सङ्ग्रहमा गजलकारले दृश्यसम्बन्धी, गतिसम्बन्धी, श्रव्यसम्बन्धी, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी, स्वादसम्बन्धी बिम्बहरूको प्रयोग गरेका छन् । जसको चर्चा तल गरिएको छ -

**क) दृश्यसम्बन्धी**

जुन बिम्बले हाम्रो आँखालाई आकर्षित गर्दछ त्यस्ता बिम्बलाई दृश्यसम्बन्धी बिम्ब भनिन्छ, जस्तै -

नखोलेर राखिएको एउटा बन्द खाम थियो
भित्र के के थियो कुन्नि बाहिर मेरै नाम थियो ।

पृ. ५

माथिको सेरमा बन्द खाम र खाममा लेखिएको नामलाई देखेर आँखाहरू आकर्षित भएका कारण दृश्यात्मक बिम्बको प्रयोग भएको छ ।

बहारको रङ्ग पनि, फिका पर्छ तिम्रा सामु
तिमीलाई देख्छु मत, सौन्दर्यकी खानी जस्तै ।

पृ. १२

माथिको सेरमा सौन्दर्यकी खानी जस्ती युवतीलाई देखेर आँखाहरू आकर्षित भएका कारण दृश्यात्मक बिम्बको प्रयोग भएको छ ।

**ख) गतिसम्बन्धी**

जुन बिम्बले चलायमान भएको सङ्केत गर्दछ त्यस्तो बिम्बलाई गतिसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

तिमीसम्म पुग्न कति खोला तर्नुपर्‍यो
तर आफै फूल झैं हाँगाबाट झर्नुपर्‍यो ।

पृ. १३

माथिको उदाहरणमा खोला तर्ने र हाँगाबाट झर्ने जस्ता गतिशील वा चलायमान अवस्थाको उल्लेख गरिएका कारण गतिसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**ग) श्रव्यसम्बन्धी**

जुन बिम्बले हाम्रो कानलाई आकर्षित गर्दछ त्यस्तो बिम्बलाई श्रव्यसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

मान्छे-मान्छे बीच कसले कोरी दियो साँध
मेरा आँखासँगै आज रोइदियो साँझ ।

पृ. ३

---

[९२] ऐजन

माथिको उदाहरणमा रुने काम भएको र यस कार्यले कानलाई आकर्षित गर्ने भएकाले यहाँ श्रव्यसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**घ) गन्धसम्बन्धी**

गन्ध वा सुगन्धको अनुभूति दिने बिम्बलाई गन्धसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

नछोइने सौन्दर्यको छायाँ जादू चलाउँछ
कोही यतै आउँदैछ कि फूलको सुवास होला ।

पृ. ४६

माथिको सेरमा फूलको सुवासको अनुभूति भएकाले गन्धसम्बन्धी बिम्बको प्रयोग गरिएको छ ।

**ङ) स्पर्शसम्बन्धी**

छोएको वा स्पर्श गरेको अनुभूति दिलाउने बिम्बलाई स्पर्शसम्बन्धी बिम्ब भनिन्छ , जस्तै-

गीत पनि काँढा झैं बिझाउँछ किन हिजोआज ?
मनलाई अझ दुःखाउने खोलाको कलकल छ ।

पृ. २१

माथिको उदाहरणमा गीत काँडा जस्तै बिझाएको अनुभूति भएकाले स्पर्शसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**च) स्वादसम्बन्धी**

स्वादको अनुभूति दिलाउने बिम्बलाई स्वादसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

मनको मेरो सारङ्गीको तार कसले चलाइदियो
मीठो स्वप्न देख्दै थिए आई कसले जगाई दियो ।

पृ. ३२

माथिको सेरमा प्रयुक्त मीठो शब्दले स्वादको अनुभूति दिलाउने भएकाले स्वादसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**बिरानो यो ठाउँमा** सङ्ग्रहमा गजलकारले विभिन्न प्रतीकहरूको पनि प्रयोग गरेका छन्, जसको चर्चा तल गरिएको छ -

अँध्यारोमा जिन्दगानी बित्यो तर पनि
हात फैलाएर घाम माग्न पनि मिलेन ।

पृ. २

माथिको सेरमा प्रयुक्त 'घाम' शब्द समानता तथा खुसीको प्रतीक बनेर आएको छ ।

उपदेश दिने कुरामा फगत नलाग तिमी
बरु यहाँबाट बिहानसम्म पुग्ने बाटो देखाईदेऊ ।

पृ. २४

माथिको उदाहरणमा प्रयुक्त 'बिहान' शब्द समानता र स्वतन्त्रताले भरपूर समाजको प्रतीक बनेर आएको छ ।

फूलहरू धेरै झरे फूललाई जोगाउन
आफ्नो फूलबारीको बनेर म माली आएको छु ।

पृ. ३१

माथिको उदाहरणमा प्रयुक्त 'फूल' देशका लागि आफ्नो प्राणको आहुति गरेका वीर नेपालीहरूको र 'फूलबारी' सिङ्गो नेपालको प्रतीक बनेर आएको छ ।

एउटा मृत शहरबाट जिन्दगीका कुरा गरी
मृत्यु सँगै लड्न अब पाइला अघि बढाउं तिमी ।

पृ. ५०

माथिको सेरमा 'मृत शहर' न्याय नभएको संबेदनहीन सहरको प्रतीक बनेर आएको छ ।

### ४.६.७ भाषा

गजल भाषाका माध्यमद्वारा अभिव्यक्त हुने कलाविशेष हो ।[९३] गजलको भाषा कठोर तथा श्रृतिकटु उत्पन्न गर्ने खालको हुनु हुँदैन । **बिरानो यो ठाउँ**मा भित्रका गजलहरू सरल र स्वभाविक भाषामा लेखिएका छन् । ललिजन रावलले यसमा कथ्य नेपाली भाषाको प्रयोग पनि गरेका छन् । गै (गई, पृ.१), नाऊ (नाम, पृ.७), रै'छ (रहेछ, पृ.१४) थे (थिए,पृ.२४), सकिन्न ( सकिँदैन, पृ.२१), अचेल (आजकल, पृ.३०), थाहै (थाहा नै), नभै (नभई), कैल्यै (कहिल्यै, पृ.३८), लाउँ (लगाउँ, पृ.३९), हुन्न (हुँदैन), थ्यो (थियो, पृ.४०), सित (सँग, पृ.४५) जस्ता जनजिब्रोमा प्रचलित कथ्य भाषाको प्रयोग उनले धेरै गरेका छन् ।

कथ्य भाषाको साथसाथै गजलकारले यस सङ्ग्रहका गजलमा समय (पृ.११), दु:ख (पृ.६), आकाश (पृ.२), बर्षा (पृ.२२), विश्वास (पृ.८), माया (पृ.४३) जस्ता तत्सम शब्दहरूको प्रयोग गरेका छन् । त्यसैगरी आँखा, आँसु, पृ. १), फूल, साँझ, माझ (पृ.३), ठाउँ (पृ.७), पात (पृ.१३), रात (पृ.२३), काम (पृ.२७), उज्यालो (पृ.२८), रगत (पृ.३३) जस्ता तद्भव शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा भएको छ ।

तत्सम र तद्भव बाहेकका आगन्तुक शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा भएको पाइन्छ । त्यस्ता शब्दहरूमध्ये फारसी भाषाबाट आएका जिन्दगी (पृ.१), जिन्दगानी (पृ.४), खुसी (पृ.११), प्याला (पृ.१४), याद (पृ.१५), बजार (पृ.१९), शहर (पृ.२१), बरवाद (पृ.३६) आदि शब्दहरू र अरबी भाषाबाट आएका खबर (पृ.२८), दुनियाँ (पृ.३३), गजल (पृ.३५) जस्ता शब्दहरूको प्रयोग यस सङ्ग्रहका गजलमा भएको छ ।

### ४.६.८ निष्कर्ष

वि.सं. २०४२ देखि २०४६ सालसम्मको समयमा लेखिएका गजलहरूको सङग्रह **बिरानो यो ठाउँमा** को प्रकाशन पनि २०४६ सालमा नै भएको हो । विविध विषयवस्तुमा समेटिएका पचासवटा गजलहरूको सङ्ग्रह **बिरानो यो ठाउँमा**मा सङ्कलित गजलहरू गजल संरचनाका सम्पूर्ण नियमलाई पालना गरेर लेखिएका छन् । चारदेखि पाँच सेरसम्मको संरचनामा आबद्ध यस सङ्ग्रहभित्रका गजलहरूमा गजलकारले तखल्लुसको प्रयोग एक ठाउँमा पनि गरेका छैनन् । माया, प्रेम, समाज र समाजमा व्याप्त विविध खालका असङ्गति र यथार्थलाई गजलकारले कुशलतापूर्वक गजलमा समेटेका छन् । लयका दृष्टिकोणबाट हेर्दा केही कमजोरी फेला परे पनि साङ्गीतिकताका हिसाबले हेर्दा यस सङ्ग्रहका गजलहरू सफल रहेका छन् । बिम्ब, प्रतीक, अलङ्कार र भाषा प्रयोगका दृष्टिबाट हेर्दा रावलले जनजिब्रोमा भिजेका शब्दहरूलाई बढी प्राथमिकता दिएका छन् । समग्रमा भन्नुपर्दा यस सङ्ग्रहभित्रका पचासवटा गजलहरू मध्ये नखोलेर राखिएको (पृ.५), आकाशको माया जम्मै (पृ.६), तिमीलाई पाए मैले... (पृ.१२), टुक्रा-टुक्राहरूमा... (पृ.२०) विशेष बलिया देखापर्दछन् ।[९४]

---

[९३] ऐजन, पृ. १२५ ।

[९४] ऐजन, पृ. ३२४ ।

## ४.७ सिरानीमा आँसु सङ्ग्रहभित्रका गजलहरूको विश्लेषण

### ४.७.१ सिरानीमा आँसु सङ्ग्रहको परिचय

**सिरानीमा आँसु** कविता र गजलको संयुक्त सङ्ग्रह हो । यस सङ्ग्रहको प्रकाशन वि.सं. २०५९ सालमा अनुराग प्रकाशन काठमाडौँबाट भएको हो । यसमा गजलकार रावलद्वारा वि.सं. २०४६/१०/२१ देखि २०५८/८/२५ सम्म रचना गरेका जम्मा चौसट्ठीवटा गजलहरू सङ्गृहीत छन् । बाह्र बर्षको लामो समयावधिमा रचिएका यी चौसट्ठीवटा गजलहरूमा गजलकार रावलले नेपाल र नेपालीको यथार्थ चित्रण गर्नुका साथसाथै देशमा भएका विभिन्न सामाजिक, आर्थिक र राजनीतिक परिवर्तनको सेरोफेरोलाई समेटेका छन् ।

### ४.७.२ संरचना

गजलको संरचनाभित्र यसको निर्माणमा निम्ति आवश्यक पर्ने सेर, काफिया, रदिफ तखल्लुस आदि पर्दछन् । संरचना शीर्षकअन्तर्गत **सिरानीमा आँसु** सङ्ग्रहमा सङ्गृहीत चौसट्ठीवटा गजलहरूको संरचनाका बारेमा स्पष्ट पार्न खोजिएको छ ।

**सिरानीमा आँसु** सङ्ग्रहभित्र भारदेखि सात सेरसम्मका गजलहरू राखिएका छन् । यस सङ्ग्रहको एउटा गजलमा (आँखाभरि स्वप्नहरू ...पृ.२७) चार सेरको विधान पाइन्छ भने अर्को एउटा गजल (कहाँ डढे चाहनाहरू ..पृ. ३७) सात सेरको विधानमा रहेको छ । त्यसैगरी मन त्यसै दुख्छ (पृ. १३), आज मौसम (पृ. २४) र जून आउँला (पृ. ३०) शीर्षकका तीनवटा गजलहरू छ सेरको संरचनामा आबद्ध रहेका छन् । यी पाँचवटा बाहेकका अन्य उनन्साठी वटा गजलहरू भने पाँच सेरको संरचनामा संरचित छन् । गजल लेखनमा सक्रियता बढ्दै जाँदा गजलको सेरसङ्ख्यालाई रावलले तुलनात्मक रूपमा बढाउँदै लगे तापनि उनले पाँच सेरका गजलको रचनामा बढी जोड दिएको पाइन्छ । तीन र तीनदेखि माथि जतिसम्म पनि सेरसङ्ख्या राखेर गजलको रचना गर्न सकिने समसामयिक प्रवृत्तिअनुसार नै गजलका सेरसङ्ख्या रहेका कारण यस सङ्ग्रहका गजलहरू सेरसङ्ख्याको दृष्टिकोणबाट सबल रहेका छन् ।

यस सङ्ग्रहभित्रका गजलहरूमा मतला भागको पूर्ण निर्वाह भएको पाइन्छ । मतला खण्डमा काफिया भनिने अनुप्रासयुक्त शब्दहरूको प्रयोग रावलले यसरी गरेका छन् -

– शीतको थोपा उडिगयो, बिहानीको घामसँगै
मेरो नाउँ जोडिएला, फेरि तिम्रो नामसँगै ।

पृ. १

– हाम्रा हृदयभरि अंकित तिम्रै अमर नाम छ
तिम्रो बलिदानलाई हाम्रो लाख -लाख सलाम छ ।

पृ. ५

– एकान्तमा आफ्नो पीडा धुन आउला कोही
मेरो चिहान माथि पनि रुन आउला कोही ।

पृ. ९

– तिम्रै नाममा गाउँछौ जिन्दावाद हामी
तिम्रो सपनाको शहर गर्छौ आवाद हामी ।

पृ. २१

माथिको उदाहरणमा राखिएका सेरहरू छुट्टाछुट्टै गजलका मतला खण्डअन्तर्गतका हुन् । मतला खण्डमा रहेका सेरका दुवै मिसरामा अनुप्रासयुक्त शब्दहरू रहनु आवश्यक मानिन्छ । अतः उदाहरणमा भएको पहिलो मतालामा प्रयुक्त 'घाम' र 'नाम' शब्दले मतलालाई आकर्षक बनाएका छन् । त्यसैगरी उदाहरण दुइमा 'नाम' र 'सलाम', तीनमा 'धुन' र 'रुन' र चारमा 'जिन्दावाद' र 'आवाद' जस्ता शब्दहरूको समुचित प्रयोग भएको छ ।

ललिजन रावलले **सिरानीमा आँसु** गजलसङ्ग्रहभित्र सङ्ग्रह गरेका सबै गजलहरूमा गजलको सिद्धान्तलाइ पूर्ण पालना गरेका छन् । उनले यस सङ्ग्रहका गजलमा पूर्ण तथा आंशिक दुवै प्रकारको अनुप्रासलाई काफियाको रूपमा प्रयोग गरेका छन् । यसै सङ्ग्रहको पृ. नं. ३९ मा रहेको 'रात बितिसक्यो... ' शीर्षकको गजलमा भने काफिया प्रयोगमा रावलको कमजोरी देखिन्छ । उनले यहाँ एउटै काफियाको दुई पटक प्रयोग गरेका छन् ।

रात बितिसक्यो अब उठे भयो
बिहानीको घामले दैलो पोते भयो
एउटा-एउटा गर्दै पानाहरू च्यातिए
अर्को एउटा पाना च्यातिएर के भयो
फूल जोखिएला सुवास जोखिँदैन
विश्वास छैन भने प्रयास गरे भयो
हिजै मात्र पीडा बग्थ्यो नदी जस्तै
अलिकति आज हाँसेर के भयो
उक्लिनु छ पहाड पुग्नुपर्ने टाढा
अबेर होला कतै यात्रा थाले भयो ।

पृ. ३९

माथिको गजलमा एउटै काफिया 'के' को प्रयोग दोस्रो र चौथो सेरमा भएको छ । सिरानीमा आँसु सङ्ग्रहमा सङ्कलित चौसट्ठीवटा गजलहरूमध्ये सत्रवटा गजल रदिफविहीन छन् भने सतचालीसवटा गजलहरू रदिफयुक्त छन् । रदिफविहीन सत्रवटा गजलहरूमध्ये केही तल उदाहरणका रूपमा प्रस्तुत गरिएको छ -

– हिमाली हावा बग्दैछ किन नौलो त्यो मातमा
किन हो कुन्नि रुँदैछ कोही जूनेली रातमा ।

पृ. ७

– चन्द्रमाको छाया अहिले तलाउमा पर्‍यो ।
यस्तो लाग्छ सिङ्गै जून नै धरतीमा झर्‍यो ।

पृ. १७

– कस्का लागि आँसु पोख्यौ, आज सिरानीमा
एक्लै रोई बस्छौ किन, गई बिरानीमा ।

पृ. २०

– दुनियाँमा कोही पनि हुन्न अजम्मरी
मानौ एकछिन बसी उडी गयो चरी ।

पृ. २५

– बन्दुकबाट कतै निक्लिएको गोली
नखेली छाड्दैन रगतको होली ।

पृ. ४७

माथिका सेरहरू बेग्लाबेग्लै गजलका मतला खण्डका हुन् । जसमा रदिफको प्रयोग भएको छैन । माथिका उदाहरणमा क्रमशः आएका 'मातमा-रातमा', 'पर्‍यो-झर्‍यो', 'सिरानीमा-बिरानीमा', 'अजम्मरी-चरी', 'गोली-होली' आदि काफिया हुन् । काफियाको पछाडि सम्पूर्ण सेरमा दोहोरिने शब्द वा शब्दसमूह माथिका गजलमा नआएकाले यी गजलहरू रदिफविहीन वा गैरमुरद्धफ गजल हुन् । यस सङ्ग्रहका पृ. ७, १७, २०, २५, ३०, ३५, ३६, ४०, ४३, ४७, ४९, ५०, ५७, ५८, ५९, ६०, ६४ मा रहेका गजलहरूमा रदिफको प्रयोग भएको छैन ।

**सिरानीमा आँसु** सङ्ग्रहका चौसट्ठीवटा गजलहरूमध्ये पृ.नं. चौवन्नमा रहेको 'कतै टाढा दियो ...' शीर्षकको गजलमा मात्र गजलकारले तखल्लुसको प्रयोग गरेका छन् ।

सबै हिंडिसके मात लागेपछि
अब बाँकी एउटै 'ललि' रहेको छ ।

माथि व्याख्या गरिएजस्तै संरचनामा आबद्ध रहेका रावलका यस सङ्ग्रहका गजलहरूको शीर्षक, पृष्ठ, सेरसङ्ख्या, काफिया, रदिफ तथा तखल्लुसको व्यवस्थालाई तल तालिकामा पनि प्रस्तुत गरिएको छ -

| क्र.स. | गजलको शीर्षक | पृष्ठ | सेर | काफिया | रदिफ | तखल्लुस |
|---|---|---|---|---|---|---|
| १ | शीतको थोपा उडिगयो | १ | ५ | + | + | - |
| २ | अगाडि छ मृत्यु | २ | ५ | + | + | - |
| ३ | तिमीलाई सम्झाउने | ३ | ५ | + | + | - |
| ४ | अलिकति घाम पाउन | ४ | ५ | + | + | - |
| ५ | हाम्रा हृदयभरि | ५ | ५ | + | + | - |
| ६ | चाहनाको गीत अझै | ६ | ५ | + | + | - |
| ७ | हिमाली हावा बग्दैछ | ७ | ५ | + | - | - |
| ८ | रोउँ भने कति रोउँ | ८ | ५ | + | + | - |
| ९ | एकान्तमा आफ्नो पीडा | ९ | ५ | + | + | - |
| १० | उज्यालोको लागि | १० | ५ | + | + | - |
| ११ | मान्छे किनबेच गर्ने | ११ | ५ | + | + | - |
| १२ | जूनसँग जूनेलीको | १२ | ५ | + | + | - |
| १३ | मन त्यसै दुख्छ | १३ | ६ | + | + | - |
| १४ | कहाँनेर कसको आज | १४ | ५ | + | + | - |
| १५ | सम्झिएर तिमीलाई | १५ | ५ | + | + | - |
| १६ | अँध्यारो रातभित्र | १६ | ५ | + | + | - |
| १७ | चन्द्रमाको छायाँ | १७ | ५ | + | - | - |
| १८ | जिन्दगीमा हिँडन बाँकी | १८ | ५ | + | + | - |
| १९ | जिन्दगीको गोरेटोमा | १९ | ५ | + | + | - |
| २० | कस्का लागि आँसु | २० | ५ | + | - | - |
| २१ | तिम्रै नाममा | २१ | ५ | + | + | - |
| २२ | आफन्तका माया | २२ | ५ | + | + | - |
| २३ | साउनमा रात दिन | २३ | ५ | + | + | - |
| २४ | आज मौसम | २४ | ६ | + | + | - |
| २५ | दुनियाँमा कोही | २५ | ५ | + | - | - |
| २६ | कतातिर लाग्ने होला | २६ | ५ | + | + | - |
| २७ | आँखाभरि स्वप्नहरू | २७ | ४ | + | + | - |
| २८ | ढुङ्गा हानी तलाउमा | २८ | ५ | + | + | - |
| २९ | यतै कतै छोडेको छु | २९ | ५ | + | + | - |
| ३० | जून आउला | ३० | ६ | + | - | - |
| ३१ | मन मेरो कता | ३१ | ५ | + | + | - |
| ३२ | अलिकति बाँकी | ३२ | ५ | + | + | - |
| ३३ | युगौंदेखि तिम्रो | ३३ | ५ | + | + | - |
| ३४ | हिजो आज सधैँ | ३४ | ५ | + | + | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | देख्न कहाँ पाइन्छ | ३५ | ५ | + | - | - |
| ३६ | पानीखोला कलकल | ३६ | ५ | + | - | - |
| ३७ | कहाँ डढे चाहनाहरू | ३७ | ७ | + | + | - |
| ३८ | एउटा सूर्य धरतीमा | ३८ | ५ | + | + | - |
| ३९ | रात बितिसक्यो | ३९ | ५ | + | + | - |
| ४० | विपनालाई अँगालेर | ४० | ५ | + | - | - |
| ४१ | आएको छ मौसम | ४१ | ५ | + | + | - |
| ४२ | फूल पातहरू | ४२ | ५ | + | + | - |
| ४३ | कसैलाई मार्न | ४३ | ५ | + | - | - |
| ४४ | एकै रातभित्र | ४४ | ५ | + | + | - |
| ४५ | जिन्दगीको उकाली | ४५ | ५ | + | + | - |
| ४६ | हाँगाभरि नयाँ | ४६ | ५ | + | + | - |
| ४७ | बन्दूकबाट कतै | ४७ | ५ | + | - | - |
| ४८ | कता-कता सुनेको | ४८ | ५ | + | + | - |
| ४९ | चन्द्रमालाई भेट्न | ४९ | ५ | + | - | - |
| ५० | बाटो हेर्दै थाक्यो | ५० | ५ | + | - | - |
| ५१ | बिग्रँदै थियो | ५१ | ५ | + | + | - |
| ५२ | सम्झना अझै | ५२ | ५ | + | + | - |
| ५३ | आँसुले जलिरहेको | ५३ | ५ | + | + | - |
| ५४ | कतै टाढा दियो | ५४ | ५ | + | + | + |
| ५५ | उही आकाश | ५५ | ५ | + | + | - |
| ५६ | आफ्नै पीरको | ५६ | ५ | + | + | - |
| ५७ | किन्नु छैन कतैबाट | ५७ | ५ | + | - | - |
| ५८ | हिजैमात्र अलिकति | ५८ | ५ | + | - | - |
| ५९ | धेरै-धेरै बढी सक्यो | ५९ | ५ | + | - | - |
| ६० | फर्किसक्यौँ महलमा | ६० | ५ | + | - | - |
| ६१ | मुटु छुने स्वरहरू | ६१ | ५ | + | + | - |
| ६२ | त्यसै-त्यसै पनि | ६२ | ५ | + | + | - |
| ६३ | झुक्किएर हो कि | ६३ | ५ | + | + | - |
| ६४ | मैले गीत गाउँदै | ६४ | ५ | + | - | - |

**सिरानीमा आँसु** सङ्ग्रहका गजलहरू केही सामान्य अपवादलाई छोडेर भन्ने हो भने सफल छन् । यसभित्र गजलको पूर्ण परिपाक भएको ठम्याउन सकिन्छ ।

### ४.७.३ विषयवस्तु तथा भाव

**सिरानीमा आँसु** सङ्ग्रहभित्र वि.सं. २०४६ देखि २०५८ सम्म रचना गरिएका गजलहरू सङ्गृहीत छन् । बाह्र बर्ष लामो समयावधिमा रचिएका गजलहरूमा विषयगत विविधता भने अवश्य नै रहेको छ । पञ्चायतकालको अवशानदेखि बहुदलीय शासन व्यवस्था र देशमा चढेको जनक्रान्तिको लहर जस्ता विषयहरू मूल कथ्य बनेको भए पनि यस सङ्ग्रहका आधा जसो गजलहरू प्रेम विषयमा नै रचिएका छन् । प्रेममा पनि मिलन, विछोड, धोका, छल, जस्ता विषयहरू मूल कथ्य बनेका छन् । प्रेम र गैरप्रेममा रचिएका रावलका गजलहरूका विषयवस्तु र भावलाई बुँदागत रूपमा तल चर्चा गरिएको छ -

### ४.७.३.१ श्रृङ्गार

ललिजन रावलका यस सङ्ग्रहका गजलमा श्रृङ्गारिक भावअन्तर्गत संयोग भन्दा वियोग भावको प्रधानता रहेको छ । उनका अधिकांश श्रृङ्गारिक भावका गजलहरू वियोग श्रृङ्गारमा रचना भएका छन् ।

आफूले सर्वस्व ठानेको मान्छेले विश्वासघात गरेर गएपछि पनि उसैसँग नाम जोडिन सक्ने सम्भावना र डरलाई गजलकारले यसरी व्यक्त गर्न खोजेका छन् -

शीतको थोपा, उडिगयो, बिहानीको घामसँगै
मेरो नाउँ जोडिएला, फेरि तिम्रो नामसँगै ।

पृ. १

आफूदेखि धेरै टाढा भएकी आफ्नी मायालुको साथ पाउनका लागि आफूले हर तरहको प्रयास गरेको तर अन्तमा आफ्नो प्रयास असफल भएको कुरा आफूलाई ज्ञात भएको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

जूनेलीको रंगभित्र, वसन्तका फूलभित्र
तिमीलाई खोज्नु मेरो असफल प्रयास रैछ ।

पृ. ३

विविध बाध्यताका कारण एक अर्कादेखि टाढा भए पनि आफ्नी प्रेमिका सागरको लहर जस्तै बनेर आफूलाई भेट्न आउने आशालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

किनारा झैं टाढा-टाढा हुन खोजे पनि
सागरको लहर बनी छुन आउला कोही ।

पृ. ९

जति नजिक हुन खोज्यो त्यति टाढा हुन खोज्ने आफ्नी प्रेमिका र आफ्नो मनको दूरी कहिले मेटिने हो ? भन्दै गजलकारले भनेका छन -

नजिक हुन खोज्दा झनै हुन्छौ टाढा
कहिले भेटिने हो हाम्रो मनको दूरी ।

पृ. ४३

टाढा भएकी मायालुसँग भेट हुने आशामा आफू बसिरहेको कुरालाई गजलकारले यसरी उल्लेख गरेका छन् -

सपना बोकी आँखाभित्र, नथाकेर कैले पनि
आवाज दिई तिमीलाई अझै डाकिरहेछु म ।

पृ. १२

नाता, गोता र इष्टमित्रलाई समेत बेवास्ता गर्दै प्रेम प्राप्तिका निम्ति समर्पित भएको र आफ्नी मायालुका निम्ति आफूले गजल गाएको कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

सम्झिएर तिमीलाई यहाँसम्म आएको छु
धेरै पछि आज एउटा गजल गुन्गुनाएको छु ।

पृ. १५

जिन्दगीको लामो बाटो एक अर्काको साथमा रहेर काट्ने बाचा गरे पनि त्यसो नभएको र एक अर्कादेखि छुट्टिनुमा आफू मात्र नभई आफ्नो प्रेमिकाको पनि दोष रहेको छ भन्ने धारणा रावलको छ ।

जिन्दगीमा हिँडनमा बाँकी अझै कोसौं-कोस थियो
बीचै बाटो रोकिनुमा तिम्रो पनि दोष थियो ।

पृ. १८

अतीतको यादले वर्तमानलाई पिरोलिरहेको समयमा मनले अतीतलाई बिर्सने आदेश दिए पनि अतीतको सम्झना र याद अझै खात बनेर रहेको छ, जस्तै-

पुराना ती सबै कथा बिर्सी देऊ भन्थ्यो मन
त्यही मनको गहिराइमा सम्झनाको खात थियो ।

पृ. १९

गजलकारले एकाबिहानै आफ्नो घर अगाडि काग कराएपछि प्रेमिका आफूलाई सम्झेर आउँछिन् कि भन्ने आशा गरेका छन् ।

सम्झिएर आज कोही, आउँदै छ कि फर्की
नत्र किन काग बास्यो, एका बिहानीमा ।

पृ. २०

जीवनको लामो यात्रा सँगसँगै बिताउने कशम खाएर बीच बाटोमा नै साथ छोड्नु भन्दा बरु झुटो कसम नखाए हुन्छ भन्ने गजलकारको धारणा छ ।

दुई पाइला चालेपछि तोड्नु नै छ भने
त्यसै-त्यसै कसमहरू नखाएकै जाति ।

पृ. ३०

आफूलाई बीच बाटोमा अलपत्र पारेर छाडेका कारण आफ्नी मायालुको साथ पाइन्छ कि ? भन्ने आस हराउँदै गएको छ ।

अलिकति बाँकी थियो, त्यो विश्वास हरायो
तिमीलाई भेट्छु भन्ने अब आश हरायो ।

पृ. ३२

आफूदेखि टाढा भएकी मायालुको बाटो हेर्दा हेर्दै आँखाका नानी थाकेको अनि सम्झनामा रुँदारुँदै सिरानी भिजेको कुरालाई गजलकारले यसरी व्यक्त गरेका छन् -

बाटो हेर्दै थाक्यो आँखाको नानी
रुँदा-रुँदै फेरि भिज्यो सिरानी ।

पृ. ५०

गजलकार आफ्नी मायालुले कसम तोडेर आफ्नो बाटो अन्तै मोडे पनि आफूले कसम तोड्न सक्दैनन् ।

तिमी हिँड्यौ कता-कता, भन्नु केही छैन
यताबाट भने कसम तोड्न सकिएन ।

पृ. ५१

आफ्नो स्वार्थ पूरा भए पछि आफूलाई छोडेकी मायालुलाई भेट्न देउतालाई भेट्न जस्तै गाह्रो भएको छ ।

द्यौता भेटे जस्तै रहेछ तिमीलाई भेट्नु
म त भेट्न खोज्दो रहेछु पहिले जस्तै ठानी ।

पृ. ५८

गजलकारले वियोगका अलावा संयोग श्रृङ्गारको प्रयोग गरेर पनि केही गजलहरू लेखेका छन् । पानी खाने बहानामा आफूलाई भेट्न आउने आफ्नो मायालुको प्रतीक्षामा गाग्री बोकेर पँधेरामा कुरिरहने मायालुलाई गजलकारले यसरी सम्झना गरेका छन् -

पर्खी बस्यौं गाग्री बोकी पँधेरामा तिमी
तिर्खा लाग्दा फेरि पानी पिउन आउला कोही ।

पृ. ९

आफ्नो रूप सौन्दर्यको घमण्ड गर्ने मायालुलाई राम्रो चिजमा पनि केही न केही दोष अवश्य रहेको हुन्छ भन्दै रावलले यसरी सम्झाएका छन् -

रूपसँगै सौन्दर्यको अभिमान छोड तिमी
जून छ त्यति राम्रो तर त्यसमा पनि टाटो भेटें ।

पृ.२६

आफ्नी मायालु अति नै सुन्दर भएको र उनको सुन्दरताको सामिप्यता पाउन प्रकृति पनि पछि लागेको कुरालाई रावलले यसरी व्यक्त गरेका छन् -

जून आउला तिमीलाई बोलाउन राती
अघि-पछि लगाएर ताराहरूको ताँती ।

पृ. ३०

गजलकारले देशको यथार्थ परिस्थितिलाई पनि श्रृङ्गारिक भावमा लगेर जोडेका छन् । स्वतन्त्र रूपले बाँच्न नपाएको अन्धकारमय जीवनमा जूनेली रात र जूनेलीको उज्यालोमा आफ्नी मायालुको मुहार हेर्ने अपेक्षालाई गजलकारले यसरी उल्लेख गरेका छन् -

जूनको उज्यालोमा तिम्रो, मुहार हेर्ने रहर थियो
रहर रहर नै हुने हो कि? आउने हो रात जूनेली ।

पृ. ४०

प्रकृतिको अनमोल सौन्दर्यको सामुन्नेमा कृत्रिम सौन्दर्यको मोल नभए जस्तै आफ्नी मायालुको मीठो बोलीमा नै आफूले सर्वस्व पाउने धारणा गजलकारको रहेको छ ।

जूनको छहारीमा सुन चाहिँदैन
मात्र सुने पुग्छ तिम्रो मीठो बोली ।

पृ. ४७

अन्जानमा भएका गल्तीका लागि गजलकारले आफ्नी मायालुसँग माफी मागेका छन् ।

थाहै नपाई गल्ती भैहाल्यो भने
माफ होस है सधैं तिम्रो रिसानी ।

पृ. ५०

यसरी ललिजन रावलले आफ्ना गजलमा श्रृङ्गारिक भावका अनेक पक्षलाई राम्ररी उद्घाटन गरेका छन् । संयोग श्रृङ्गारका तुलनामा वियोग श्रृङ्गारलाई अधिक प्रयोग गरिएका यस सङ्ग्रहका गजलमा श्रृङ्गारिक भावको प्रयोग गजलकारले कुशलतापूर्वक गरेका छन् ।

### ४.७.३.२ देशप्रेम

रावल एक देशभक्त गजलकार हुन् । उनले आफ्ना गजलमा देशप्रतिको माया, ममता र देशको सुन्दरताप्रतिको मनोभावनालाई छताछुल्ल पोखेका छन् । उनले नेपाल र नेपालीको लागि आफ्नो ज्यानको अर्पण गरेका वीर नेपालीलाई सूर्यको उपमा प्रदान गरेका छन् । देश र जनताका लागि मरिमेट्ने तिनै सूर्यहरूको बलिदानले अलिकति भए पनि स्वतन्त्र अस्तित्व प्राप्त भएको र यही अस्तित्वलाई दरिलो रूपमा स्थापित गर्न र नेपाललाई फूलबारीको रूपमा परिणत गर्नका लागि कम्मर कसेर लाग्नुपर्ने कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

अलिकति घाम पाउन कति सूर्य मर्नुपर्‍यो
उभ्नाड थियो फूलबारी यो, फूलले अब भर्नुपर्‍यो ।

पृ. ४

गजलकारले इतिहासमा स्वाभिमानी वीर कहलाएका नेपालीको शिर भ्रुकेकोमा चिन्ता प्रकट गरेका छन् । [९५]

स्वाभिमानी शिर आज
त्यसै-त्यसै भ्रुक्छ किन ?

पृ. १३

विदेशी रमझममा आकर्षित भएर आफ्नो जन्मभूमि र यहाँको सुन्दरतालाई लत्याएर हिँड्ने युवावर्गमा देखिएको पलायनवादी संस्कृतिप्रति कविले चिन्ता प्रकट गरेका छन् ।

---

[९५] अनाममण्डली, पूर्ववत्, पृ. ३४८ ।

लालीगुराँस यही फुल्छ, यही उड्छ डाँफे
हिमालको छाया खोज्न तिमी गयौ कता ।

पृ. २२

नेपाली जनताको त्याग र बलिदानले सफलता नपाएका कारण नेपाली माटो रोएको छ ।

पसिना र रगतका कति धारा बगे तर
अझै यहाँ रोइरहेको मेरो आफ्नै माटो भेटें ।

पृ. २६

पश्चिमी संस्कृतिको अनुसरण नगरीकन आफ्नो मौलिकतामा रमाउनु पर्छ भन्ने धारणा गजलकारको रहेको छ ।

पश्चिमतिर ढल्की हिँडनु किन पऱ्यो
बाँच्न सिक्नु पर्छ आफ्नै पन लिएर ।

पृ. ४१

आफ्नो पुर्खाको गौरवलाई बिर्सेर विदेशी शक्तिका सामु आफू र आफ्नो सगरमाथाको शिर झुकाउँदै हिँड्ने कायर नेपालीप्रति गजलकार यसरी पोखिएका छन् -

पुर्खाको त्यो गौरव-गाथा बिर्सिएर झुक्दै हिंडछौ
नझुकाऊ यसरी तिमी सगरमाथाको शिर ।

पृ. ५७

बेलामौकामा मन बहकिएर देशलाइ छोडेर जाने विचार आफूमा पलाए पनि आफ्नो धर्तीले आफूलाई तानेर ल्याउने कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

बहकिन्छु कहिलेकाहीं उड्न खोज्छु माथि
तर मेरो धरातलले ल्याउँछ फेरि तानी ।

प. ५८

गजलकार समयको परिवर्तनसँगै नेपाली जनताका पीडा र व्यथाहरू बढ्दै गएको र नेपालीका कठोर पीडासँगै धर्ती र आकास रोएको देख्छन् । उनको गजलकार व्यक्तित्व भावुकताको चुली चढेर वरिपरि हेर्दछ र मानिस, धर्ती र आकाशको पीडासँगै एकाकार हुँदो छ ।[९६]

वर्तमानमा झनै कठोर मानिसका पीडासँगै
रोएकै छ धर्ती यहाँ, रोएकै छ त्यो आकाश ।

पृ. ६०

गजलकारले आफ्नो जन्मथलो अछामको स्थानीय रङलाई पनि आफ्ना गजलमा समेटेका छन् । आफू खेलेको र हुर्केको आफ्नो गाउँको मायालाई रावलले यी सेरमा व्यक्त गरेका छन् -

– पानीखोला कलकल गर्दै गीत सुनाउँछ
पाल्यावनको रनवन मलाई बोलाउँछ ।

पृ. ३६

– मैले गीत गाउँदै हिंड्ने मेरो सल्लाघारी
मलाई खोज्दो होला कठै, पुगे डाँडापारि ।

पृ. ६४

ललिजन रावलले आफ्ना गजलमा देश र देशको सुन्दरता, माया र ममतालाई मात्र नभई देशका लागि आफ्नो प्राणको आहुति दिने वीर सहिदहरूलाई पनि समेटेका छन् । देशको स्वतन्त्र अस्तित्वलाई स्थापना गर्नका लागि आफ्नो ज्यानको बलिदान दिने वीर सहिदको नाम

[९६] विजय सुब्बा, 'सिरानीमा आँसु मा बगेका ललिजन रावल', **मधुपर्क**, (वर्ष ३८, अङ्क ५, पूर्णाङ्क ४३६, असोज २०६२), पृ. ४७ ।

आफ्नो हृदयमा रहिरहेको र उनीहरूले गरेको वीरतापूर्ण बलिदानको आफूले सदैव कदर गर्ने कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

– हाम्रा हृदयभरि अंकित तिम्रै अमर नाम छ
तिम्रो बलिदानलाई हाम्रो लाख-लाख सलाम छ ।

पृ. ५

– हाम्रा हृदयमा सधैं ज्यूँदो त्यही छ जो
देशलाई ज्यूँदो राख्न आफू मरी दियो ।

पृ. १४

– सगरमाथा भन्दा अग्लो भइ बस्यो त्यो आँखाभित्र
अरूलाई उठाउन आफै नै जो ढलेको छ ।

पृ. १६

### ४.७.३.३ विकृत राजनीतिप्रति व्यङ्ग्य

सत्ताको मोहबाट मुक्त हुन नसकेका नेपाली राजनीतिक दल र दलका नेताहरूको प्रवृत्तिप्रति पनि गजलकार रावलले तीखो व्यङ्ग्य गरेका छन् ।[९७] जनताको घरदैलोमा पुगेर अनेक बाचा गरी निर्वाचित भएका जनप्रतिनिधिहरूले सोझा नेपाली जनतालाई विकासका मीठा सपना देखाए तापनि काम पूरा नगरेका कारण उनीहरू नेपाली जनतामा आँखाबाट गिर्नुपरेको छ ।

उदारता तिम्रो देखें, महानता पनि देखें
त्यसैले त आज सबका आँखाबाट झर्नुपऱ्यो ।

पृ. ४

नेपाली जनताको पीर मर्का नबुझेर सत्ता र शक्तिको होडमा लागेका अवसरवादी नेताहरूले नेपाली जनतालाई झुक्क्याउनका लागि अन्यायलाई छोपेर मुखले ठिक्क पारेका पो हुन कि ? भन्ने शङ्कालाई उनले यसरी व्यक्त गरेका छन् -

झुक्क्याउनलाई हो कि, फेरी पनि अन्यायीको
बगलीमा छुरा तर मुखमा राम राम छ ।

पृ. ५

पटकपटक धोका पाएकाले नेपाली मनमा अब नेताप्रतिको विश्वास हराएको छ ।

दुःखको खोला सुझाउँछु भन्थ्यौ ख्वै कहाँ हरायौं ?
कसरी गर्नु विश्वास अब तिम्रा ती बातमा ?

पृ. ७

नेपाली जनता सचेत भइसकेका कारण रङ्गहीन सपना देखाएर छल्ने नेताहरूको यथार्थ अब लुक्न सक्दैन ।

रंगहीन स्वप्नहरू दिई मेरा आँखालाई
बल्ल थाहा पाए मैले, कसले मलाई छलेको छ ।

पृ. १६

छेपारोले जस्तो रङ्ग फेर्ने नेताको प्रवृत्तिप्रति गजलकारले व्यङ्ग्य गरेका छन् ।

कैले कस्तो, कैले कस्तो, रंग फेरी आइदिन्छ
अनुहारैभरि उसले, कुन्नि के-के दलेको छ ।

पृ. १६

व्यक्तिगत स्वार्थको पूर्ति र शक्ति हात पर्ने तानातानमा नै समय बिताएकाले देश र जनताको उन्नतीका लागि केही गर्न सकिने अमूल्य मौका छुटेका छन् ।

---

[९७] अनाममण्डली, पूर्ववत्, पृ.३५१ ।

धेरै चोटी खेर गए, अमूल्य ती क्षणहरू
मोती कतै टिप्ला भनि, आपसमा नै रोष थियो ।

पृ. १८

राजनीतिक परिवर्तनले सत्तादेखि पर पुऱ्याएको समयमा आफैबाट भएको पापको गणना आफै गर्नुपर्ला है ? भन्दै भ्रष्ट नेतालाई गजलकारले सचेत पार्न खोजेका छन् ।

कुनै बेला आफैतिर फर्किएर हेर्नु पर्ला
आफैबाट कति भए जिन्दगीका पापहरू ।

पृ. २९

सत्ता परिवर्तन भईरहे पनि छल, कपट र शक्तिको अभिमानबाहेक केही नदेखिएकोमा गजलकार निराश देखिएका छन् ।

अलि-अलि बल, अझ बढी छल
आयो कोही आज यस्तै चलन लिएर ।

पृ. ४१

सत्तामा पुगेपछि एकाएक परिवर्तन भएका नेताहरूको स्थितिलाई गजलकारले यसरी उल्लेख गरेका छन् -

एकै रातभित्र झुप्रो, महल हुँदो रै'छ
पर्दाभित्रबाटै यहाँ, छल हुँदोरै'छ ।

पृ.४४

आफ्नो सुविधाभोगी जीवनले नेताहरूलाई यतिसम्म मोहित तुल्याएको छ कि यसबाट उनीहरू टाढा हुन चाहदैनन् । पीडा र व्यथामा जीवन बिताएका जनता र सत्तामा पुगेका नेताका बीचमा देखिने अन्तरलाई रावलले यसरी केलाएका छन् -

माथि-माथि बस्नेहरूले दुःख पीर बिर्सिसके
तर तल धरातलमा उस्तै छन् अझै पीर ।

पृ.५७

आफूलाई सत्ता र शक्तिको नेतृत्वमा पुऱ्याउने नेपाली जनताप्रति नेताहरूले गरेको अनुत्तरदायी व्यवहारको चित्रण गजलकारले यसरी गरेका छन. -

सुरक्षाका कवचभित्र तिमी ढुक्क सुत्छौ
मृत्यु धावा बोल्छ उता मान्छे छानी-छानी ।

पृ.५८

सत्तामा पुग्नुअघि नानाथरी आश्वासन बाँडी हिँड्ने राजनीतिक दलका नेताहरूको सत्ता प्राप्तिपछिको स्वार्थी र भ्रष्ट मतिलाई रावलले यसरी दर्शाएका छन् -

हिजैसम्म आश्था बोकी हिंड्नेहरूको पनि
रङ्गी-चङ्गी दुनियाँभित्र बिग्रिएछ मति ।

पृ. ५९

नेपाली जनताका आँखामा छारो हालेर पुण्य गरेको भ्रम सिर्जना गर्दै व्यक्तिवादी सोचमा लिप्त नेताको पोल खोलेपछिको क्रोधित मनस्थितिलाई गजलकारले यसरी व्यक्त गरेका छन् -

पुण्य गर्छु भनी-भनी पाप गर्दै गयौ तिमी
गोप्यता यो खुलेकोमा तिमीलाई क्रुद्ध देखे ।

पृ. ६३

### ४.७.३.४ श्रमिकप्रतिको सम्मान

मार्क्सवादी विचारधाराबाट प्रभावित गजलकार रावल वर्गीयचेतना र श्रमिकप्रतिको सम्मान भावलाई आफ्ना गजलमा समेट्न सक्षम र सिपालु रहेका छन् । श्रमिकवर्गप्रति अगाध

श्रद्धा राख्ने रावलले माटोमा पसिना चुहाउने किसानले आफ्नो श्रमको उचित मूल्य पाउनुपर्ने कुरामा जोड दिएका छन् ।

युगौदेखि कार्यशील तमाम जिन्दगीले
पसिनाको मोल अझै पाउन बाँकी छ ।

पृ. ६

उराठिलो धरतीलाई पसिना प्रदान गरेर उर्वर र भरिलो बनाउने शक्ति श्रमिकको हातमा रहेको छ ।

पसिना झारी धरतीलाई उर्वरा बनाई
संसारलाई जिन्दगी दिने शक्ति छ हातमा ।

पृ. ७

गजलकारले दुई छाक टार्नका लागि जीवनभरि पसिना बगाउने सम्पूर्ण श्रमिकवर्गलाई बर्बाद हुन नदिने प्रण गरेका छन् ।

जीवनभरि पसिना बगाउने जति
कसैलाई हुन दिन्नौ बर्बाद हामी ।

पृ. २१

समय जतिसुकै परिवर्तन भए पनि मजदुरको श्रम लुटिने प्रथा यथावत रहेकाले मजदुरहरू स्वतन्त्र हुन सकेका छैनन् ।

मजदुरको श्रम अझै लुटिँदै छ
कस्ले भन्छ अहिल्यै भयौ आजाद हामी ?

पृ. २१

घाम र पानीको वास्ता नगरिकन निरन्तर क्रियाशील श्रमिकवर्गलाई गजलकारले यसरी सम्झना गरेका छन् -

घाम पोल्छ तिमीलाई पानी रुझाउँछ
तर तिम्रो पाखुरीले श्रम गरेकै छ ।

पृ. ३३

ठूलावडाको आदेश मानेर स्वाभिमानी श्रमिकहरू सधैंभरि दास बन्न हुँदैन ।

पालन धेरै गरिसके सधैं तिम्रा आदेशहरू
स्वाभिमानी मानिस यहाँ कहिलेसम्म बन्छ दास ?

पृ. ६०

### ४.७.३.५ क्रान्तिकारी स्वर

गजलकार रावलले **सिरानीमा आँसु** सङ्ग्रहमा देश र जनताको उन्नतीको चाहना राखेर क्रान्ति गर्नुपर्दछ भन्ने भावनालाई समेटेका छन् । लक्ष्यसम्म पुग्ने बाटो लामो भएकाले सबैमा उज्यालो प्राप्तिको चाहना र सङ्घर्षको लागि तयार रहनुपर्छ भन्ने भावनालाई जगाउनुपर्छ भन्ने गजलकारको धारणा रहेको छ ।

बिहान अझै टाढा नै छ, अन्तिम लक्ष्य भेट्नलाई
उज्यालाको गीतहरू ओंठ-ओंठमा सर्नुपर्‍यो ।

पृ. ४

नेपाली जनताको जीवनलाई धूलो जस्तै कुल्चिएको देखेर गजलकारको आँखामा विद्रोहको ज्वाला दन्केको छ ।

धूलो जस्तै धेरै जीवन कुल्चिएको देख्दा
आँखाभित्र सधैं एउटा आगो बलिरह्यो ।

पृ. १०

जतिसुकै हार र चोट पाए पनि आफ्नो लक्ष्यमा पुगेरै छाड्ने र भोलिको दिन सुनौलो बनाउने विश्वासको दियो मनमा बलेको छ ।

जति हार खाए पनि, जति घाउ पाए पनि
विश्वासको दियो एउटा, उहिलेदेखि जलेको छ ।

पृ. १६

आफ्नो चाहना अनुसारको जीवन बिताउन नपाएका कारण मनमा विद्रोहको ज्वाला उठेको कुरालाई गजलकारले यसरी उल्लेख गरेका छन् -

तड्पिएर सधैंभरि, मरी-मरी बाँच्नु पर्दा
मनमा उसको आगो अनि आँखामा आक्रोश थियो ।

पृ. १८

आफ्ना सपनालाई कुल्चेर आरामदायी ओछ्यानमा रात बिताउनेहरूको मीठो निद्रालाई खल्बल्याउन सक्ने आँट आफूमा भएको कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

दुखियाका स्वप्नहरू कुल्ची आफू मस्त सुत्ने
अन्यायीको मीठो निद्रा खलबलाई दिन सक्छौं ।

पृ. २८

नेपाली जनता अब पीडा र व्यथा खप्न सक्ने भइसकेका छन् । आफ्नो उन्मुक्तिका लागि क्रान्ति सुरु गरेको समयमा जति पीडा दिए पनि केही फरक पर्दैन ।

जल्नुसम्म जलिसके सधैंभरी जिन्दगीमा
अब के पो गर्न सक्लान् आगोका ती रापहरू ।

पृ. २९

क्रान्ति आफैबाट सुरु गर्नुपर्ने कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

टाढा कतै मन्दिरमा जानु पऱ्यो किन ?
आफ्नै मनको अंधेरीमा बालिदेऊ बाती ।

पृ. ३०

समय खेर नफालिकन बिहानीको घामलाई आफ्नो पक्षमा पार्नका लागि नेपाली जनता उठ्नुपर्छ ।

रात बितिसक्यो अब उठे भयो
बिहानीको घामले दैलो पोते भयो ।

पृ. ३९

समय धेरै अगाडि बढिसकेको, शान्ति र स्वतन्त्रताको दियोको प्रकाश मधुरो हुन थालेको तर आम नेपाली जनता आनाकानीमा नै समय बर्बाद गरिरहेको देखेर गजलकारले आम नेपाली जनतालाई क्रान्तिको लागि, यसरी झकझक्याएका छन् -

तेल खोज बाती खोज नौलो दियो बाल्न
यो दियोको प्रकाश भयो सारै मधुरो ।

पृ. ४९

आफ्नो काम आफैबाट सम्पन्न गर्न अब जुरमुराउने बेला आएको छ ।

छाउनु थियो चुहिएको पुरानो त्यो छानो
यताउति कतैतिर खर देख्यौ कि !

पृ. ५३

### ४.७.३.६ यथार्थको प्रस्तुति

**सिरानीमा आँसु** सङ्ग्रहमा ललिजन रावलले वर्तमानभित्रको यथार्थको उद्घाटन गरेका छन् । जीवनको यात्रामा दुःखको बाटो ज्यादै लामो भएकाले मनहरूले खुशीको आभास पाउन सकेका छैनन् ।

धेरै लामो भइदियो जिन्दगीमा दुःखको बाटो
मनहरूले पाएनन् खुसीको आभास अझै ।

पृ. २

हुनेखानेका लागि जीवन रमाइलो भएको र नहुनेका लागि आँसु-आँसु भएको यथार्थतालाई गजलकारले यसरी उल्लेख गरेका छन् -

यति छोटो जिन्दगीमा लामो बाटो हिंड्दा
कतै आँसु, कतै चहल-पहल पनि देखें ।

पृ. ११

नेपाली जनताको ओंठको हाँसोको ठाउँ आँसुले लिएको र हाँसोको पर्खाइमा रहदारहदै मानव जीवन नै आसुसँग बगेको छ ।

कहिले त हाँसो खुल्ला उदास ओंठमा भन्दा भन्दै
आफैलाई आँसुसँग बगाएको धेरै भयो ।

पृ. ३१

नेपाली आकाशमा जून र ताराको झिलिमिली नभई कालाकाला बादलहरूको बास रहेको छ ।

जून-तारा खोज्दै माथि आकाशमा हेरें
काला-काला बादलभित्र पूरै आकाश हरायो ।

पृ. ३२

दुःख पऱ्यो भनेर रोएर मात्र दुःखको हल नहुने धारणा गजलकारको छ ।

जति रोए पनि कैल्यै दुःख सकिंदैन
अझै कति भिजाउँछौ आफ्नो सिरानी तिमी ।

पृ. ३४

गजलकार रावलले आफ्नो पुर्ख्यौली थलो अछामका मानिसहरू मुम्बई गएर काम गर्ने यथार्थ परिपाटीलाई पनि आफ्ना गजलमा समेटेका छन् । अछामका मानिसहरूको दृष्टिमा पहिलो सत्रु बम्बैका सेठ र दोस्रो सत्रु ऋण रहेका छन् ।

एक बैरी बम्बैका सेठ, दोस्रो बैरी रिन
यस्तै गीत गाउँदै अछाम दिन बिताउँछ ।

पृ. ३६

जति सङ्घर्ष गरे पनि जीत हात पार्न नसकिएकाले जीवन हारैहारले भरिएको छ ।

एक चोटि मात्र होइन, सयौं-सयौं चोटि हारे
सधैंलाई हार्नुपर्ने पाएँ मैले हार कस्तो ?

पृ. ३७

एउटै समय परिस्थिति र दृश्य पनि मानिस र उसको स्थितिअनुसार फरकफरक देखिन्छ । प्रकृतिको सुन्दरता र नदीको बहावमा उल्लास मनाउने व्यक्तिहरू र नदीको बहावमा आफ्नो सर्बस्व गुमाएका दुःखी मानिसहरूको यथार्थ र अन्तरलाई गजलकारले यसरी गजलमा उतारेका छन् -

प्रकृतिको सौन्दर्य र नदीको यो गति हेरी
कोही भने दुःखी यहाँ, कोही उल्लासमा देखें ।

पृ. ३८

अनेकौं ज्यानको बलिदान दिएर ल्याएको प्रजातन्त्रको किरणले मानव मनमा अमनचयनको आशा देखाए पनि त्यसले मूर्त रूप लिन सकेको छैन ।

बल्ल-बल्ल एउटा किरण, देखिएथ्यो आँगनीमा
तर फेरि के भएछ, मैले देखिन उजेली ।

पृ. ४०

समाज दुई वर्गमा विभाजित छ । एकातिर मान्छे एक गाँसका लागि सडक पेटीमा रोइरहेका छन् भने अर्कोतिर दुःख र कष्टदेखि बेखबर मानिसहरू महलमा सुखसयलपूर्ण जीवन भोगिरहका छन् ।

जिन्दगीको उकाली र ओराली देखें
कुनै रोदन कतै ओंठका ती लाली देखें ।

पृ. ४५

प्रगति पथमा लम्कनका लागि पाइला अघि बढाउने प्रयास गरे पनि पाइताला पोल्ने परिस्थितिले आफ्नो गतिलाई निस्तेज पारेको यथार्थप्रति गजलकार चिन्तित छन् ।

पाइताला टेक्ने मेरो चाह थियो
पाइताला पोल्ने ठाउँ छ के गरौ ।

पृ. ५२

सत्ता, शक्ति र पहुँचको बोलबाला रहेको समाजमा आँसुको कुनै मोल छैन ।

रुने किन पोखी आफ्ना पीरहरू
दुनियाँमा आँसुको के दाम छ ?

पृ. ५५

### ३.७.३.७ अमानवीयताप्रतिको चिन्ता

मान्छेमा बढ्दै गएको अमानवीय चरित्रप्रति पनि रावलले चिन्ता प्रकट गरेका छन् ।[९८] आफ्नो वुद्धि, विवेक, नैतिकता र स्वयम् आफ्नो अस्तित्वलाई समेत बिर्सेर धनकोपछि लागेका मानिसको प्रवृत्ति देखेर गजलकार निकै चिन्तित बनेका छन् ।

सुन चाँदी पाउन मान्छे
आफैलाई भुल्छ किन ?

पृ. १३

दिनदिनै बिग्रँदै गएको मनोदशाका कारण मानिस राक्षसी बन्दै छ ।

शरीरभरि इख हो कि, विष फैलिएको देखें
मानिसले हो वा पक्कै, सर्पले हो डसेको छ ।

पृ. ५६

दिन प्रतिदिन व्यक्तिवादी सोंचमा फसेको मान्छेमा दया, माया भन्ने कुरा नरहेकोमा रावल चिन्तित देखिएका छन् -

व्यक्तिवादी बन्दै मान्छे यति कठोर भयो
दया-माया भन्ने कुरा रहेन अलिकति ।

पृ. ५९

विवेक र नैतिकता हराइसकेका कारण मानव जीवनको कुनै मूल्य नरहेको र मारामार र काटाकाटको स्थिति फैलिदै गएको हो ।

जिन्दगीको मूल्य छैन, मृत्यु धेरै सस्तो भयो
टुलुटुलु हेर्नुपर्छ आफ्नो आँखाले आफ्नै लाश ।

पृ. ६०

### ३.७.३.८ जीवनदृष्टि

ललिजन रावलले **सिरानीमा आँसु** सङ्ग्रहमा मानव जीवनसम्बन्धी विभिन्न दृष्टिकोणहरू व्यक्त गरेका छन् । उनले जीवनलाई आशावादी र निराशावादी दुवै दृष्टिकोणबाट हेरेका छन् । उनले जीवनलाई एउटा लामो पङ्क्तिको रूपमा लिएका छन् । जसरी पङ्क्तिलाई रोक्न

---

[९८] ऐजन ।

पूर्णविरामको प्रयोग गरिन्छ त्यसैगरी जीवनरूपी पङ्क्तिलाई रोक्नका लागि पूर्णविराम दिन मन लागेको कुरालाई गजलकारले यसरी उल्लेख गरेका छन् -

जिन्दगीको एउटै पंक्ति, धेरै लामो हुँदोरैछ
रोकिदिउँ कि आफैलाई, एउटा पूर्ण विरामसँगै ।

पृ. १

गजलकार रावल मन्दिरका ढुङ्गे मूर्तिमा विश्वास गर्दैनन् । भगवान र भाग्यवादका विरोधी रावल कर्ममा विश्वास गर्दछन् । राम्रो कर्म गर्दै निरन्तर अघि बढेको खण्डमा आफ्नो भाग्य लेख्ने भावी आफै बन्ने कुराको उल्लेख गजलकारले यसरी गरेका छन -

विश्वास उठिसक्यो अब, मन्दिरका मूर्तिबाट
आफ्नो भावी आफैं हुँ म भाग्य लेख्ने को छ मेरो ?

पृ. ८

जिन्दगीको यात्राको केही टुङ्गो नभएका कारण जीवन नै अलमल्ल परेको छ ।

जिन्दगीको यात्रा कहाँ गई टुंगिने हो ?
खोज्दै जवाफ जिन्दगी नै सधैं अलमलिरहयो ।

पृ. १०

जिन्दगीमा धेरै दुःख र कष्ट झेल्नु पर्ने हुनाले सानोतिनो दुःखमा दुःखी हुनु हुँदैन ।

सानो दुःख पर्दा किन, दुःखी भयौ तिमी ?
कैयौं पीर खप्नु पर्छ यो जिन्दगानीमा ।

पृ. २०

जीवन दुई दिनको हो, अन्तिम सत्य केवल मृत्यु हो । दुनियाँमा कोही पनि अजम्मरी छैन, सबै प्राणीहरू केही दिनका पाहुना मात्र हुन् ।[९९]

– दुनियाँमा कोही पनि हुन्न अजम्मरी
मानौं एकैछिन बसी उडी गयो चरी ।

पृ. २५

– फूल पातहरू सबै झर्नु नै छ
तिमी हामी एक दिन मर्नु नै छ ।

पृ. ४२

गजलकार रावलले आफ्ना गजलमा नेपाल र नेपालीले भोग्नुपरेका विभिन्न यथार्थ पक्षहरूलाई कुशलतापूर्वक समेटेका छन् । नेपाली समाजमा व्याप्त विभिन्न पाटाहरूमध्ये पनि श्रृङ्गार र राजनीतिप्रतिको वितृष्णालाई गजलकारले प्रमुख रूपमा यस सङ्ग्रहमा समेटेका छन् ।

### ४.७.४ सङ्गीत

**सिरानीमा आँसु** सङ्ग्रहभित्रका गजलहरू सङ्गीतचेतनाका दृष्टिले पनि महत्त्वपूर्ण रहेका छन् । यस सङ्ग्रहमा गजलकारले लय, अनुप्रास, पद तथा पदावलीको आवृत्ति, वर्णगत आवृत्ति, काफिया र रदिफको सन्तुलित प्रयोग गरेर गजलहरूलाई सङ्गीतको निकट पुऱ्याएका छन् । **सिरानीमा आँसु** सङ्ग्रहमा रहेका गजलहरूलाई सङ्गीतको नजिक पुऱ्याउने यिनै विभिन्न तत्त्वहरूको बारेमा तल चर्चा गरिएको छ -

### ४.७.४.१ लय

गजल गेय परम्पराबाट अगाडि बढेको साहित्यिक विधा भएकाले यो गेयात्मक र लयात्मक नै हुनुपर्छ भन्ने मान्यता रहेको पाइन्छ । गजल गेयात्मक र लयात्मक हुनका लागि गति, यति र विश्रामसहित अनुप्रासयुक्त पनि हुनुपर्छ । काफियाले गजललाई अनुप्रासयुक्त बनाए

---

[९९] अनाममण्डली, पूर्ववत्, पृ. ३५४ ।

पनि यति र गतिको समानता नभएमा वा यति र गतिमा क्रमभङ्ग भएमा गजल श्रुतिमधुर बन्न सक्दैन । यति, गति र अनुप्रासीय तुकबन्दीले नै गजललाई लयात्मकता प्रदान गर्दछ । यस सङ्गंहभित्रका गजलहरू काफिया र रदिफ प्रयोगको दृष्टिले उत्कृष्ट छन् तर गति, यति र विश्रामका क्रममा क्रमभङ्ग भएको स्थिति पनि केही सेरमा देखिन्छ ।

**सिरानीमा आँसु** सङ्ग्रहभित्र बराबर अक्षरसङ्ख्या भएको पूर्ण संरचनालेयुक्त गजलको रूपमा पृ. नं. बयालीसमा रहेको 'फूल पातहरू ...' शीर्षकको गजल रहेको छ । यो गजल पाँच सेरमा संरचित छ भने प्रत्येक सेरमा बाह्र अक्षरसङ्ख्या रहेका छन् । त्यसैगरी यस सङ्ग्रहभित्रका गजललाई लयात्मकता प्रदान गर्नका लागि केही वर्णको हलन्त उच्चारण गर्नुपर्ने पनि देखिन्छ । यस सङ्ग्रहभित्रका गजलमा प्रयोग गरेका पृष्ठसङ्ख्या, अक्षरसङ्ख्या र मध्यविश्रामको व्यवस्था मिलेको वा नमिलेको कुरालाई तल तालिकामा देखाइएको छ -

| पृष्ठ | अक्षरसङ्ख्या | मध्यविश्राम | पृष्ठ | अक्षरसङ्ख्या | मध्यविश्राम |
|---|---|---|---|---|---|
| १ | १६-१९ | ८ | ३३ | १४-१६ | ८ |
| २ | १६-१९ | ८ | ३४ | १४-१७ | ८ |
| ३ | १६-१८ | ८ | ३५ | १६-१९ | ८ |
| ४ | १६-१९ | ८ | ३६ | १४-१६ | ८ |
| ५ | १६-१८ | ८ | ३७ | १६-१९ | ८ |
| ६ | १४-१६ | ८ | ३८ | १६-१९ | ८ |
| ७ | १६-१८ | १० | ३९ | १२-१५ | ६ |
| ८ | १६-१७ | ८ | ४० | १६-२० | ८ |
| ९ | १४-१६ | ८ | ४१ | १२-१६ | ७ |
| १० | १४-१८ | × | ४२ | १२ | ८ |
| ११ | १५-१७ | ८ | ४३ | १२-१४ | ६ |
| १२ | १६-१७ | ८ | ४४ | १४-१६ | ८ |
| १३ | ८-१० | ४ | ४५ | १३-१६ | × |
| १४ | १४-१६ | ८ | ४६ | १४-१६ | × |
| १५ | १६-१८ | ८ | ४७ | १२-१३ | ६ |
| १६ | १६-१८ | ८ | ४८ | १४-१६ | ८ |
| १७ | १४-१५ | ८ | ४९ | १३-१६ | ८ |
| १८ | १६-१८ | ८ | ५० | ११-१३ | ६ |
| १९ | १६-१९ | ८ | ५१ | १४-१६ | ८ |
| २० | १४-१५ | ८ | ५२ | ११-१२ | × |
| २१ | १३-१६ | × | ५३ | १३-१६ | × |
| २२ | १४-१७ | ८ | ५४ | १२-१३ | ६ |
| २३ | १४-१५ | ८ | ५५ | ११-१३ | × |
| २४ | १०-१२ | ४ | ५६ | १६-१७ | ८ |
| २५ | १४-१५ | ८ | ५७ | १६-१८ | ८ |
| २६ | १६-१८ | ८ | ५८ | १४-१७ | ८ |
| २७ | १४-२६ | ८ | ५९ | १४-१६ | ८ |
| २८ | १६-१८ | ८ | ६० | १६-१९ | ८ |
| २९ | १६-१८ | ८ | ६१ | १४-१६ | ८ |
| ३० | १४-१६ | ८ | ६२ | १२-१४ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | १६-१८ | ८ | ६३ | १६-१८ | × |
| ३२ | १४-१७ | ८ | ६४ | १४-१६ | ८ |

उर्पयुक्त तालिकाअनुसार हेर्दा **सिरानीमा आँसु** सङ्ग्रहमा रहेका चौसट्ठीवटा गजलहरू एउटै लयमा आधारित त छैनन् तर अक्षरसङ्ख्याको अन्तर कम देखिएका गजलहरूमा भने लयगत समानता रहेको पाइन्छ । समान अक्षरसङ्ख्यामा आबद्ध एकमात्र गजल[100]बाहेक अन्य त्रिसट्ठीवटा गजलमा थोरैमा एक अक्षरको र बढीमा चार अक्षरसम्मको अन्तर रहेको पाइन्छ । पृ. नं. आठ मा रहेको 'रोउँ भने कति रोउँ...' शीर्षकको गजलमा सोहदेखि सत्र अक्षरसङ्ख्यामा बाँधिएका पाँच सेरहरू छन् । यसमा सत्र अक्षरका दुईवटा सेर र अन्य तीन सेरहरू सोह्रदेखि सत्र अक्षरका छन् । त्यसैगरी पृ. नं. दशमा रहेको 'उज्यालोको लागि...' शीर्षकको गजलमा चौधदेखि अठार अक्षरसम्मको संरचना रहेको छ । यस गजलमा रहेका पाँच सेरमध्ये पहिलो र दोस्रो सेर सोह्रदेखि सत्र अक्षरको, तेस्रो सेर सोह्र अक्षरको, चौथो सेर चौधदेखि अठार अक्षरको र पाँचौं सेर पन्ध्रदेखि सोह्र अक्षरसम्मको रहेको छ ।

समग्रमा हेर्दा अक्षरसङ्ख्याको अन्तर कम भए तापनि मिसरा-एउला र मिसरा-एसानी बीच एकरूपता नभएका वा मिटर नमिलेका गजलहरू केही भए पनि प्रायः गजलहरू लयात्मक नै रहेका छन् । धेरैजसो गजलमा एकदेखि तीन अक्षरसम्मको र थोरै मात्र गजलमा चार अक्षरसङ्ख्याको अन्तर भएकाले यी गजलहरू गाउन पनि सकिन्छ । यस सङ्ग्रहका ६, २४, ३० र ४८ पेजमा रहेका गजलहरू गायकहरूद्वारा गाइएको पनि छ । गजललाई लयात्मक बनाउनका लागि रावलले नेपाली झ्याउरे लयलाई समातेर पनि केही गजलको रचना गरेका छन् ।

– हिमाली हावा बग्दैछ किन नौलो त्यो मातमा
किन हो कुन्नि रुँदैछ कोही जूनेली रातमा ।

पृ. ७

– चन्द्रमाको छाया अहिले तलाउमा पऱ्यो
यस्तो लाग्यो सिङ्गै जून नै धरतीमा झऱ्यो ।

पृ. १७

– दुनियाँमा कोही पनि हुन्न अजम्मरी
मानौं एकैछिन बसी उडिगयो चरी ।

पृ. २५

रावलले माथिका गजलमा आठ-आठ अक्षरमा विश्राम हुने सोह्र अक्षरे र आठ-छ अक्षरमा विश्राम हुने चौध अक्षरे झ्याउरे लोक छन्दको प्रयोग गरेका छन् । लयात्मकताको सचेत प्रयास गर्ने गजलकार रावलका केही गजलहरूमा लयगत कमजोरी भेटिए पनि उनका यस सङ्ग्रहमा प्रायःजसो गजलहरू लयका दृष्टिले उत्कृष्ट ठहरिएका छन् ।

### ४.७.४.२ अनुप्रास

गजललाई सङ्गीतमय बनाउने विभिन्न तत्त्वहरूमध्ये अनुप्रास पनि एक हो । रावलले **सिरानीमा आँसु**भित्रका गजलमा अनुप्रासका विभिन्न प्रकारहरूको प्रयोग गरेर गजललाई सङ्गीतको निकट पुऱ्याएका छन् । यस सङ्ग्रहमा प्रयोग भएका अनुप्रासका विभिन्न प्रकार र तिनीहरूको प्रयोग कसरी गरिएको छ भन्ने चर्चा तल गरिएको छ -

**क) अन्त्यानुप्रास**

पङ्क्तिपङ्क्तिका अन्तमा परेका अनुप्रासलाई अन्त्यानुप्रास भनिन्छ । यस सङ्ग्रहका गजलमा काफियाका रूपमा आउने पहिलो दुई मिसरासँगको अनुप्रासलाई अन्य सेरका दोस्रो-

[100] पृ.नं. ४२ को गजल ।

दोस्रो मिसरामा गजलकारले कुशलतापूर्वक मिलाएका छन् । अन्त्यानुप्रासका केही उदाहरण तल प्रस्तुत गरिएको छ -

– हिमाली हावा बग्दैछ किन नौलो त्यो मातमा
किन हो कुन्नि रुँदैछ कोही जूनेली रातमा ।

पृ. ७६

– चन्द्रमाको छाया अहिले तलाउमा पऱ्यो
यस्तो लाग्यो सिङ्गै जून नै धरतीमा झऱ्यो ।

पृ. १७

– कस्का लागि आँसु पोख्यौ, आज सिरानीमा
एक्लै रोई बस्छौ किन, गई बिरानीमा ।

पृ. २०

– दुनियाँमा कोही पनि हुन्न अजम्मरी
मानौं एकैछिन बसी उडी गयो चरी ।

पृ. २५

– जून आउला तिमीलाई बोलाउन राती
अघि-पछि लगाएर ताराहरूको ताँती ।

पृ. ३०

माथिका उदाहरणमा रहेका सेरहरूको अन्तमा क्रमशः 'मातमा-रातमा', 'पऱ्यो-झऱ्यो', 'सिरानीमा-बिरानीमा', 'राती-ताँती' जस्ता अनुप्रासयुक्त शब्दको उपस्थितिले गजल श्रुतिमधुर बनेका छन् ।

**ख) छेकानुप्रास**

एक वा अनेक व्यञ्जन उसैक्रममा एकपटक मात्र दोहेरिनुलाई छेकानुप्रास भनिन्छ । **सिरानीमा आँसु** सङ्ग्रहमा प्रयोग भएका छेकानुप्रासका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ -

– जूनसँग जूनेलीको रंग मागिरहेछु म ।

पृ. १२

माथिको उदाहरणमा 'ज', 'न', 'र', र 'म' वर्णको एकपटक आवृत्ति भएको छ ।

– यहाँ भने आँखाबाट आँसु झरेकै छ ।

पृ. २३

माथिको उदाहरणमा 'आ' वर्णको एकपटक मात्र आवृत्ति भएको छ ।

– यताबाट मैले पत्र पठाएको धेरै भयो ।

पृ. ३१

यहाँ 'प' वर्णको एकपटक मात्र आवृत्ति भएको छ ।

– आँखाभरी सपनाहरू सजाएको धेरै भयो ।

पृ. ३१

यहाँ 'स,' 'भ' र 'र' वर्णको आवृत्ति भएको छ ।

**ग) वृत्यनुप्रास**

एक व्यञ्जनको अनेकपटक आवृत्ति हुनुलाई वृत्यनुप्रास भनिन्छ । यस सङ्ग्रहभित्र भएका वृत्यनुप्रासका केही उदाहरणहरूलाई तल प्रस्तुत गरिएको छ -

– कैले मलाइ हसाउन, कहिले काही रुवाउन

पृ. ३

यहाँ 'ल' वर्णको तीनपटक र 'ह' वर्णको तीनपटक आवृत्ति भएको छ ।

– हाम्रा हृदयभरि अंकित तिम्रै अमर नाम छ ।

पृ. ५

यहाँ 'म' वर्णको चारपटक आवृत्ति भएको छ ।

– पसिना झारी धरतीलाई उर्वरा बनाई ।

पृ. ७

यहाँ 'र' वर्णको तीनपटक आवृत्ति भएको छ ।

– बिरानोमा रुँदै छु म रोदन देख्ने को छ मेरो !

पृ. ८

यहाँ 'र' वर्णको चारपटक र 'न' वर्णको तीनपटक आवृत्ति भएको छ ।

### ४.७.४.३ आवृत्ति

**सिरानीमा आँसु** सङ्ग्रहमा पद तथा पदावलीको आवृत्ति र वर्णहरूको आवृत्ति भएका गजलहरू निकै रहेका छन् । यहाँ यस सङ्ग्रहका गजलहरूमा पद तथा पदावली र वर्णहरूको आवृत्ति कसरी भएको छ भन्ने कुराको चर्चा गर्न खोजिएको छ ।

**क) पदको आवृत्ति**

यस सङ्ग्रहका गजलमा पदको आवृत्ति निकै ठाउँमा भएको छ । मिसरा-एउला र मिसरा-एसानीका बीचमा र मिसरा-एउला र मिसरा-ए-सानीमा मात्रै पदको आवृत्ति भएका केही सेरहरू उदाहरणका रूपमा तल प्रस्तुत गरिएको छ -

– जिन्दगीको यात्रा कहाँ गई टुङ्गिने हो ?
खोज्दै जवाफ जिन्दगी नै सधै अलमलिरह्यो ।

पृ. १०

– आँसु पनि कुनै बेला हतियार बन्न सक्छ
रित्तिएका छैनन, आँखामा आँसुका यी दापहरू ।

पृ. २९

– देख्छौ होला तिमी पनि कहिलेकाँही स्वप्न
त्यहीं स्वप्न बिहानीले सधैं खोसेकै छ ।

पृ. ३३

माथिका उदाहरणमा राखिएका सेरका मिसरा-एउला र मिसरा-एसानीका बीचमा क्रमशः 'जिन्दगी', 'आँसु' र 'स्वप्न' पदको आवृत्ति भएको छ ।

– रोउँ भने कति रोउँ, आँसु पुछ्ने को छ मेरो ?

पृ. ८

– शहरबाट धेरै टाढा, आफैबाट पनि टाढा ।

पृ. ८

– एक बैरी बम्बैका सेठ, दोस्रो बैरी रिन ।

पृ. ३६

– शोक गीत पनि गाइए, कति क्रान्ति गीत गाइए ।

पृ. ३८

माथिका उदाहरणमा राखिएका मिसरा-एउलामा क्रमशः 'रोउँ', 'टाढा', 'बैरी', 'गीत', 'गाइए' जस्ता पदको आवृत्ति भएको छ ।

– रहर रहर नै हुने हो कि ! आउने हो रात जूनेली ।

पृ. ४०

– कतै रोदन कतैं ओठका ती लाली देखें ।

पृ. ४५

– रोएकै छ धर्ती यहाँ रोएकै छ त्यो आकाश ।

पृ. ६०

माथिका उदाहरणमा रहेका मिसरा-एसानीमा क्रमशः 'रहर', 'कतै,' 'रोएकै छ' जस्ता पदको आवृत्ति भएको छ ।

**ख) पदावलीको आवृत्ति**

**सिरानीमा आँसु** सङ्ग्रहमा एउटै पङ्क्तिमा र भिन्नभिन्न पङ्क्तिका बीचमा पदावलीको आवृत्ति भएका थुप्रै सेर छन् । यस सङ्ग्रहभित्रका गजलका मतला खण्डमा र अरू सेरका दोस्रो पङ्क्तिमा काफियाका पछाडि रदिफको रूपमा पदावलीको आवृत्ति भएको पाइन्छ, जस्तै-

– रोउँ भने कति रोउँ, आँसु पुछने को छ मेरो ?
जाउँ भने रिसाएर बाटो छेक्ने को छ मेरो ।

पृ. ८

– एकान्तमा अ(ाफ्नो पीडा धुन आउला कोही
मेरो चिहानमाथि पनि रुन आउला कोही ।

पृ. ९

– कता-कता सुनेको त्यो, नाउँ जस्तो लाग्यो
हाम फाली त्यतैतिर, आउँ जस्तो लाग्यो ।

पृ. ४८

माथिका उदाहरणमा रेखाङ्कित गरिएका पदावलीहरूको प्रयोग रदिफका रूपमा गजलमा भएका कारण यस सङ्ग्रहका गजलहरू साङ्गीतिक गुणले युक्त बनेका छन् ।

**ग) वर्णगत आवृत्ति**

**सिरानीमा आँसु** सङ्ग्रहभित्र स्वरवर्ण र व्यञ्जनवर्णको बारम्बार आवृत्ति भएको छ, जसले गजललाई सङ्गीतका निकट पुऱ्याएका छन् । यस सङ्ग्रहमा प्रयोग भएका व्यञ्जन वर्णको आवृत्ति माथि अनुप्रासको चर्चा गर्दा भएका कारण यहाँ स्वर वर्णको आवृत्ति र तिनले प्रदान गरेको साङ्गीतिकताका बारेमा चर्चा गरिएको छ ।

– मलाई कायल बनाइसके, रोइ-रोइ यी आँखाले ।

पृ. १

माथिको पङ्क्तिमा 'आ' स्वरको आवृत्ति पाँचपटक भएको छ ।

– झुक्क्याउनलाई हो कि, फेरी पनि अन्यायीको ।

पृ. ५

यहाँ 'इ' स्वरको तीनपटक आवृत्ति भएको छ ।

– रोउँ भने कति रोउँ, आँसु पुछने को छ मेरो ।

पृ. ८

यहाँ 'ओ' स्वरको चारपटक आवृत्ति भएको छ ।

– वर्तमानले गोडमेल गरे मात्र पुग्छ
इतिहासले चेतनाको बीज छरेकै छ ।

पृ. २३

यहाँ 'ए' स्वरको आवृत्ति पाँचपटक भएको छ ।

– दुई पाइला चालेपछि तोड्नु नै छ भने
त्यसै-त्यसै कसमहरू नखाएकै जाती ।

पृ. ३०

यहाँ 'ऐ' स्वरको आवृत्ति पाँचपटक भएको छ ।

यस सङ्ग्रहभित्र यस्ता उदाहरणहरू थुप्रै भेटिन्छन् । माथि दिइएका उदाहरणहरू यसका दृष्टान्त मात्र हुन् । विभिन्न स्वरवर्णको आवृत्तिबाट यस सङ्ग्रहका गजलहरू साङ्गीतिकताका नजिक पुगेका छन् ।

### ४.७.५ अलङ्कार

ललिजन रावलले **सिरानीमा आँसु** सङ्ग्रहमा शब्दालङ्कार र अर्थालङ्कार दुवैको प्रयोग गरेका छन् । शब्दालङ्कारभित्र पर्ने विभिन्न अलङ्कारको बारेमा माथि अनुप्रास शीर्षकमा चर्चा गरिसकिएका कारण यहाँ यस सङ्ग्रहभित्र प्रयोग भएका अर्थालङ्कारको मात्र चर्चा गरिएको छ ।

**क) उपमा**

उपमान र उपमेयका बीचमा रूप, गुण, क्रियाका आधारमा समानता देखाउँदा हुने उपमा अलङ्कारको प्रयोग ललिजन रावलले यसरी गरेका छन् -

ढुङ्गालाई पनि तिमी मैन झैं गलाइदिन सक्छौं ।

पृ. २८

माथिको उदाहरणमा नारीको कोमलताको शक्तिलाई मैनको जस्तो पग्लने शक्तिसँग तुलना गरिएको छ । पग्लने वा गल्ने क्रियाको उपमान बनेर यहाँ 'तिमी' आएको छ ।

**ख) रूपक अलङ्कार**

उपमेयमा नै उपमाको आरोप भएमा देखिने रूपक अलङ्कारलाई गजलकारले यसरी प्रयोग गरेका छन् -

विश्वासको सियो बोकी, विचारको धागो
च्यातिएको मनलाई सिउन आउला कोही ।

पृ. ९

उपमेय र उपमानमा भिन्नता नराखी एउटै रूपमा वर्णन गरिएकाले यहाँ रूपक अलङ्कारको प्रयोग भएको छ ।

**ख) उत्प्रेक्षा**

उपमेयमा उपमान आदिको सम्भावना कल्पित गरिएमा उत्प्रेक्षा अलङ्कार हुन्छ । उत्प्रेक्षा अलङ्कारको प्रयोग रावलले यसरी गरेका छन् -

झुक्क्याउनलाई हो कि, फेरि पनि अन्यायीको
बगलीमा छुरा तर मुखमा राम राम छ ।

पृ. ५

माथिको उदाहरणमा मुखले राम्रो राखे पनि मनमा अन्याय र छलकपट भएका मान्छेले फेरि पनि झुक्याउने हुन् की ? भन्ने सम्भावना प्रकट गरिएकाले उत्प्रेक्षा अलङ्कारको प्रयोग भएको छ ।

**ग) अतिशयोक्ति**

सामान्य कुरालाई बढाइचढाइ गरेर वर्णन गर्दा अतिशयोक्ति अलङ्कार हुन्छ ।[१०१]

दुनियाँमा कोही पनि हुन्न अजम्मरी
मानौ एकैछिन बसी उडी गयो चरी ।

पृ. २५

माथिको उदाहरणमा मान्छेको मर्नैपर्ने नियतिलाई बताउनका लागि कोही अजम्मरी नभएको र चरी उडेर गएको कुरालाई उल्लेख गरिएकाले यहाँ अतिशयोक्ति अलङ्कारको प्रयोग भएको छ ।

---

[१०१] कृष्णहरि बराल, **गजलः सिद्धान्त र परम्परा,** पूर्ववत्,पृ. ११७ ।

यसप्रकार ललिजन रावलले **सिरानीमा आँसु** सङ्ग्रहमा अर्थालङ्कारको प्रयोग कुलतापूर्वक गरेका छन् ।

### ४.७.६ बिम्ब तथा प्रतीक

रावलले **सिरानीमा आँसु** सङ्ग्रहमा दृश्यसम्बन्धी, श्रव्यसम्बन्धी, गतिसम्बन्धी, स्वादसम्बन्धी, गन्धसम्बन्धी, स्पर्शसम्बन्धी, तापसम्बन्धी बिम्बहरूको प्रयोग कुशलतापूर्वक गरेका छन् । जसको बारेमा तल चर्चा गरिएको छ -

**क) दृश्यसम्बन्धी**

जुन बिम्बले हाम्रो आँखालाई आकर्षित गर्दछ् त्यस्ता बिम्बलाई दृश्यसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

जूनको उज्यालोमा तिम्रो, मुहार हेर्ने रहर थियो
रहर रहर नै हुने हो कि ! आउने हो रात जूनेली ।

पृ. ४०

माथिको सेरमा प्रयुक्त 'जून', 'मुहार' र 'जूनेली रात'लाई देखेर आँखाहरू आकर्षित भएका कारण यहाँ दृश्यसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**ख) श्रव्यसम्बन्धी**

जुन बिम्बले हाम्रो कानलाई आकर्षित गर्दछ त्यस्तो बिम्बलाई श्रव्यसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

सम्झिएर आज कोही, आउँदै छ कि फर्की
नत्र किन काग बास्यो, एका बिहानीमा ।

पृ. २०

यहाँ 'काग बासेको' र यस कार्यले कानलाई आकर्षित गर्ने भएकाले यहाँ श्रव्यात्मक बिम्ब प्रयोग भएको छ ।

**ग) गतिसम्बन्धी बिम्ब**

चलायमान भएको सङ्केत गर्ने बिम्बलाई गतिसम्बन्धी बिम्ब भनिन्छ ,जस्तै-

चन्द्रमाको प्रकाशमा टल्किएको मोती
बिहानीमा पातबाट त्यसै गयो झरी ।

पृ. २५

यहाँ पातबाट झर्ने शीतको गतिशील अवस्थाको उल्लेख गरिएकाले गतिसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**घ) स्वादसम्बन्धी बिम्ब**

मीठो वा नमीठोको अनुभूति दिलाउने बिम्बलाई स्वादसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

जहर हो कि अमृत हो त्यो, थाहा छैन तर
आफन्तले दिएपछि, खाउँ जस्तो लाग्यो ।

पृ. ४८

माथिका 'जहर' र 'अमृत' शब्दले स्वादको अनुभूति दिलाउने भएकाले स्वादसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**ङ) गन्धसम्बन्धी बिम्ब**

गन्ध वा सुगन्धको अनुभूति दिलाउने बिम्बलाई गन्धसम्बन्धी बिम्ब भनिन्छ ,जस्तै -

जाउँ-जाउँ लाग्यो त्यता, आफैलाई ढाँटी आज
मनलाई हर्ने कस्तो चलेको त्यो सुवास रै'छ ।

पृ. ३

माथिको सेरमा फूलको सुवासले मनलाई हरेको प्रसङ्ग आएकाले गन्धसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**च) स्पर्शसम्बन्धी बिम्ब**

छोएको वा स्पर्श गरेको अनुभूति दिलाउने बिम्बलाई स्पर्शसम्बन्धी बिम्ब भनिन्छ, जस्तै -

घाम पोल्छ तिमीलाई, पानी रुझाउँछ ।

पृ. ३३

यहाँ घामको पोल्ने र पानीको रुझाउने प्रक्रियाले स्पर्शको अनुभूति दिलाउने भएकाले स्पर्शसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**छ) तापसम्बन्धी बिम्ब**

न्यानो वा तापको अनुभव दिलाउने बिम्बलई तापसम्बन्धी बिम्ब भनिन्छ, जस्तै -

अगेनाको छेउमा, बसी आगो ताप्दै
घामलाई पर्खे न्यानो मन लिएर ।

पृ. ४१

माथिको सेरमा आगोको ताप र न्यानो घामको प्रसङ्गको उल्लेख गरिएकाले तापसम्बन्धी बिम्बको प्रयोग भएको छ ।

**सिरानीमा आँसु** सङ्ग्रहमा गजलकार रावलले विभिन्न खालका प्रतीकहरूको पनि प्रयोग गरेका छन् ,जस्तै -

जलाएर आफैलाई, प्रकाशको बाटो खोल्यौ
त्यही बाटो बिहान ल्याउने हाम्रो बाँकी काम छ ।

पृ. ५

माथिको सेरमा रेखाङ्कित 'प्रकाशको बाटो' जनहितको अग्रगामी यात्राको र 'बिहान' स्वतन्त्रताको प्रतीक बनेर आएका छन् ।

चाहनाको गीत अझै गाउन बाँकी छ
चुहिएको छानो हाम्रो छाउन बाँकी छ ।

पृ. ३८

यहाँ रेखाङ्कित 'चुहिएको छानो' पदावली नेपाली जनताको अर्जर अवस्थाको प्रतीक बनेर आएको छ ।

भर्खरै त क्षितिजको ढोका खुलेको छ
प्यारो सूर्य आकाशमा ल्याउन बाँकी छ ।

पृ. ६

माथिको सेरमा रेखाङ्कित 'प्यारो सूर्य' नेपाली जनताले चाहेको जस्तो व्यवस्थाको प्रतीक बनेर आएको छ ।

युगौंदेखी उझाड थियो फूलबारी मेरो
भर्खर मात्र अलिकति हरियाली देखें ।

पृ. ४५

माथिको सेरमा रेखाङ्कित 'फूलबारी' शब्द नेपालको प्रतीक बनेर आएको छ ।

बिग्रिँदै थियो बाली तर, गोड्न सकिएन
टुक्रिएका बादलहरू जोड्न सकिएन ।

पृ. ५१

माथिको सेरमा रेखाङ्कित 'टुक्रिएका बादलहरू' पदावली एक ढिक्का हुन नसकेका राजनीतिक दलहरूको प्रतीक बनेर आएको छ ।

समृद्धिका किरण कहिले पस्छन झुप्रोभित्र
प्रतीक्षामा छन् अझै आँखाका यी नानी ।

पृ. ५८

माथि रेखाङ्कित 'समृद्धिका किरण' पदावली सभ्यताको प्रतीक बनेर आएको छ ।

### ४.७.७ भाषा

**सिरानीमा आँसु** सङ्ग्रहका सम्पूर्ण गजलहरू सरल, स्पष्ट र स्वभाविक तरिकाद्वारा रचना गरिएको छ । सरल र स्पष्ट भाषामा लेखिएका यस सङ्ग्रहका गजलहरूमा गजलकारले कथ्य नेपाली भाषाको प्रयोग धेरै ठाउँमा गरेका छन् । नाउँ (नाम पृ.१), रैंछ (रहेछ), कैले (कहिले पृ.३), ख्वै (खोइ पृ.७), कस्का (कसका पृ.२०), हुन्न (हुँदैन पृ.२५), थे (थिए पृ.२६), पल्ट (पटक), रै'छ (रहेछ पृ.४४), थाहै (थाहा नै पृ.५०), अचेल (आजकल पृ.६२) जस्ता नेपाली जनजिब्रोमा प्रचलित कथ्य भाषाको प्रयोग यस सङ्ग्रहमा भएको छ ।

नेपाली शब्दहरूकै स्थानमा लोकप्रिय भएर रहेका तत्सम र तद्भव शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा भएको पाइन्छ । उनले आकाश, दुःख (पृ.२), विश्वास (पृ.३), सूर्य (पृ.६), माया (पृ.२२), वर्तमान (पृ.२३), सुख (पृ.२४), निद्रा (पृ.२८), पाप (पृ.२९), हानी (पृ.५०), मति ( पृ.५९) जस्ता तत्सम शब्दहरूको प्रयोग गरेका छन् । त्यसैगरी आँखा (पृ.१), उज्यालो (पृ.४), बीउ (पृ.४), रगत (पृ.५), थाम (पृ.५), काम (पृ.५), हात (पृ.६), रात (पृ.७), आँसु (पृ.८), सास (पृ.८), साँझ (पृ.१०), धूलो (पृ.१०), आगो (पृ.१०), आज (पृ.१४), फूल (पृ.१५), माझ (पृ.१७), साउन (पृ.२३), पात (पृ.२५) जस्ता तद्भव शब्दको प्रयोग पनि यस सङ्ग्रहमा भएको पाइन्छ । तत्सम र तद्भव बाहेकका अन्य भाषाबाट आएका शब्दहरूको प्रयोग पनि रावलले धेरै गरेका छन् । जसमध्ये अरबी भाषाबाट आएका बाग (पृ. १), बाँकी (पृ.५), हावा (पृ.७), खराब (पृ.११), गरिब (पृ.११), गजल (पृ.११), औकात (पृ.१९), दुनियाँ (पृ.२५), मौसम (पृ.२५), महल (पृ.४४) जस्ता शब्दहरू, फारसी भाषाबाट आएका जिन्दगी (पृ.१), खुसी (पृ.२), शहर (पृ.८), सलाम ( पृ.५), जोश (पृ.१८), ऐना (पृ.२०), बर्बाद (पृ.२१), याद (पृ.२१), बजार (पृ.२४), जिन्दगानी ( पृ.३४), पर्दा (पृ.४४), जहर (पृ.४८) जस्ता शब्दहरूको प्रयोग यस सङ्ग्रहका गजलमा अत्यधिक भएको पाइन्छ ।

### ४.७.८ निष्कर्ष

गजल र कविताको संयुक्त सङ्ग्रह **सिरानीमा आँसु** भित्रका सम्पूर्ण गजलहरू गजल संरचनाको नियममा आबद्ध रहेर रचना गरिएका छन् । चारदेखि सात सेरसम्मको संरचनामा आबद्ध यस सङ्ग्रहका गजलहरूमा श्रृङ्गारका अलावा नेपाली राजनीतिमा मौलाउँदै गएको व्यक्तिवादी सोच र नेताहरूको गिर्दो मनोवृत्तिलाई प्रमुख रूपमा समेटिएको छ । गजलकारले आफ्ना पहिला प्रकाशित दुई गजलसङ्ग्रहभित्रका गजलहरूमा तखल्लुसको प्रयोग नगरे पनि यस सङ्ग्रहको एउटा गजलमा 'ललि' तखल्लुसको प्रयोग गरेका छन् । लयका दृष्टिकोणबाट समेत आफ्ना अघिल्ला कृतिभन्दा माथिल्लो स्तरमा पुग्न सफल यस सङ्ग्रहमा बिम्ब, प्रतीक अलङ्कार र भाषा प्रयोगको स्थिति पनि मजबुत रहेको पाइन्छ । व्यङ्ग्यचेतना र साङ्गीतिकताका हिसाबले उत्कृष्ट स्थान ओगटन सफल यस सङ्ग्रहका गजलहरूमध्ये 'अगाडि छ', तिम्रै नाममा तथा 'एउटा सूर्य' विशेष बलिया देखिन्छन् ।[१०२]

## ४.८ एउटा बन्द खाम गजलसङ्ग्रहको परिचय

**एउटा बन्द खाम** वि.सं. २०४६ सालमा प्रकाशित **बिरानो यो ठाउँमा** र २०५९ सालमा प्रकाशित **सिरानीमा आँसु** गजलसङ्ग्रहबाट छानिएका पचासवटा गजलहरूको सङ्ग्रह हो । यस सङ्ग्रहको प्रकाशन वि.सं. २०६६ साल असारमा विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ले गरेको हो । रचनाकालका हिसाबले २०४५-२०५८ सालसम्म रचना गरिएका यी पचासवटा गजलहरूमध्ये बाह्रवटा गजल **बिरानो यो ठाउँमा** का र सैतीसवटा गजल **सिरानीमा आँसु** सङ्ग्रहका रहेका छन् । **बिरानो यो ठाउँमा** र **सिरानीमा आँसु** सङ्ग्रहहरूबाट छानिएका भनिए पनि यस सङ्ग्रहभित्रको पृ. एकाउन्नमा रहेको 'आँखाभित्र कति कति आँसु..' शीर्षकको गजल

[१०२] ऐजन, पृ. ३२४ ।

भने यी दुईवटै सङ्ग्रहमा सङ्कलित छैन । यस गजलमा छ सेर रहेका छन् । निराशाजनक विषयमा रचित यस गजलमा आंशिक काफियाको प्रयोग गरिएको छ । रदिफ र तखल्लुस नरहेको यस गजलमा चौधदेखि सोह्र अक्षरसम्मको लय योजना र आठ अक्षरमा मध्यविश्राम परेको छ । यही एउटा गजल बाहेकका अन्य उनन्साठीवटा गजलहरूको अध्ययन र विश्लेषण **बिरानो यो ठाउँमा** र **सिरानीमा आँसु** कृतिको अध्ययन र विश्लेषण गर्ने क्रममा गरिसकिएका कारण **एउटा बन्द खाम** भित्रका गजलको शीर्षक, पृष्ठ र सो गजल पहिला कुन सङ्ग्रहमा रहेको छ भन्ने कुराको उल्लेख तल तालिकामा गरिएको छ ।

| क्र.सं. | गजलको शीर्षक | पृ. | सङ्ग्रह | क्र.सं | गजलको शीर्षक | पृ. | सङ्ग्रह |
|---|---|---|---|---|---|---|---|
| १ | नखोलेरै राखिएको | १५ | बिरानो यो ठाउँमा | २६ | कहा डढे चाहनाहरू | ४० | सिरानीमा आँसु |
| २ | कतातिर लागे होला | १६ | सिरानीमा आँसु | २७ | बन्दूकबाट कतै | ४१ | सिरानीमा आँसु |
| ३ | आज फेरि आकाशमा | १७ | बिरानो यो ठाउँमा | २८ | हाँगाभरि नयाँ पालुवा | ४२ | सिरानीमा आँसु |
| ४ | चाहनाको गीत | १८ | सिरानीमा आँसु | २९ | कता कता सुनेको | ४३ | सिरानीमा आँसु |
| ५ | एकान्तमा आफ्नो पीडा | १९ | सिरानीमा आँसु | ३० | एकै रातभित्र झुप्रो | ४४ | सिरानीमा आँसु |
| ६ | जूनसँग जुनेलीको | २० | सिरानीमा आँसु | ३१ | बिग्रिदैथ्यो बाली | ४५ | सिरानीमा आँसु |
| ७ | एउटा परदेशी | २१ | बिरानो यो ठाउँमा | ३२ | कतै टाढा दियो | ४६ | सिरानीमा आँसु |
| ८ | अँध्यारो रातभित्र | २२ | सिरानीमा आँसु | ३३ | चन्द्रमाको छायाँ ऐले | ४७ | सिरानीमा आँसु |
| ९ | कतै टाढा गई | २३ | बिरानो यो ठाउँमा | ३४ | साउनमा रात दिन | ४८ | सिरानीमा आँसु |
| १० | आँखाभरि स्वप्नहरू | २४ | सिरानीमा आँसु | ३५ | जिन्दगीमा हिँडन बाँकी | ४९ | सिरानीमा आँसु |
| ११ | यतै कतै छोडेको छु | २५ | सिरानीमा आँसु | ३६ | आज मौसम अनुकूल | ५० | सिरानीमा आँसु |
| १२ | जुन आउला तिमीलाई | २६ | सिरानीमा आँसु | ३७ | आँखाभित्र कति-कति | ५१ | सिरानीमा आँसु |
| १३ | म त कहिल्यै अटाइँन | २७ | बिरानो यो ठाउँमा | ३८ | धेरै धेरै बढिसक्यो | ५२ | सिरानीमा आँसु |
| १४ | ढुङ्गालाई चढाउन | २८ | बिरानो यो ठाउँमा | ३९ | जिन्दगीको गोरेटोमा | ५३ | सिरानीमा आँसु |
| १५ | युगौदेखि तिम्रो आँखा | २९ | सिरानीमा आँसु | ४० | दुनियाँमा कोही पनि | ५४ | सिरानीमा आँसु |
| १६ | शब्दहरू गहना हुन् | ३० | बिरानो यो ठाउँमा | ४१ | आफ्नै पीरको डोरीले नै | ५५ | सिरानीमा आँसु |
| १७ | हिजोआज सधैं | ३१ | सिरानीमा | ४२ | हिजै मात्र | ५६ | सिरानीमा आँसु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्छौं | | आँसु | | अलिकति | | |
| १८ | पर्खी बस आज | ३२ | बिरानो यो ठाउँमा | ४३ | फर्किसक्यौ महलमा | ५७ | सिरानीमा आँसु |
| १९ | मन मेरो कता-कता | ३३ | सिरानीमा आँसु | ४४ | मुटु छुने स्वरहरू | ५८ | सिरानीमा आँसु |
| २० | कैले पाइएला देख्न | ३४ | सिरानीमा आँसु | ४५ | तिमी नै भन मनको बह | ५९ | बिरानो यो ठाउँमा |
| २१ | मान्छे-मान्छे बीच | ३५ | बिरानो यो ठाउँमा | ४६ | अझै त्यहाँ फुल्दा होलान | ६० | बिरानो यो ठाउँमा |
| २२ | तिमीलाई सम्झाउने | ३६ | सिरानीमा आँसु | ४७ | त्यसै-त्यसै पनि अचेल | ६१ | सिरानीमा आँसु |
| २३ | आँखाबाट बग्छन् | ३७ | बिरानो यो ठाउँमा | ४८ | झुक्किएर हो कि मैले | ६२ | सिरानीमा आँसु |
| २४ | कहाँनेर कसले आज | ३८ | सिरानीमा आँसु | ४९ | मैले गीत गाउँदै हिड्ने | ६३ | सिरानीमा आँसु |
| २५ | पानीखोला कलकल | ३९ | सिरानीमा आँसु | ५० | शीतको थोपा उडिगयो | ६४ | सिरानीमा आँसु |

## ४.९ ललिजन रावलका फुटकर गजलहरूको विवेचना

### ४.९.१ परिचय

वि.सं. २०५९ सालमा **सिरानीमा आँसु** सङ्ग्रहको प्रकाशनपश्चात रावलका केही गजलहरूको प्रकाशन **गरिमा** र **मधुपर्क**मा भएको पाइन्छ। वि.सं. २०५९ देखि आजसम्म उनका जम्मा नौवटा गजलको प्रकाशन भएको छ। यहाँ तिनै नैवटा गजलहरूको अध्ययन र विश्लेषण गरिएको छ।

उनका फुटकर गजलहरूको शीर्षक, प्रकाशित भएको पत्रिका, वर्ष, अङ्क, पूर्णाङ्क, महिना, साल र पृष्ठसङ्ख्यालाई तल तालिकामा देखाइएको छ -

| क्र.सं. | गजलको शीर्षक | पत्रिका | बर्ष | अङ्क | पूर्णाङ्क | महिना | साल | पृष्ठ |
|---|---|---|---|---|---|---|---|---|
| १ | पीडाहरू पोखी ... | **गरिमा** | २० | ८ | २३६ | साउन | २०५९ | ३६ |
| २ | लहर सँग लड्दै ... | **मधुपर्क** | ३६ | ८ | ४१५ | पुष | २०६० | ७४ |
| ३ | च्यातिसके कतिकति ... | **गरिमा** | २२ | ५ | २५७ | वैशाख | २०६१ | १७ |
| ४ | खसिरहेको तारासँग ... | **मधुपर्क** | ३७ | ५ | ४२४ | असोज | २०६१ | २७ |
| ५ | चरी बनी उडें मत ... | **मधुपर्क** | ३८ | ३ | ४३४ | साउन | २०६२ | २५ |
| ६ | अलिकति हाँसो फुल्दा ... | **गरिमा** | २४ | ५ | २८१ | वैशाख | २०६३ | ९ |
| ७ | कति दियौ पीडाहरू ... | **मधुपर्क** | ४० | ४ | ४५९ | भदौ | २०६४ | ६ |
| ८ | सोद्धै छु म आज ... | **गरिमा** | २६ | ११ | ३११ | कात्तिक | २०६५ | ११ |
| ९ | भैगो अब तिम्रा कुरा ... | **मधुपर्क** | ४१ | ७ | ४७४ | मङ्सिर | २०६५ | २६ |

### ४.९.२ संरचना

ललिजन रावलले २०५९ सालपछि रचना र प्रकाशन गरेका नौवटा गजलहरू पाँचदेखिसात सेरसम्मका रहेका छन् । नौवटा गजलमध्ये पाँचवटा गजल पाँच सेरमा, तीनवटा छ सेरमा र एउटा गजल सात सेरको संरचनामा आबद्ध रहेको छ ।

यी माथिका नौवटा गजलमा ललिजन रावलले काफियाको प्रयोग कुशलतापूर्वक गरेका छन्  । उनले यी नौवटा गजलमध्ये छवटा गजलमा पूर्ण काफियाको प्रयोग गरेका छन् भने तीनवटामा आंशिक काफियाको प्रयोग गरेका छन् । त्यसैगरी नौवटा गजलमध्ये चारवटा गजल रदिफयुक्त र पाँचवटा गजल रदिफविहीन रहेका छन् । रदिफयुक्त गजलका केही उदाहरण तल देखाइएको छ -

– चरी बनी उडे मत, बस्ने डाली छ कि छैन
हृदयमा बास मागे, ठाउँ खाली छ कि छैन ।

**मधुपर्क** २०६५, पृ. २५

– कति दियौं पीडाहरू, मैले गन्न बाँकी थियो
तिमी भने हिँडिहाल्यौ, केही भन्न बाँकी थियो ।

**मधुपर्क** २०६४ भदौ पृ. ६

माथि उदाहरणमा दिइएका गजलहरू रदिफयुक्त गजल हुन् किनकि उदाहरण एकमा 'डाली ' र 'खाली' काफियाको पछाडि 'छ कि छैन' रदिफको प्रयोग भएको छ भने उदाहरण दुईमा 'गन्न' र 'भन्न' काफियाको पछाडि 'बाँकी थियो' रदिफको प्रयोग भएको छ ।

रावलका फुटकर गजलहरूमध्ये पाँचवटा गजलमा रदिफ राखिएका छैनन् । त्यसमध्ये केही यसप्रकार छन् -

– पीडाहरू पोखी सधैं कति भरौ पाना
आँखाबाट बगाउँदै मोतीका यी दाना ।

**गरिमा** २०५९ साउन पृ. ३६

– लहरसँग लड्दै सधैं किनार पुग्छ नाउ
आशा ज्यूदो राख्नुपर्छ बिर्सिएर घाउ ।

**मधुपर्क** २०६० पुष पृ. ७४

उपर्युक्त उदाहरणका सेरहरूमा रदिफको प्रयोग भएको छैन, किनकी माथिका पङ्क्तिका अन्तमा काफियाको पछाडि सम्पूर्ण गजलमा दोहोरिने शब्द वा शब्द समूहको प्रयोग भएको छैन । त्यसैले यी गजल रदिफविहीन गजल हुन् । रावलका फुटकर गजल मध्ये 'पीडाहरू पोखी सधैं', 'लहरसँग लड्दै', 'च्यातिसके कति-कति', 'खसिरहेको तारासँग', 'सौद्धै छु म आज' शीर्षकका गजलहरूमा रदिफको प्रयोग भएको छैन ।

ललिजन रावलले फुटकर गजलहरूमध्ये कुनैमा पनि तखल्लुसको प्रयोग गरेका छैनन् । त्यसैले काफिया रदिफ र तखल्लुसको संरचनात्मक स्वरूपमा समेटिएका फुटकर गजलको सिर्जना रावलले गरेको पाइदैन ।

२०५९ सालदेखि रचना र प्रकाशन भएका रावलका यिनै नौवटा गजलहरूको संरचनात्मक स्वरूपलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | गजलको शीर्षक | सेरसङ्ख्या | काफिया | रदिफ | तखल्लुस |
|---|---|---|---|---|---|
| १ | पीडाहरू पोखी ... | ६ | + | – | – |
| २ | लहर सँग लड्दै ... | ५ | + | – | – |
| ३ | च्यातिसके कतिकति ... | ५ | + | – | – |
| ४ | खसिरहेको तारासँग ... | ५ | + | – | – |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | चरी बनी उडें मत ... | ५ | + | + | – |
| ६ | अलिकति हाँसो फुल्दा ... | ५ | + | + | – |
| ७ | कति दियौ पीडाहरू ... | ६ | + | + | – |
| ८ | सोद्धै छु म आज ... | ७ | + | – | – |
| ९ | भैगो अब तिम्रा कुरा ... | ६ | + | + | – |

### ४.९.३ विषयवस्तु

ललिजन रावलले आफ्ना फुटकर गजलमा विशेषगरी श्रृङ्गारिक भाव, युद्ध र युद्धले निम्त्याएको निराशा र यथार्थलाई समेट्ने प्रयास गरेका छन् । वि.सं. २०५२ देखि प्रारम्भ भएको माओवादी युद्ध र यसले निम्त्याएको हत्या र आतङ्कका कारण आफ्नो घरबार, देश र आफन्त छोड्नु परेको मनोदशाको यथार्थ आँकलन गर्न रावल सफल रहेका छन् । रावलका फुटकर गजलमा प्रयुक्त विषयवस्तुलाई बुँदागत रूपमा यसरी हेर्न सकिन्छ -

#### ४.९.३.१ श्रृङ्गार

ललिजन रावलले आफ्ना फुटकर गजलहरूमा श्रृङ्गारिकतालाई प्रमुख रूपमा समेटेका छन् । मायालुको प्रेममा परेर भौतारिएको भए पनि उनको दिलमा आफ्नो लागि ठाउँ खाली छ वा छैन भन्ने अनभिज्ञतालाई रावलले यसरी व्यक्त गरेका छन् -

चरी बनी उडे मत, बस्ने डाली छ कि छैन
हृदयमा बास मागे ठाउँ खाली छ कि छैन ।

**मधुपर्क** २०६२ साउन पृ.२५

आफ्नी मायालुले आफुलाई अनगिन्ती पीडा दिएको र आफ्नो गुनासो आफ्नी मायालुलाई सुनाउन बाँकी रहेको कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

कति दियौं पीडाहरू, मैले गन्न बाँकी थियो
तिमी भने हिँडिहाल्यौ, केही भन्न बाँकी थियो ।

**मधुपर्क** २०६४ भदौ पृ. ६

आफ्नी मायालुलाई बिपनामा भेट्न नपाए पनि सपनामा भेट्न चाहेको कुराको उल्लेख गजलकारले यसरी गरेका छन् -

बिपनीमा कैले पाइन मैले देख्न
सपनी मै सही तिम्रो दर्शन पाऊँ ।

**गरिमा** २०६५ कात्तिक पृ. ११

आफ्नी मायालुको भर परेर बस्दा आफू अप्ठ्यारोमा परेको र अब त्यस्तो अन्धविश्वास गरेर उनको पछि नलाग्ने कुरालाई गजलकारले यसरी उल्लेख गरेका छन् -

जे-जे दियौं तिम्ले सधैं मैले थापी रहें
अति भयो आज मत छान्छु अलिकति ।

**मधुपर्क** २०६५ मङ्सिर पृ. २६

धेरै नजिक हुँदा माया कम हुने यथार्थको महसुस गरेका रावल आफ्नी मायालुदेखि अलि टाढा रहन खोजेका छन् ।

माया टाढा हुने रै'छ सधैं नजिक हुँदा
तिमीबाट टाढा आज जान्छु अलिकति ।

**मधुपर्क** २०६५ मङ्सिर पृ. २६

#### ४.९.३.२ युद्ध र निराशा

रावलले आफ्ना फुटकर गजलमा युद्ध र यसले निम्त्याएका निराशालाई समेटेका छन् । हत्या, हिंसा, विष्फोट र आगजनीका कारण सयौं परिवार घरबारविहीन हुनुपरेको यथार्थ र गाँस,

बास र कपासको सपना बोकेका निरीह जनताको यथार्थ मनोदशालाई गजलकारले आफ्ना गजलमा समेटेका छन् ।

सपनीमा-बिपनीमा बोकी हिंडेको छु
गाँस बास कपासका सपना साना-साना

**गरिमा** २०५९ साउन पृ. ३६

जतातत‌ै फैलिएको हत्या, आतङ्क र अपहरणका कारण शान्ति हराउँदै गएकाले र मानव जीवन निकै सस्तो हुँदै गएको छ ।

शान्ति कता हरायो खै, हिंसा मात्र छायो
पाइदैन अब कतै जिन्दगीको भाउ ।

**मधुपर्क** २०६० पुष पृ. ७४

शक्तिको पहुँचमा पुगेका र शक्ति प्राप्त गर्नका लागि लडेका दुई थरी योद्धाहरूको बीचमा परेका निरीह नेपाली जनताहरू अनाहकमा आफन्त र घर, परिवारविहीन हुनुपरेको छ ।

हार्ने-जित्ने, जो-जो होला, आँखा रुदै भन्छ
कति सिउँदो पखालिए, कति फुटे चुरा ।

**मधुपर्क** २०६१ असोज पृ. २७

संवाद र सहचार्यबाट समस्याको समाधान गर्न भन्दा शक्तिको प्रदर्शनबाट समस्याको समाधान गर्न तम्सने त्रासपूर्ण परिस्थितिको उल्लेख गजलकारले यसरी गरेका छन् -

तर्क संवाद चल्नुपर्छ भन्थे कुरा मिल्न
अचेल सीधै गोली चल्छ सीधै चल्छ छुरा ।

**मधुपर्क** २०६१ असोज पृ. २७

### ४.९.३.३ यथार्थको प्रस्तुति

गजलकार रावलले आफ्ना फुटकर गजलमार्फत नेपाली समाजमा व्याप्त विभिन्न यथार्थ पक्षहरूको उद्घाटन गरेका छन् । उचित बासको व्यवस्था गर्न नसकेर पानी चुहिरहने छानाको ओत लाग्न विवश नेपालीको दरिद्रताको उल्लेख गजलकारले यसरी गरेका छन् -

वर्षायाममा फेरि पनि पानी चुहिरह्यो
कैले टालिएलान् कठै चुहिएका छाना ।

**गरिमा** २०५९ साउन पृ. ३६

सोझासाझा नेपाली जनतालाई आफूतिर तान्नका लागि अनेक सपना बाँडदै हिंड्ने राजनीतिक दलका नेताको यथार्थ मनस्थितिलाई पनि गजलकारले आफ्ना गजलमार्फत प्रस्तुत गरेका छन् । गजलकारले गुन्द्रकु-ढिँडोले पेट भर्न नपाएका नेपाली जनतालाई खीरको प्रलोभन नदेखाउन आग्रह गर्दै भनेका छन् -

गुन्द्रुक ढिँडो पनि जहाँ पाउनै गाह्रो पर्छ
त्यहाँ तिमी गर्छौ किन साउने खीरको कुरा ।

**गरिमा** २०६२, वैशाख, पृ. १७

धर्तीले इतिहासको जस्तो वीर सपुतको अभाव भोगिरहेको समयमा हामी इतिहासका वीर नेपालीको कहानीमा रमाइरहन बाध्य भएका छौं ।

वर्तमान कता पुग्यो थाहा छैन अझै
रमाउँछौ इतिहासमा पढ्दै वीरको कुरा ।

**गरिमा** २०६२ वैशाख पृ. १७

### ४.९.३.४ देशप्रेम

ललिजन रावलले आफ्ना फुटकर गजलहरूमा आफूले आफ्नो देशप्रति गरेको मायालाई दर्शाएका छन् । नेपाली धर्ती र यहाँको प्रकृतिप्रतिको श्रद्धालाई दर्शाउने केही सेरहरू तल प्रस्तुत गरिएको छ -

– जतासुकै हिंडेपनि जहाँ पुगे पनि
बिर्सन्न म गुराँसका रङ्ग राता राता ।

**गरिमा** २०६१ वैशाख पृ. १७

– अझै बग्दै होला मेरो कैलाश खोला
याद मात्र बाँकी भुले मैले गाउँ ।

**गरिमा** २०६५ कात्तिक पृ. ११

– दिवास्वप्न पाली भन्दिन म कैले
धर्तीभरी फैलू आकाशभरि छाँऊ ।

**गरिमा** २०६५ कात्तिक पृ. ११

यसरी ललिजन रावलले आफ्ना फुटकर गजलमार्फत श्रृङ्गारिकता, युद्ध र यसको असरका साथै देशप्रतिको आफ्नो प्रेमलाई कुशलतापूर्वक व्यक्त गरेका छन् ।

### ४.९.४ सङ्गीत

सङ्गीत गजलको लागि अत्यावश्यक र अनिवार्य तत्त्व हो । सङ्गीतको अभावमा गजलको कल्पना गर्न सकिँदैन । गजललाई साङ्गीतिकता प्रदान गर्नका लागि आवश्यक पर्ने लय, अनुप्रासयोजना, पद तथा पदावलीको आवृत्तिको प्रयोग रावलका गजलमा कसरी गरिएको छ, त्यसका बारेमा तल चर्चा गरिएको छ -

### ४.९.४.१ लय

ललिजन रावल आक्षरिक लयमा गजल लेख्ने गजलकार हुन् ।[१०३] आक्षरिक लयका प्रयोक्ता भए पनि उनले रचना गरेका यी नौवटा फुटकर गजलमा बराबर अक्षरसङ्ख्या भएको पूर्ण गजलको संरचना भने छैन । समान अक्षरसङ्ख्यामा सम्पूर्ण गजलको रचना नभए तापनि केही सेरहरू समान अक्षरसङ्ख्यामा रचना गरिएका छन् भने समान अक्षरसङ्ख्या नभएका सेरहरूमा पनि अक्षरसङ्ख्याको अन्तर निकै कम छ ।

उनले २०५९ पछि रचना र प्रकाशन गरेका गजलहरूको शीर्षक, अक्षरसङ्ख्या र मध्यविश्राम व्यवस्थालाई तल तालिकामा देखाइएको छ -

| क्र.स. | गजलको शीर्षक | अक्षरसङ्ख्या | मध्यविश्राम |
|---|---|---|---|
| १ | पीडाहरू पोखी ... | १४-१७ | ८ |
| २ | लहर सँग लड्दै ... | १४-१६ | ८ |
| ३ | च्यातिसके कतिकति ... | १४-१६ | ८ |
| ४ | खसिरहेको तारासँग ... | १४-१५ | ८ |
| ५ | चरी बनी उडें मत ... | १६-१८ | ८ |
| ६ | अलिकति हाँसो फुल्दा ... | १४-१६ | ८ |
| ७ | कति दियौ पीडाहरू ... | १६-१८ | ८ |
| ८ | सोद्धै छु म आज ... | १२-१३ | ६ |
| ९ | भैगो अब तिम्रा कुरा ... | १४-१६ | ८ |

माथिको तालिकाबाट हेर्दा रावलका फुटकर गजलहरू अक्षरसङ्ख्याको अन्तर कम, मध्यविश्रामको उचित व्यवस्था र हलन्त उच्चारण गर्न सकिने वर्णहरूको व्यवस्था भएकाले लयको दृष्टिकोणबाट सबल रहेका छन् ।

---

[१०३] ऐजन ।

### ४.९.४.२ अनुप्रास

गजललाई सङ्गीतमय बनाउनका लागि एउटै पङ्क्तिभित्र पर्ने अनुप्रास अनि पद तथा पदावलीको आवृत्तिले पनि महत्त्वपूर्ण भूमिका बहन गरेको हुन्छ । अनुप्रासका विभिन्न प्रकारहरू र तिनीहरूको प्रयोग गजलमा रावलले कसरी गरेका छन् त्यसको बारेमा तल चर्चा गर्न खोजिएको छ -

**क) अन्त्यानुप्रास**

अन्त्यानुप्रास गजलमा काफियाका रूपमा प्रयोग हुन्छ । ललिजन रावलले अन्त्यानुप्रासलाई काफियाको रूपमा कुशलतापूर्वक प्रयोग गरेका छन् ,जस्तै -

– पीडाहरू पोखी सधैं कति भरौ पाना
आँखाबाट बगाउँदै मोतीका यी दाना ।

**गरिमा** २०५९ साउन पृ. ३६

– लहरसँग लड्दै सधैं किनार पुग्छ नाउ
आशा ज्यूँदो राख्नुपर्छ बिर्सिएर घाउ ।

**मधुपर्क** २०६० पुष, पृ. ७४

माथिका उदाहरणका मतला खण्डका सेरमा क्रमशः 'पाना' र 'दाना' 'नाउ' र 'घाउ' जस्ता अनुप्रासयुक्त शब्दहरूको कुशल प्रयोग भएको छ । जसले गर्दा गजल श्रुतिमधुर बनेका छन् ।

ललिजन रावलले आफ्ना फुटकर गजलमा आन्तरिक अनुप्रासको पनि प्रयोग गरेका छन् तर आद्यानुप्रास र मध्यानुप्रासको प्रयोग भएको पाइदैन । उनले फुटकर गजलमा प्रयोग गरेका आन्तरिक अनुप्रासका केही उदाहरणहरूको उल्लेख तल गरिएको छ ।

– सपनीमा बिपनीमा बोकी हिंडेको छु
गाँस बास कपासका सपना साना साना ।

**गरिमा** २०५९ साउन पृ. ३६

– लिनु दिनु के छ कुन्नि सम्झदै गरौंला ।

**गरिमा** २०६१ वैशाख पृ. १७

– नपिएरै मात लाग्दा, बिना कारण बात लाग्दा ।

**मधुपर्क** २०६२ साउन पृ. २५

– हिजै चाहनाको अन्न, त्यहाँ टन्न बाँकी थियो

**मधुपर्क** २०६४ भदौ पृ. ६

– अझै बग्दै होला मेरो कैलाश खोला ।

**गरिमा** २०६५ कात्तिक पृ. ११

**ख) छेकानुप्रास**

सजातीय व्यञ्जन वर्णको उसै क्रममा एकपटक मात्र हुने पुनरावृत्तिलाई छेकानुप्रास भनिन्छ । रावलका फुटकर गजलमा प्रयोग भएका छेकानुप्रासका उदाहरणहरूको उल्लेख तल गरिएको छ -

– सपनीमा बिपनीमा बोकी हिंडेको छु ।

**गरिमा** २०५९ साउन पृ. ३६

'प' र 'न' वर्णको एकपटक पुनरावृत्ति

– लहरसँग लड्दै सधै किनार पुग्छ नाउ ।

**मधुपर्क** २०६० पुष पृ. ७४

'ल' 'स' 'र' र 'न' वर्णको एकपटक पुनरावृत्ति

– आफै खस्ने तारासँग मागेर के पाइन्थ्यो ।

**मधुपर्क** २०६१ असोज पृ. २७

'र' र 'ग' वर्णको एकपटक आवृत्ति

– बोझ बोक्ने पाइताला कसले सम्झेको छ।

**गरिमा** २०६३ वैशाख पृ. ९

'ब', 'झ' 'स' 'ल' वर्णको एकपटक पुनरावृत्ति

**ग) वृत्यनुप्रास**

एक व्यञ्जनको अनेक पटक आवृत्ति भई बन्ने वृत्यनुप्रासको प्रयोग रावलले आफ्ना फुटकर गजलमा प्रशस्त मात्रामा गरेका छन्, जस्तै-

– पीडाहरू पोखी सधैं कति भरौ पाना।

'प' वर्णको तीनपटक आवृत्ति

– गाँस बास कपासका सपना साना साना।

**गरिमा** २०५९ साउन पृ. ३६

'स' वर्णको छपटक र 'न' वर्णको तीनपटक आवृत्ति

– बिनासका माझमा पनि, सिर्जनाले भन्छ।

**मधुपर्क** २०६० पुष पृ. ७४

'न' वर्णको तीनपटक आवृत्ति

**४.९.४.३ आवृत्ति**

ललिजन रावलका फुटकर गजलमा पद तथा पदावलीको आवृत्ति पनि प्रसस्तै भएको पाइन्छ। पद तथा पदावलीको आवृत्ति भएका केही उदाहरणहरू तल प्रस्तुत गरिएको छ।

**क) पदको आवृत्ति**

रावलका गजलमा एउटै पङ्क्ति र भिन्नभिन्न पङ्क्तिका बीचमा पदहरूको आवृत्ति भएका केही सेरहरू यस्ता छन् -

– भयरहित भैसके कि गाउँहरू सबै
सदरमुकाम सरिसके गाउँका सबै थाना।

**गरिमा** २०५९ साउन पृ. ३६

– तिम्रो निजी माया मात्र होइन ठूलो कुरो
दुनियाँलाई माया गर्ने कशम तिमी खाउ।

**मधुपर्क** २०६० पुष पृ. ७४

– कता कता रुमल्लिए कता बरालिए।

**गरिमा** २०६१ वैशाख पृ. १७

– कस्तो ध्वनि सुनियो खै कस्तो उठ्यो धुवाँ।

**मधुपर्क** २०६१ असोज पृ. २७

– अचेल सीधै गोली चल्छ सीधै चल्छ छुरा

**मधुपर्क** २०६१ असोज पृ. २७

**ख) पदावलीको आवृत्ति**

ललिजनका फुटकर गजलमा पदावलीको आवृत्ति भएका थुप्रै सेरहरू छन् , जस्तै-

– कति दियौ पीडाहरू, मैले गन्न बाँकी थियो
तिमी भने हिंडिहाल्यौ, केही भन्न बाँकी थियो।

**मधुपर्क** २०६४ भदौ पृ. ६

– चरी बनी उडे मत, बस्ने डाली छ कि छैन
हृदयमा बास मागे, ठाउँ खाली छ कि छैन।

**मधुपर्क** २०६२ साउन पृ. २५

### ४.९.५ बिम्ब तथा प्रतीक

ललिजन रावलले आफ्ना फुटकर गजलमा दृष्यसम्बन्धी, श्रव्यसम्बन्धी र गतिसम्बन्धी बिम्बको प्रयोग गरेका छन् ,जस्तै -

**क) दृष्यसम्बन्धी बिम्ब**

आँखालाई आकर्षित गर्ने बिम्बलाई दृष्यसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

कसले लुट्यो मेरो मनको भकारी त रित्तै देखें
हिजै चाहनाको अन्न त्यहाँ टन्न बाकी थियो ।

**मधुपर्क** २०६४ भदौ पृ. ६

**ख) श्रव्यसम्बन्धी**

कानलाई आकर्षित गर्ने बिम्बलाई श्रव्यसम्बन्धी बिम्ब भनिन्छ, जस्तै-

सधैं नयाँ नाना माग्ने नानी रुँदै भन्छे
बाबा ! आँखा खोलिदेउ चाहिँदैन नाना ।

**गरिमा** २०५९ साउन पृ. ३६

**ग) गतिसम्बन्धी बिम्ब**

जुन बिम्बले चलायमान भएको सङ्केत गर्दछ अथवा त्यस्ता बिम्ब जसले गतिशील अवस्थालाई जनाउँछ, त्यस्ता बिम्बलाई गतिसम्बन्धी बिम्ब भनिन्छ , जस्तै-

– लहरसँग लड्दै सधैं किनार पुग्छ नाउ ।

**मधुपर्क** २०६० पुष पृ. ७४

– चरी बनी उडे मत बस्ने डाली छ कि छैन ।

**मधुपर्क** २०६२ साउन पृ. २५

रावलले आफ्ना फुटकर गजलमा विभिन्न खालका प्रतीकको पनि प्रयोग गरेका छन् ,जस्तै-

बर्षायाममा फेरि पनि पानी चुहिरह्यो
कैले टालिएलान् कठै चुहिएका छाना ।

**गरिमा** २०५९ साउन पृ. ३६

माथिको सेरमा प्रयुक्त 'चुहिएका छाना' पदावली, नेपाली जनताको दरिद्रताको प्रतीक बनेर आएको छ ।

बाटो छेकी उभिएका अजङ्का पहाड ढाल्दै
बाटो खोली दिने कुनै बलशाली छ कि छैन ।

**मधुपर्क** २०६२ साउन पृ. २५

माथिको उदाहरणमा 'अजङका पहाड' उल्झन वा समस्याको प्रतीक बनेर आएको छ भने 'बलशाली' समस्याको समाधान गर्ने व्यक्तिको प्रतीक बनेर आएको छ ।

### ४.९.६ अलङकार

रावलले फुटकर गजलमा अलङ्कारको प्रयोग कुशलतापूर्वक गरेका छन् । शब्दालङ्कारभित्र पर्ने विभिन्न अलङ्कारको बारेमा माथि सङ्गीत शीर्षकमा चर्चा गरिसकेका कारण यहाँ रावलले फुटकर गजलमा प्रयोग गरेका अर्थालङ्कारका बारेमा मात्र चर्चा गर्न खोजिएको छ ।

**क) उपमा अलङ्कार**

उपमान र उपमेयका बीचमा रूप, गुण, धर्म, क्रियाका आधारमा समानता देखाउँदा हुने उपमा अलङ्कारलाई उनले यसरी प्रयोग गरेका छन् -

चरी बनी उडे म त बस्ने डाली छ कि छैन ।

**मधुपर्क** २०६२ साउन पृ. २५

यहाँ 'चरी' र 'म' का बीचमा तुलना गरिएको छ ।

**ख) विभावना अलङ्कार**

कारण नभई कार्य भएको छ भने विभावना अलङ्कार हुन्छ ।[१०४] जस्तै-

नपिएरै मात लाग्दा, बिना कारण बात लाग्दा ।

**मधुपर्क** २०६२ साउन पृ. २५

यहाँ नपिएरै पनि मात लागेको र बिना कारण बात लागेको प्रसङ्गलाई प्रस्तुत गरेर विभावना अलङ्कारको प्रयोग भएको छ ।

### ४.९.७ भाषाप्रयोग

भाषा गजलको महत्त्वपूर्ण तत्त्व हो । भाषाकै माध्यमबाट गजलको केन्द्रीय कथ्य अभिव्यक्त हुन्छ । ललिजन रावलका फुटकर गजलहरू सरल र स्पष्ट छन् । उनले फुटकर गजलका केही सेरमा कथ्य नेपाली भाषाको पनि प्रयोग गरेका छन् । कैले (कहिले), भो (भयो) (**गरिमा** २०५९ साउन पृ. ३६), खै (खोइ) (**मधुपर्क** २०६० पुष पृ.७४), अचेल (आजकल) (**मधुपर्क** २०६१ असोज पृ.२७), हुन्न (हुँदैन) भा'को (भएको) (**गरिमा** २०६३ वैशाख पृ.९), रै'छ (रहेछ) लान्छु (लैजान्छु) (**मधुपर्क** २०६५ मङ्सिर पृ. २६) जस्ता नेपालीका जनजिभ्रोमा रहेका कथ्य भाषाको प्रयोग रावलले फुटकर गजलमा गरेका छन् ।

त्यसैगरी रावलले फुटकर गजलमा तत्सम र तद्भव शब्दको पनि प्रयोग गरेका छन् । उनले तारा, आकाश (**गरिमा** २०६१ वैशाख, पृ.१७), हृदय, मन (**मधुपर्क** २०६२ साउन पृ.२५), माया (**मधुपर्क** २०६० पुष पृ.७४), स्वप्न (**गरिमा** २०६५ कात्तिक पृ. ११) जस्ता तत्सम शब्दहरूका साथै आँखा (**गरिमा** २०५९ साउन पृ. ३६), माझ, ठूलो (**मधुपर्क** २०६० पुष पृ.७४), हात, पात (मधुपर्क २०६२ साउन पृ.२५), ठूलो (**मधुपर्क** २०६४ भदौ पृ.६) गाउँ (**गरिमा** २०६५ कात्तिक पृ.११) जस्ता तद्भव शब्दहरूको प्रयोग पनि गरेका छन् ।

तत्सम र तद्भव शब्दहरूका अतिरिक्त अन्य भाषा-स्रोत भएका शब्दहरू पनि रावलका फुटकर गजलमा फाट्टफुट्ट रूपमा भेटिन्छन् । त्यस्ता शब्दहरूमध्ये अरबी भाषा स्रोत भएका दुनियाँ (**मधुपर्क** २०६० पुष पृ.७४) र बाँकी (**मधुपर्क** २०६४ भदौ पृ.६), फारसी भाषास्रोत भएका जिन्दगी (**गरिमा** २०६१ वैशाख पृ.१७) र याद (**गरिमा** २०६५ कात्तिक पृ.११) अनि नेपाली भाषाको क्षेत्रीय भाषिका लिम्बूबाट आएको गुन्द्रुक (**गरिमा** २०६३ वैशाख पृ.९) आदि शब्दको प्रयोग पनि यस सङ्ग्रहमा भएको पाइन्छ ।

### ४.९.८ निष्कर्ष

उपर्युक्त विश्लेषणका आधारमा ललिजन रावलका फुटकर गजलहरूको मूल्याङ्कन गर्दा उनी परम्परागत गजल संरचनाको नियममा बाँधिएर गजल लेख्ने गजलकारको रूपमा उपस्थित देखिन्छन् । उनका गजलमा परम्परागत संरचनाको अनुसरण देखिए पनि विषयगत विविधता भने रहेको छ । गजलकारले प्रेमकै विषयगत परिधिभन्दा माथि उठेर सामाजिक, पारिवारिक, मानवीय र आर्थिक विषयलाई आफ्ना गजलमा समेटेका छन् । काफिया र रदिफको प्रयोग गर्न कुशलता देखाए तापनि तखल्लुसको प्रयोग गर्नमा गजलकारको ध्यान गएको पाइदैन । साङ्गीतिकतालाई महत्त्वपूर्ण मानेर लेखिएका उनका फुटकर गजलहरू लयका दृष्टिले पनि उत्कृष्ट रहेका छन् । रावलका फुटकर गजलहरूमा अलङ्कार, भाषा, बिम्ब र प्रतीकको पनि समुचित व्यवस्था भएको पाइन्छ ।

[१०४] ऐजन, पृ. ११८ ।

# पाँचौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

**ललिजन रावलको जीवनी, व्यक्तित्व र कृतित्व**का बारेमा प्रस्तुत शोधपत्रका परिच्छेद दुई, तीन र चारमा विवेचना गरिसकिएको हुँदा यहाँ सबै परिच्छेदलाई समेटेर यस शोधपत्रका नायक ललिजन रावलको जीवनीगत र कृतिगत उपसंहार वा निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

ललिजन रावलको जन्म सेती अञ्चलको अछाम जिल्लाको कालिका गा.वि.स. वडा नं. २ सुँगाली बाँदेगढीमा वि.सं. २०२१ साल पौष २८ गने सोमबारका दिन पिता धनसिंह रावल र माता पवित्रा रावलका जेठा छोराका रूपमा भएको हो । पाँच बर्षको उमेरदेखि शिक्षारम्भ गरेका र चार कक्षासम्मको पढाइ आफ्नै गाउँको तत्कालीन नन्दा प्रा.वि. र हालको नन्दा मा.वि.मा पूरा गरेका रावल नौ बर्षको उमेरमा पढ्नका लागि भारतको मुम्बईतर्फ लागे । उनी त्यहाँ ग्लोबमिल म्युनिसिपल सेकेन्डरी हाई स्कुलमा कक्षा चारमा भर्ना भए । कक्षा चारदेखि सातसम्मको पढाइ पूरा गरेर रावल माध्यमिक स्तरको पढाइलाई निरन्तरता दिनका लागि वि.सं. २०३४ सालमा काठमाडौं आए र डिल्लिबजारस्थित विजय मेमोरियल मा.वि.मा कक्षा आठमा भर्ना भए । आफ्ना माइलाबुबाका छोरा कृष्णबहादुर रावलसँग बसेर उनले विजय मेमोरियल मा.वि.बाटै एस.एल.सी परीक्षा पास गरे । आई.एस्-सी. पढ्नका लागि राजनधानीको ठमेलस्थित अमृत साइन्स कलेजमा भर्ना भए पनि राजनीतिक र साहित्यिक क्षेत्रतर्फको सक्रियताका कारण उनको पढाइ अधुरो रहन गयो । विभिन्न व्यक्तिगत र पारिवारिक कारणले गर्दा पढाइ अनियमित भए तापनि उनले त्रिभुवन विश्वविद्यालयबाट प्राइभेट परीक्षा दिएर प्रमाणपत्र तह र २०४६ सालमा मानविकी क्याम्पस रत्नराज्यबाट स्नातक तह पूरा गरे ।

वि.सं. २०४३ सालदेखि नै शिक्षण पेशालाई अङ्गालेर आफ्नो जागिरे जीवनको प्रारम्भ गरेका रावलले २०४४ सालको अन्त्यतिर शिक्षक पेशालाई त्यागेर क्यासिनो नेपालमा एकाउन्टेनको पदमा काम गर्न थाले । उनले यहाँ लगभग सात बर्षसम्म काम गरे । २०५१ सालमा रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र दिपायलबाट रेडियो नेपालमा प्रवेश गरेका रावलले २०५१ सालमा नै वैवाहिक सम्बन्ध कायम गरे । हाल रेडियो नेपालको कार्यक्रम महाशाखाका मुख्य कार्यक्रम प्रबन्धकका रूपमा काम गर्दै आएका रावलका एक छोरा र एक छोरी रहेका छन् ।

सबैको भलो चिताउने हकी र आँटी स्वभावका धनी रावल मान्छे जन्मले नभई कर्मले ठूलो हुने कुरामा विश्वास राख्छन् । नौ बर्षको उमेरमा भारतको ग्लोबमिल म्युनिसिपल हाई स्कुलमा कक्षा चारमा पढ्दा कक्षा चारकै पाठ्यपुस्तक **बालभारती**मा पढेको गीतिकविता 'इम्तिहान' र रविन्द्रनाथ टैगोरको 'काबुलीवाला' नामक कथाको प्रभावले नै रावलको साहित्य सिर्जनामा बल मिलेको हो । वि.सं. २०३६ सालमा **मातृभूमि** साप्ताहिकमा प्रकाशित 'सङ्घर्ष' कविता उनको पहिलो प्रकाशित मौलिक रचना हो । २०३७ सालमा विभिन्न कविताको रचना र प्रकाशन गरेका रावलले २०३८ देखि २०४१ सालसम्म कविताका अलावा झण्डै एक दर्जन कथाहरूको रचना गरे र केहीको प्रकाशन पनि गरे । २०४१ सालको **रूपरेखा** पत्रिकामा प्रकाशित 'छोराको हात समातेर' शीर्षक कथाको प्रकाशन पछि उनले कथालेखनलाई छाडेर गजल लेखनतर्फ हात बढाए । वि.सं. २०३७ देखि यो खोज अनुसन्धानसम्म अनवरत रूपमा चलिरहेको कवि तथा गजलकार रावलको साहित्य यात्रामा उनले छवटा पुस्तकाकार कृतिको प्रकाशन र केही फुटकर गजलहरूको पनि प्रकाशन गरेका छन् ।

कवि ललिजन रावलले वि.सं. २०४० सालमा उनन्तीसवटा कविताहरूलाई सङ्कलन गरी **यस पटक पनि** कविता सङ्ग्रहको प्रकाशन गरेका थिए । त्यस्तै २०४८ सालमा चौंतीसवटा

कविताहरूको सङ्ग्रह **मरुभूमिमाथि**को पनि प्रकाशन भयो । त्यस्तै गरी २०५९ सालमा **सिरानीमा आँसु** कविता र गजलको संयुक्त सङ्ग्रहको पनि प्रकाशन भयो जसमा रावलका चौबीसवटा कविताहरूको सङ्कलन गरिएको छ । यी तीनवटा सङ्ग्रहमा सङ्कलित कवि रावलका सतासीवटा कविताको अध्ययन र विश्लेषण गरेर हेर्दा के निष्कर्ष निकाल्न सकिन्छ भने उनी गद्य लयमा कविता लेख्ने कवि हुन् । आयामका दृष्टिले हेर्दा उनले कविताका लघु र मझौला दुवै रूपको सिर्जना गरेका छन् । उनले घटीमा आठ हरफ र बढीमा छपन्न हरफसम्म लामो कविताको रचना गरेका छन् । विषयवस्तुका दृष्टिले हेर्दा कवि रावलले आफ्ना कवितामा देशभक्ति, वीर सहिदहरूको स्मरण, स्वतन्त्रताप्राप्तिको चाहना, नेपाली समाज र यहाँका दीन, दुःखी शोषित, पीडित तर कर्मशील प्रवृत्ति भएका जनताको दुःख, दर्द र मर्मसँग सम्बद्ध अनि मानवतावादी, कर्मवादी, राष्ट्रवादी तथा जनवादी अभिचेत र प्रगतिचेतसँग सम्बद्ध आशा र विश्वास, निरङ्कुश शासन व्यवस्था र शाशकहरूद्वारा नेपाली जनतालाई दिइएको पीडा र यातना, भ्रष्ट नेताको विकृत मानसिकता, युद्ध र यसले निम्त्याएको विध्वंशात्मक गतिविधि जस्ता कुराहरूलाई समेटेका छन् । सरल र स्पष्ट भाषामा लेखिएका यी कविताहरूमा कवि रावलले नेपाली समाजमा व्याप्त विभिन्न बिम्ब र प्रतीकको प्रयोग पनि कुशलतापूर्वक गरेका छन् ।

भाषाका दृष्टिले हेर्दा ललिजन रावलका कवितामा प्रयुक्त भाषा सरल र सम्प्रेष्य रहेको छ । उनका कवितामा तत्सम र तद्भव शब्दहरूको पनि प्रशस्त मात्रामा प्रयोग भएको छ । आगन्तुक शब्दमा विशेषगरी अरबी र फारसी शब्दको प्रयोग कविले बढी गरेका छन् । नेपाली भाषाका क्षेत्रीय भाषिकाभित्र पर्ने विभिन्न शब्दहरूको प्रयोग पनि उनले आफ्ना कवितामा गरेका छन् । केही कवितामा कवि रावलले कथ्य नेपाली भाषाको पनि प्रयोग गरेका छन् । उनले आफ्ना कवितामा अलङ्कारको पनि कुशलतापूर्वक प्रयोग गरेका छन् । द्वित्व शब्दहरूको पनि उनका कवितामा प्रशस्त प्रयोग भएको छ । केही ठाउँमा पदक्रममा आएको विचलन र अभिव्यक्तिको शैली एकनासको रहेका कारण धेरै ठाउँमा भएको विषयवस्तुको पुनरावृत्तिले गर्दा भावको सङ्कुचन भएको स्थिति पनि धेरै ठाउँमा फेला पार्न सकिन्छ । यथार्थ विषयवस्तुमा भावना, कल्पना र लेखन कुशलतालाई संयोजन गरेर रचना गरेका रावलका कविता नेपालीका यथार्थ पीडासँग सम्बन्धित रहेका छन् ।

ललिजन रावलको प्रमुख साहित्यिक विधाका रूपमा गजल विधा रहेको छ । आधुनिक नेपाली गजलको विकासमा निरन्तर लागिरहेका साधकको रूपमा ललिजन रावललाई लिन सकिन्छ । २०४१ देखि सुरु भएको उनको गजल लेखनयात्रा अझैसम्म पनि निरन्तर चलिरहेको छ । गजलकार रावलले वि.सं. २०४१ देखि २०५९ सालसम्म रचना गरेका गजललाई विभिन्न तीन सङ्ग्रहमा सङ्कलन गरेका छन् । ती हुन - **केही गजलहरू** (२०४२), **बिरानो यो ठाउँमा** (२०४६), **सिरानीमा आँसु** (२०५९) २०६६ सालमा **एउटा बन्द खाम** गजलसङ्ग्रहको प्रकाशन भए पनि यसमा **बिरानो यो ठाउँमा** (२०४६) र **सिरानीमा आँसु** (२०५९) बाट छानिएका उन्पचासवटा गजलहरू र एउटा नयाँ गजल गरी पचासवटा गजलहरू रहेका छन् । रावलका २०५९ पछिका गजलहरू फुटकर अवस्थामा नै रहेका छन् । यी तीनवटा सङ्ग्रह र फुटकर अवस्थामा रहेका सम्पूर्ण गजलहरूको गणना गर्दा उनले जम्मा एक सय पचहत्तरवटा गजलहरूको प्रकाशन गरिसकेका छन् । उनका एक सय साठीवटा गजल विभिन्न तीनवटा सङ्ग्रहमा प्रकाशित छन् भने पन्ध्रवटा गजलहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका फुटकर अवस्थामा नै रहेका छन् । आफूले देखेका, सुनेका र भोगेका, व्यक्तिगत, सामाजिक, आर्थिक, राष्ट्रिय अन्तराष्ट्रिय विषयहरूलाई उनले आफ्ना गजलमा समेटेका छन् । उनका गजलका संरचनात्मक पक्षलाई हेर्दा त्यहाँ परम्परागत शैलीको अनुसरण देखिए पनि विषयगत विविधताले स्थान पाएका छन् । उनका एक सय पचहत्तरवटा गजलहरू चारदेखि आठ सेरसम्मका रहेका भए पनि अधिकांश गजलहरू चार र पाँच सेरका रहेका छन् । गजलकार रावलले आफ्ना

गजलमा पूर्ण तथा आंशिक दुवै खालको अनुप्रासमा आधारित काफियाको प्रयोग गरेका छन् । उनका केही गजलमा एउटै काफिया दोहोरिएको पनि पाइन्छ । गजलकारले आफ्ना एक सय पचहत्तरवटा गजलहरूमध्ये एकचालीसवटा गजलमा रदिफको प्रयोग गरेका छैनन् । उनले यी सम्पूर्ण गजलहरूमध्ये एउटा गजलमा मात्र 'ललि' तखल्लुसको प्रयोग गरेका छन् ।

ललिजन रावल मुख्य गरी प्रगतिवादी क्रान्तिचेतयुक्त गजलकार भए पनि उनले आफ्ना गजलमा अन्य भावलाई पनि समेटेका छन् । प्रारम्भिक चरणका गजलमा श्रृङ्गारलाई कम मात्रामा प्रयोग गरेका रावलले आफ्ना पछिल्ला समयका गजलमा श्रृङ्गारिकतालाई प्रशस्त मात्रामा प्रयोग गरेका छन् । श्रृङ्गारमा पनि संयोग र वियोग दुवैलाई प्रयोग गर्नु उनको विशेषता बन्न गएको छ । श्रृङ्गारका अलावा, राष्ट्रियता, देशप्रेम, स्वतन्त्रताप्राप्तिको चाहना, प्रगतिशील दृष्टिकोण, क्रान्तिकारी स्वर, युद्ध र निराशा, व्यङ्ग्य र सामाजिक भावलाई उनले आफ्ना गजलमा समेटेका छन् । समाजमा व्याप्त कुरीति र त्यसले पारेको प्रभावका अतिरिक्त राजनीतिक दलका नेता र तिनीहरूको विकृत मनस्थितिलाई पनि उनले व्यङ्ग्य गर्न छोडेका छैनन् । उनले आफ्ना गजलमा कल्पना तथा सङ्गीतको पनि राम्रो समायोजन गरेका छन् । आफ्ना सुरुका गजलमा भन्दा पछिल्लो समयका गजलमा लयप्रति बढी सचेत रहेका रावलले धेरैजसो गजलहरूको रचना १०,१२,१३,१४,१६ अक्षरमा आधारित लयविधानलाई अङ्गालेर गरेका छन् । उनका अधिकांश गजलमा मध्यविश्राम आठ अक्षरमा परेको छ । आफ्ना गजलमा दृश्यसम्बन्धी, श्रव्यसम्बन्धी, गन्धसम्बन्धी, स्वादसम्बन्धी, तापसम्बन्धी, स्पर्शसम्बन्धी, गतिसम्बन्धी बिम्बको प्रयोग गरेका छन् । उनले आफ्ना गजलमा शब्दालङ्कार र अर्थालङ्कारको पनि कुशलतापूर्वक प्रयोग गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रचुरता पनि उनका गजलमा पाइन्छ ।

समग्रमा भन्नुपर्दा उनका गजलहरू संरचनात्मक रूपले बलिया, कथ्यगत विविधता भएका, बिम्ब, प्रतीक, अलङ्कार, सङ्गीत आदिका दृष्टिको सशक्त छन् । वर्णविन्यासमा केही कसरमसर देखिए पनि भाषाशैलीको विविधतामय प्रयोगले विषयवस्तु, भाव र शिल्पबीच सङ्गति नै कायम गरेको छ । नेपाली गजलको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सफल गजलकार ललिजन रावल आधुनिक नेपाली गजल क्षेत्रका गतिला प्रतिभा हुन् । उनको योगदानले नेपाली गजलको यात्रा अझै माथि उचालिने छ । आजसम्म पनि आफ्नो लेखनयात्रालाई निरन्तरता दिइरहेका रावलद्वारा नेपाली गजलपरम्पराले अझै लाखौँ रचनाको अपेक्षा गरेको छ र यो अपेक्षालाई रावल पूरा गरेरै छाड्ने छन् ।

ललिजन रावलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा आधारित यस शोधपत्रमा उनको कृतित्वको बारेमा समग्र अध्ययन गरिए पनि रावलको कृतित्वका बारेमा भविष्यमा अरू पनि शोधकार्य हुन सक्ने सम्भावना देखिन्छ र भविष्यमा हुन सक्ने त्यस्ता शोधशीर्षकहरू चाहिँ यसप्रकार छन् -

१.ललिजन रावलका गजलहरूको विश्लेषण

२.ललिजन रावलका कविताहरूको विश्लेषण

३.ललिजन रावलका गजलमा लय चेतना

४.ललिजन रावलका कृतिहरूमा पाइने विषयवस्तु

## सन्दर्भसूची

**(क) पुस्तक**


अनाममण्डली (सम्पा.). **नेपाली गजल विगत र वर्तमान**, काठमाडौँ : अनाममण्डली, २०६४ ।

घिमिरे, भोजराज. **आवाज भित्रको आवाज,** काठमाडौँ : गजलगृह नेपाल २०६५ ।

___________. **उन्मुक्त किनारा,** काठमाडौँ : रवि केसी, २०६६ ।

चपाइँ, बुद्धिसागर. **रारा जलेपछि** , काठमाडौँ : वैरागी जेठा, २०६१ ।

चापागाईं, नरेन्द्र. **नरेन्द्र चापागाईंका समालोचना,** काठमाडौँ : साझा प्रकाशन, २०६० ।

थापा, राजेन्द्र. **बाटोले अब मान्छे हिँड्छ ,** काठमाडौँ : छाया प्रकाशन २०६४ ।

दास, श्याम्सुन्दर. **हिन्दी शब्दसागर,** भारत सरकार, सन् १९६७ ।

न्यौपाने, धनश्याम 'परिश्रमी'. **यो मौसम,** नवलपरासी : सौदामिनी प्रकाशन, २०५० ।

पराजुली, राजेन्द्र. **कविता-सोच र समकालीन नेपाली कवि विचार र कविता**, काठमाडौँ : नेपाल साहित्य गुठी, २०५० ।

पारिजात. **बैशालु वर्तमान**, काठमाडौँ : नेपाल साहित्य गुठी, २०५० ।

पूर्णविराम. **इतिहासका किल्लाहरूमा** काठमाडौँ : साहित्य सन्ध्या परिवार, २०४३ ।

बराल, कृष्णहरि. **गीत, सिद्धान्त र इतिहास,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६० ।

___________.**गजल : सिद्धान्त र परम्परा,** काठमाडौँ : साझा प्रकाशन २०६४ ।

रावल, ललिजन. **यस पटक पनि**, काठमाडौँ : लहर प्रकाशन २०४० ।

___________. **केही गजलहरू**, काठमाडौँ : साहित्य सन्ध्या परिवार २०४२ ।

___________. **बिरानो यो ठाउँमा**, काठमाडौँ : महेशविक्रम शाह २०४६ ।

___________. **मरुभूमिमाथि**, काठमाडौँ : अनुराग प्रकाशन २०४८ ।

___________. **सिरानीमा आँसु**, काठमाडौँ : अनुराग प्रकाशन २०५९ ।

___________. **एउटा बन्द खाम** , काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि, २०६६ ।

वर्मा, धीरेन्द्र र अन्य. **हिन्दी साहित्यको कोष** भाग १, वाराणसीः ज्ञानमण्डल लिमिटेड, दोस्रो संस्करण संवत् २०२० ।

विवेक सिर्जनशील प्रकाशन प्रा.लि.**प्रतिनिधि नेपाली गजलहरू**, काठमाडौँ : अनाममण्डली, २०६५ ।

श्रेष्ठ, चङ्की, **फूल बिनाको शाखा**. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि, २०६० ।

**(ख) पत्रिका**

पौड्याल, रामहरि. 'कवि रावलका केही गजलभित्रका सामाजिक पक्षहरू' **अनुराग,** (वर्ष १,२०४६ असार), पृ. ३९-४८ ।

सुब्बा, विजय. 'सिरानीमा आँसुमा बगेका ललिजन रावल' **मधुपर्क,** (वर्ष ३८, अङ्क ५, पूर्णाङ्क ४३६, असोज २०६२), पृ. ४७-५९ ।

**(ग) शोधपत्र**

श्रेष्ठ, चन्द्रकला. **उपेन्द्रबहादुर जिगरको गजलकारिता,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुर २०६५ ।

**(घ) सन्दर्भ व्यक्तिहरू**

कमला रावल

कृष्णबहादुर रावल

धनसिंह रावल

ललिजन रावल

वेदबहादुर कुँवर